# गोरखापत्र

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।










वर्ष १२४ | अङ्क १४९ | २०८१ साल असोज १५ गते मङ्गलबार | आश्विन कृष्ण चतुर्दशी | नेपाल संवत् ११४४ जलागा १४ | 2024 October 1 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ




तस्बिर : सुजन गुरुङ

**प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा सहभागी भई सोमबार स्वदेश फर्कनुहुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरिँदै ।**

प्रधानमन्त्री स्वदेश फिर्ता

# ‘साझा प्रयासबाटै विपत्तिको सामना’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले बाढी र पहिरोबाट प्रताडित नागरिकको उद्धार, राहत र पुनर्निर्माण कार्यलाई तीव्र बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा सहभागी भई सोमबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले साझा प्रयासबाटै विपत्तिको सामना गर्ने बताउनुभएको हो ।

उहाँले आफू बाहिर रहे पनि राज्यका तर्फबाट उद्धार र राहत कार्य तीव्रतर रूपमा अघि बढिरहेको बताउँदै सरकारले उद्धार र राहत कार्यलाई तीव्र बनाएन भन्नु विरोधका लागि विरोध मात्रै भएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, “तत्कालै बैठक बसेर नेपाली सेना र प्रहरी परिचालन गरेर उद्धार गरिएको छ। बाढी आउने कुरालाई त रोक्न सकिँदैन। पहिरो जाने कुरा पनि पूर्वसूचना दिएर जाँदैन । क्षति भएपछि सरकारले तदारुकताका साथ उद्धार र राहत पुर्‍याएको छ । मैले जानकारी लिइरहेको छु । मातहतका निकायलाई निर्देश पनि गरिरहेको छु ।”

प्रधानमन्त्री ओलीले देशमा प्राकृतिक विपत्तिको यस्तो संवेदनशील बेलामा सबै मिलेर यथार्थपरक ढङ्गले चल्नु वाञ्छनीय हुने बताउनुभयो । उहाँले भन्नुभयो, “विरोधका लागि विरोध गर्ने खालको कुरा राम्रो हुँदैन । अब अझ प्रभावकारी ढङ्गले उद्धार, राहत कार्य, पुनर्निर्माणका काम अघि बढ्छन् ।”

उहाँले मुलुकबाहिर रहँदा देशमा अकल्पनीय बाढीपहिरोले जनधनमा क्षति पुर्‍याएको, सयौँ नागरिकको मृत्यु भएको र अझै पनि कतिपय बेपत्ता रहेको घटनाप्रति दुःख व्यक्त गर्दै सरकारी निकाय र जनस्तरबाट उद्धारको कार्य जारी राखेको बताउनुभयो।

### जलवायु परिवर्तनको असर

प्रधानमन्त्री ओलीले काठमाडौँ उपत्यकामै यति भारी वर्षा हुन्छ भन्ने नसोचेको बताउँदै जलवायु परिवर्तनको असरले यस्ता घटना हुन सक्ने उल्लेख गर्नुभयो। उहाँले हिउँ पग्लिने, हिमताल फुट्ने कुरा, अतिवृष्टि, अनावृष्टि, कहिले बाढी कहिले खडेरी हुन सक्ने विषय पनि जलवायु परिवर्तनकै असर भएको धारणा राख्नुभयो।

उहाँले जलवायु परिवर्तनको असरबारे विश्वमञ्चलाई जानकारी गराएको प्रस्ट पार्नुभयो । उहाँले भन्नुभयो, “जलवायु परिवर्तनको असर गम्भीर छ । जसले बढी बिगारेको छ, उसले क्षतिपूर्ति बेहोर्नु पर्छ । सपार्ने काममा पनि लगानी गर्नु पर्छ भन्ने कुरा राखेको छु ।”

> विरोधका लागि विरोध गर्ने खालको कुरा राम्रो हुँदैन । अब अझ प्रभावकारी ढङ्गले उद्धार, राहत र पुनर्निर्माणका काम अघि बढ्छन् ।

उहाँले अल्पविकसित देशले भोग्नुपरेको बढी क्षति र मार जुन छ, क्षति पुर्‍याउने र यो परिस्थिति ल्याउने कुरामा भूमिका नरहे पनि बढी मार सहनुपरेको सन्दर्भमा विश्व समुदायको ध्यान जानुपर्ने प्रस्ट पार्नुभयो । उहाँले संयुक्त राष्ट्रसङ्घीय महासभामा जानु भनेको कुनै भैँसी दुहुन गएर दुध लिएर आएँ भने जस्तो होइन भन्नुभयो। उहाँले भन्नुभयो, “हाम्रा विचार, हाम्रा समस्या त्यहाँ राख्न गएको हुँ, राखेँ। यी समस्या कुनै एक देशका मात्रै होइनन्। वैश्विक रूपमै समाधान गर्नु पर्छ ।” प्रधानमन्त्री ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटमा महत्त्वपूर्ण रहेको जानकारी दिनुभयो । उहाँका अनुसार भेटमा दुई पक्षीय सम्बन्धलाई प्रगाढ बनाउने तथा जलवायु परिवर्तनको असरका सन्दर्भसहित द्विपक्षीय हितबारे कुराकानी भएको छ।

### अमेरिका भ्रमण महत्त्वपूर्ण

प्रधानमन्त्री ओलीले स्वदेश फर्किएपछि जारी प्रेसनोटमा उहाँले संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभा तथा समिट अफ दी फ्युचरमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै असोज ४ देखि १४ गतेसम्म न्युयोर्कमा भ्रमण सफल भएको उल्लेख छ।

उहाँले अमेरिकामा रहँदा अतिकम विकसित राष्ट्रले भोगिरहेको गरिबी, भोकमरी, असमानता एवं जलवायु परिवर्तनलगायतका समस्या उठान गरेको र यसको समाधान आउने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले अमेरिकामा रहँदा नेपालमा अभ्यास गरिँदै आएको परिपूर्ण लोकतन्त्र तथा यसका आधारभूत पक्ष मानव अधिकार, लैङ्गिक समानता, कानुनको शासन, सामाजिक न्याय र सामाजिक सुरक्षाको विषयमा पनि विश्व समुदायलाई जानकारी गराएको बताउनुभयो। उहाँले मौलिक शान्ति प्रक्रियामा प्राप्त गरेका उपलब्धिबारे बताएको र त्यसलाई ठोस निष्कर्षमा पुर्‍याउन आवश्यक परिपूरण तथा क्षतिपूर्तिका

» बाँकी पृष्ठ २ मा

# विपत् कोषमा एक अर्ब रुपियाँ जम्मा गर्ने निर्णय

- राष्ट्रिय शोक घोषणा गर्ने र तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउने ।
- मन्त्रीपरिषद्का सबै सदस्यको एक महिना बराबरको पारिश्रमिक कोषमा जम्मा गर्ने ।
- नदीखोला किनारमा बसोबास गरिरहेका घरपरिवारलाई सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सहयोगमा सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्ने ।

**अशोक अधिकारी**
*काठमाडौँ, असोज १४ गते*

सरकारले बाढी र पहिरो प्रभावित नागरिकको राहत, उद्धार एवं पुनर्स्थापनाका लागि विपत् व्यवस्थापन कोषमा एक अर्ब रुपियाँ जम्मा गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार सम्पन्न मन्त्रीपरिषद् बैठकले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनबमोजिमको विपत् व्यवस्थापन कोषमा बाढी र पहिरो प्रभावितको तत्काल राहत र उद्धारका लागि अर्थ मन्त्रालयबाट एक अर्ब रुपियाँ उपलब्ध गराउने निर्णय गरेको हो।

बैठकपछि सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बाढी र पहिरोका कारण भएको जनधनको अपूरणीय क्षतिप्रति नेपाल सरकारका तर्फबाट दुःख प्रकट गर्दै राष्ट्रिय शोक घोषणा गर्ने र तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय भएको बताउनुभयो।

सरकारले मृतकका परिवारलाई प्रतिव्यक्ति दुई लाख रुपियाँ प्रदान गर्ने निर्णय पनि गरेको छ । सरकारले २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण भएको जनधनको क्षतिप्रति सरकारको तर्फबाट गहिरो दुःख प्रकट गर्दै सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने, शोक सन्तप्त परिवारजनहरूमा हार्दिक समवेदना व्यक्त गर्ने र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । उहाँका अनुसार सरकारले विपत्बाट भएको क्षतिको सम्बन्धित मन्त्रालयहरूले आकलन गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा यथाशीघ्र प्रतिवेदन पेस गर्ने निर्णय गरेको छ । उहाँले विपत् जोखिम न्यूनीकरण ऐन २०७४ को दफा २२ बमोजिम विपत् व्यवस्थापन कोषमा बाढीपहिरो प्रभावितलाई तत्काल राहत र उद्धारका लागि प्रधानमन्त्री केपी शर्मा ओलीसहित मन्त्रीपरिषद्का सबै सदस्यको एक महिना बराबरको पारिश्रमिक दिने निर्णय भएको बताउनुभयो।

सञ्चारमन्त्री गुरुङका अनुसार सरकारले खोज, उद्धार, तत्काल राहत र घाइतेको निःशुल्क उपचारमा उच्च प्राथमिकता दिने निर्णय गरेको छ । साथै बाढीपहिरोबाट प्रभावित एवं विस्थापित परिवारलाई तत्काल अस्थायी आवास, खाद्यान्न र सुरक्षा प्रबन्ध मिलाउने निर्णय भएको छ।

उहाँले बाढीपहिरोमा परी गम्भीर घाइते हुनेहरूको उपचारको सम्पूर्ण व्यवस्था नेपाल सरकारले मिलाउने र घाइतेहरूको उपचारमा कुनै कमी हुन नदिने निर्णय भएको बताउनुभयो । उहाँले महत्त्वपूर्ण संरचना सडक, पुल, दूरसञ्चार, विद्युत्लगायतको मर्मत सम्भार गरी तत्काल सञ्चालनमा ल्याउने व्यवस्था मिलाउने निर्णय बैठकले गरेको जानकारी दिनुभयो।

उहाँका अनुसार विपत् प्रभावित क्षेत्रमा रोग फैलन नदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रोकथामका आवश्यक उपायहरू अवलम्बन गर्ने निर्णय भएको छ। उहाँले भन्नुभयो, “बाढीपहिरो प्रभावितको उद्धार तथा राहतलगायतका कार्यमा सहयोग र समन्वय गर्न प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रलगायतका सङ्घसंस्थालाई आह्वान गर्ने निर्णय पनि भएको छ।”

### खोला किनारबाट सुरक्षित स्थानमा सार्ने

सञ्चारमन्त्री गुरुङले बाढीपहिरोबाट नदीखोला किनारमा बसोबास गरिरहेका घरपरिवार बढी प्रभावित भएको निष्कर्षसहित त्यस्ता परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सहयोगमा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयले गर्ने निर्णय भएको बताउनुभयो । उहाँका अनुसार आसन्न चाडपर्वका समयमा सार्वजनिक यातायातलाई सहज र व्यवस्थित रूपमा सञ्चालन गर्ने र चाडपर्वका समयमा कृत्रिम अभाव र कालोबजारी हुन नदिन सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्ने निर्णय भएको छ।

उहाँका अनुसार विपत्बाट प्रभावित घरपरिवारलाई राहत, उद्धारलगायतका विषयमा प्रदेश, स्थानीय तह एवं सम्बद्ध पक्षसँग आवश्यक समन्वय र सहजीकरण प्रभावकारी रूपमा गर्न बढी प्रभावित जिल्लामा गृह मन्त्रालयमा विवरण पेस गर्न गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा सम्बद्ध मन्त्रालयका प्रतिनिधि समावेश भएको स्थलगत अनुगमन टोली गठन गरी तत्काल परिचालन गर्ने निर्णय सरकारले गरेको छ।

# चर्कियो बार–बेन्च विवाद

**नारायण काफ्ले**
*काठमाडौँ, असोज १४ गते*

> न्यायाधीश सिफारिसका सम्बन्धमा बार अध्यक्ष गोपालप्रसाद घिमिरेले गर्नुभएको टिप्पणी अवहेलनाजन्य भएको भन्दै कारबाहीको प्रक्रियामा जाने तयारी छ ।

न्याय परिषद् नियमावली संशोधन विवाद लम्बिँदै जाँदा न्यायालय र नेपाल बार एसोसिएसन आमनेसामने भएका छन् । नियमावली संशोधन विवाद टुङ्गो लगाउन कार्यदल गठन भई प्रतिवेदन पेसपछि पनि विवाद निरूपण नगरी न्याय परिषद्ले सर्वोच्च अदालतमा दुई न्यायाधीश सिफारिस गरेपछि दुई संस्था वारपारको मुडमा पुगेका छन्। अवकाशको मुखमा प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ बारसँगको विवादमा पर्नुभएको छ।

न्यायाधीश सिफारिसलाई प्रधान न्यायाधीश एवं परिषद् अध्यक्ष श्रेष्ठले ‘लेनदेनका आधारमा गरेको निर्णय’ भन्ने बार अध्यक्ष गोपालकृष्ण घिमिरेको अभिव्यक्तिपछि दुई संस्था देखिने गरी विवादमा उत्रिएका हुन् । तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराको कार्यकालमा लामो समय बेन्चविरुद्ध उभिएको बार पुनः आन्दोलनमा जाने निर्णयमा पुगेको छ । अदालतले बार अध्यक्ष घिमिरेमाथि अवहेलना मुद्दाको प्रक्रिया अघि बढाएको छ तर औपचारिक रूपमा दर्ता भइसकेको छैन । यता न्याय परिषद्ले घिमिरेको अभिव्यक्ति प्रवृत्त मनासाय प्रेरित भएको जनाएको छ।

असोज ११ गते सर्वोच्चमा दुई न्यायाधीश सिफारिसका क्रममा बारले विवाद निरूपणको माग गर्दै धर्ना दिएको थियो। धर्नाबिच उच्च अदालतका दुई मुख्य न्यायाधीश नृपध्वज निरौला र नित्यानन्द पाण्डेय सर्वोच्चमा सिफारिस भएपछि काठमाडौँ जिल्ला बार एकाइको कार्यक्रममा अध्यक्ष घिमिरेले प्रधान न्यायाधीशले ‘लेनदेनका आधारमा निर्णय गरेको’ भन्दै कारबाहीका लागि चुनौती दिनुभएको थियो।

अध्यक्ष घिमिरेको अभिव्यक्ति अवहेलनाजन्य भएकाले भन्दै सोमबार सर्वोच्चका सबै न्यायाधीश सम्मिलित पूर्ण बैठकले अवहेलना अघि बढाउने राय दिएका थिए । त्यसै अनुरूप सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्द घिमिरे प्रतिवेदक रहेर अवहेलना मुद्दा दर्ता भएको छ। मङ्गलबार त्यसमा प्रारम्भिक सुनुवाइ हुने भएको छ। पूर्ण बैठकले अवहेलनामा जाने राय दिएपछि बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले कारबाही आफूलाई नभई गैरसंवैधानिक काम गर्ने न्याय परिषद्का पदाधिकारीलाई हुनुपर्ने बताउनुभयो। “गैरसंवैधानिक काम गर्ने न्याय परिषद्, कारबाही भोग्ने चाहिँ बार एसोसिएसनका अध्यक्ष,” प्रश्न गर्दै घिमिरेले भन्नुभयो, “हामीले व्यक्तिका विषयमा बोलेको हैनौँ, न्याय परिषद्को अपारदर्शी र असंवैधानिक कामबारे बोलेको हौँ । न्याय परिषद्विरुद्ध बोल्न मिल्छ, उसका काम पनि पारदर्शी हुनु पर्छ।”

अध्यक्षमाथि अवहेलनाको तयारी भएसँगै उपत्यकामा उपलब्ध सम्पूर्ण बार एकाइका अध्यक्ष/प्रतिनिधिसँग बारको आकस्मिक बैठक बसेको थियो। परामर्शमा अध्यक्षविरुद्ध कारबाहीको प्रक्रिया अघि बढाइनु संस्थासँगै जोडेर आवश्यक परे मङ्गलबारदेखि आन्दोलनमा जाने सहमति बैठकमा भएको छ।

### न्याय परिषद्को आपत्ति

यस्तै न्याय परिषद् सचिवालयले अध्यक्ष घिमिरेको भनाइ लाञ्छना लगाउने प्रवृत्ति मनसायबाट प्रेरित भएको जनाएको छ । परिषद्का प्रवक्ता अशोककुमार क्षेत्रीले वक्तव्य जारी गर्दै आरोप आधारहीन र अनर्गल रहेको बताउनुभएको छ।

» बाँकी पृष्ठ २ मा

# सडक खुलाउने कार्य तीव्र

**भउचप्रसाद यादव**
*काठमाडौँ, असोज १४ गते*

वर्षा र बाढीपहिरोले ४३ वटा राजमार्ग/सडकका ७९६ स्थान अवरुद्ध भएकामध्ये ३४५ स्थानमा दुईतर्फी यातायात सञ्चालनमा आएको छ। त्यसै गरी ४०९ स्थानमा एकतर्फी सडक सञ्चालनमा आएको सडक विभागले जनाएको छ।

सडक विभागका उपमहानिर्देशक अर्जुन अर्यालले अवरुद्ध राजमार्ग र सडक सञ्चालन गर्न स्थानीय जनता, निकाय, सुरक्षाकर्मीको सहयोग र समन्वयमा तीव्र गतिमा काम भइरहेको बताउँदै मुलुकको अन्य भागसँग सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने मुख्य राजमार्गमध्ये त्रिभुवन राजपथ र पृथ्वी राजमार्गलाई मर्मतसम्भार गरी सञ्चालनमा आइसकेको जानकारी दिनुभयो।

उपमहानिर्देशक अर्यालका अनुसार नागढुङ्गा–मुग्लिङ सडक अन्तर्गत घोप्टेभिर, जलबिरे, मौवा खोला, हुक्दी खोला, फिस्लिङ, काली खोला, सिमलताल खण्डमा दुईतर्फी सवारीसाधन सञ्चालनमा आइसकेको छ भने नागढुङ्गा–मुग्लिङ खण्डको झ्याप्ले खोला र जवाङ खोला खण्डमा एकतर्फी मात्र सडक सञ्चालनमा आउन सकेको छ। दुईतर्फी खुलाउन प्रयास भइरहेको छ।

त्यसै गरी सङ्घीय राजधानी जोड्ने अर्को मुख्य राजमार्ग कान्ति लोकपथलाई मङ्गलबार बेलुकासम्ममा काठमाडौँ र हेटौँडातर्फबाट बागमती नदीसम्मको खण्ड सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । उहाँले भन्नुभयो, “बागमती नदीको पुलको पहुँच (एप्रोच) नै तीन सय मिटर बगाएको छ। त्यहाँ तत्काल बनाउन गाह्रो छ।” कान्ति राजपथमा पर्ने ललितपुरको कार्कीबास र मकवानपुरको महादेवटार खण्ड एकतर्फी रूपमा सञ्चालनमा आएको छ।

उहाँले भन्नुभयो, “काठमाडौँलाई मुलुकको पूर्वी तराई भूभागसँग जोड्ने बिपी राजमार्गको काठमाडौँदेखि भकुन्डेबेँसी र बर्दीबासदेखि नेपालथोकसम्मको बाटो खुला भइसकेको छ। नेपालथोकदेखि भकुन्डेबेँसीसम्म चार ठाउँमा गरी करिब तीन किलोमिटर पूरा बाटो नै बगाएको छ । त्यो ठाउँमा रोसीको पानी घटेको छैन । खुर्कोटको पुल पनि बगाएकाले थप समस्या उत्पन्न भएको छ।”

> अवरुद्ध राजमार्ग र सडक सञ्चालन गर्न स्थानीय जनता, निकाय, सुरक्षाकर्मीको सहयोग र समन्वयमा तीव्र गतिमा काम भइरहेको छ ।

राजधानीलाई उत्तरी छिमेकी मुलुक चीनसँग जोड्ने अरनिको राजमार्गको काठमाडौँतर्फबाट १०८ किलोमिटर (सुक्खा बन्दरगाह) सम्मको सडक सञ्चालनमा ल्याई त्यहाँ रोकिएका कन्टेनर काठमाडौँ ल्याउने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो। यस खण्डमा तीन वटा पुल बगेका छन् । अरनिको राजमार्ग अन्तर्गत सिन्धुपाल्चोकको कोदारी, दकलाङ खण्ड एकतर्फी सञ्चालनमा छ।

उपमहानिर्देशक अर्यालका अनुसार हेटौँडा–भैँसे–पालुङ–नौबिसे–काठमाडौँ सडकको भैँसे खण्ड पनि दुईतर्फी सञ्चालनमा आइसकेको छ। त्यसै गरी सामाखुसी–टोखा–गुर्जे–विदुर सडक दुवैतर्फ र काठमाडौँ–नुवाकोट जोड्ने बालाजु–त्रिशूली सडकखण्डको ओखरपौवा खण्ड एकतर्फी सञ्चालनमा आएको हो । राजधानीको उत्तरतर्फ रसुवागढीसम्म सडक सञ्चालनमा आइसकेको छ। चरीकोट र जिरीसम्मको सडक खुला भइसकेको छ।

» बाँकी पृष्ठ २ मा

## दाउन्नेमा सडक भासियो



**बोमलाल गिरी**
*नवलपुर, असोज १४ गते*

पूर्वपश्चिम राजमार्ग अन्तर्गत नारायणगढ–बुटबल सडक खण्ड अवरुद्ध भएको छ । नवलपरासीको दाउन्नेमा सडक भासिएको र होङ्सी सिमेन्ट जाने हाइटेन्सन लाइन पनि ढलेका कारण साँझदेखि बाटो पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी नायव उपरीक्षक रेमश बोहोराका अनुसार पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका–४ मा पर्ने दाउन्नेको खुर्सानी खोलामा सडक चर्केर भासिएको छ भने सडक किनाराको रिटेनिङ पर्खाल पनि फुटेको छ।

त्यसै गरी विद्युत् हाइटेन्सन लाइनको ठुलो पोल पनि सडकतर्फ ढलेको छ। प्रहरीले सडक चर्किएर साढे एक फिट भासिएको छ। सोमबार साँझ सवा ५ बजेदेखि सडक पूर्ण रूपमा अवरुद्ध भएको र बाटो खुलाउन, सडक डिभिजन कार्यालय र विद्युत् कार्यालयसँग समन्वय भइरहेको प्रहरीको भनाइ छ।

बाटो धसिएपछि पूर्वबाट पश्चिम जाने गाडी दुम्कीबासमा र पश्चिमबाट पूर्व जाने गाडी बर्दघाटमा रोकिएका नवलपुर प्रहरीले जनाएको छ । बाटो अवरुद्ध भएका कारण सयौँको सङ्ख्यामा यात्रुहरू अलपत्र परेका छन्।



तस्बिर : रासस

**ललितपुरको च्यासलमा अविरल वर्षाका कारण आएको बाढीले बेपत्ता भएका मानिसको सोमबार खोजी गर्दै सशस्त्र प्रहरीको टोली ।**

## तामाङलाई सम्मान

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले नक्खुखोलाले बगाएका दुई जनाको उद्धार गर्ने चणिकलाल तामाङको साहसको प्रशंसा गर्दै सम्मान गर्नुभएको छ। सहरी विकास मन्त्रालयमा सोमबार उपप्रधानमन्त्री सिंहले तामाङलाई सम्मान गर्नुभएको हो।

तामाङले शनिबार ललितपुर महानगरपालिका–२५, सुगम टोलस्थित नक्खु खोलाले बगाएका रौतहटका ४३ वर्षीय राजु साह र उहाँकी छोरी छ वर्षीय मेघनालाई उद्धार गर्नुभएको थियो। सिंहले मानवीय भावना देखाएर नदीमा बगिरहेकाको उद्धार गरेको भन्दै तामाङको साहसी कामको प्रशंसा गर्नुभयो।

"तपाईंले आफैँलाई जोखिममा राखेर उद्धारमा खटिनुभयो। मानवीयता देखाउनुभयो। तपाईंको साहसको उच्च प्रशंसा गर्दछु," उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "सरकारले अहिले राहत र उद्धारमा काम गरिरहेको छ। घाइतेको उपचारको जिम्मा लिने भनेर घोषणा गरिसकेको छ। घाइतेको उपचारमा सरकारले प्राथमिकताका साथ काम गरिरहेको छ।"

तामाङले घाइतेको उपचारमा विशेष ध्यान दिन उपप्रधानमन्त्री सिंहलाई आग्रह गर्नुभएको थियो।

## परराष्ट्रमन्त्री डा. राणा र अमेरिकाका उपविदेशमन्त्री जियाबिच भेटवार्ता



तस्बिर : परराष्ट्र मन्त्रालय

**परराष्ट्रमन्त्री डा. आरजु राणा र अमेरिकाका उपविदेशमन्त्री उज्रा जियाबिच भेटवार्ता हुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

परराष्ट्रमन्त्री डा. आरजु राणा र नागरिक सुरक्षा, प्रजातन्त्र र मानव अधिकारसम्बन्धी अमेरिकाका उपविदेशमन्त्री उज्रा जियाबिच सोमबार भेटवार्ता भएको छ।

संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीस्थित नेपाली राजदूतावासमा भएको सो भेटवार्तामा नेपाल–अमेरिका आपसी हितका विविध विषयका साथै शान्ति, मानव अधिकार र प्रजातन्त्रका विषयमा कुराकानी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सो भेटमा मन्त्री डा. राणाले नेपाल सदैव शान्ति, मानव अधिकार र प्रजातन्त्रका पक्षमा रहेको र नेपालको संसद्ले हालै पारित गरेको सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनका बारेमा उपविदेशमन्त्री जियालाई जानकारी गराउनुभएको थियो। उहाँले नेपालले पीडितमैत्री सो कानुन पारित गरेको र शान्ति प्रक्रियाका बाँकी रहेका काम पनि छिट्टै टुङ्ग्याउने जानकारी गराउनुभएको थियो।

संयुक्त राष्ट्रसङ्घीय महासभामा भाग लिन अमेरिका पुग्नुभएकी मन्त्री डा. राणा वासिङ्टन डिसीमा हुनुहुन्छ।

## माओवादी सांसदले पीडितलाई दस दिनको पारिश्रमिक दिने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का प्रदेश र प्रतिनिधि सभा सांसदले बाढीपहिरोपीडितका लागि १० दिनको पारिश्रमिक जम्मा गर्ने भएका छन्। आइतबार बसेको पदाधिकारी बैठकले पार्टीकै केन्द्रीय राहत कोष स्थापना गरेर आर्थिक सङ्कलन गर्ने निर्णय गरेको हो।

पार्टी उपमहासचिव शक्तिबहादुर बस्नेतले प्रदेश र प्रतिनिधि सभाका सांसदले १०/१० दिनको पारिश्रमिक प्रदान गर्ने साथै स्थानीय तहका जनप्रतिनिधिलाई स्वैच्छिक सहयोग गर्न परिपत्र गरेको जानकारी दिनुभयो। माओवादीले विपत्को सामना गर्न पार्टीका निकायहरू, जनवर्गीय सङ्गठन विपत् क्षेत्रमा स्वयंसेवक खटाउन, खोज, उद्धार, राहत र पुनर्स्थापनामा जुट्न मातहतका कमिटीलाई परिपत्र गरिसकेको छ। माओवादीले ग्लोबल आइएमई बैङ्कको कोटेश्वर शाखामा रहेको खाता नम्बर ३६०१०१०००००४५ मा जम्मा गर्न सकिने गरी केन्द्रीय राहत कोष स्थापना गरेको हो।

# प्रस्तावित प्रधान न्यायाधीशको संसदीय सुनुवाइ भोलि

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते ।*

संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतमा प्रस्तावित प्रधान न्यायाधीश प्रकाशमानसिंह राउतको सुनुवाइ बुधबार गर्ने भएको छ। समितिले राउतका विषयमा प्राप्त उजुरी सदस्यलाई वितरण गर्दै सुनुवाइको मिति तोकेको हो।

मङ्गलबार समितिले उजुरीकर्तासँग छलफल गर्ने छ। उजुरीकर्तासँगको छलफलपछि प्रस्तावित प्रधान न्यायाधीशको सुनुवाइको निर्णय समितिले गरेको हो। राउतविरुद्ध फैसलासँग सम्बन्धितसहित छ वटा उजुरी परेका छन्।

राउतविरुद्ध अधिकांश उजुरीकर्ताले नाम उल्लेख गरे पनि एउटा बेनामे छ। उजुरीमध्ये चार वटा मुद्दा फैसलासँग सम्बन्धित छन्। नेपाली सेनाको विवाद जोडिएका विषय, जग्गा विवादको मुद्दामा फैसला, चेतन ऐडी हत्या प्रकरणका अभियुक्तलाई तारेखमा रिहा गरेको विषय उजुरीमा समेटिएका छन्। सेनाको कोर्टमार्सलका घटनासँग सम्बन्धित आदेशका दुई उजुरी परेका छन्। बेनामे एक उजुरीमा भने राउतको नैतिक चरित्रमाथि प्रश्न उठाइएको छ। श्रीमतीको विवाद जोडेर नैतिकवान् नरहेकाले प्रधान न्यायाधीश नियुक्त गर्न नमिल्ने उल्लेख छ।

प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले अवकाश पाउनुअघि नै राउतको सुनुवाइ सक्ने गरी समितिले कार्यतालिका अघि बढाएको हो। राउतको हकमा सुनुवाइलगत्तै निर्णयको तयारी छ। सुनुवाइ प्रक्रिया प्रारम्भ भएको ४५ दिनभित्र निर्णय गरिसक्नुपर्ने व्यवस्थासमेत छ।

वरिष्ठ अधिवक्ता रहनुभएका राउत २०७३ साउनमा सर्वोच्चको न्यायाधीश नियुक्त हुनुभएको थियो। सुनुवाइबाट अनुमोदन भए राउतले २०८२ चैत १८ गतेसम्म सर्वोच्च अदालतको नेतृत्व गर्नुहुने छ। झन्डै डेढ वर्ष प्रधान न्यायाधीशका रूपमा उहाँको कार्यकाल हुने छ। समितिले प्रधान न्यायाधीशको सुनुवाइ प्रक्रिया अघि बढाए पनि प्रस्तावित दुई राजदूतको हकमा भने कुनै निर्णय गरेको छैन। सरकारको सिफारिस अनुसारका अस्ट्रेलिया र बेल्जियमका प्रस्तावित राजदूतको सुनुवाइ हुन बाँकी छ।

सरकारले अस्ट्रेलियाका लागि चित्रलेखा यादव र बेल्जियमका लागि सेवा लम्सालको नाम सिफारिस गरेको थियो। बेल्जियमका लागि प्रस्तावित सेवा लम्सालको कार्ययोजनासमेत प्राप्त नभइसकेकाले सुनुवाइ पछि गर्ने तयारी समितिको छ। अस्ट्रेलियाका लागि प्रस्तावित चित्रलेखा यादवको कार्ययोजना भने समितिमा वितरण भइसकेको छ।

### निरौला र पाण्डेयविरुद्ध उजुरी आह्वान

यसैबिच समितिले सर्वोच्च अदालतमा प्रस्तावित दुई न्यायाधीशउपर उजुरी आह्वान गरेको छ। सोमबारको बैठकले प्रस्तावित न्यायाधीश नृपध्वज निरौला र नित्यानन्द पाण्डेयविरुद्ध उजुरी मागको निर्णय गरेको हो। सरोकारवाला र सर्वसाधारणले कुनै उजुरी भए दस दिनभित्र दिन सक्ने छन्।

## पैँतालिस सयलाई छात्रवृत्ति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

प्रजातन्त्र तथा विकास केन्द्रले स्थापनाको २६ वर्षमा चार हजार पाँच सय छोरीलाई निःशुल्क अध्ययन गराएको छ। छात्रवृत्ति अन्तर्गत मुलुकभरका गरिब तथा जेहेनदार छोरीहरूलाई पढाएको केन्द्रले जनाएको छ।

छात्रवृत्तिका लागि छनोटमा परेका छोरीलाई कक्षा १ देखि १२ सम्म निःशुल्क पढ्ने व्यवस्था गरिएको केन्द्रद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याउनेलाई चिकित्सक, इन्जिनियर, कानुन, विज्ञान तथा मानविकी सङ्कायमा पढ्ने व्यवस्था पनि केन्द्रले गर्दै आएको छ। केन्द्रको हालै सम्पन्न साधारण सभामा दिइएको जानकारी अनुसार उच्च तहमा अध्ययनका लागि छानिएका छात्रालाई आंशिक तथा पूर्ण छात्रवृत्तिको व्यवस्था गरिएको छ।

## अख्तियारद्वारा पुनरावेदन



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

विगतमा दायर गरिएका दुई वटा मुद्दामा विशेष अदालतबाट भएको फैसलाप्रति चित्त नबुझेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

आयोगका अनुसार पुनरावेदन गरिएका मुद्दा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको तथा सडक निर्माणका क्रममा झुटा बिल बनाई भुक्तानीसमेत दिएको घटनासँग सम्बन्धित छन्।

आयोगले पहिलो मुद्दामा नेत्रप्रसाद घिमिरे, मोहम्मद नुरुल हुसेन खाँ, कमलेशप्रसाद बर्मा, जयप्रकाशलाल श्रीवास्तव, अशोककुमार दुबे, नीरज श्रीवास्तव, सन्दीप त्रिपाठीलाई प्रतिवादी बनाएको छ।

त्यस्तै दोस्रो मुद्दामा रञ्जितकुमार यादव, देवेन्द्रप्रसाद यादव, पुरुषोत्तम दास यादव, बालवीर ठाकुर, पलवी ठाकुरलगायतलाई प्रतिवादी बनाइएको छ। यसअघि पनि आयोगले यी व्यक्तिलाई प्रतिवादी बनाएर विशेष अदालत काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। तर उक्त मुद्दामा फैसला गर्दै विशेष अदालतले सफाइ दिएको थियो।

आयोगले विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको दाबी गर्दै बदर गर्न र मागदाबी अनुसार नै कारबाही हुनुपर्ने जिकिर गरेको छ।

## सरकारको ध्यानाकर्षण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को व्यवस्थाले राष्ट्रिय निकुञ्जलगायतका संरक्षण क्षेत्रलाई प्रभाव पार्ने भन्दै सरोकारवालाले सरकारको ध्यानाकर्षण गराएका छन्।

अन्तर्राष्ट्रिय प्रकृति सङ्घ, विश्व वातावरण कानुन आयोगले सो व्यवस्थाले नेपालको संरक्षण अभियानलाई प्रभावित पार्ने भन्दै सरकारको ध्यानाकर्षण गराएको छ।

आयोगले एक विज्ञप्ति प्रकाशित गर्दै संरक्षण क्षेत्रहरू आफैँमा अति संवेदनशील क्षेत्र भएको सर्वविदितै हुँदाहुँदै ती संरक्षण क्षेत्रभित्र फेरि अति संवेदनशील र संवेदनशील क्षेत्र छुट्याउने गरी गरिएको नयाँ व्यवस्थाले नेपालको संरक्षणको कामलाई नै सङ्कुचित पार्ने धारणा सार्वजनिक गरेको छ। विकास र वातावरण संरक्षण संवेदनशील विषय भएकाले विकासका नाउँमा वातावरण मास्ने गरी कुनै पनि काम नगर्न पनि आयोगले सरकारसँग आग्रह गरेको छ।

## क्षति मूल्याङ्कन गर्न कार्यदल गठन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

गत बिहीबारदेखिको दुई दिनको अविरल घनघोर वर्षाका कारण देशभर भएको क्षतिको मूल्याङ्कन गर्न सरकारले कार्यदल गठन गर्ने निर्णय गरेको छ।

सोमबार गृह मन्त्रालयमा विपत् व्यवस्थापन कार्यकारिणी समितिको बैठकले बाढी, पहिरो र डुबानबाट भएको क्षतिको मूल्याङ्कन गर्न राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्राविधिक सहसचिव अर्जुनकुमार बमको संयोजकत्वमा कार्यदल गठन गर्ने निर्णय गरेको हो। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अर्बौं रुपियाँ बराबरको क्षति पुगेको र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्न महिनौँ लाग्ने जनाएको छ।

गृह, सञ्चार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, स्वास्थ्य तथा जनसङ्ख्या, ऊर्जा तथा सिँचाइ, वन तथा वातावरण मन्त्रालयका प्रतिनिधि सदस्य र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रमुख सदस्यसचिव रहेको कार्यदललाई १५ दिनमा प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले क्षतिको यथाशक्य छिटो मूल्याङ्कन गरी राहत र पुनर्स्थापनालाई प्रभावकारी बनाउन कार्यदल गठन गरिएको बताउनुभयो। बाढी, पहिरो र डुबानमा परी देशभर २०९ जनाको मृत्यु भएको र २९ जना बेपत्ता रहेको गृह मन्त्रालयले जनाएको छ। प्रवक्ता तिवारीका अनुसार देशभर भौतिक संरचना र सडक सञ्जालमा पनि ठुलो क्षति पुगेको छ। पक्की, बेलिब्रिज र झोलुङ्गे गरी डेढ दर्जन पुल बगेका छन्।

### राहत र पुनर्स्थापनामा तदारुकता

केन्द्रीय सुरक्षा समितिको बैठकले विपत्मा परेका नागरिकलाई यथाशक्य छिटो राहत र पुनर्स्थापना गर्न सबै संयन्त्र परिचालन गर्ने निर्णय गरेको छ। गृहमन्त्री रमेश लेखकको आह्वानमा बसेको बैठकले सोमबार साँझसम्म विपत्तिमा परेका सबै नागरिकको उद्धार गरिसक्ने गरी तदारुकता दिने निर्णय गरेको थियो। गृहमन्त्री लेखकसहित सुरक्षा निकायका प्रमुख र विभिन्न मन्त्रालयका प्रतिनिधिसहित उपस्थित समितिको बैठकले बाढी, पहिरो, डुबान तथा विपत्मा भइरहेको उद्धार, राहत, घाइतेको उपचार र अवरुद्ध सडक खुलाउने गरी तत्काल काम सुरु गर्ने निर्णय गरेको मन्त्रालयका प्रवक्ता तिवारीले जानकारी दिनुभयो।

### २९८ जनाको हवाई उद्धार

काभ्रेपलाञ्चोकको विभिन्न स्थानमा अलपत्र परेका २९८ जनाको हवाई उद्धार गरिएको छ। नेपाली सेनाको हेलिकोप्टरले काभ्रेपलाञ्चोकको बढी प्रभावित क्षेत्र रोसी गाउँपालिकालगायत विभिन्न प्रभावित क्षेत्रमा शनिबार खराब मौसमका कारण हेलिबाट उद्धार सफल नभए पनि मौसममा सुधार आएसँगै आइतबार र सोमबार उद्धार गरिएका हो। काभ्रेपलाञ्चोकको दार्चा र मङ्गलटारबाट मात्र १३२ जना, सिन्धुली र ललितपुरबाट १६२ जनाको उद्धार गरिएको छ। विपत्तिमा अलपत्र चार हजार जनाको सकुशल उद्धार गरिएको गृह मन्त्रालयले जनाएको छ।

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। निगमले मङ्गलबारदेखि लागु हुने गरी पेट्रोल, डिजेल/मटितेल र हवाई इन्धनको मूल्य घटाएको हो।

निगमले पेट्रोल प्रतिलिटर एक रुपियाँ, डिजेल/मटितेल प्रतिलिटरमा दुई रुपियाँ मूल्य घटाएको छ।

यस्तै हवाई इन्धन आन्तरिक प्रतिलिटरमा छ रुपियाँ र अन्तर्राष्ट्रिय हवाई इन्धन प्रतिकिलोलिटरमा ४५ अमेरिकी डलरले मूल्य घटाएको निगमले जनाएको छ।

नयाँ मूल्य अनुसार अब बजारमा पेट्रोल १५८ रुपियाँ, डिजेल/मटितेल १४७, हवाई इन्धन आन्तरिक १२६ रुपियाँ र अन्तर्राष्ट्रिय हवाई इन्धन प्रतिकिलोलिटर ९६० अमेरिकी डलर कायम गरिएको छ।

### चर्कियो...

न्यायाधीश सिफारिस गर्ने परिषद्को सर्वसम्मत निर्णयलाई अन्यथा अर्थ लगाई कपोलकल्पित, दुराशयपूर्ण एवं बदनियतपूर्वक प्रधान न्यायाधीशमाथि अनर्गल प्रचार भएको वक्तव्यमा उल्लेख गरिएको छ।

वक्तव्यमा सर्वसाधारणसमक्ष भ्रम उत्पन्न हुने गरी न्यायिक मूल्य र मान्यतालाई विचार नगरी घिमिरेको अभिव्यक्ति आएको जनाइएको छ।

## राहत प्रदान गर्न माग

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

नेपाल एकता राष्ट्रिय अभियानका अध्यक्ष एवं राष्ट्रिय सभाका सदस्य वामदेव गौतमले बाढी र पहिरोका प्रभावित क्षेत्रका जनतालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न र राहत प्रदान गर्न सरकारसँग माग गर्नुभएको छ। उहाँले बाढी र पहिरोबाट हुने क्षति न्यून गर्न सरकारलाई सुझावसमेत दिनुभएको छ।

अभियानका अध्यक्ष गौतमले सोमबार प्रेस विज्ञप्ति जारी गरी राजमार्ग प्रहरी फोर्स निर्माण गर्न, हरेक पाँच किलोमिटरमा सिसिटिभी जडान गर्न सरकारलाई सुझाव दिनुभएको छ।

## ४१ जनाको शव आफन्तलाई बुझाइयो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

बाढीपहिरोमा परी मृत्यु भएकामध्ये ४१ जनाको शव पोस्टमार्टम सकेर आफन्तलाई बुझाइएको छ। महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा धादिङ र काठमाडौँमा मृत्यु भएका व्यक्तिको शव पोस्टमार्टमका लागि ल्याइएको थियो।

त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभाग प्रमुख डा. गोपाल चौधरीले दिनुभएको जानकारी अनुसार हालसम्म ४१ जनाको पोस्टमार्टम सकेर शव आफन्तलाई बुझाइएको छ। डा. चौधरीले पोस्टमार्टम मङ्गलबारसम्ममा सकिने जानकारी दिनुभयो। अघिल्लो दिन १५ जनाको शव आफन्तलाई बुझाइएको थियो।

डा. चौधरीले धादिङको झ्याप्लेखोलालगायत काठमाडौँका विभिन्न स्थानमा फेला परेका ६४ जनाको शव पोस्टमार्टमका लागि ल्याइएको बताउनुभयो। डा. चौधरीले सबैभन्दा धेरै शव धादिङको पहिरोमा परेकाको ल्याइएको जानकारी दिनुभयो। यसबाहेक काठमाडौँका विभिन्न स्थानमा मृत्यु भएकाको शव शिक्षण अस्पतालमा पोस्टमार्टम भइरहेको छ।

### सडक...

मन्थलीसम्म पुग्ने सडकको किर्नेटार भन्ने ठाउँमा अवरुद्ध छ। त्यहाँ खुला गर्न एक/दुई दिन लाग्न सक्ने उहाँको भनाइ छ।

त्यसै गरी उदयपुर हुँदै खोटाङ जाने फोक्सिङटारको पुल बगाएकाले त्यतातिरको सम्बन्धविच्छेद भएको उहाँले जानकारी दिनुभयो । त्यसै गरी मध्यपहाडीको सिन्धुली–उदयपुर–ओखलढुङ्गा र खोटाङका दर्जनभन्दा बढी स्थानमा पहिरोले यातायात अवरुद्ध भएका छन् । मध्यपहाडीकै खुर्कोटदेखि घुर्मीसम्मको खण्ड बुधबारसम्म सञ्चालनमा आउने उहाँले जानकारी दिनुभयो । पूर्वमा मेची राजमार्गको दुई वटा पुल बगाएकाले केही समस्या उत्पन्न भए पनि मङ्गलबारसम्म फिदिमसम्म पुग्ने प्रयास गरिने उहाँको भनाइ छ। त्यहाँको हेवा खोलामा पानी कम भएको बेला खोला भएर नै सवारीसाधन ओहोरदोहोर गर्न सक्छ भने पानी बढेको बेला समस्या हुन सक्ने उहाँले बताउनुभयो।

यसैबिच धादिङको गजुरी–२, परेवा भिरस्थित सोमबार राति पृथ्वी राजमार्गमाथिबाट सुक्खा पहिरो खस्दा सडक अवरुद्ध भएको धादिङ प्रहरीले जनाएको छ। सुरक्षा निकाय पहिरो पन्छाउने कार्यमा खटिरहेको र राति नै पन्छाउन नसकिने अवस्था रहेको हुँदा सम्पूर्ण सवारी चालकहरूलाई आ–आफ्नो सवारीसाधन सुरक्षित स्थानमा पार्किङ गरी राख्न प्रहरीले अनुरोध गरेको छ।

### 'साझा...

लागि अन्तर्राष्ट्रिय समुदायको सहयोगका लागि जोड दिएको जानकारी दिनुभयो।

प्रधानमन्त्री ओलीले जलवायु परिवर्तन तथा यसले गर्दा नेपालको हिमालमा परेका प्रभावहरू र त्यसका निराकरणका उपाय, हिमाली राष्ट्रहरूका समस्याको समाधानका लागि विश्व समुदायको यथोचित ध्यानाकर्षण गराएको बताउनुभयो।

उहाँले विकासशील मुलुक र खास गरी नेपाललगायतका अतिकम विकसित मुलुकहरूमा दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा गम्भीर बाधा एवं चुनौती देखा परेको र दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि पर्याप्त आर्थिक तथा प्राविधिक सहयोगका लागि अवश्यक साधनस्रोतको व्यवस्थाका लागि विश्व समुदायको ध्यानाकर्षण गराएको प्रस्ट पार्नुभयो।

उहाँले अतिकम विकसित तथा भूपरिवेष्टित राष्ट्का समस्याप्रति विश्वको ध्यानाकर्षण गराउँदै ती राष्ट्रको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग, प्रविधि हस्तान्तरण र लगानीका माध्यमबाट गरिबी तथा असमानता हटाउँदै जानुपर्ने विषयमा विशेष जोड दिएको पनि बताउनुभयो । साथै सम्बोधनका क्रममा उहाँले समकालीन विश्वका प्रमुख मुद्दा, मानव अधिकार, आतङ्कवाद तथा निःशस्त्रीकरणबारे नेपालको दृष्टिकोण प्रस्तुत गरेको जानकारी दिनुभयो।

प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसङ्घको बडापत्रमा निहित सिद्धान्त र उद्देश्यप्रति नेपालको अटुट प्रतिबद्धता दोहोऱ्याउँदै त्यसले विश्व शान्ति, मानव अधिकार तथा विकासका क्षेत्रमा खेलेको भूमिकाको सराहना गरेको जानकारी दिनुभयो।

उहाँले जलवायु परिवर्तन, जनस्वास्थ्य, नेपालको शान्ति प्रक्रियामा भएको प्रगति, संयुक्त राष्ट्रसङ्घको विकास र सुदृढीकरणमा नेपालको समर्थन तथा संयुक्त राष्ट्रसङ्घ अन्तर्गत शान्ति स्थापनार्थ कार्यमा नेपालको योगदानको विषयमा पनि विषय राखेको बताउनुभयो । उहाँले विभिन्न देशका शीर्ष नेतासँग द्विपक्षीय हित, विकासमा साझेदारीसहित समग्र विषयमा संवाद भएको जानकारी दिनुभयो।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**जनकपुर नर्सिङ क्याम्पस**
**मधेश प्रदेश, जनकपुरधाम, धनुषा (नेपाल)**
**(दोस्रो पटक प्रकाशित मिति : २०८१।०६।१५ गते)**

**भर्ना सम्बन्धी सूचना**

प्रा.शि. तथा व्या.ता. परिषद्, मधेश प्रदेश कार्यालयको मिति २०८१।०६।१५ गतेको निर्देशनानुसार यस क्याम्पसले प्रथम पटक मिति २०८१।०६।७ गते **भर्ना सम्बन्धी यस पत्रिकामा प्रकाशित सूचना बमोजिम** आजको मितिदेखि थप २ दिन निवेदन दर्ता गराउन म्याद थप गरिएको छ।

**रिक्त कोटामा भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०८१ का लागि CTEVT बाट २०८१/०४/१९ गते सञ्चालित प्रमाणपत्र तह नर्सिङ्गको प्रवेश परीक्षामा उत्तीर्ण हुने लक्षित वर्ग मुख्य उमेदवार मध्ये भर्ना भइ अध्ययन गरेकोमा हाल अन्य कलेजमा छात्रवृत्तिमा नाम निस्केकोले निम्न सिट रिक्त हुन गएकाले प्रवेश परीक्षामा उत्तीर्ण सुचीमा रहेका परीक्षार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र कलेज प्रशासनमा आई निवेदन दिनुहुन सुचित गरिन्छ।

| कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|
| प्रमाणपत्र तह नर्सिङ्ग | पूर्ण शुल्कीय (लक्षित वर्ग कोटा १ वटा | जम्मा १ वटा |

**विस्तृत जानकारीका लागिः** **भरतपुर सामुदायिक हस्पिटल लि.**
**भरतपुर-९, चितवन, सम्पर्क नं. ०५६-४९४३००**

# बिपी राजमार्ग पूर्ण सञ्चालन हुन केही समय लाग्ने



तस्बिर : बाबुराम देवकोटा

**सिन्धुलीको सुनकोशी गाउँपालिका–१ मा रोसी खोलाले कटान गरेको बिपी राजमार्ग ।**

**बाबुराम देवकोटा/केदार तिमल्सिना**
*सिन्धुलीमाढी, असोज १४ गते*

पूर्वी तराई तथा पहाडी जिल्लालाई सङ्घीय राजधानी काठमाडौँ जोड्नका लागि वैकल्पिक सडकका रूपमा निर्माण गरिएको बिपी राजमार्ग र पूर्वी जिल्लाको सडक सञ्जालबिचको सम्बन्ध टुटेको छ।

अविरल वर्षासँगै रोसी खोलामा आएको बाढीबाट बिपी राजमार्गको विभिन्न स्थानमा क्षति गरेपछि सङ्घीय राजधानी र पूर्वी जिल्लाबिचको यातायात सम्बन्ध टुटेको हो । करिब २० वर्षको निरन्तर प्रयासपछि २०७२ साल असार १८ गते बिपी राजमार्गको निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । काठमाडौँ र तराईसँगको सडक सञ्जाल सुरक्षित हुने परिकल्पना गरेर निर्माण गरिएको बिपी राजमार्गलाई अविरल वर्षासँगै आएको बाढीले क्षति पुऱ्याएपछि मध्य तथा पूर्वी जिल्लासँगको सडक सम्पर्कविच्छेद भएको छ।

२०५० सालको भीषण वर्षाले राजधानीलाई देशको अन्य भागसँग जोड्ने त्रिभुवन राजपथ तथा पृथ्वी राजमार्गमा व्यापक क्षति भई जनजीवन अस्तव्यस्त र सडक सम्पर्क टुटेपछि नेपाल सरकारले बिपी राजमार्गलाई वैकल्पिक मार्गका रूपमा विकास गरिएको हो। सोही योजना अनुसार जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट निर्माण कार्य सुरु गरेको थियो। राजधानी काठमाडौँलाई तराईसँग जोड्ने बनेपा–सिन्धुली–बर्दीबास सडक योजना सन् १९६० तिर केही भागमा कामसमेत थालनी भए पनि त्रिभुवन राजपथको निर्माणपछि यो सडकको निर्माण कार्य स्थगित भएको थियो। तर पूर्वी नेपाललाई सङ्घीय राजधानीसँग जोड्ने छोटो दुरीको यो राजमार्ग सञ्चालनमा आउन केही समय पर्खनुपर्ने भएको छ।

राजमार्गको कुल १६० किलोमिटर लम्बाइमध्ये केही दिनअघि परेको अविरल वर्षाका कारण तेस्रो खण्ड सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकदेखि काभ्रेको धुलिखेलसम्म ५० किलोमिटर गरी ८४ किलोमिटर लम्बाइ सडकको विभिन्न भागमा बढी क्षति पुगेको छ।

तेस्रो खण्ड खुर्कोट–नेपालथोकको विभिन्न भागमा कतै पहिरो पन्छाएर र भत्किएको ठाउँमा अस्थायी डाइभर्सन बनाएर आइतबार साँझदेखि एकतर्फी यातायात सञ्चालनमा ल्याइएको सिन्धुलीका प्रहरी प्रमुख गोविन्दराज काफ्लेले जानकारी दिनुभयो।

प्रहरीका अनुसार तेस्रो खण्डको कमेरेफाँटको पहिरो पन्छाउनुका साथै सडक भासिएको कानढुङ्ग्रीमा अस्थायी डाइभर्सन निर्माण गरिएपछि बर्दीबासदेखि नेपालथोकसम्मको ११० किलोमिटर लम्बाइ सडकमा यातायात सञ्चालनमा आएको छ। राजमार्गको पहिलो खण्ड बर्दीबास–सिन्धुलीमाढी ३७ किमी र दोस्रो खण्ड सिन्धुलीमाढी–खुर्कोट ३९ किमी सडकमा निर्बाध रूपमा दुईतर्फी नै सञ्चालनमा छ। अविरल वर्षाका कारण नेपालथोक–खुर्कोट खण्डमा पहिरो खसेर, सुनकोशी नदीले सडक कटान गरेर र कतै सडक भासिएर यातायात ठप्प भएको थियो।

डिभिजन सडक कार्यालय खाल्टे सिन्धुलीका प्रमुख पारसमणि हमालले रोसी खोलाले नेपालथोक प्रहरी चौकीअगाडि करिब अढाई सय मिटर सडक कटान गरेर झारेको र त्यहाँ पनि अस्थायी डाइभर्सन बनाउने तयारी भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "त्यहाँ डाइभर्सन बनाउन मेसिन परिचालन गरिसकेका छौँ। मङ्गलबारसम्ममा सक्छौँ कि भन्ने आशा गरेका छौँ।"

सिन्धुलीको सुनकोशी गाउँपालिकाका उपाध्यक्ष कपिल कोइराला दसैँको मुखमा बिपी राजमार्ग प्राकृतिक प्रकोपको चपेटामा परी यातायात सेवा रोकिँदा यात्रुलाई धेरै मर्का परेको र राज्यको सबै शक्ति लगाएर जति सक्दो चाँडै उक्त राजमार्ग सुचारु गर्नुपर्ने उहाँले बताउनुभयो।

राजमार्गको चौथो खण्ड नेपालथोक–धुलिखेलको ५० किलोमिटर लम्बाइ सडकको विभिन्न भागमा सडक मर्मत गर्न भने केही समय लाग्ने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । रोसी खोलामा आएको बाढीले चौथो खण्डको एक नम्बर पुल, नमोबुद्ध नगरपालिका–६ र रोसी गाउँपालिका–७ को सिमाना कटुञ्जेबेँसीनजिक करिब १५० मिटर सडक भत्काएपछि बिहीबारदेखि नै यातायात पूर्ण रूपमा बन्द छ।

यस्तै बाढीबाट रोसी गाउँपालिका–८, नार्के बजारमा करिब १५० मिटर र रोसी गाउँपालिका–१०, कालढुङ्गा सडक पूर्ण रूपमा क्षति भएको छ । डिभिजन कार्यालय भक्तपुरका प्रमुख सुमन योगेशले रोसी खोलामा आएको बाढीका कारण बिपी राजमार्गको करिब एक किलोमिटर सडकमा क्षति पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "करिब एक किलोमिटर सडक पूर्ण रूपमा क्षति भएको छ, राजमार्ग अन्तर्गत काभ्रेभन्ज्याङदेखि नै सडकमाथिबाट पहिरो आउने र सडक भासिएकाले सफा गर्ने काम भइरहेकाले अहिले नै कति सडक क्षति भयो भन्ने यकिन गर्न सकिने अवस्था छैन।"

कार्यालय प्रमुख योगेसले सुरुमा धुलिखेलदेखि चौकीडाँडासम्मको पहिरो पन्छाउने बताउँदै पहिरो पन्छाउने काम सकिएलगत्तै सडकमा के कसरी र कति दिनमा ट्र्याक खोल्न सकिन्छ भन्ने विषयको अध्ययन गरिने बताउनुभयो।

महोत्तरीको बर्दीबासदेखि काभ्रेको धुलिखेलसम्मको कुल १६० किलोमिटर लम्बाइको बिपी राजमार्गलाई चार खण्डमा विभाजन गरी २०५२ सालदेखि निर्माण सुरु गरिएको थियो । १९ वर्षमा निर्माण सम्पन्न भएको यस राजमार्ग निर्माणमा जापान सरकारले २६ अर्ब रुपियाँ लगानी गरेको छ। गणेश, हिमाल, तराई यातायात सेवा प्रालिका अध्यक्ष आत्माराम थापाले बाढीका कारण क्षतिग्रस्त भएको स्थानमा सडक डाइभर्सन नगरेसम्म सवारी आवागमन हुने अवस्था नरहेको बताउनुभयो।

भकुण्डेदेखि नेपालथोकसम्मको करिब १९ मिटर सडकखण्ड बाढीपहिरोले अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ । राजमार्ग अन्तर्गतको १ नम्बर पुलमा २५० मिटर, चौकीडाँडा, माम्ती खोलामा र दाउन्नेमा सय सय मिटर तथा चार सयबेँसीमा ५० मिटर सडक अवरुद्ध भएको छ। यस्तै डालाबेँसी र कालढुङ्गामा पाँच पाँच सय मिटर र चिउरीबासमा तीन सय मिटर सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ।

## राहत वितरण र विपत् व्यवस्थापन

# दुई करोड ९५ लाख रुपियाँ निकासा

**मकवानपुर समाचारदाता**
*हेटौँडा, असोज १४ गते*

बागमती प्रदेश सरकारले अविरल वर्षासँगै आएको बाढी पहिरोमा परी मृत्यु भएकाको परिवारलाई एक लाख रुपियाँ दिने भएको छ।

बागमती प्रदेश विपत् व्यवस्थापन कार्यकारी समितिको सोमबार यहाँ बसेको बैठकले प्रदेश विपत् व्यवस्थापन कोषबाट जिल्ला विपत् व्यवस्थापन कोषमा मृतकका परिवारलाई राहत प्रदान गर्ने गरी रकम निकासा गर्ने निर्णय गरेको हो।

पत्रकार सम्मेलनमा राहतस्वरूप मृतकका परिवारलाई प्रतिमृतक एक रुपियाँ प्रदान गरिने जानकारी गराइएको थियो । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेश विपत् व्यवस्थापन कार्यकारी समितिको निर्णयका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा विपत्बाट बढी क्षति भएको देखिएका १० जिल्लामा गरी दुई करोड ३० लाख रुपियाँ निकासा गर्ने जानकारी गराइएको थियो।

प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले प्रदेश र सङ्घीय राजधानी जोड्ने मार्ग तत्काल खोल्न सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै विपत् प्रभावित क्षेत्रमा तथ्याङ्क सङ्कलन, राहत र उद्धारलाई तीव्र बनाइएको बताउनुभयो।

प्रदेश राजधानी हेटौँडालाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने मार्गमध्ये हेटौँडा–भीमफेदी–कुलेखानी–फाखेल –फर्पिङ सडक तीन दिनभित्र सञ्चालनमा ल्याउने गरी पहिरो पन्छाउनेलगायतका कार्य दुवैतर्फबाट भइरहेको जानकारी उहाँले दिनुभयो । प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएका लामिछानेले भन्नुभयो, "विपत्का कारण विस्थापित घरपरिवारलाई सुरक्षित स्थानमा अस्थायी आवासको व्यवस्था मिलाउन स्थानीय तहसँग सहकार्य गरिने छ।"

विपत्बाट बढी क्षति भएको देखिएका काभ्रेपलाञ्चोक जिल्लालाई ६० लाख, धादिङ जिल्लालाई ५० लाख, ललितपुर जिल्लालाई ३०, काठमाडौँ जिल्लालाई २०, सिन्धुपाल्चोक जिल्लालाई २० तथा दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर र भक्तपुर जिल्लालाई १०–१० लाख रुपियाँका दरले राहत वितरण गर्न प्रदेश विपत् व्यवस्थापन कोषबाट जिल्ला विपत् व्यवस्थापन कोषमा रकम प्रदान गर्ने निर्णय भएको छ।

प्रदेशका १३ वटा जिल्लाका विपत् व्यवस्थापन कोषमा पाँच/पाँच लाखका दरले प्रदेश विपत् व्यवस्थापन कोषबाट कुल ६५ लाख रुपियाँ उपलब्ध गराइने भएको छ।

यस्तै प्रदेश राजमार्ग अन्तर्गत रहेका अवरुद्ध सडक तत्काल सुचारु गर्न आवश्यक भएको हुँदा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय तहलगायतको सहयोग लिई आवश्यक प्रक्रिया अगाडि बढाउने समितिले निर्णय गरेको छ।

# बाढीमा फसेका व्यक्तिको उद्धार

**बनेपा समाचारदाता**
*बनेपा, असोज १४ गते*

अविरल वर्षासँगै आएको बाढीपहिरोमा परी फसेका १५५ जनाको उद्धार गरिएको छ।

नेपाली सेनाको तीन वटा हेलिकोप्टरमार्फत जिल्लाको विभिन्न स्थानबाट बाढीपहिरोमा परी घाइते व्यक्ति, ज्येष्ठ नागरिक, सुत्केरी र विदेशी नागरिकको उद्धार गरिएको हो।

आइतबार बिहानैदेखि नेपाली सेनाको एनए ०६७, एनए ०३८ र एनए ०५५ हेलिकोप्टरमार्फत जिल्लाको रोसी गाउँपालिकाको मङ्गलटार, पनौती, चौँरीदेउराली, भुम्लु गाउँपालिका र बेथानचोक गाउँपालिकामा विपत्का कारण फसेका १५५ जना नागरिकको उद्धार गरिएको हो । हेलिकोप्टरमार्फत बाढीपहिरोका कारण फसेका तीन विदेशी पर्यटक, सुत्केरी, ज्येष्ठ नागरिक र घाइतेको उद्धार गरिएको नेपाली सेनाको कालीजङ्ग धुलिखेलका गणपति प्रमुख सेनानी प्रकाशबहादुर सिंहले जानकारी दिनुभयो । उहाँले हेलिकोप्टरमार्फत नागरिकको उद्धारका साथै बाढीपहिरोका कारण मङ्गलटार क्षेत्रमा फसेका व्यक्तिका लागि खाद्यान्न, पानी, चाउचाउ, बिस्कुटलगायत सामग्रीसमेत पठाइएको बताउनुभयो।

उहाँले नेपाली सेना, प्रहरीको सहयोगमा पनौतीमा एक सयभन्दा बढी व्यक्तिको उद्धार गरी सुरक्षित स्थानमा राखिएको र नमोबुद्धको बसेरीबाट तीन जना क्यानेडियन पर्यटकको उद्धार गरिएको बताउनुभयो । अविरल वर्षासँगै आएको बाढीपहिरोमा परी हालसम्म जिल्लामा ३८ नागरिकको मृत्यु, १९ जना घाइते, २० जना बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ। पहिरोका कारण अझै पनि कतिपय स्थानमा प्रहरी पुग्न सकेको छैन।

# त्रिभुवन राजपथ सञ्चालन

**मकवानपुर समाचारदाता**
*हेटौँडा, असोज १४ गते*

गत बिहीबारबाट परेको अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण अवरुद्ध बनेको हेटौँडा–काठमाडौँ जोड्ने दुई मार्ग र हेटौँडा–चतरा–धरान सडक सञ्चालनमा आएका छन् । त्रिभुवन राजपथ, गणेशमान मार्ग र हेटौँडा–चतरा–धरान सडकको विभिन्न स्थानमा बाढीपहिरोले अवरुद्ध बनाएको सडक पहिरो पन्छाएर सुचारु गरिएको हो।

त्रिभुवन राजपथको भैँसे–टिस्टुङ सडकखण्डको थाहा नगरपालिका–४ स्थित दामनलगायतका विभिन्न स्थानमा पहिरोका कारण बाटो पूर्ण रूपमा अवरुद्ध भएकोमा पहिरो पन्छाएर आवागमन सुरु गरिएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरले त्रिभुवन राजपथको मकवानपुर खण्ड सञ्चालनमा आएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाले चित्लाङ–चन्द्रागिरि–थानकोटका (गणेशमान मार्ग) विभिन्न स्थानमा झरेको पहिरो पन्छाएर यातायात सेवा सुरु गरिएको जानकारी दिनुभयो।

गणेशमान मार्ग सञ्चालन भएसँगै हेटौँडाबाट त्रिभुवन राजपथ अन्तर्गतको कुन्छालबाट चित्लाङ हुँदै काठमाडौँसँगको सडक सम्पर्क जोडिएको छ । यस्तै मकवानपुरको बागमती गाउँपालिकास्थित बागमती नदीको पुलको मकवानपुरतर्फको पहुँच मार्गमा बाढीले क्षति पुऱ्याएकोमा मर्मतपछि हेटौँडा–चतरा– धरान सडक पनि सञ्चालनमा आएको छ।

कान्ति लोकपथ भने गत बिहीबारदेखि नै अवरुद्ध रहेको छ । कान्ति लोकपथ सडकखण्डको भीमफेदी गाउँपालिका–८ स्थित बागमती नदीको पुलको मकवानपुरतर्फको पहुँचमार्गको पहुँचमार्ग कटानसँगै पुलमा क्षति पुऱ्याएकाले सडक पूर्ण रूपमा अवरुद्ध रहेको छ।

प्रहरी निरीक्षक सापकोटाले हेटौँडाबाट भीमफेदी, कुलेखानी हुँदै काठमाडौँ जाने छोटो दुरीको मार्ग पहिरोका कारण अवरुद्ध भएको जानकारी दिनुभयो। उहाँका अनुसार दक्षिणकाली छैमले–सिस्नेरी सडकखण्डको मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–३, रामचन्द्र भन्ज्याङमा पहिरो खसेर र वडा नं. ३ कै सिस्नेरी बजारमा वर्षाका कारण सडक पूर्ण रूपमा भत्किएर सवारीसाधन आवागमनमा पूर्ण रूपमा अवरोध पुगेको छ । साथै भैँसे–भीमफेदी–कुलेखानी–फाखेल–फर्पिङ सडकखण्डको इन्द्रसरोवर गाउँपालिका–२, सिम खोलास्थित सडक भत्किएको र पुलमासमेत क्षति पुगेकाले उक्त सडक पूर्ण रूपमा अवरुद्ध कायमै रहेको छ।

# सेनाका अमल्दार बेपत्ता

**दोलखा समाचारदाता**
*दोलखा, असोज १४ गते*

दोलखाको बिगु गाउँपालिका–१, लामाबगरस्थित माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको हेडवर्क्सको ड्युटीकै बखत आएको पहिरोमा पुरिएर बेपत्ता भएकामध्ये नेपाली सेनाका अमल्दार नरेन्द्र पाल अझै बेखबर रहेका छन्।

गत शनिबार दिउँसो आएको पहिरोमा पुरिएर बेपत्ता भएका सेनाका मेकानिक कृष्णप्रसाद चौधरी, हेल्पर राजकुमार तामाङ र प्युठ शङ्कर चन्दको शव भेटिएको छ।

# अधिकांश विद्यालय बन्द

**बनेपा समाचारदाता**
*बनेपा, असोज १४ गते*

अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण विद्यालयले सञ्चालन गरेको दोस्रो त्रैमासिक परीक्षा प्रभावित बनेको छ। बाढीपहिरोका कारण सडक अवरुद्ध तथा ठुलो जनधनको क्षति भएसँगै काभ्रेपलाञ्चोकमा रहेका अधिकांश सामुदायिक तथा संस्थागत विद्यालयले सम्पूर्ण शैक्षिक कार्यक्रम रोकेका छन् । बाढीपहिरोका कारण जनधनको क्षतिसँगै जिल्लाको मुख्य अरनिको र बिपी राजमार्गका साथै सहायक मार्गमा क्षति पुगी विद्यार्थी विद्यालय आउन नसक्ने तथा कतिपय विद्यालयसमेत बाढीपहिरोबाट प्रभावित बनेपछि परीक्षा र पठनपाठन बन्द गरी सोमबारबाट विद्यालय बन्द गरिएको हो।

बाढीपहिरोका कारण जिल्लाको १३ वटै स्थानीय तहमा रहेका विद्यालय प्रभावित बनेपछि सबै शैक्षिक गतिविधि रोकेर विद्यालयले दसैँको बिदा दिएको छ। शिक्षा विकास तथा समन्वय एकाइ काभ्रेपलाञ्चोकका प्रमुख देवका ढकालले बाढीपहिरोका कारण प्रभावित विद्यालयको विवरण स्थानीय तहसँग माग गरिएको बताउनुभयो । उहाँले बाढीपहिरोका कारण कतिपय विद्यालयका भवनमा स्थानीयवासी सुरक्षित रूपमा बसेकाले विद्यालयका शैक्षिक गतिविधि प्रभावित बनेको र केही विद्यालय भने सञ्चालनमा रहेको बताउनुभयो।


**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**
प्रधान कार्यालय,
सामान्य सेवा विभाग
धर्मपथ, काठमाडौँ

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस बैंकका लागि आवश्यक निम्न लिखित कार्यका लागि गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये निम्न लिखित बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा यस बैंकको आर्थिक प्रशासन विनियमावली, २०७१ (दोस्रो संशोधन २०७८) को विनियम १०६ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| आशयको सूचना प्रकाशित मिति | कामको विवरण | गो.प.मा प्रकाशित सूचनाको मिति | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|
| २०८१/०६/१५ | MICR चेक ७८,००,००० प्रति छपाइ गरी आपूर्ति गर्ने। | २०८१/०४/२४ | श्री युनाईटेड मल्टी प्रिन्टर्स प्रा.लि., हात्तीवन, ललितपुर | रु. १,७९,८७,८७५।६२ (अक्षरुपी एक करोड उनासी लाख सतासी हजार आठ सय पचहत्तर र पैसा बैसठ्ठी मात्र) |

**संघीय संसद सचिवालय**
**सिंहदरबार, काठमाडौँ**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**सूचना प्रकाशित मिति : २०८१।०६।१५**

संघीय संसद सचिवालयका लागि आवश्यक चार पाङ्ग्रे सवारीसाधनहरूको स्पेयर पार्टस् खरिद गर्ने सम्बन्धमा यस सचिवालयको मिति २०८१।०५।०२ गते प्रकाशित भएको विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पर्न आएको तल उल्लिखित बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र.सं. | बोलपत्रको शीर्षक | छनोट भएको प्रस्ताव दाताको नाम, ठेगाना | कुल कबोल अङ्क (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १. | The Procurement of Supply and Delivery of Spare Parts of Vehicles (FPS/NCB/GOODS/2081-082/02) | श्री श्रीदेव सप्लायर्स, चाबहिल, काठमाडौँ। | रु. ७४,४०,५३०।५० |

**काठमाडौँ महानगरपालिका**
**यें महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ, बागमती प्रदेश नेपाल।**

**अनुगमन टोली खटाइएको सूचना**

काठमाडौँ महानगरपालिका, राजस्व विभागबाट सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, आदि तिर्न बुझाउन अनुरोध गर्ने, करका विषयमा जानकारी दिने तथा कर दाताहरूलाई आवश्यक सहजीकरण तथा समन्वय गर्न स्थलगत रूपमा कर अनुगमन टोली खटाइएको व्यहोरा अनुरोध छ।

कर अनुगमन टोली तपाईंको व्यवसाय स्थलमा आउँदा यहाँहरूले दर्ता तथा नवीकरण, कर तिरेको प्रमाण, दर्ता प्रमाणपत्र लगायत टोलीले माग गरेको विवरण उपलब्ध गराई काठमाडौँ महानगरपालिकाको राजस्व असुली कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै बुझाउनुपर्ने कर, आवश्यक पर्ने कागजात लगायत आफूलाई द्विविधा भएका विषयमा जानकारी लिनुहुन समेत अनुरोध गरिन्छ। यस सम्बन्धमा थप जानकारी लिन चाहनुहुने कर दाताले कार्यालय समयमा निम्न टेलिफोन नम्बरमा सम्पर्क राख्न सकिनेछ।

**"समयमै कर तिरौँ, महानगरको विकासमा सहभागी बनौँ"**

**– राजस्व विभाग**

फोन नं : ०१५३२०९४०, ९८५१०९४८७७, ९८४१५५७७७७, ९८५८०५३७१५, ९८४१६२८४६२, ९८४१५२६२१६

**लोक सेवा आयोग**
**काठमाडौँ कार्यालय, अनामनगर, काठमाडौँ**
**सच्याइएको सूचना**

मिति २०८१/०६/१४ गते गोरखापत्रमा प्रकाशित सूचना नं. २५/२०८१–८२ मा मिति २०८१/०६/१४ गते हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**उदयपुर सिमेण्ट उद्योग लि.को**
**बोलपत्र आह्वान सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८१/०६/१५ (01 October, 2024)**

उद्योगको बोलपत्र नं. ३–१/०८१–८२ अन्तर्गत Supply and delivery of Magnesia Chrome Brick with Keybrick- 15 Rm. खरिदका लागि इजाजत प्राप्त इच्छुक फर्महरूबाट रीत पूर्वकको बोलपत्र आह्वान गरिएको छ। सूचना सम्बन्धी विस्तृत विवरण www.bolpatra.gov.np/egp मा राखिएको छ। साथै थप जानकारी लिनुपरेमा उद्योगको प्रधान कार्यालय जलजले उदयपुरमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

**संघीय संसद**
**संसदीय सुनुवाइ समितिको**
**सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८१।६।१५)**

देहाय बमोजिमका व्यक्तिहरूलाई देहाय बमोजिमको पदमा नियुक्तिका लागि सिफारिस भई संसदीय सुनुवाइ हुन समितिमा पत्र प्राप्त हुन आएकोले उक्त पदमा उहाँहरूलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा मर्यादित भाषामा स्पष्ट आधार एवं सबुत प्रमाण सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिनभित्र कार्यालय समयमा निम्न ठेगानामा वा सोझै समितिको सचिवालयमा वा कुनै जिल्ला प्रशासन कार्यालयमा सूचना वा उजुरी दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना दिने सूचना दाताले आफ्नो नाम, थर, वतन र फोन नम्बर स्पष्ट रूपमा खुलाउनुपर्ने र निजले चाहेमा निजको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, यस सम्बन्धी सूचना वा उजुरी प्राप्त हुन आएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उल्लिखित म्यादभित्रै त्यस्ता सूचना वा उजुरी यस समितिको सचिवालयमा आइपुग्ने गरी पठाइदिनुहुन समेत अनुरोध छ।

| क्र.सं. | सिफारिस गरिएको व्यक्तिको नाम, थर र वतन | नियुक्तिका लागि सिफारिस गरिएको पद र निकाय |
|---|---|---|
| १. | नृपध्वज निरौला, मुख्य न्यायाधीश, उच्च अदालत पाटन | न्यायाधीश, सर्वोच्च अदालत |
| २. | नित्यानन्द पाण्डेय, मुख्य न्यायाधीश, उच्च अदालत तुलसीपुर | न्यायाधीश, सर्वोच्च अदालत |

सूचना दिने ठेगाना
**संसदीय सुनुवाइ समिति**
संघीय संसद सचिवालय, सिंहदरबार
फोन नं. ४२००२७७
इमेल: parl_hearing@parliament.gov.np

'जो व्यक्ति सधैं आफ्नो मात्रै बखान र गुणगान गाउँछ, ऊ अक्सर अरूको तुलनामा कम गुणी हुन्छ।'
-जवाहरलाल नेहरू



## सम्पादकीय

# यातायात सहजीकरण

आमनेपालीले उल्लासमय वातावरणमा मनाउने दसैँतिहार र छठ जस्ता ठुला चाडको नजिक मुलुकभर प्राकृतिक विपत्ति आइलागेको छ। चाडपर्व पारिवारिक मिलनको अवसर पनि भएकाले कष्ट झेल्दै अग्रिम टिकटको व्यवस्थासमेत गरिसकेकाहरू सङ्कटपूर्ण अवस्थामा छन्। परीक्षा सकिनासाथै हिँड्ने गरी टिकटको व्यवस्था गरेका शिक्षक तथा विद्यार्थीलाई परीक्षा सरेका कारण समस्या थपिएको छ। दसैँमा बर्सेनि १६/१७ लाख मानिस उपत्यकाबाट बाहिरिने गरेको तथ्याङ्क छ। बाढीपहिरोले उपत्यकाबाट बाहिरिने सडकमध्ये अधिकांश सडक तत्काल यातायात चल्ने अवस्थामा नभएका समाचार आइरहँदा आमनागरिकमा पीडा थपिएको छ।

पृथ्वी राजमार्ग पनि अनेक ठाउँमा पहिरो गएकाले यात्रा अवधिभर त्रासैत्रासमा रहनुपर्ने देखिएको छ। यस पटकको मनसुनी वर्षाको प्रारम्भदेखि नै पहिरो खस्न थालेको काठमाडौँ र धादिङको सिमानामा पर्ने झ्याप्लेखोलाले गाडी पुरेर र बगाएर धेरै यात्रुको ज्यान लियो। सरकारले अवरुद्ध सडक खुलाएर यातायात सञ्चालन गर्न सम्बन्धित निकायलाई निर्देशन गरे अनुरूप नागढुङ्गा-मुग्लिङ सडक सञ्चालनमा आएकाले वर्षा थामिएको अवस्थामा भने यात्रा गर्न सम्भव हुने देखिएको छ। अन्यथा दसैँमा ठुलो सङ्ख्याले उपत्यका छोड्ने सोचले खाद्य सामग्रीको जोहोसमेत नगरेकालाई व्यवस्थापन गर्न थप कष्ट हुने स्पष्ट छ।

यस पटकको मनसुनजन्य विपत्मा परेर सयौँको ज्यान गएको छ। तीन दिनसम्म अविरल परेको मुसलधारे वर्षाले काठमाडौँ उपत्यकासहित बागमती प्रदेशलाई सबैभन्दा धेरै तहसनहस बनाइदियो। विपत्मा परेकाको उद्धार, पुनर्स्थापना तथा राहतमा सरकारले नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका गरी ठुलो सङ्ख्यामा सुरक्षाकर्मी प्रत्यक्ष रूपमा परिचालन गर्दै आएकाले तत्काल उद्धार गर्न सम्भव भएको सरकारको भनाइ छ। यद्यपि मौसम प्रतिकूल हुँदा उद्धारकर्मी पुग्न ढिलाइ भएको तथा हेलिकोप्टरको उडान सम्भव नभएर विपत्मा परेका केहीलाई तत्काल उद्धार गर्न नसकेको दुःखद् पक्ष पनि छ। जति नै सतर्कता र सुरक्षा संयन्त्र परिचालन गरिएको भए पनि मुलुकभर एकसाथ भएको वर्षाका कारण जनधनको क्षति अकल्पनीय हुन पुगेको छ।

बाढीपहिरोले सडक, पुलपुलेसा बगाएको छ, पशुचौपाया मरेका छन्। खेतबारीमा लगाएको अन्नबाली नष्ट भएको छ। निजी घर, विद्यालय, अस्पताललगायतको क्षति यकिन गर्न सकिने अवस्था छैन। यस्तो विषम परिस्थितिमा सरकार र राजनीतिक दलले देखाएको तदारुकताले पीडितमा केही मात्रामा राहत अनुभव गराएको छ। आइतबार सिंहदरबारमा बसेको विपत् व्यवस्थापन समितिको बैठक, सर्वदलीय बैठक तथा सोमबार बसेको विपत् व्यवस्थापन कार्यकारिणी समितिको बैठकले उद्धार, राहत र पुनर्स्थापनासम्बन्धी महत्त्वपूर्ण निर्णय गरेको छ। मनसुनजन्य विपत्बाट बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत रकम उपलब्ध गराउने, व्यक्ति बेपत्ता भएको १० दिनसम्म पनि फेला नपरे मृतक सरह नै राहत रकम परिवारलाई उपलब्ध गराउने निर्णय भएको गृह मन्त्रालयका प्रवक्ताले जानकारी गराएका छन्।

घरबास गुमाएका परिवारलाई अस्थायी आवास निर्माणका लागि सात दिनभित्र अस्थायी आवास निर्माण अनुदानसम्बन्धी मापदण्ड, २०८१ बमोजिमको अनुदान रकमको पहिलो किस्ता तत्काल उपलब्ध गराउने निर्णय गरिनु पीडित परिवारका लागि आशाको दियो बनेको छ। राजमार्गमा अलपत्र परी गन्तव्यमा पुग्न नसकेका यात्रुलाई गन्तव्यसम्म पुग्ने व्यवस्था गर्न अवरुद्ध भएका सडकखण्ड यथाशीघ्र सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णयले चाडपर्वमा परिवार मिलनको अपेक्षामा बसेकाले राहत अनुभव गरेका छन्। विषम परिस्थितिमा हवाई सेवाप्रदायकलाई नियमित भाडादरमै बढीभन्दा बढी सेवा दिन सरकारले सहजीकरण गर्न आवश्यक देखिन्छ।

सरकारले घरबासविहीनलाई अस्थायी आवास निर्माण अनुदान उपलब्ध गराउने, सडक, खानेपानी, विद्युत्लगायत यथाशीघ्र सञ्चालन गरी सेवा प्रवाहमा छिटो प्रक्रियाबाट आवश्यक व्यवस्थापकीय कार्य गर्ने निर्णय गरेको छ। गृह मन्त्रालयले क्षति नोक्सानी सम्बन्धमा टास्कफोर्स बनाएर १५ दिनभित्र क्षतिको विवरण सङ्कलन गरिने जानकारी गराएको छ। आवागमन अवरुद्ध भएर गन्तव्यमा पुग्न नसकी अलपत्र परेका यात्रुलाई सम्बन्धित जिल्ला विपत् व्यवस्थापन समिति, जिल्लाको यातायात व्यवसायी सङ्घ र सुरक्षाकर्मीको संयुक्त प्रयासमा गन्तव्यमा पुऱ्याउन निर्देशन दिइएको छ। सङ्घीय राजधानीलाई बाँकी भूभागसँग जोड्ने सबै जसो राजमार्गमा रोकावट हुन गएकाले सम्पूर्ण संयन्त्र प्रयोग गरी तत्काल आवागमन खुलाउने कार्यलाई प्राथमिकतामा राखिएको छ, यातायात सहजीकरणको अझ तदारुकता आवश्यक छ। आउँदै गरेका चाडपर्वलाई लक्षित गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निजी क्षेत्रको समेत सहभागितामा दैनिक उपभोग्य सामान सुपथ मूल्यमा आपूर्ति गर्न व्यवस्था मिलाउने सर्वदलीय बैठकको निर्णयलाई उपभोक्तामैत्री मानिए पनि आपूर्ति सहजीकरणका सबै आयाममा अझ ध्यान दिनु जरुरी छ।

## १०० वर्ष अधिको गोर्खापत्र

१९७४ साल आषाढ १९ गते सोमबार


भीषण भूकम्प।
हाल्मा मध्य अयामेरिकामा ठुलो भूकम्प भयो। तेस्का जोडले गर्दा मानसाले वडर नामक एक नगर विल्कुल नष्ट भ्रष्ट भयो। त्यहाँको जनसंख्या ७ हजार भन्दा वढ्तै थियो। यो घटना ज्वालामुखी पहाड् फुट्नाले भयेको हो।

### भीषण भूकम्प।

हाल्मा मध्य अयामेरिकामा ठूलो भूकम्प भयो। तेस्का जोडले गर्दा सानसाले बडर नामक एक नगर विल्कुल् नष्ट भयो। त्यहाँको जनसंख्या ७ हजार भन्दा बढ्तै थियो। यो घटना ज्वालामुखी पहाड् फुट्नाले भयेको हो।

## चिन्तन

यो ध्रुवाणि परित्यज्य
अध्रुवं परिषेवते ।
ध्रुवाणि तस्य नश्यन्ति
चाध्रुवं नष्टमेव हि ॥

जसले निश्चितलाई छाडेर अनिश्चितको
सहायता लिन्छ, ऊ निश्चित नष्ट हुन्छ।
अनिश्चित त स्वयं
नष्ट हुन्छ नै।

- संस्कृत सुभाषित

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# संविधान कार्यान्वयनका चुनौती


कल्पना धमला




संविधान सभामार्फत् नेपालको संविधान निर्माण भई जारी भएको नौ वर्ष पूरा भएको छ। संविधानले एकात्मक शासनव्यवस्थालाई अन्त्य गरी सङ्घीय शासनप्रणाली, नेपाली जनताको सार्वभौम अधिकार, स्वायत्तता, स्वशासन, समानुपातिक, समावेशी, धर्मनिरपेक्षतासहितको गणतन्त्र संस्थागत गरेको छ। जनताको प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक शासनप्रणाली, मौलिक हक, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादको परिकल्पना संविधानले गरेको छ।

सङ्घीय लोकतान्त्रिक शासन प्रणालीको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य राखिएको छ। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको सङ्कल्प गरेको छ। सङ्घीय शासनप्रणाली र समावेशी राजनीति विशेषता बन्न पुगेको छ। आधा जनसङ्ख्या भएको महिलाको उपस्थिति राज्यका हरेक तह, अङ्ग र संरचनामा कम्तीमा एक तिहाइ अनिवार्य बनेको छ।

प्रशासनयन्त्र समावेशी बन्ने प्रक्रियामा छ। सरकारीबाहेक सामाजिक सङ्घ संस्था र निजी क्षेत्रमा समेत समावेशीकरणको अवस्थामा उल्लेख्य परिवर्तन भएको छ। संविधानको यी महत्त्वपूर्ण उपलब्धि हुन्। संविधान कार्यान्वयन गर्ने सन्दर्भमा सङ्घीय शासनप्रणालीमार्फत समानुपातिक समावेशीसहित जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई राष्ट्रिय एकताको सूत्रमा बाँधेको छ।

संविधान अनुसार नै सङ्घीय शासनप्रणाली सञ्चालन भइरहेको छ। आजको लोकतन्त्र र विकासले समावेशी मोडेलको उजागर गरेको छ। तसर्थ आजको लोकतन्त्रलाई समावेशी लोकतन्त्र भन्न सकिन्छ। देशको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताबाट सृजित वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछुत अन्त्य गरी आर्थिक समता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न नागरिकले सङ्घ, प्रदेश र स्थानीय गरी तिनै तहको निर्वाचित जनप्रतिनिधि र सरकार पाएको छ। तिनै तहका जनप्रतिनिधि आआफ्नो अधिकार क्षेत्रभित्र रहेर कानुन निर्माण गर्न क्रियाशील रहेका देखिन्छन् भने बनेका कानुन कार्यान्वयनका चरणमा छन्। ७५३ वटा स्थानीय तह, सात वटा प्रदेश र सङ्घ गरी ७६१ ठाउँमा कानुन, बजेट, नीति, योजना बन्ने र कार्यान्वयन गर्ने व्यवस्था संविधानले गरेबमोजिम सङ्घीयता कार्यान्वयनमा छ। छ हजार ७४३ वडा आफैँमा विकास योजना छनोट गर्न सक्षम भएका छन्। ७५३ पालिका आफ्नो बजेट आफैँ बनाउँछन्। आफ्नो कानुन आफैँ बनाउँछन् र सानातिना मुद्दा मामिला न्यायिक समितिमार्फत आफैँ समाधान गर्छन्। आफ्नो कानुन आफैँ बनाउने, आफैँ संशोधन गर्ने, आफ्नो बजेट आफैँ बनाउने, आफ्नो विकास आफैँ गर्ने, करका दरहरू निर्धारण, हेरफेर आफैँ गर्नेसम्मका अधिकारले सम्पन्न पनि भएका छन्।

यो अवस्थामा आआफ्नो अधिकार क्षेत्रभित्र रहेर स्थानीय तह हुँदै प्रदेशका हकमा समेत लागु भएको छ। ससाना स्थानीय तहले पनि सङ्घ र प्रदेशबाट करोडौँ निःसर्त अनुदान (सामान्यीकरण अनुदान) प्राप्त गरिरहेका हुन्छन्। ठुलो वित्तीय स्रोत परिचालन गरिरहेका छन्। सदरमुकामकेन्द्रित विकासे कार्यालय गाउँ गाउँ पुगेका छन्। काठमाडौँकेन्द्रित विकासे मन्त्रालय र विभाग प्रदेश झरेका छन्। आधाभन्दा बढी निजामती कर्मचारी प्रदेश र स्थानीय तहमा समायोजन भएका छन्। जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार र त्यसपछि प्रदेश सरकार हो भन्ने सन्देश गएको छ। विकास र नागरिकका सेवा प्रवाहका लागि पालिका–पालिका, प्रदेश–प्रदेशबिच प्रतिस्पर्धा देखिन्छ। ससाना कामका लागि केन्द्रमा धाउनुपर्ने परिस्थितिको अन्त्यलगायतका कारण नागरिकले व्यवस्था परिवर्तनको अनुभूति गरेका छन्। राज्यको मुख्य अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकादेखि हरेक अङ्ग, तहमा मात्र नभई सामाजिकसँगै निजी क्षेत्रमा समेत समानुपातिक समावेशीकरणको अवस्थाले संविधानको सुन्दरता झल्काएको छ। संविधान कार्यान्वयनको आजको अवस्थालाई हेर्दा राजनीतिक रूपमा समावेशीकरण भएको छ भने शासनव्यवस्थामा लोकतन्त्रीकरणसमेत भएको छ। संविधानका महत्त्वपूर्ण उपलब्धिको कार्यान्वयनले सिंहदरबारको अधिकार गाउँसम्म पुगेको छ। नेपालको संविधान कार्यान्वयनमा जे, जति र जसरी महत्त्वपूर्ण उपलब्धि भएका छन् सँगै चुनौतीसमेत विद्यमान छन्। नेपालको संविधान कार्यान्वयनमा अवसर र चुनौतीको द्वन्द्वात्मक ढङ्गले अध्ययन गर्न आवश्यक छ।

> प्राप्त उपलब्धिको रक्षा गर्दै संविधान कार्यान्वयनमा देखिएका कमीकमजोरी सच्याउने, कार्यान्वयनका बाँकी कामलाई तीव्रता दिने र संविधानलाई अझै परिष्कृत, प्रभावकारी र प्रगतिशील बनाउनका लागि छलफल र बहस अगाडि बढाउने कार्यभार संविधान निर्माण गर्ने दलको काँधमा छ।

संविधानमा उल्लेख गरिएको 'समाजवाद उन्मुख' राज्यको परिभाषा अनुरूप समाजवादी राज्यमा रूपान्तरण गर्न पूरा गर्नुपर्ने दायित्व र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणबारे कुनै छलफल नहुनु र योजना नबन्नुले संविधानको अन्तरवस्तुलाई आत्मसात् गर्न नसकेको त होइन भन्ने प्रश्न उठ्छ। अझै पनि एकात्मक मानसिकताको प्रभाव सङ्घीयकरणमा झल्किएको छ, त्यो हो अधिकार बाँडफाँटसम्बन्धी कतिपय कानुन बन्न सकिरहेका छैनन्। नागरिकले व्यवस्था फेरिएको अनुभूति गर्ने मुख्य हक मौलिक हक हो। मौलिक हककै कानुन बन्नमा ढिलाइ भइरहेको छ। राजनीतिक स्थिरता र समानुपातिक प्रतिनिधित्वको सवालमा दलहरूको गलत अभ्यास (दुरुपयोग) ले संविधान कार्यान्वयनमा चुनौती थपिएको छ।

अबको समाजवाद लोकतान्त्रिक मूल्य मान्यतासहितको समाजवाद हो। गरिबीको समान निवारण होइन, समृद्धिसहितको समाजवाद हो। लोकतान्त्रिक बाटो र शान्तिपूर्ण माध्यमबाट अधिकतम जनपरिचालन गर्दै राज्यमा श्रमिक वर्गको वर्चस्व विस्तार गर्दै हासिल गरिने गन्तव्य हो। समाजवाद केवल आर्थिक प्रणाली मात्रै होइन, यो सांस्कृतिक रूपान्तरण, नयाँ मूल्य निर्माण र नयाँ आदर्श स्थापनाको प्रक्रिया पनि हो। समाजवादको आधार निर्माणका लागि उत्पादक शक्तिको विकास, आर्थिक वृद्धि र आत्मनिर्भरता अपरिहार्य विषय हुन्। संविधानले प्रत्याभूत गरेको अधिकार जनतासम्म पुऱ्याउन राज्यको क्षमतामा वृद्धि गर्नु पर्छ। सबल राष्ट्रिय अर्थतन्त्रको विकास गरेर मात्रै जनताको अधिकारको रक्षा र सामाजिक न्याय स्थापित गर्न सकिन्छ।

सङ्घीयता कार्यान्वयनको नेतृत्व राजनीतिक तहबाटै हुनु पर्दछ। सङ्घीय प्रणालीलाई दिगो र दरिलो बनाउन राजनीतिक सङ्घीयतासँगै वित्तीय र प्रशासनिक सङ्घीयतालाई सन्तुलित ढङ्गले अगाडि बढाउनु पर्छ। सरकारका तहगत कार्य जिम्मेवारी र स्रोतबिच तादात्म्यको अभाव देखिन्छ। प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारी अनुसार स्रोतसाधनको हस्तान्तरण हुन सकेको देखिँदैन। संविधान अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूची, कार्य जिम्मेवारी र सङ्गठन संरचनाबिचको समन्वय ठिक ढङ्गले गर्न आवश्यक छ।

संविधानमा उल्लिखित मौलिक हक, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। अधिकार खोज्ने जनता र अधिकार प्रत्याभूत गराउन नसक्ने राज्यबिच नयाँ द्वन्द्व उत्पन्न हुन सक्छ। लोकतन्त्रले बढाएको सामाजिक चेतना राज्यको कमजोर 'डेलिभरी क्षमता' बिचको अन्तरविरोधका कारण राजनीतिक दलप्रति वितृष्णा र समाजमा अराजकता बढ्न सक्छ। यो परिस्थितिको सामना गर्न मौलिक हकसम्बन्धी कानुन निर्माण गरी सेवा प्रवाह गर्न ढिलो गर्नु हुँदैन।

संविधान निर्माण गर्न निर्णायक भूमिका खेलेका दल र संविधान कार्यान्वयन गर्ने पात्र विभाजित हुँदा संविधानको धरातल कमजोर हुन्छ। लोकतान्त्रिक प्रणालीका माध्यमबाट विकास, समृद्धि र सुशासनको जनचाहनालाई पूरा गर्नमा केन्द्रित हुनुको सट्टा सत्ता स्वार्थमा केन्द्रित हुँदा राजनीतिक अस्थिरताले जनता र शासनव्यवस्थाबिच दुरी बढ्छ।

संविधानको महत्त्वपूर्ण विशेषतामध्ये समानुपातिक प्रतिनिधित्व एक हो। राज्यको हरेक अङ्ग र तहमा गराइएको समानुपातिक प्रतिनिधित्वका कारण उत्पीडित लिङ्ग, समुदाय र क्षेत्रको मनोबल बढेको छ। यो व्यवस्थाबाट राष्ट्र र राज्य हाम्रो हो भन्ने अपनत्व महसुस सबैले गरेका छन्। यो कुरो देशको विकास र समृद्धिका लागि निकै महत्त्वपूर्ण छ तर व्यवस्थाको प्रयोगमा विशेष गरी दुई तरिकाले नकारात्मक अभ्यास भइरहेको छ। पहिलो हो, नेताहरूले एकै व्यक्तिलाई पटक पटक अवसर दिने त्यो पनि आफ्ना नाता, सम्बन्ध, नजिकका गुटकालाई व्यवस्थापन गर्ने ठाउँका रूपमा प्रयोग गरेका छन्। दोस्रो हो, त्याग, योगदान गरेकाहरू मात्र होइन, पहुँचवाला नेता पनि चुनावमा उठ्न डराएर समानुपातिक कोटाबाट सुरक्षित हुन खोज्ने देखिन्छ। यस प्रकारका गतिविधिले समानुपातिक समावेशीबारे नकारात्मक सन्देश गएको छ। यिनै अवसर र चुनौतीसँग जोडिएको नेपालको संविधानबाट प्राप्त अवसर चुम्न सके ती अवसर हुन् तर तिनलाई चुम्न सकिएन भने ती चुनौतीमा बदलिन्छन्। चुनौतीको सामना गर्न सकियो भने फेरि ती अवसरमा बदलिन्छन्। अवसर चुम्न सक्दा जनताका अपेक्षा परिपूर्ति हुन्छन्, नसके प्राप्त उपलब्धि खोसिने खतरा पनि रहन सक्छ।

तसर्थ प्राप्त उपलब्धिको रक्षा गर्दै संविधान कार्यान्वयनमा देखिएका कमीकमजोरी सच्याउने, कार्यान्वयनका बाँकी कामलाई तीव्रता दिने र संविधानलाई अझै परिष्कृत, प्रभावकारी र प्रगतिशील बनाउनका लागि छलफल र बहस अगाडि बढाउने कार्यभार संविधान निर्माण गर्ने दलको काँधमा छ। संविधान निर्माण गर्ने मुख्य दलहरू चुनौतीसँग भागेर होइन, अवसरलाई हेरेर जिम्मेवारीपूर्वक संविधान कार्यान्वयनमा जुट्न आवश्यक छ।

# सङ्घीयता र समावेशीको मुद्दा


रामनारायण देव

नेपाली कांग्रेस र नेकपा (एमाले) को सरकार गठन भएदेखि नै नेपालको संविधान संशोधनको विषयले व्यापक चर्चा पाएको छ। हुन त यो संविधान जारी भएकै बेला पनि असन्तुष्टि राख्नेहरू थिए। जतिसुकै असन्तुष्टि पोखे पनि यस संविधानले पुरानो केन्द्रीकृत राज्यलाई सङ्घीयता र समावेशीमा लगेको छ। यसमार्फत उपेक्षित क्षेत्र, समुदाय, वर्गलाई मात्र होइन, सबै जातजातिलाई शासकीय सत्तामा सहभागी गराएको छ।

सङ्घीयता र समावेशीले शासन सत्तामा पहुँच राख्न नसक्नेलाई ठुलो अवसर प्रदान गरेको छ तर समानुपातिक प्रणालीलाई दुरुपयोग गरी उपेक्षित समूह, वर्ग र क्षेत्रलाई समावेश नगरी नेताहरूले आआफ्ना नातेदार, बफादारलाई यो सुविधा प्रदान गरे। यसले संविधानको भावना एकातिर व्यवहारमा अर्कातिर भएको देखिन्छ।

संविधानको भाग–४ को धारा ५० (१) को निर्देशक सिद्धान्तमा लेखिएको छ : 'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित सङ्घीयताका आधारमा सङ्घीय एकाइबिचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणका आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुने छ।'

यसरी संविधानमा नै समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट लोककल्याणकारी राज्य र व्यवस्था कायम गर्न भनिएको छ। यस अनुसार समाजमा उपेक्षित, शोषित र विभेदमा परेकालाई सामाजिक न्याय दिन सक्नु पर्छ। अब हुने संविधान संशोधनमा समानुपातिक प्रणालीलाई अझ व्यवस्थित गर्न आवश्यक छ। राष्ट्रिय राजनीतिको मूल प्रवाहमा जान नसक्ने मधेशी, जनजाति, दलित अल्पसङ्ख्यक, अपाङ्गता भएका समुदायलाई निश्चित कोटा नै तोकिनु पर्छ। अहिले भएको व्यवस्थालाई अझै फराकिलो बनाई कोटा बढाउनु पर्छ। निर्वाचन आयोगमा बुझाउने समानुपातिक बन्दसूचीलाई पारदर्शी बनाउनु पर्छ। नेताहरूले परिवार र नातेदारलाई समानुपातिकमा राख्ने व्यवस्थालाई हटाउनु पर्छ। आफूखुसी बन्दसूची पेस गर्ने प्रणाली फेर्नु पर्छ। पार्टीमा विस्तृत छलफल गराई सर्वसम्मत निर्णयबाट मात्र निर्वाचन आयोगमा बन्दसूची पेस गर्नु पर्छ। वास्तवमा समानुपातिक पद्धति चुनावबाट आउन नसक्ने असमर्थ र वञ्चित समूहका लागि हुनु पर्छ तर अहिलेसम्म सुविधासम्पन्नका लागि, पार्टीका नजिक रहेका, बफादार र पारिवारिक सदस्य धेरै पर्ने गरेको देखिन्छ। संविधानको मर्म र भावनाविपरीत समानुपातिक पद्धतिलाई दुरुपयोग गर्नु हुँदैन।

समानुपातिक प्रणालीलाई संविधानद्वारा नै व्यवस्थित गर्नु पर्छ। संविधानमा रहेका समानुपातिक र सङ्घीयता जस्ता सकारात्मक व्यवस्थालाई पारदर्शी र विवादरहित बनाउन आवश्यक छ। सङ्घीयतालाई पनि व्यवस्थित गर्न आवश्यक छ। सङ्घीयतालाई अधिकारसम्पन्न बनाई बलियो बनाउनु पर्छ। शासनव्यवस्था जनस्तरसम्म पुऱ्याई विभेद र वञ्चित समूहलाई समावेश गराउनु नै यसको उद्देश्य हो।

राज्यको स्वरूपलाई केन्द्रीय, प्रादेशिक र स्थानीय गरी तीन तहमा विभाजित गरिएको छ। यो विकेन्द्रीकरणभन्दा फरक अवधारणा हो। विकेन्द्रीकरण अन्तर्गत केन्द्रले आफ्नो केही अधिकार स्थानीय निकायलाई दिइएको हुन्छ। केन्द्रले चाहे भने विकेन्द्रित गरिएका अधिकार फिर्ता लिन पनि सक्छ। केन्द्रीय सरकार वा प्रादेशिक सरकार वा स्थानीय सरकार सबैका शक्ति संविधानबाट नै निसृत हुन्छ। त्यसैले सङ्घीयतामा केन्द्रीय सरकार सर्वोच्च होइन, संविधानको सर्वोच्चता कायम हुन्छ।

संवैधानिक सर्वोच्चताको अभावमा सङ्घीयता क्रियाशील हुन सक्दैन। सङ्घीयताको निर्माण दुई किसिमबाट हुन्छन्। एउटा सामाजिक, सांस्कृतिक र भौगोलिक परिवेशमा सङ्घीयताको आधार निर्माण गरिएको हुन्छ। प्रत्येक प्रादेशिक राज्यलाई सङ्घीय राज्यबाट छुट्टिएर स्वतन्त्र हुने अधिकार नहुने भन्ने आधारमा सङ्घ र प्रान्तीय राज्यबिच अधिकार संविधानद्वारा विभाजित गरिएको हुन्छ। सङ्घीयताको अर्को उद्देश्य राष्ट्रिय सुरक्षाको दृष्टिकोणले राज्यहरूलाई सङ्घमा गाभेर एउटा बलियो राष्ट्र बनाउन प्रयोग गरिन्छ। नेपालमा राज्य/प्रदेशको निर्माण केन्द्रमा निहित शक्तिलाई प्रदेशमा विभाजित गरी सबै क्षेत्र, समूह, वर्ग र जातजातिलाई शासन सत्तामा सहभागी गराउनु हो।

२०७२ सालको संविधानद्वारा प्रादेशिक संरचना निर्माण भएको हो। शक्ति र अधिकारको बाँडफाँट पनि भएको छ तर कतिपय अधिकार केन्द्रबाट प्रदेशमा प्रत्यायोजित हुन सकेको छैन। त्यसले गर्दा प्रदेशहरूलाई काम गर्न अप्ठ्यारो भएको छ। सङ्घीय (केन्द्र) सरकारले रक्षा, सेना, युद्ध र प्रतिरक्षा, केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान र शान्तिसुरक्षाका साथै परराष्ट्र तथा कूटनीतिक मामिला अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसङ्घसम्बन्धी अधिकार राखिएको छ भने केन्द्रीय योजना, केन्द्रीय बैङ्क मुद्रा र बैङ्किङ, मौद्रिक नीति, विदेशी अनुदान पनि राखिएको छ। राजस्व तथा आर्थिक स्रोतसाधन प्रदेशहरूलाई प्रत्यायोजन गर्नुपर्ने हो, जसले गर्दा प्रदेशहरू आर्थिक मामिलामा स्वावलम्बी बन्न सकेका छैनन्। सङ्घीय सरकारले यी अधिकार आफूमै राख्दा प्रदेशहरू आर्थिक मामिलामा कमजोर भई केन्द्रमुखी बन्न गएका छन्। भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, मालपोत जस्ता राजस्वका स्रोत प्रदेशलाई दिइनु पर्छ। प्रदेशलाई प्रहरी प्रशासन र शान्ति सुरक्षाका साथै प्रदेश निजामती सेवा, प्रदेश विश्वविद्यालय जस्ता अधिकार प्रदान गरिए पनि व्यवहारतः आवश्यक कानुन नबनाइदिँदा राम्रोसित उपभोग गर्न पाएका छैनन्।

प्रदेशको आवश्यकता छैन, यसलाई आर्थिक रूपमा धान्न सकिँदैन भन्ने जस्ता आवाज नसुनिएका होइन तर यसलाई व्यवस्थित र बलियो नबनाउन्जेलसम्म यस्ता गुनासा आइरहन्छन्। प्रदेशको सङ्ख्या घटाउन सकिन्छ। जस्तो कि मधेश र पहाडमा दुई/दुई प्रदेश र काठमाडौँ उपत्यका र यसका वरिपरि एउटा प्रदेश गरी पाँच वटा प्रदेश निर्माण बनाउन सकिन्छ। यसले आर्थिक भार कम गर्न सहयोग पुऱ्याउँछ। यसै गरी प्रदेशको सीमाङ्कन पनि फेरबदल गर्न सकिन्छ।

मधेशमा दुई प्रदेश एउटा मेचीदेखि नारायणीसम्म र अर्को नारायणीदेखि महाकालीसम्म निर्माण गर्दा वैज्ञानिक र भौगोलिक दृष्टिकोणले उपयुक्त हुन्छ। त्यस्तै पूर्व इलामदेखि सिन्धुलीसम्म एक प्रदेश र बिचमा काठमाडौँ उपत्यका र वरिपरिका जिल्ला मिलाएर दोस्रो प्रदेश र पश्चिम महाकालीसम्म तेस्रो प्रदेशको निर्माण हुन सक्छ।

यसरी प्रदेशको पुनर्संरचना गर्न सकिन्छ। अन्य सङ्घीय मुलुकमा राज्य/प्रदेशलाई दिएको स्वयत्तता जस्तै नेपालमा पनि दिइयो भने सङ्घीयता बलियो र सुदृढ भई सुशासन दिन सकिन्छ। प्राप्त उपलब्धिलाई रक्षा गर्दै अन्य कुरामा संशोधन गर्दै जानु पर्छ। यसले गर्दा संविधान गतिशील र ऊर्जावान् बन्न सक्छ।

# ऋण व्यवस्थापनमा समस्या





कृष्णमणि पराजुली

केही वर्षयतादेखि सार्वजनिक ऋण बढ्दै गएकाले आमनागरिकमा चासो र चिन्ता देखिएको छ। सानो मुलुक जसको प्रतिव्यक्ति आय एक हजार चार सय अमेरिकी डलरभन्दा माथि जान सकेको छैन र कुल आर्थिक संरचना पनि ५७ खर्बको हाराहारीमा छ। राजस्व निराशाजनक छ। विकास निर्माणका आयोजना लागतजन्य र समयजन्य हुँदै गएकाले सीमित स्रोतसाधनको पनि अधिकतम लाभ हुने गरी सञ्चालन हुन सकेको छैन। छोटो समयमा नै सरकार परिवर्तन हुने गर्दा सरकारी नीति एकातिर निर्माण हुन सकिरहेका छैनन् भने अर्कातिर लागु भएका नीति पनि कार्यान्वयन नभएको अवस्था छ।

देशको अवस्था नाजुक बन्दै गएकाले नै आमनागरिकले सार्वजनिक ऋण बढ्दै गएकोमा चिन्ता लिएका हुन्। विकास निर्माण कार्यले गति लिन सकेको भए चिन्ता लिनुपर्ने थिएन। ऋण बढ्दै जानु र विकासले गति लिन नसकेकाले नै अहिले सार्वजनिक ऋण बहसको विषय हुन गएको छ। आन्तरिक उत्पादन बढ्न नसक्नु, आयातले नै मुलुकको आवश्यकता परिपूर्ति गर्नुपर्ने अवस्था आउनु, निर्यात न्यून हुँदै जानु, राजस्वले लक्ष्य प्राप्त गर्न नसक्नु जस्ता विषयले देशको आर्थिक विकासमा समस्या सिर्जना गरेका हुन्। देशको आन्तरिक अर्थतन्त्र यसरी कमजोर भएको अवस्थामा ऋण लिएर देशको अर्थतन्त्र सुदृढ बनाउनु आजको आवश्यकता हो।

> ऋण व्यवस्थापनमा धेरै समस्या देखिन्छ । ऋण अन्तर्गत सञ्चालित आयोजनामा अनुगमन तथा मूल्याङ्कनको अभाव छ । समयमै अनुगमन हुने हो भने आयोजना कार्यान्वयनमा देखिएका समस्या सुल्झाउन सकिन्छ । राजस्वको रकम साधारण खर्च चलाउन र ऋणको रकम भौतिक पूर्वाधार विकासमा खर्च गर्नुपर्ने हो ।

अहिले देशको सार्वजनिक ऋण २५ खर्बभन्दा बढी नै देखिन्छ। आन्तरिक र बाह्य ऋण बराबरी जस्तै छ। प्रत्येक नागरिकको भागमा ८३ हजारभन्दा बढी ऋण पुगेको छ। ऋण बढ्दैमा देश टाट पल्टने होइन। ऋण कहाँ र कसरी प्रयोग भइरहेको छ भन्ने महत्त्वपूर्ण पक्ष हो। राज्यले लिएको ऋण राम्रोसँग सदुपयोग भएको भए देशको अर्थतन्त्र यति कमजोर हुने थिएन। हामीले ऋण त लियौँ तर उत्पादनशील क्षेत्रमा प्रयोग गर्न सकेनौँ। यो नै मूल समस्या हो।

सार्वजनिक ऋण २५ खर्ब लिनु भनेको यो रकम खर्च भई नै सकेको हो। यति ठुलो रकम खर्च हुँदा पनि किन विकासमा हामी पछि परेका छौँ ? सार्वजनिक ऋणका अतिरिक्त राजस्व पनि उठाएकै छौँ। अनुदान पनि लिएकै छौँ। यसरी स्रोतसाधनको व्यवस्था हुँदाहुँदै पनि विकास हुन सकेको छैन। त्यसकारण सार्वजनिक ऋण लिँदैमा विकास हुने होइन रहेछ। मुख्य कुरो भनेको त्यसको सही उपयोग गर्न सक्नुपर्दो रहेछ। हामीले ऋण त धेरै स्वीकार गऱ्यौँ तर त्यसबाट प्रतिफल लिन नसकेको कारणले गर्दा अहिले सार्वजनिक ऋण चासो, चिन्ता र बहसको विषय हुन गएको छ।

ऋण धेरै भएर डराउनुपर्ने होइन। अन्तर्राष्ट्रिय मान्यता अनुसार कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतसम्म लिन सकिने हुन्छ। अहिले ४३ प्रतिशत पुगेको छ। अन्य मुलुकले पनि कुल गार्हस्थ उत्पादनको २०० प्रतिशतसम्म ऋण लिएर विकास गरेका छन्। बुझ्नुपर्ने कुरा के छ भने ऋण सीमाभित्र रहे पनि त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्न सकिएन भने श्रीलङ्कामा जस्तै सङ्कट आउन पनि सक्छ। ऋण लिँदै जाने, लिएको ऋण प्रतिफल दिने क्षेत्रमा लगानी नगर्ने र लगानी गरेका क्षेत्रमा पनि आर्थिक अनियमितता बढ्दै जाने हो भने निश्चय नै सङ्कट आउन सक्ने हुन्छ। नेपालमा त्यो अवस्था आइसकेको छैन। त्यसतर्फ ध्यान भने दिनै पर्छ।

आर्थिक वर्ष २०८१/८२ का लागि कुल बजेट १८ खर्ब ६० अर्ब ३० करोड विनियोजन भएको छ। यसमा ६७ प्रतिशत राजस्वबाट, २.८१ प्रतिशत अनुदानबाट र २९.४३ प्रतिशत ऋणबाट स्रोत पूर्ति गरिने भनिएको छ। यस्तो भनिए पनि गत विगतको अनुभव र राजस्व प्रशासनमा कुनै सुधार नगरी यही संरचनाबाट यो राजस्व उठ्न सक्ने देखिँदैन। विभिन्न मित्रराष्ट्र र अन्तर्राष्ट्रिय सङ्गठनहरूबाट प्राप्त हुने अनुमान गरिएको २.८१ प्रतिशत अनुदानको सम्भावना पनि न्यून नै देखिन्छ किनभने ती मुलुकको आर्थिक अवस्था अनुकूल देखिँदैन। त्यस कारण अहिलेको अवस्थामा नेपालले पाउने भनेको ऋण नै हो। अनुदान प्राप्ति र राजस्व असुलीको सम्भावना देखिँदैन।

चालु आवको बजेटमा पुँजीगततर्फ विनियोजन गरिएको रकम तीन खर्ब ५२ अर्ब ३५ करोड छ। यो खर्च बेहोर्ने स्रोत भनेको ऋण नै हो किनभने ऋणको रकम मूलतः पुँजीगततर्फ नै खर्च गरिन्छ। १२ खर्ब ६० अर्ब ३० करोडको राजस्वले चालु खर्च धान्न पनि मुस्किल छ। त्यसकारण करिब पाँच अर्ब राजस्व पुँजीगत खर्चमा योगदान हुने गरी बजेट विनियोजन गरिए पनि त्यो सम्भव देखिँदैन। वैदेशिक ऋणतर्फ दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिकतर्फ तीन खर्ब ३० करोड गरी पाँच खर्ब ४७ अर्ब ६७ करोडको ऋण रकम नै विकास निर्माण एवं पूर्वाधार विकासमा खर्च हुने हो।

विकासका लागि सार्वजनिक ऋणको भूमिका महत्त्वपूर्ण भए पनि यसलाई प्रभावकारी किसिमबाट सञ्चालन गर्न सकिएको छैन। बजेट तर्जुमाको अवस्थादेखि नै कमीकमजोरी देखिएका छन्। चालु आवमा विनियोजन गरिएको पुँजीगत बजेट र ऋण तिर्न विनियोजन गरिएको वित्तीय व्यवस्थापनको रकम बराबरी जस्तै छ। विकास निर्माण कार्यको तुलनामा वित्तीय व्यवस्थापन अर्थात् ऋणको साँवाब्याज भुक्तानीले बढी प्राथमिकता पाएको अवस्था छ। यसर्थ यसलाई बजेटमा सार्वजनिक ऋणको चाप बढ्दै गएको हो भन्न सकिएला। राजस्व असुलीले लक्ष्य प्राप्त गर्न नसक्नु र सरकारले भुक्तानी गर्नुपर्ने तलब भत्ता, कार्यालय सञ्चालन खर्चजस्ता अनिवार्य दायित्व बढ्दै गएका कारण पनि ऋणमा दबाब पर्न गएको देखिन्छ।

२०७२ सालको भूकम्प र कोभिड-१९ का कारण राजस्व घट्न गयो। विपत् व्यवस्थापन गर्नका लागि ऋणभारमा वृद्धि हुन गयो। प्रत्येक वर्ष राजस्व कम र आयोजना माग बढी हुने गरेकाले बजेट घाटा सन्तुलन मिलाउनका लागि पनि ऋण लिनु परेको अवस्था छ। कतिपय आयोजनाको पहिचान, सम्भाव्यता अध्ययन र लागत लाभको अध्ययन तथा विश्लेषण नगरी ऋणबाट सञ्चालन हुने गरी बजेट व्यवस्था गरिएको हुन्छ। कार्यान्वयनको चरणमा स्रोत नजुट्ने हुँदा आयोजना अलपत्र हुने गरेका छन्। यस अवस्थामा बजेटमा ऋण देखिने वास्तविक ऋण आउन सक्ने अवस्था नै नहुँदा अनावश्यक रूपमा बजेटमा ऋण उल्लेख भएको देखिन्छ। ऋण सम्झौता भएपछि मात्र बजेटमा समावेश गर्ने प्रणालीको विकास गरिनु पर्छ।

कुनै पनि आयोजना प्राविधिक रूपमा सम्भाव्य र प्रशासनिक तवरले कार्यान्वयन गर्न सकिने भएमा मात्र त्यस्ता आयोजना ऋणबाट सञ्चालन गरिनु पर्छ। अर्को पक्ष भनेको छोटो अवधिमा सम्पन्न गर्न सकिने र राम्रो प्रतिफल दिन सक्ने आयोजना छनोट गरिनु पर्छ। बजेटरी सपोर्ट मिलाउने उद्देश्यले मात्र ऋण व्यवस्थापन गर्नु हुँदैन। यस्तो हुन गयो भने वित्त व्यवस्थापन कमजोर हुने गर्छ।

आन्तरिक ऋण लिँदा अर्थतन्त्र चलायमान हुन सक्छ। अर्थतन्त्र चलायमान हुने भए पनि ऋणको ब्याज भने बाह्य ऋणको तुलनामा उच्च हुन्छ। अहिले विदेशी ऋणमा ०.१ देखि बढीमा दुई प्रतिशतसम्म ब्याज तिरे पुग्छ भने आन्तरिक ऋणमा पाँच प्रतिशतको हाराहारीमा तिर्नु पर्छ। त्यसकारण अहिलेको अवस्थामा बाह्य ऋण लिनु नै उपयुक्त हुन्छ।

अहिले ऋण पाउन पनि कठिन छ र खर्च गर्न पनि कठिन नै छ। ऋण मूलतः कुनै निश्चित आयोजनाका लागि लिइन्छ। आयोजना व्यवस्थापनमा विभिन्न समस्या रहेका हुन्छन्। आयोजना प्रमुख तोकिनुदेखि कर्मचारीको व्यवस्थापन र जग्गा अधिग्रहण, वातावरण मूल्याङ्कन, रुख कटानी, स्थानीय बासिन्दाको विरोध जस्ता कारणले आयोजना कार्यान्वयनमा समस्या आइरहेका छन्। यी समस्या निराकरण नगरी ऋण सम्झौता नगर्ने ऋण सुनिश्चित भएपछि मात्र आयोजना अगाडि बढाउनु पर्छ।

अहिले हामीले लिएको ऋण धेरै होइन। कुनै पनि देशका लागि २४ खर्ब सानो नै हो। ऋणमा तिर्नुपर्ने ब्याज, भुक्तानी अवधि सकारात्मक हुँदाहुँदै पनि त्यसबाट हामीले फाइदा लिन सकिरहेका छैनौँ। एकातर्फ खर्च गर्न सक्ने क्षमता छैन भने अर्कातर्फ खर्च गरेको रकम पनि नियमित रूपमा सोधभर्ना लिइएको देखिँदैन। सोधभर्ना प्राप्त नहुँदा नेपाल सरकारको ट्रेजरी प्रणालीमा दबाब पर्न गएको अवस्था छ।

विश्व बजारमा अमेरिकी डलरको मूल्यवृद्धि भइरहेको छ। नेपालले जति नै सम्झौता गरेको छ, ती सबैमा डलरमा भुक्तानी गर्नुपर्ने सर्त राखिएको हुन्छ। साँवाब्याज भुक्तानी गर्दा पहिलेको दर र अहिले भुक्तानी गर्दाको दरमा धेरै फरक पर्ने गरेको छ। हामीले विनिमय दरमा परिवर्तन गर्न सकिने कुनै उपाय छैन। यो हाम्रो बाध्यता हो। बाह्य ऋणमा सहुलियत ब्याजदर भए पनि लामो अवधिसम्म साँवाब्याज तिरिरहनुपर्ने र विनिमयदर माथि पुगिसक्ने भएकाले आर्थिक उपलब्धि अपेक्षित हुन सकेको देखिँदैन।

ऋण व्यवस्थापनमा धेरै समस्या देखिन्छन्। ऋण अन्तर्गत सञ्चालित आयोजनाको अनुगमन तथा मूल्याङ्कनको अभाव देखिएको छ। समयमै अनुगमन हुने हो भने आयोजना कार्यान्वयनमा देखिएका समस्या सुल्झाउन सकिन्छ। राजस्वको रकम साधारण खर्च चलाउन र ऋणको रकम भौतिक पूर्वाधार विकासमा खर्च गर्नु पर्ने हो। पुँजीगत खर्च भन्दै अनुत्पादक कार्यक्रममा समेत खर्च भएको अवस्था छ। विभिन्न आयोजनामा खर्च भएको ऋण रकम आयोजनागत रूपमा ट्र्याकिङ गर्ने प्रणालीको विकास भएको छैन। ऋण अन्तर्गत प्राप्त रकम स्पेसिफिक प्रोजेक्टमा नै खर्च गर्ने व्यवस्था गर्न सके जनताले तिरेको करको सदुपयोग हुन सक्ने छ।

# ज्येष्ठ नागरिकको सम्मान


पवित्रा अधिकारी

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको सुरुवात सन् १९९० डिसेम्बर १४ मा संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट सुरु भएको थियो। उक्त साधारण सभाले निर्णय गरे अनुसार १९९१ अक्टोबर १ देखि अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन सुरु गरिएको हो। १९९१ को १६ डिसेम्बरमा बसेको संयुक्त राष्ट्रसङ्घको साधारण सभाले ज्येष्ठ नागरिकको अधिकारसम्बन्धी सिद्धान्त स्थापित गरेको थियो। जसमा उनीहरूको स्वतन्त्रता, सहभागिता, स्याहार, आत्मपरिपूर्ति र सम्मान प्रमुख छन्। ज्येष्ठ नागरिकको बढ्दो सङ्ख्याले सिङ्गो समाजको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवनमा प्रभाव पारेको हुन्छ। यिनै प्रभावबारे र ज्येष्ठ नागरिकका हक, अधिकारबारे जनचेतना अभिवृद्धि गर्नु यस दिवसको मुख्य उद्देश्य हो। स्वास्थ्य, शिक्षा र यसको पहुँचमा सर्वत्र भएको विकासको कारणले अन्य मुलुकमा जस्तै नेपालमा पनि नेपालीको औसत आयु बढ्ने क्रममा रहेको छ।

यस दिनले ज्येष्ठ नागरिकका अधिकारको आवश्यकताबारे सर्वसाधारणमा जनचेतना फैलाउने कामलाई निरन्तरता दिने भएकाले पनि यसको ठुलो महत्त्व छ। यो दिनलाई उनीहरूको स्वतन्त्रता, सहभागिता, स्याहार, आत्मपरिपूर्ति र सम्मानसँग सम्बन्धित जनचेतना अभिवृद्धि गर्ने प्रमुख दिनका रूपमा पनि लिने र सोही अनुरूपका कार्यक्रम सञ्चालन गर्ने गरिन्छ। राष्ट्रसङ्घले ज्येष्ठ नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कुनै एक विषयलाई यस दिवसको मुख्य नारा बनाउने गरेको छ। संसारभरि नै राष्ट्रसङ्घले दिएको नाराकै सेरोफेरोमा केन्द्रित हुने यो दिवसको यो वर्ष अर्थात् ३४ औँ अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको नारा 'सम्मानित बुढ्यौली : विश्वव्यापी रूपमा स्याहार तथा सहयोग पद्धतिको सबलीकरण' रहेको छ।

यो वर्षको नारामा राष्ट्रसङ्घको साधारण सभाले स्थापित गरेको ज्येष्ठ नागरिकका अधिकारसम्बन्धी दुई सिद्धान्तलाई प्रत्यक्ष समावेश गरेको छ– सम्मान र स्याहार तथा हेरविचारको सिद्धान्त रहेका छन्। सम्मान अन्तर्गत पहिलो बुँदामा ज्येष्ठ नागरिक शारीरिक एवं मानसिक शोषणबाट मुक्त भई स्वतन्त्रतापूर्वक सम्मानजनक र सुरक्षित जीवन बाँच्न पाउनु पर्छ भन्ने अधिकार स्थापित गरेको छ भने दोस्रो बुँदामा उमेर, लिङ्ग, वर्ण, जाति, धर्म, अपाङ्गता वा अन्य कुनै आधारमा ज्येष्ठ नागरिकको विभेद गरिनु हुँदैन भन्ने अधिकारका कुरा समावेश छन्। ज्येष्ठ नागरिकले गरेका उत्पादनशील, सामाजिक, आर्थिक कार्यबाट राष्ट्रले प्राप्त गरेका योगदानका आधारमा उनीहरूको कदर गरिनु पर्छ भन्ने सम्मानको अधिकारभित्र समावेश छ।

यसै गरी स्याहार हेरचाह अन्तर्गत ज्येष्ठ नागरिकले आआफ्नो समाजको परम्परागत तथा सांस्कृतिक मूल्य र मान्यता अनुसार आफ्ना परिवार र समुदायबाट समुचित हेरविचार र संरक्षणको सुविधा पाउनु पर्छ भन्ने कुरालाई समावेश गरेको छ। ज्येष्ठ नागरिकले आफूलाई सम्भाव्य रोगको सिकार हुनबाट बचाउन, त्यसको उपचार गर्न, आफ्ना शारीरिक, मानसिक र संवेगात्मक स्थितिलाई क्रियाशील राख्न हेरविचारको सुविधा पाउनु पर्छ भन्ने अधिकारको कुरा पनि यसमा समेटिएको छ। ज्येष्ठ नागरिकले स्वतन्त्रता, संरक्षण र समुचित हेरविचारका लागि आवश्यक पर्ने सबै सामाजिक तथा कानुनी सेवा उपलब्ध हुनु पर्छ भन्ने अधिकारलाई पनि स्याहार तथा हेरचाहभित्र समावेश गरेको छ। ज्येष्ठ नागरिकले मानवोचित वातावरणमा संस्थागत संरक्षण, पुनर्स्थापना तथा सामाजिक र मानसिक प्रोत्साहनका सुविधा उपयोग गर्न पाउनुपर्ने अधिकारलाई पनि यसमा समावेश गरेको छ। अन्त्यमा ज्येष्ठ नागरिक घर, वृद्धाश्रम, उपचार केन्द्र जहाँसुकै बसे पनि आफ्नो हेरविचार, जीवनस्तर, सम्मान, आत्मविश्वास आवश्यकता, गोपनीयता जस्ता विषयमा निर्णय गर्नुपर्दा मानव अधिकार एवं मौलिक स्वतन्त्रताको पूर्ण प्रयोग गर्न पाउने अधिकारलाई स्याहार हेरचाह अधिकारको सिद्धान्तमा समावेश गरेको छ।

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइरहँदा यो दिवसको महत्त्व र यसको आवश्यकताबारे पनि जानकार हुनु आवश्यक छ। अहिले विश्वभर ज्येष्ठ नागरिकको जनसङ्ख्या तीव्र गतिमा वृद्धि भइरहेको छ। जनसङ्ख्या तीव्र वृद्धिसँग विभिन्न चुनौती र अवसर देखा पर्न थालेका छन्। ज्येष्ठ नागरिकको जनसङ्ख्या व्यवस्थापन गर्न विकसित देशमा नयाँ नयाँ अवधारणा, पद्धति र प्रविधिको विकास भइरहेका छन् जुन कुराको जानकारी आमजनमानसमा छैन। ती कुराबारे आमजनमानसलाई जानकारी दिनका लागि अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसमा सञ्चालन गरिने विभिन्न कार्यक्रमले सहयोग गर्छ। ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवको माध्यमबाट युवापुस्ताले नयाँ कुरा सिक्ने प्रशस्त अवसर प्राप्त गर्ने भएकाले पनि उनीहरूको सहभागिता, सम्मान र सहयोगका लागि युवापुस्ताले मार्ग प्रशस्त गरिदिनु आवश्यक छ। यसबाट युवापुस्ताको भविष्य सुनिश्चित बन्ने आधार त छँदै छ ज्येष्ठ नागरिकले पनि आफ्नो ज्ञान, सिप र अनुभवको उपयोग गर्ने वातावरण बन्ने छ।

सम्मानित बुढ्यौलीका लागि ज्येष्ठ नागरिकका अधिकार सुनिश्चित गर्न अत्यावश्यक छ। मानव अधिकारका विद्यमान मापदण्डमा ज्येष्ठ नागरिकको अधिकार रक्षाका लागि आवश्यक प्रावधानको कमी छ। अधिकारको सुनिश्चितता नभएकै कारण ज्येष्ठ नागरिक दुर्व्यवहार, नैराश्य र एक्लोपनको चरम जोखिममा रहन्छन्। अझै पनि ज्येष्ठ नागरिकका समस्या तथा मर्कालाई अधिकार तथा न्यायिक दृष्टिले भन्दा पनि दयादानका पात्र सम्झेर कल्याणकारी दृष्टिले हेर्ने गरिएका घटना प्रशस्तै भेटिन्छन्। ज्येष्ठ नागरिकको मानव अधिकारबारे विश्वव्यापी घोषणामा गरिएका वाचा पूरा गर्न आमजनमानसलाई झकझक्याउन पनि यो दिवस मनाउनु महत्त्वपूर्ण छ।

जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तनले अबको युग ज्येष्ठ नागरिकको हुने विश्व मान्यता छ। संयुक्त राष्ट्रसङ्घका अनुसार अहिले विश्वमा हरेक एक सेकेन्डमा दुई जना व्यक्तिले आफ्नो ६० औँ जन्मदिन मनाइरहेका हुन्छन्। नेपालको कुल जनसङ्ख्याको १०.२१ प्रतिशत हिस्सा ओगट्दै गरेको ज्येष्ठ नागरिकको सङ्ख्या लगातार बढ्दो छ। अब यो जनसङ्ख्यालाई राज्यले संरक्षण गरेर राख्नु सम्भव छैन। परिवारलाई उत्तरदायी बनाई परिवारमा नै अधिकारसहितको संरक्षणको व्यवस्था गर्नु आवश्यक छ। ज्येष्ठ नागरिकलाई नयाँ प्रविधिको उपयोग गर्न सिकाई सक्रिय र सहज बुढ्यौली जीवनयापनमा सहयोग गर्न आवश्यक छ। ज्येष्ठ नागरिक आर्थिक रूपले सक्षम उमेर समूहमा पर्दछन्। उनीहरूलाई वित्तीय साक्षरता प्रदान गरी आर्थिक स्रोतको उपयोग गर्न सहजीकरण गर्नुपर्ने माग पनि बढिरहेको छ।

ज्येष्ठ नागरिकका अनुभव, ज्ञान, र दक्षता नसमेटी गरिने विकासका कामले त्यति राम्रो नतिजा दिन सक्दैनन्। किनभने ज्येष्ठ नागरिकले त्यस्ता कामका थुप्रै अनुभव नजिकैबाट नियालेका हुन्छन्। कुनै पनि कामबाट आइपर्ने सकारात्मक र नकारात्मक असर र त्यसका दूरगामी प्रभावबाट सिकेको ज्ञान र भोगाइ ज्येष्ठ नागरिकमा बढी हुन्छ। त्यसैले अब विकासका हरेक पक्षमा ज्येष्ठ नागरिकको क्षमता र सहभागिता समावेश हुनै पर्छ। उनीहरूसँग भएको क्षमता र सिपलाई उपयोग गर्न सकेमा हाम्रो समुदाय र राष्ट्र समृद्धितर्फ लम्किने पक्का गर्न सकिन्छ। ज्येष्ठ नागरिकलाई उनीहरूको क्षमता, दक्षता र सिप अनुरूपको क्रियाकलापमा समावेश गराई सशक्तीकरण गर्नु पर्छ। उचित वातावरण र अवसर पाएमा उनीहरूले आफ्नो क्षमता, दक्षता र सिप अनुसारको काम गरी जीविकोपार्जन गर्न सक्छन्।

> ज्येष्ठ नागरिकलाई नयाँ प्रविधिको उपयोग गर्न सिकाई सक्रिय र सहज बुढ्यौली जीवनयापनमा सहयोग गर्न आवश्यक छ । ज्येष्ठ नागरिक आर्थिक रूपले सक्षम उमेर समूहमा पर्दछन् ।

यदि राज्य र ज्येष्ठ नागरिकसँग काम गर्ने सङ्घ संस्थाले यस्तो खाले अवसर तयार गरी दिएमा ज्येष्ठ नागरिक बोझ होइनन्, क्षमता, दक्षता र सिपका स्रोत हुन् भन्ने भावनाको उदय हुने थियो। उनीहरूको ज्ञान र सिपको प्रयोग नगर्दा हाम्रो सामाजिक र सांस्कृतिक विकास ढिलो भइरहेको छ। ज्येष्ठ नागरिक समूह राज्यले भत्ता तथा निवृत्तिभरण दिने जनसङ्ख्या मात्र होइन, देशको विकास र समृद्धिको साझेदार समूह पनि हो। उनीहरूले लिने मात्र होइनन्, दिने धेरै कुरा छन् तर लिने वातावरण तयार गर्न प्रभावकारी नीति तथा कार्यक्रमको कार्यान्वयन आवश्यक छ।

सम्मानित बुढ्यौलीका लागि विश्वव्यापी रूपमा स्याहार तथा सहयोग पद्धतिको विकास गरी ज्येष्ठ नागरिको क्षमता, योगदान र सहभागितालाई उपयोग गर्न सकेमा थुप्रै फाइदा हुने देखिन्छन्। ज्येष्ठ नागरिकमाथि हुने विभन्न खाले दुर्व्यवहारबाट मुक्त भई स्वतन्त्रतापूर्वक सम्मानजनक र सुरक्षित जीवन बाँच्न पाउने छन्। आफूमा निहित क्षमताको पूर्ण रूपमा विकास गर्न उपयुक्त अवसर पाउने छन्। उनीहरूमा भएको ज्ञान र सिपलाई युवापुस्ताले अवलम्बन गरी त्यस्ता सिपमूलक कार्यलाई दिगो रूप दिन सक्ने छन्। आफ्नो आम्दानीबाटै आफ्ना व्यक्तिगत आवश्यकता पूरा गर्न सक्ने छन्। यसबाट परिवारका अन्य सदस्यलाई आर्थिक भार कम पर्छ। सक्रिय बुढ्यौलीको माध्यमबाट समुदाय र देशको सेवा गरिरहने मौका प्राप्त गर्न सक्छन्। सक्रिय र व्यस्त रहँदा शारीरिक वा मानसिक रोग लाग्ने सम्भावना कम हुन्छ । सक्रिय व्यक्ति सधैँ प्रशंसनीय र उदाहरणीय बन्न सक्दछन्। त्यसैले सम्मानित बुढ्यौलीका लागि विश्वव्यापी रूपमा स्याहार तथा सहयोग पद्धतिको विकास गर्दै ज्येष्ठ नागरिकको सहभागितालाई सुनिश्चित गर्नु नै अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउनु सार्थक हुने छ।



पाठक
आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

## रविको छटपटीको अन्तर्य !

धारावाहिक रूपमा विभिन्न मुद्दामा गाँसिएका खबर आइरहने पात्रका रूपमा पनि परिचय बनाएका पूर्वगृहमन्त्री रवि लामिछाने अहिले सहकारी ठगी प्रकरणमा जोडिन पुग्नुभएको छ। सङ्घीय विधायक सूर्य थापाको संयोजकत्वमा गठित संसदीय समितिले प्रत्यक्ष नभए पनि परोक्ष रूपमा भने उहाँको संलग्नता रहेको प्रतिवेदन बुझाएको छ। उहाँ भने कहिले क्लिन चिट पाएको, कहिले ब्लु आन्दोलन गरिने, कहिले आधा रातमा पत्रकार सम्मेलन, कहिले ओलीलाई मुलुक फर्किएपछि कोठा मिलाएरै संवाद गर्ने, कहिले आफू संलग्न रहेको भनिएको रकम पीडितलाई बुझाउने भन्नेदेखि राप्रपालगायतका पार्टी हुँदै सबै जसो दलका नेतासँग भेट गर्ने र खुला रूपमा चुनौती स्वीकार गर्नेसम्मका भौतिक तथा मौखिक क्रियाकलाप प्रस्तुत गरिरहनुभएको छ। यसले उहाँभित्र एउटा भयङ्कर भय र त्रासदीमय सुनामी उठिरहेको सङ्केत मिल्छ। अर्को यो पनि हुन सक्छ कि अधिकतम शत्रु भएकाले उनीहरूले काखी बजाएर खुच्चिङ खुच्चिङ भन्दै गिज्याउने भए भन्ने तथा अलिकति आड पाएपछि यिनीहरूले मेरो राजनीतिक भविष्य नै शून्यमा झारिदिने भए भन्ने औडाहाले पिरोलिरहनुभएको पनि हुन सक्छ।

त्यसो त उहाँमाथि खनिने पात्रको निकै लामो ताँती छ। त्यो ताँती वर्तमानदेखिको नभएर जीवनका विभिन्न चरणदेखिका छन्। पारिवारिक काण्डदेखि न्युज ट्वान्टी फोर टेलिभिजन हुँदै सहकारीसम्म आइपुग्दा धेरै दूषित घटनामा उहाँको संलग्नता देखियो। यसपछि रास्वपा सभापति हुनुपूर्व थुप्रै भएका हुँदा हुन् यस्तै केही अरू घटना पनि। जुन सतहमा अझै आउन बाँकी नै हुन सक्छ। रास्वपाको सभापति भएदेखि निर्वाचनमा हासिल गरेको मतभार र त्यसपछि दुई पटकसम्म गृहमन्त्री भएपछिको अवधिसम्म आइपुग्दा थुप्रै परिघटनासँग उहाँ जोडिनुभएको छ।

राजनीतिक जीवनमा प्रवेश गर्नुपूर्वका रवि र राजनीतिक जीवनमा प्रवेश गरेपछिका रविमा आंशिक भिन्नता रहेको जस्तो देखिए पनि उहाँ विगत जीवनबाटै अधिक प्रभावित देखिनुभएको छ। उहाँलाई राजनीतिक जीवनमा सफल रहेको देख्न नचाहने पनि उहाँकै पूर्ववर्गीय पात्र छन्। जसलाई उहाँले १२ भाइको नाउँले सम्बोधित गर्नुभएको छ।

अब पत्रकारिताले हिजोको त्यो हैसियत प्राप्त गर्न असम्भवप्रायः छ। यसलाई पुनर्जीवन दिन यही पुस्ताबाट सुरु गरेर आउने पुस्ताले समेत इमानदारीपूर्वक खोज पत्रकारिता गर्नु आवश्यक देखिएको छ। सञ्चारवालाले जेसुकै लेखून्, बोलून्, देखाऊन् वा भनून् त्यसलाई गहन विश्लेषण र संश्लेषण गरिसकेर मात्र र धेरै किसिमका छरपस्ट नबोलेर गोरखा मिडियामा प्रबन्धक छँदा जे भएको र गरिएको हो सोही मात्र बोल्ने गर्नुभएको भए त्यो अधिक विश्वसनीय हुन सक्थ्यो। पक्राउ गरिहाल्ने हुन् कि भन्ने भयले उहाँले १० थरी बोल्ने र गतिविधि गरेर देखाउने गर्दा उहाँ र उहाँको पार्टीमाथि नै शङ्काको नजरले हेर्ने सुविधा मिलिरहेको छ।

भुटानी शरणार्थीका प्रकरणमा मुछिएका राणा र प्रधानमन्त्रीका स्वकीय सचिवसम्मलाई पक्राउ गर्न आदेश दिई उनीहरूको समेत निसानामा पर्नुभएको थियो। यसर्थ पनि उहाँ घुमाइफिराइ विगतमा गरेका गलत कर्मकै कारण घेरिँदै र पटक पटक समस्यामा पर्दै र पारिइँदै हुनुहुन्छ भन्नेको पनि लामै पङ्क्ति छ। ती विगतका उहाँका गतिविधि हेर्दा उहाँ स्वच्छ छवि भएका असल भद्र व्यक्ति भनिन कतैबाट पनि योग्य लाग्नुहुन्न। उहाँले जीवनभरि कमाएका शत्रुता र आफ्नै बदनियतपूर्वक गरिएका गलत कर्मकै कारण उहाँ सदैव विवाद र उल्झनमा मात्र होइन कि कानुनी कठघरामा समेत उभिनु परिरहेको छ।

संवैधानिक, कूटनीतिक नियोगका विभिन्न पद र विभिन्न आयोगका पदमा नियुक्त गर्नुपर्दा जसरी खुला रूपमा उजुरी भए दिनुहुन सार्वजनिक रूपमा नै आह्वान गर्ने संसदीय परम्परा छ। विभिन्न पार्टीका सबै पदाधिकारी र विभिन्न तहका निर्वाचनका लागि उम्मेदवार हुनका लागि पनि यस्तै उजुरी आह्वान गर्ने र निष्पक्षताका आधारमा उक्त पदका लागि सुयोग्य र निर्विवादित व्यक्तित्व चयन गर्ने परम्परा भए उहाँ कुनै दृष्टिले पनि सभापतिका लागि काबिल हुनुहुन्न। यसको अर्थ अरू दलका पदाधिकारी योग्य हुनुहुन्छ भन्ने आशय होइन।

किनकि रवि पुराना दलका विकल्पका रूपमा उभिनु र उभ्याइएका पात्र हुनुहुन्छ। तसर्थ उहाँ वस्तुतः जनताले चाहे अनुरूपको वैकल्पिक पात्र बन्न सक्ने देखिनुहुन्न। पुरानाका कुकर्तुत र नालायकीपनको आवेग र आक्रोशमा त्यो मत रवितिर सोझिएको देखिन्छ। विगतलाई हेर्दा उहाँ उत्तम विकल्प भएर मत पाएका व्यक्ति भन्न सकिने चाहिँ स्थिति देखिन्न। पक्राउ परिहाल्नुभयो भने उहाँ सभापति रहेको पार्टी नै विवेकशील साझा पार्टी झैँ अन्धकारमय गर्तमा विलय हुन्छ भन्ने पनि छन्। केही समय सभापति नै हिरासतमा पुगे पनि पार्टी एकताबद्ध भएर अघि बढ्ने स्थिति बनिसकेको धेरै विश्लेषकको एउटै धारणा छ। यसर्थ कुनै व्यक्ति र पार्टी कदापि निर्विकल्प हुन्न। त्यहाँ सँगसँगै विकल्प जन्मिसकेकाले रवि आफूसँगै पार्टी र व्यक्तित्व पनि विलय हुन्छ भनेर नसोची साँच्चै सत्कर्म नै गरिएको भए खुलस्त भएर देखाउन उहाँले हिचकिचाउनु चाहिँ हुँदैन।

**–धनपति कोइराला**
**कावासोती, नवलपुर**

नयाँ नेपाल
गोरखापत्र
gorkhapatraonline.com
समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित
**बान्तावा राई भाषा पृष्ठ**

# बुङ्वाखा पुक्खालेन हतुवागढिदा



**टुप्खालादा नुकोङ्ला सावानाम कि आलाङ्ने पमा दुम छाङ लिसायुङ्सा । बुङ्वाखा रात्कामि क्याप्टेन नारायनप्रसाद राइआ आनेम्नङ चुङ्ढिदा 'लाहुरे' खिप्लाभुङ छाप्टुओदा खो निम्पाङ नुकोङ्ला सावानाम पमा लिसायुङ्सा ।**

बुङ्वाखा खिम्पाङओ टुप्खालाआ 'बुङ्वाखा २० अउ पुक्खालेन' भोजपुराओ हतुवागढि टेन्टुवा घोडेटारादा माने मुमा अछ्ङ मु युङ्सु । तायाङ्ओ चासुम्ला २३ कि २४ लेन्टा मो पुक्खालेन माने मुमा दुम लिसाओ बुङ्वाखा टोङ्कामि पदम राइआ खा एत्मा लिसाओ युङाङा । ललितपुर महालछ्मिस्थान बुङ्वाखा काचिखिम सुच्चाखिमदा खाराओ वापुन ५ लेन्टा लिसाओ टुप्खाला बुङ्वाखा रात्कामि क्याप्टेन नारायनप्रसाद राइओ ढुवाटाङ्दा लिसाओ युङाङा ।

मो काचिपेन हतुवागढि टेन्टुवा भोजपुराआ फामा लियाङ्ओ युङ्याङ । आइदोङ ङा हतुवागढि महोत्सव २०८१ छाङ लियाङ्ओ युङ्याङ । ओ पुक्खालेन बुङ्वाखा एम्कावा रात्कामि तिलक वालाहाङओ मित्मायुदा माने मु लिओ दुम बुङ्वाखा टोङ्कामिआ खा एत्मा लिसायुङ्सा । 'बुङ्वाखा एम्कावा रात्कामि तिलक वालाहाङओ पुक्खा टेन छाङ हतुवागढि टेन्टुवा वालाहाङ छानदा युङ्याङ । खोन्ओसा खोसोओ मित्मायुदा बुङ्वाखाओ काचिपेन मुमा लियाङ,' खोसाआ टुप्खालादा दुम युङ्सुओ युङाङा ।

ओ दुमदा भाराक बुङ्वाखा खिम्पाङ्ओ सालुम्सङ्चिआ नुमिचिनङ युङ्मा लिसाओ युङाङा । काचिपेनओ बुत्कावा बुङ्वाखा युङ्याङ नालो छेन्बि फाकावा हतुवागढि टेन्टुवा भोजपुर युङ्याङ । चुक फाकामिदा किरात राइ यायोक्खा हतुवागढि टेन्टुवानेन यायोक मुमा निकि अछ्ङ लिसायुङ्सा । टुप्खालादा सालाम खोम्माओ लाम तित्कावादा बुङ्वाखा चुक टोङ्कामि असिम सोङ्मेनओ पाङ्खुन पमा लिसायुङ्सा । मोहा ङा भाराक चामा, युङ्मा काचिओ लामतित्कावा पाङ्खुनदा बुङ्वाखा यायोक्काम्पि रामेस्वर सुबि हाङ्खिम राइओ बुसितदा सालुम्सङ्चि रामकुमार वालाहाङ, मनि वालाहाङ, मानबहादुर खाम्लुङ कि कृपालसिं वालाहाङओ पाङ्खुन पमा लिसायुङ्सा ।

टुप्खालादा नुकोङ्ला सावानाम कि आलाङ्ने पमा दुम छाङ लिसायुङ्सा । बुङ्वाखा रात्कामि क्याप्टेन नारायनप्रसाद राइआ आनेम्नङ चुङ्ढिदा ' लाहुरे' खिप्लाभुङ छाप्टुओदा खो निम्पाङ नुकोङ्ला सावानाम पमा लिसायुङ्सा । आनेम्नङ ङा बुङ्वाखा यायोक्काम्पि चन्द्रकुमार राइ हतुवालि नेपाल हाङ्कोपआ सांस्कृतिक संस्थानओ ढुवाटाङदा नङ्छाम्मि मुओ योक्दा खो निम्पाङ नुकोङ्ला सावानाम कि हिलि, कोइसिमेन कि हाङ्छामि पेन्हुप हाङ्युङ्ला आलाङ्ने पमा लिसायुङ्सा । खाराओ वापुन ९ लेन्टा किरात राइ बान्तावा खिम हङकङआ बुङ्वाखा टोङ्कामि पदम राइ निपाङ हङकङदा अक सुपि ११ भुङ १ बोम ११ कायाङ छेन्बि सिरिफानेन सायाएम्मायु मुओ योक्दा खो निम्पाङ नुकोङ्ला सावानाम कि बान्तावा खिम हङकङ्ओ निम्पाङ आलाङ्ने पमा लिसाओ युङाङा ।

बुङ्वाखा चुक टोङ्कामि असिम सोङ्मेन कि चेन्चेक्वा राजकुमार इसाराओ खाराओ वालिम २२ लेन्टा यलाखोमदा किरात राइ यायोक्खा अचोम्ला काचिखिमआ सिरिफा पचिओ योक्दा खोचिदा नुकोङ्ला सावानाम कि यायोक्खा निम्पाङ आलाङ्ने पमा लिसायुङ्सा । असिमआ १० भुङ कायाङ्ओ किराया-दुर्गादेवि मोहनसिं राइ यङ् भुङ्मि छाप्कामि सिरिफा कि राजकुमारआ १० भुङ कायाङओ ङा 'किराया-विचारि राजनसुर राइ लालमतिम्पा लालमतिम्मा सायारेम भागेम्मा सिरिफा' तोक्तुओ युङाङा । भासा आयोगआ वापुन २३ लेन्टा बुङ्वाखाओ सायाएम्मायु मुओ योक्दा आयोग निपाङ छाङ नुकोङ्ला सावानाम पमा लिसाओ युङाङा । अदोङ्कोन वात्निङा आइ दोङ छाङ बुङ्वाखाओ पुक्खालेन माने मुमा काचिपेनदा बान्तावा सालाम, भे तालेत छोमासि, दोङ दोङ्मायु काचिपेन मलियाङ्ओ युङ्याङ ।

# बिरुमा



■ मोनकुमारि राइ

आराङ अक्टेट किरावा टेन्ङा अक पाङ बिरुमा नङ्ओ निछामा युङाङा । खोसोओ अछेन्वाचि सुका पाङ मयुङाङा । खोचिओ उन्चु मापाचि मसुवाङाओ युङाङा ।

अक लेन भारा निछामाओ अछेन्वाचि नि हाङ्होनहयात्नि कोन्सि मखारा । बिरुमा निछामा दाप्पाङ खिमदा युङ्मा पुक्टु । खोसोओ बुवा-निछाचि निहाङ्होन मखारादेङ बिरुमा रोङ्रि टोक्मा पुङ्सु । बिरुमाओ नङा चाअत्साआ खिमदा याङ्खा-कुखा मुयाङ्सा युङाङा ।

अकलेन खिमदा याङ्खा-कुखा मुवायाक्टाहिदा कोकोलोक्माओ अलवाचि धिरुखाट्टुकि मोसोओ अलवा खुप्मा पुङ्सुयाक्टु । खोसोओ खिमदा अक्टेट मुनिमा छे युङाङा । खो खुप्टुओ एनुहिदा मुनिमा 'म्याउ' नि पात्मा पुङ्सु । खुन्कि खानालो मुनिमा ए रछ नि लो याक्टु ।

वात्निङा लेन्कोलेन याङ्खा-कुखा मुवाहिदा कोकोलोक्माओ अलवा टोक्टुयाक्टु कि दोदा पाउयाक्टु । हान मुनिमा पात्मा पुङ्सुयाक्टु । ओहात्नि ङे चयाङ्सा बिरुमा युङ्मा लिसा हिदा अकलेन लो मुनिमाआ दाब्बेओ मि छेत्टुसेरु । बिरुमाआ दाब्बेदा मि लामुहिदा लो मि मात्दङ्याङ । खुन्कि बिरुमा मि लाम्सि खिमदाङ्का हयात्नि खारा । खिम्चि तेप्ला-तेप्ला मयुङाङा । खोहाकि ङे मि लाम्माओ निम्पाङ हयानि-हयानि बिरुमा खारायुङ्सा ।

बिरुमाआ हयाउढेट्याओ अक्टेट खिमदाङ्का मिख (धुँवा) लोन्टाओ खा कि खो मोहयात्नि ङा खारा । मोको खिमदा टालादेङ ' खिमकोङ्दा साङ लो तयुङिन्येन ?' निकि खासेन मुवा । खिमकोङ्दाङ्का 'अङ्का रे ओनेइ' नि यङ्सा खोक्मा दुवारिदा लोन्टा । 'ओहयात्नि ङा वाङा नाङ' नि खोक्माआ लो कि बिरुमा छेमा कात्याङ्सा खिमकोङहुद्दा वाङा । खोक्माआ ' खाना साङ खा ? देकि ओदा तताओ ?' नि सेनु । 'दिमा अङ्का लो हयाउढेटदाङ्का मि लाम्याङ्सा ताङओ ।

उहाँ मात्र होइन, दैलेख जिल्लाको पूर्वको जगन्नाथदेखि पश्चिमको राकमकर्णालीसम्म जोड्ने मध्यपहाडी लोकमार्गमा गाडी गुड्न थालेपछि भण्डारीको मात्र होइन, अन्य गाउँलेको स्थानीय उत्पादनले सजिलै बजार पाएको छ। जगन्नाथ र मेहेलतोली मात्र नभएर मध्यपहाडी लोकमार्गमा गाडी चल्न थालेपछि लोकमार्गले जोडेका विभिन्न बस्तीका स्थानीयको उत्पादन बजारसम्म गएको छ। त्यसका साथै बजारबाट ल्याउनुपर्ने दैनिक उपभोग्य वस्तुदेखि अन्य सरसमान सहजै केही घण्टामै किनेर घरमा पुग्छ। मध्यपहाडी लोकमार्ग दैलेखको पूर्वमा जगन्नाथदेखि पश्चिममा राकमकर्णालीसम्म पहुँच पुगेपछि सर्वसाधारणको दैनिकीमा व्यापक परिवर्तन आएको छ। किसानको भनाइमा लोकमार्ग भाग्य निर्माण गर्न महत्त्वपूर्ण भएको छ।

जिल्ला कृषि विकास कार्यालय दैलेखका प्रमुख राजु भुजेलले पुष्पलाल मध्यपहाडी राजमार्ग जोडिएका पालिकामा कृषिसम्बन्धी धेरै कार्यक्रम सञ्चालन भएको जानकारी दिनुभयो। उहाँले कृषक नै उत्साही भएर कृषि कर्म गरिरहेको भन्दै उत्पादन भएका वस्तुको बजारीकरण सजिलै भएका कारण त्यसमा कार्यालयले उनीहरूको आवश्यकता पहिचान गरी विभिन्न सहयोग गरेको बताउनुभयो। राष्ट्रिय गौरवको आयोजनाको मध्यपहाडी राजमार्गले दैलेख जिल्लाका ११ स्थानीय तहमध्ये सात स्थानीय तहलाई जोडेको छ भने यसको लम्बाइ १२५ किलोमिटर छ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग सडक आयोजना कार्यालय दैलेखका आयोजना प्रमुख इन्जिनियर अञ्जु परियारले दैलेख जिल्लाभित्र पर्ने १२५ किलोमिटरमध्ये डेढ किलोमिटर मात्र कालोपत्रे गर्न बाँकी रहेको जानकारी दिनुभयो। उहाँले डेढ किलोमिटर सडकमा विवाद देखिएपछि उक्त निर्माण कार्य रोकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "दैलेख जिल्लाको नारायण नगरपालिका–२, जाहरकोट खण्ड र नारायण नगरपालिका–६ को सनक मोड निर्माण गर्न बाँकी रहेको छ।" १२५ किलोमिटर सडक निर्माण सम्पन्न हुने चरणमा रहेको र एक वर्षभित्र निर्माण सम्पन्न गरी सडक डिभिजन सुर्खेतलाई उक्त सडक हस्तान्तरण गरिने आयोजनाका प्रमुख परियारको भनाइ छ।

जिल्लाको भौतिक विकासमा कोसेढुङ्गा भएको पुष्पलाल (मध्यपहाडी) लोकमार्गले यहाँका बासिन्दाको जीवनशैली परिवर्तनमा महत्त्वपूर्ण टेवा पुर्‍याएको नागरिक समाजका अगुवा वीरबहादुर भण्डारीले बताउनुभयो। उहाँले जिल्लामा यति ठुलो आयोजना भित्रिएर निर्माण हुँदै गर्दा दैलखको पूर्वमा जगन्नाथदेखि राकमकर्णालीसम्मका विभिन्न स्थानमा बजार विस्तारसँगै किसानले उत्पादन गरेको तरकारी सहजै बिक्री हुने गरेको जनाउनुभयो। दैलेखका भगवतीमाई गाउँपालिका, नारायण नगरपालिका, दुल्लु नगरपालिका, भैरवी गाउँपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका, ठाँटीकाँध गाउँपालिका र आठबिस नगरपालिकाका भूभाग समेट्दै मध्यपहाडी लोकमार्ग सुदूरपश्चिम प्रदेशको अछाम जिल्ला प्रवेश गरेको छ।

# विद्यालयमा कामचलाउ सुधार योजना

**सुर्खेत समाचारदाता**
*सुर्खेत, असोज १४ गते*

वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजना (एसआइपी) कार्यान्वयनमा निकै कमजोर रहेको पाइएको छ। ती विद्यालयले पूर्ण मापदण्ड अनुसार योजना नबनाई प्रायः जसो कामचलाउ रूपमा बनाउँदा कार्यान्वयनमा कमजोर रहेको पाइएको हो।

वीरेन्द्रनगर नगरपालिकाको नगरशिक्षा शाखाले नगरभित्रका सामुदायिक विद्यालयले बनाएका विद्यालय सुधार योजना निकै कमजोर रहेको जनाएको छ। नगरशिक्षा प्रमुख उपसचिव धीरेन्द्रप्रसाद शर्मा लम्सालले नगरभित्रका सामुदायिक विद्यालयले विद्यालय सुधार योजना बनाएको तर कार्यान्वयन निकै कमजोर रहेको बताउनुभयो। नगरपालिकाभित्र ६० वटा सामुदायिक विद्यालय छन्। उपसचिव शर्माले बनाइएका योजना धेरै जसो कामचलाउ खालका रहेको बताउँदै त्यसमा परिमार्जनको आवश्यकता रहेको उल्लेख गर्नुभयो। विद्यालय सुधार योजना (एसआइपी) बनाइए पनि परिमार्जन नगरिँदा अब प्रत्येक सामुदायिक विद्यालयले वर्षमा अद्यावधिक र पाँच वर्षमा परिमार्जन गर्नुपर्ने प्रावधान रहेको उहाँको भनाइ छ।

विद्यालयलाई राम्रो बनाउन, शिक्षण राम्रो बनाउन र सिकाइ राम्रो बनाउन विद्यालय सुधार योजना अनिवार्य निर्माण गर्नुपर्ने सुझाव उहाँले दिनुभयो। विद्यालयको भौतिक पूर्वाधार, शैक्षिक गुणस्तरका लागि शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिको भूमिका र योगदान वृद्धि गर्न विद्यालय सुधार योजना अनिवार्य बनाउनुपर्ने उपसचिव शर्माले बताउनुभयो। उहाँले योजना प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मात्रैले बनाएर नहुने भन्दै विद्यालयको सेवा क्षेत्र पर्ने सामाजिक सङ्घ संस्था र विद्यार्थीको सहभागिता अनिवार्य हुनुपर्ने जानकारी दिनुभयो। सामुदायिक विद्यालयले अनिवार्य रूपमा विद्यालय सुधार योजना बनाउनुपर्ने भनिए पनि संस्थागत विद्यालयलाई भने अनिवार्य छैन। नगरशिक्षा शाखाका प्रमुख उपसचिव लम्सालले संस्थागत विद्यालयलाई योजना बनाउनुपर्ने भनेर उल्लेख नभएको बताउनुभयो।



भैरव माविको विद्यालय सुधार योजना बनाइँदै ।

वीरेन्द्रनगर नगरपालिका–४ को भैरव माध्यमिक विद्यालयले विद्यालय सुधार योजना बनाउन लागेको छ। विद्यालयले सर्वपक्षीय अन्तर्क्रियाको आयोजना गरी सुधार योजना बनाउन थालेको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गङ्गाराम तिमिल्सेनाले गुणस्तरीय शिक्षाका लागि नमुनायोग्य विद्यालय बनाउन विद्यालय सुधार योजना बनाउन लागिएको जानकारी दिनुभयो। योजनालाई समयसापेक्ष बनाउन सर्वपक्षीय सुझाव लिएर अद्यावधिक तथा परिमार्जन गरिने उहाँले बताउनुभयो।

भैरव माध्यमिक विद्यालयमा शिशुदेखि कक्षा १२ सम्म एक हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। विद्यालयका प्रधानाध्यापक भक्तबहादुर जिसीले एक हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको तर विद्यालयमा दलित, जनजाति र अपाङ्गता भएका भनेर नछुट्याइएको जानकारी दिनुभयो। उहाँले प्राथमिक तहसम्म विद्यार्थी भर्नादर केही कम भएको र माथिल्लो तहको तुलनामा केही बढी भएको बताउनुभयो। विद्यालय सुधार योजना बनाउन वीरेन्द्रनगर नगरपालिकाका नगरशिक्षा प्रमुख उपसचिव धीरेन्द्रप्रसाद शर्मा लम्सालले सहजीकरण गर्नुभएको छ।


नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**Head Office, General Service Department**

**Invitation for Electronic Bids**

**Invitation for Bids No. : NBL/NCB08/W081/82**
**Date of publication : 2081/06/15**

Nepal Bank Limited invites electronic bids from eligible bidders for **Civil, Electrical & Networking Work for Shifting of Ram Janaki Branch, Dhanusa** under National Competitive Bidding.

| Bids No. | Work Description | Last Date of Submission of Bid Document | Bid Opening Date, Time & Place | Tendor Document Fee | Bid Deposit Amount | Bid Validity Period | Amount of Work with VAT |
|---|---|---|---|---|---|---|---|
| NBL/ NCB08/ W081/82 | Construction Work for Shifting of NBL Ram Janaki Branch | *2081-07-20 11:00 AM* | *2081-07-20,* 12:00PM HO, GSD | 3,000.00 | 1,30,000.00 | 120 days | 51,55,368.50 |

**Information to deposit the fee & bid deposit amount in Bank:**
**Name of the Bank** : Nepal Bank Limited
**Name of Office** : Kathmandu Banking Office, Bhugolpark, Kathmandu
**Account No.** : 00200106711283000001 (Account Name: NBL Tender/Seal Quotation/Listing)
**Account No.** : 00200106711280000001 (Account Name.: NBL BID DEPOSIT ACCOUNT)
For detail information, visit PPMO website **https://www.bolpatra.gov.np/egp/** & bank website: **www.nepalbank.com.np**.


# उद्धार सामग्री हस्तान्तरण

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, असोज १४ गते*

नेपाल रेडक्रस सोसाइटी रुकुमपश्चिम शाखाले विपत् प्रतिकार्यका लागि उद्धार सामग्री हस्तान्तरण गरेको छ। रेडक्रसले जिल्ला तथा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र वडा विपत् व्यवस्थापन समितिलाई विपत् प्रतिकार्य सामग्री हस्तान्तरण गरेको हो।




नेपाल रेडक्रस सोसाइटीका जिल्ला कार्यक्रम संयोजक सरोज थापाका अनुसार सानीभेरी गाउँपालिका–४ र त्रिवेणी गाउँपालिका–९ र १० मा रहेको वडा विपत् व्यवस्थापन समिति, सानीभेरी र त्रिवेणी गाउँपालिकामा रहेका स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई उद्धार सामग्री हस्तान्तरण गरिएको हो। कर्णाली भूकम्प पुनर्लाभ कार्यक्रम अन्तर्गत विपत् व्यवस्थापनका सामग्री उपलब्ध गराइएको संयोजक थापाले जानकारी दिनुभयो। सम्बन्धित वडा कार्यालय, गाउँपालिका र जिल्ला प्रशासन कार्यालयमै रेडक्रसका पदाधिकारी तथा कर्मचारीको टोली पुगेर सामग्री हस्तान्तरण गरिएको हो। विपत्पश्चात् उद्धारका लागि अत्यावश्यक मानिने विभिन्न २७ प्रकारका सामग्री उपलब्ध गराइएको रेडक्रस रुकुमपश्चिमका सभापति रमा गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार विपत्का घटना जुनसुकै बेला घट्न सक्ने जोखिम कायमै रहेको र तत्पश्चात् जिल्लामा उद्धारका सामग्री अभाव देखिएकाले सामग्री व्यवस्थापन गरेर हस्तान्तरण गरिएको हो। यसबाट घटना घटिहालेमा तत्कालै खोज, उद्धारलगायतका कार्यमा लाग्न सहज हुने विश्वास लिएको सभापति गौतमले बताउनुभयो। जिल्ला प्रशासन कार्यालयमा भएको सामग्री हस्तान्तरण कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले रेडक्रसले विपत् प्रतिकार्यका लागि महत्त्वपूर्ण सामग्री उपलब्ध गराएको बताउनुभयो। उहाँले यी सामग्रीले विपत्पछिको प्रतिकार्यका लागि अत्यन्तै सहजता दिलाउने जनाउनुभयो।


## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०६।१५)**

यस कोषका लागि आर्थिक वर्ष २०८१/०८२ का लागि स्टेसनरी सामग्रीहरू आवश्यक भई सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ता/फर्म/संस्थाले सम्बन्धित निकायबाट प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कोषको नाममा रहेको लक्ष्मी सनराइज बैंक लिमिटेड, नयाँ बानेश्वर शाखाको खाता नं. ०१२११०३४१४१ मा नगद रु. १,०००।०० (अक्षरुपी एक हजार रुपैयाँ मात्र) (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर पेस गरी कोषको केन्द्रीय कार्यालय प्रशासन महाशाखाबाट उपलब्ध हुने दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गरी १६औं दिनको १२ बजेभित्र दर्ता गरिसक्नुपर्नेछ। प्राप्त भएका सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिनको अपराह्न १:०० बजे कोषको केन्द्रीय कार्यालयमा खोलिनेछ। विस्तृत जानकारीका लागि कोषको प्रशासन महाशाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**नागरिक लगानी कोष**
**केन्द्रीय कार्यालय, प्रशासन महाशाखा, नयाँ बानेश्वर, काठमाडौं।**
**फोन नं. ०१–५९७०२०१, ०१–५९७०२०२**



## नेपाल विद्युत प्राधिकरण
**सिन्धुपाल्चोक वितरण केन्द्र**
लामोसाँघु, सिन्धुपाल्चोक

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रकाशित मिति : २०८१।०६।१५

| क्र.सं. | दरभाउपत्र नं. | कामको विवरण |
|---|---|---|
| १. | NEA/SDC/081/082/ SQPSM-03 | Supply and Delivery of Printing, Stationary and Miscellaneous Items at Sindhupalchok Distribution Center. |
| २. | NEA/SDC/081/082/ SQW-04 | LT Line Construction and Re-inforcement Works under Sunkoshi Gaupalika, Balefi Gaupalika, Jugal Gaupalika, Chautara Nagarpalika and Indrawati Gaupalika |
| ३. | NEA/SDC/081/082/ SQW-05 | LT Line Construction and Re-inforcement Works under Tripurasundari Gaupalika,Bhotekoshi Gaupalika, Barhrabise Nagarpalika, Bhumlu Gaupalika and Lisankhupakhar Gaupalika. |

*Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.*



## पशुपति क्षेत्र विकास कोषको
**सूचना**

**(सूचना प्रकाशित मिति : २०८१।०६।१५)**

पशुपति क्षेत्र विकास कोष र श्री विभुती मल्टिपर्पोज सप्लायर्स एन्ड कन्स्ट्रक्सन प्रा.लि. बीच १ वर्ष परीक्षण काल रहने गरी सम्झौता भई पशुपति क्षेत्रको ५ वटा शौचालय राम मन्दिर क्षेत्र, मृगवाटिका क्षेत्र, गोरखनाथ क्षेत्र, पिङ्गलस्थानबाट पशुपति जाने बाटो (पिङ्गलास्थान मेन गेटसँगै रहेको) र पशुपति वृद्धाश्रमदेखि दक्षिण सोभिनियर पसल पूर्व तर्फको प्रि फेवको शौचालय सञ्चालन गर्दै आइरहेकोमा त्यस कन्स्ट्रक्सन प्रा.लि. ले सम्झौताको बुँदा नं. १३ अनुसारको कार्य गरेको नपाइएको हुँदा मिति २०८१/०६/०४ को निर्णय अनुसार सूचना प्रकाशित मितिले १५ दिनभित्र शौचालय सञ्चालन नगर्न/नगराउन यसै सूचनाद्वारा जानकारी गराइन्छ।



नेपाल सरकार
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**पुरातत्व विभाग**

**बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना प्रकाशन मिति २०८१।०६।१५**

यस विभागको सूचना नं २/०८१/८२ मिति २०८१।०६।१५ मा प्रकाशन भएको बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना यस विभागको सूचना पाटी र विभागको वेभसाइट **www.doa.gov.np** तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट **www.bolpatra.gov.np/egp** मा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।



नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**चलचित्र विकास बोर्ड**
चाबहिल,काठमाडौं

**मोफसलमा बन्ने चलचित्रलाई प्रोत्साहन सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१५**

मोफसलका यथार्थपरक, मौलिक र उत्कृष्ट कथामा चलचित्र निर्माण गरी देशको कला, साहित्य, संस्कृति, राजनीति र इतिहासको उत्खनन् र नेपाली चलचित्रको विकास, विस्तार, प्रवर्द्धन गर्न तथा स्थानीय स्रष्टा, सर्जक तथा चलचित्रकर्मीलाई प्रोत्साहनका लागि चलचित्रको पोष्ट प्रोडक्शन तथा प्रदर्शनमा प्रोत्साहन गर्ने कार्यक्रम रहेको हुँदा चलचित्र विकास बोर्डबाट स्वीकृत ढाँचाको आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले ४५ (पैंतालिस) दिनभित्र बोर्डको कार्यालयमा आवेदन पेश गर्नुहुन "**मोफसलमा बन्ने चलचित्रलाई प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१**" को दफा ३ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना सम्बन्धी विस्तृत विवरण बोर्डको सूचना पाटी र वेवसाइट www.film.gov.np मा हेर्न सकिनेछ।
सम्पर्क नं. ०१-४८१२३८७



Save the Children

**RE-TENDER NOTICE**

**First date of publication: July 17, 2024 (Wednesday)**
**Tender Reference No. SCI-NEP-ITT-GF-2024-04**

Save the Children Nepal Country Office invites qualified service providers to submit bids for the supply of **Single cab Pick up** under tender reference no. SCI-NEP-ITT-GF-2024-04. Detailed instructions and tender response documents can be obtained here.

**Last day for submission of bid: October 29, 2024 (Tuesday)**

Details related to requirements, bidder instructions and submission formats can be found in the tender response documents. **Please note that Save the Children does not charge any fees at any stage of the tender process. If you do not receive any feedback by November 31, 2024, please consider that your bid was unsuccessful.**

**Save the Children reserves the right to award none, part, or the whole of the tender to one, or more bidders.**



नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**चलचित्र विकास बोर्ड**
चाबहिल,काठमाडौं

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१५**

आदिवासी, जनजाति मातृभाषी चलचित्रको विकास, विस्तार, प्रवर्द्धन र संरक्षण गर्ने तथा सोसँग सम्बन्धित चलचित्रकर्मीहरुको दक्षता/क्षमता अभिवृद्धिका लागि आदिवासी जनजाति मातृभाषी चलचित्रको विकास, प्रवर्द्धन तथा उत्थानमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न चाहने चलचित्रसँग सम्बन्धित संघ/संस्थाले बोर्डबाट स्वीकृत ढाँचामा दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र बोर्डको कार्यालयमा प्रस्ताव पेश गर्न आदिवासी, जनजाति, मातृभाषी चलचित्र प्रवर्द्धन सम्बन्धी, कार्यविधि,२०८१ को दफा ५ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना सम्बन्धी विस्तृत विवरण बोर्डको सूचना पाटी र वेवसाइट www.film.gov.np मा हेर्न सकिनेछ।
सम्पर्क नं. ०१-४८१२३३२



## कर्मचारी सञ्चय कोषबाट घर जग्गा धितोमा आधारित सापटी लिएर किस्ता नियमित नगरेका सञ्चयकर्तालाई किस्ता नियमित गर्नेसम्बन्धी सूचना

**(गोरखापत्रमा सूचना प्रकाशित मिति : २०८१ असोज १५ गते)**

कोषको सञ्चयकर्ता कर्जा विभाग, लगनखेल र कोषका विभिन्न शाखा कार्यालयबाट विभिन्न मितिमा **घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी (साबिक सरल चक्र कर्जा) र जग्गा खरिद सापटी** लिएका ऋणी सञ्चयकर्ताले आ.ब.२०८१।८२ को **प्रथम** त्रैमासमा कोषलाई भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याजको रकम मिति २०८१ असोज मसान्तभित्र बुझाउनुहुन अनुरोध छ।
नियमित त्रैमासिक ब्याज भुक्तानी गर्ने ऋणी सञ्चयकर्तालाई कोषले तोके बमोजिमको ०.२५ प्रतिशत ब्याज छुट दिने व्यवस्था रहेको छ। सापटीको साँवा र ब्याजको किस्ता नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ बमोजिम असुली प्रक्रियामा जाने व्यहोरा समेत जानकारी गराइन्छ।
**कोषमा रकम भुक्तानी गर्ने प्रकृया :**

| | |
|---|---|
| KYC Update गरेका सञ्चयकर्ताले | ➢ Connect IPS Login गरी Semi-Govt (Sansthan) मा Click गरी,<br>➢ Mobile Banking App, Fone Pay को EPF Payment मार्फत वा<br>➢ आफ्नो Bank को Banking App भित्र रहेको Payment मा गई Pension Fund भित्र रहेको कर्मचारी सञ्चय कोषमा Click गरी |
| KYC Update नगरे का सञ्चयकर्ताले | ➢ कोषले तोकेका बैक खाता मार्फत कोषको खातामा रकम जम्मा गरी loan.recovery@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ। |

नोट : **KYC Update** नभएका सञ्चयकर्ताले शीघ्र नजिकको कोषको कार्यालयमा स्वंय उपस्थित भई **KYC Update** गर्नुहुन समेत अनुरोध छ।

**कर्मचारी सञ्चय कोष**
सञ्चयकर्ता कर्जा बिभाग,
लगनखेल, ललितपुर।
फोन नं.: ०१-५४२२९४१, ५४२१९९१, ५४२३६६७, ५९७००४१

# उपचार प्रभावकारी बनाउन निर्देशन

**देउखुरी समाचारदाता**
*देउखुरी, असोज १४ गते*

लुम्बिनी प्रदेश सरकारले प्रदेशस्तरीय स्वास्थ्य कार्यक्रमको समीक्षा सुरु गरेको छ। लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा आर्थिक वर्ष २०८०/८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमको प्रदेशस्तरीय समीक्षा कार्यक्रमलाई सोमबार लमहीमा समीक्षा गरिएको छ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्वस्थ जीवनशैली प्रवर्धन गर्न जनस्वास्थ्यमा देखिएका समस्या समाधानका लागि योजना निर्माण गरेर कार्यान्वयनमा जुट्न निर्देशन दिनुभयो। प्रदेशको प्रमुख स्वास्थ्य समस्याका रूपमा रहेको मातृ शिशु मृत्युदर, बाल मृत्युदर, कुपोषण, रक्तअल्पता जस्ता समस्या न्यूनीकरण गर्न ठोस कार्यक्रम बनाएर कार्यान्वयनमा जुट्नुपर्ने मुख्यमन्त्रीको जोड थियो।

मुख्यमन्त्रीले भन्नुभयो, "विशेष योजना बनाएर समस्या न्यूनीकरणमा लाग्नूस्, पुरानै तथ्याङ्कको समीक्षा गर्ने होइन, उपलब्धि कसरी हासिल गर्न सकिन्छ त्यसमा ध्यान दिनुपर्ने छ।" बिरामी तथा तिनका परिवारबाट गुनासो नआउने गरी सन्तुष्ट हुने गरी उपचार सेवालाई प्रभावकारी बनाउन मुख्यमन्त्री आचार्यले निर्देशन दिनुभयो।

स्वास्थ्यमन्त्री खेमबहादुर सारूले स्वास्थ्य क्षेत्रलाई सुधार गर्न मन्त्रालयले योजनाबद्ध काम गरिरहेको र त्यसबाट उपलब्धि देखिने अवस्थामा पुऱ्याइएको बताउनुभयो। स्वास्थ्य सेवालाई सेवाग्राहीमैत्री बनाउने गरी काम भइरहेको उहाँले जानकारी दिनुभयो।

स्वास्थ्य सचिव डा. वासुदेव उपाध्यायले स्वास्थ्य सेवा सुधार गर्न कार्यक्रम कार्यान्वयन गर्ने पद्धतिमा सुधार गर्न सकिन्छ भने त्यसबारे पनि समीक्षा गर्नुपर्ने बताउनुभयो। स्वस्थ जीवनशैली अपनाउँदै निरोगी प्रदेश बनाउनका लागि कार्यक्रम केन्द्रित गरिएको उहाँले जानकारी दिनुभयो।



तस्बिर : दिवाकर पोखेल

**स्वास्थ्य कार्यक्रमको समीक्षा गर्दै कार्यक्रममा मुख्यमन्त्री चेतनारायण आचार्य।**

### लुम्बिनी प्रदेश पूर्ण खोप सुनिश्चित घोषणा

लुम्बिनी प्रदेश पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको छ। १५ महिनाको उमेरभित्र राष्ट्रिय खोप तालिकाबमोजिम पाउनुपर्ने सबै मात्रा खोप लिएको अवस्थालाई सुनिश्चित गरिएपछि लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशलाई पूर्ण खोप सुनिश्चित भएको घोषणा गर्नुभएको हो।

लुम्बिनी प्रदेशमा आव २०८०/८१ को रणनीति अनुसार १६ देखि ५९ महिनाका १३० शून्य डोजका र दुई हजार ३४३ खोप लगाउन छुटेका बालबालिकाको खोजी गरेर पूर्ण खोप लगाइएको छ। लुम्बिनी प्रदेशमा दुई लाख ६२ हजार ८५६ जना बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चित गरिएपछि पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरिएको हो। घोषणा कार्यक्रममा स्वास्थ्यमन्त्री खेम सारूलगायत स्थानीय तहका प्रमुख/उपप्रमुखको सहभागिता थियो।

बालबालिकामा विभिन्न सरुवा रोगविरुद्ध खोप लगाइँदै आएको छ। क्षयरोग, भ्यागुतेरोग, लहरेखोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, हेमोफिलस इन्फ्लुएन्जा बी, पोलियो, दादुरा, रुबेला, निमोनिया, मेनेन्जाइटिस, जापानिज इन्सेफ्लाइटिस, टाइफाइड, रोटा भाइरसबाट हुने झाडापखालाविरुद्ध खोप उपलब्ध गराउँदै आएको हो।

# दुध बोक्ने जिपसहित बगेका चालक र सहचालकको शव फेला

**सिद्धार्थनगर समाचारदाता**
*सिद्धार्थनगर, असोज १४ गते*

रुपन्देहीमा आएको बाढीमा परी शनिबारदेखि हराइरहेका दुध बोक्ने गाडीका चालक र सहचालकको शव फेला परेको छ। दुध बोकेर रुपन्देहीको मर्चवार (सम्मरीमाई गाउँपालिका) देखि भैरहवातर्फ आउँदै गरेको भे १ च.२६७६ नम्बरको जिपसँगै जिपका चालक र सहचालक बेपत्ता भएका थिए। घाँघरा नदीमा गाडीसहित बगेका चालक र सहचालकको शव सोमबार मात्रै फेला परेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ। दुध बोकेर शनिबार बिहान करिब ५ बजेतिर भे १ च. २६७६ नम्बरको जिपसँगै जिपका चालक र सहचालक नदीमा बेपत्ता भएका थिए। रुपन्देहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रञ्जित सिंह राठौरले जिपका चालक प्रकाश तामाङ र सहचालक उमेश लोधको शव फेला परेको जानकारी दिनुभयो।

सोमबार बिहान दुई जनाको शव नदीमा फेला परेको र दुवै जनाका परिवार आएर शवको पहिचान गरेको उहाँले जानकारी दिनुभयो। रुपन्देहीको सम्मरीमाई गाउँपालिका–५, रोइनीहवास्थित तिवारी दुध सङ्कलन केन्द्रबाट सो गाडी दुध लिएर शनिबार बिहान ५ बजे भैरहवा आउँदै गरेको थियो। सोही क्रममा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलपछाडि रहेको घाँघरा खोला तर्ने क्रममा बगेको थियो। निरन्तरको वर्षाले घाँघराको बहाव उच्च थियो तर विमानस्थलपछाडि बनाइएको कलभर्ट पार गर्ने क्रममा बगेको थियो।

जिप आइतबार क्रेनको सहायतामा सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण भैरहवा, रुपन्देहीको टोलीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दक्षिणतर्फ घाँघरा खोलाबाट निकालेको थियो।

# वर्षाका कारण ग्रामीण सडक अवरुद्ध

**तम्घास समाचारदाता**
*तम्घास, असोज १४ गते*

मौसम सफा हुँदै गएकाले सडक मर्मत कार्य अगाडि बढाउन लागेको उहाँको भनाइ छ। पालिकाको निजी एक्साभेटर रहेकाले पनि पहिरो पन्छाउन र मर्मतका लागि कुनै समस्या नहुने

अविरल वर्षाका कारण गुल्मीका ग्रामीण कच्ची सडक अवरुद्ध भएका छन्। ग्रामीणस्तरका कच्ची सडकमा पहिरो खसेका कारण अवरुद्ध भएका हुन्। दसैँतिहार जस्ता पर्व नजिकिँदै गर्दा सडक मर्मत तथा पहिरो पन्छाउने कार्यलाई प्राथमिकता दिएको यहाँको स्थानीय सरकारलाई वर्षाका कारण गएको पहिरोले थप भार परेको छ।

कालीगण्डकी गाउँपालिकाकी उपाध्यक्ष मञ्जुकुमारी दर्लामीका अनुसार पर्वलक्षित गर्दै ग्रामीणस्तरका सडक मर्मत गरेर सके पनि केही दिनअघि परेको अविरल वर्षाका कारण कच्ची सडक पुनः अवरुद्ध भएका छन्। सोमबारदेखि मौसममा सुधार आएकाले पुनः सडक मर्मतको कार्य अगाडि बढाउन लागेको उहाँले बताउनुभयो।

सोमबार बिहानैदेखि ग्रामीण बस्तीबाट बाटो कहिले सफा हुन्छ, पहिरो कति बेला पन्छाइन्छ भन्दै फोन आउन थालेको दर्लामीले बताउनुभयो। केही दिनपहिले कालीगण्डकी गाउँपालिका–७, कन्चनी गौडामा गएको ठुलो पहिरो करिब सात लाख खर्चिएर पन्छाइएको बताउँदै पुनः सोही स्थानमा पहिरो खसेकाले समस्या भएको उहाँको भनाइ छ। अन्य ग्रामीण सडक पनि प्रायः पहिरोका कारण अवरुद्ध भएको गाउँपालिकाले जनाएको छ।

गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष सरोजकुमार थापाले वर्षाका कारण ग्रामीणस्तरका सडक अवरुद्ध भएकाले सोमबारबाट सडक मर्मतको कार्य अगाडि बढाउने बताउनुभयो। दसैँतिहार जस्ता महत्त्वपूर्ण पर्व पनि नजिएकाले ग्रामीणस्तरका सडक मर्मत गरेर चिटिक्क पारिने उहाँको भनाइ छ।

रुरुक्षेत्र गाउँपालिकाले सडक मर्मतको कार्य गर्दैगर्दा वर्षाको पूर्वसूचना जारी भएपश्चात् रोकेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले जानकारी दिनुभयो। मौसम सफा हुँदै गएकाले सडक मर्मत कार्य अगाडि बढाउन लागेको उहाँको भनाइ छ। पालिकाको निजी एक्साभेटर रहेकाले पनि पहिरो पन्छाउन र मर्मतका लागि कुनै समस्या नहुने पाण्डेको दाबी छ।

मुसीकोट नगरपालिकाका नगरप्रमुख जीवन खरेल र रेसुङ्गा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीका अनुसार सडक मर्मतको कार्य सुरु गर्दा वर्षा भएकाले रोकिएको र ग्रामीणस्तरका अवरुद्ध सडक खुलाउनका लागि सुरु गरिएको बताउनुभयो। वर्षा हुनुपूर्व सडक मर्मतको कार्य एक/दुई दिन मात्रै गरिएकाले बढी खर्चिलो भने नहुने उहाँहरूको दाबी छ। यसका साथै पर्वलक्षित सडक मर्मत र पहिरो पन्छाउने कार्यलाई प्राथमिकता दिइएको छ।

# नुन अभाव हुन नदिइने

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, असोज १४ गते*

दसैँतिहार जस्ता ठुला चाडपर्वमा पश्चिम नेपालका हिमाली र पहाडी जिल्लामा नुनको अभाव हुन नदिन साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड नेपालगन्ज कार्यालय अहिले नुन प्याकिङ गरेर पठाउन व्यस्त छ।

कर्पोरेसन लिमिटेडले भारतबाट नुन ल्याउने र प्याकिङ गरेर पहाडी तथा हिमाली जिल्लामा पठाउँदै आएकाले अहिले चाडपर्वको माग पूरा गर्न तथा जनतालाई नुन सहज रूपमा उपलब्ध गराउन कार्यालय दिनरात नभनी जुटेको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड नेपालगन्जका प्रबन्धक मनोज चौधरीले बताउनुभयो।

उहाँले कर्णाली प्रदेश कार्यालयको मुकामका रूपमा रहेको नेपालगन्ज कार्यालयले बाँके र बर्दियासँगै कर्णाली प्रदेशका सबै पहाडी र हिमाली जिल्लामा नुन पठाउने गरेको बताउनुभयो।

अहिले दसैँतिहारलक्षित गरेर ट्रकमा आएको नुन झार्न र प्याकिङ गर्न कर्मचारीलाई भ्याइनभ्याइ भएको जनाउँदै प्रबन्धक चौधरीले चाडपर्वका बेलामा अति विकट हिमाली जिल्लामा समेत नुनको अभाव हुन नदिन कार्यालयले हरसम्भव प्रयास गरिरहेको बताउनुभयो।

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड नेपालगन्जका अनुसार भारतको गुजरातबाट सीतापुरसम्म रेल र त्यहाँबाट ट्रकमा नुन नेपालगन्ज ल्याइन्छ। त्यो नुनलाई नेपालगन्जमा ल्याएर प्याकिङ गरी ढुवानी गर्ने गरिन्छ।



तस्बिर : सिराज खान

**नुन अभाव हुन नदिन नेपालगन्जमा नुन प्याकिङ गर्दै कामदार।**

कर्पोरेसनले आयो नुन २६ र न्यू शक्ति २० रुपियाँ प्याकेटमा बेच्ने गरेको छ। हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालीकोट, जाजरकोट, रुकुम र रोल्पामा कर्पोरेसनले ढुवानी अनुदान दिएको 'भानु नुन' बिक्री गर्ने गरेको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड नेपालगन्जले जनाएको छ।

कार्यालयका प्रबन्धक चौधरीका अनुसार यो नुनको मूल्य प्रतिप्याकेट नौ रुपियाँ पर्छ। भानु नुन बजारमा बिक्रीवितरण गर्न पाइँदैन। जनसङ्ख्याका आधारमा कोटा छुट्याएर सरकारले यी जिल्लामा सहुलियतमा भानु नुन दिँदै आएको छ। नेपालगन्जबाट भानु नुन वर्षमा ३५ हजार क्विन्टलभन्दा बढी पठाइने गरिएको कर्पोरेसनका प्रबन्धक चौधरीले जानकारी दिनुभयो।

उहाँका अनुसार सरकारको सहुलियतले गर्दा हिमाली जिल्लामा नुन आधाभन्दा बढी सस्तो पाइन्छ। सरकारले नुनको मूल्यभन्दा ढुवानी खर्च बढी बेहोर्ने गरेको छ। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड नेपालगन्जका प्रमुख चौधरीले ५० लाख नुनको मूल्य पर्दा ढुवानी खर्च डेढ करोड हुने बताउनुभयो।

# डेङ्गु सङ्क्रमण बढेपछि 'खोज र नष्ट गर' अभियान

**तानसेन समाचारदाता**
*तानसेन, असोज १४ गते*

डेङ्गु सङ्क्रमण बढेपछि पाल्पाका पालिकाले डेङ्गु सार्ने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सञ्चालन गरेका छन्। जिल्लाका सबै जसो पालिकामा डेङ्गु सङ्क्रमण तीव्र बनेपछि पालिकाहरूले एडिस जातको लामखुट्टे खोज र नष्ट गर अभियान थालेका हुन्।

पछिल्लो एक महिनायता दिनहुँ जसो १० जनाभन्दा बढी डेङ्गु सङ्क्रमित देखिन थालेका छन्।

जिल्लाको ग्रामीण र सहरी क्षेत्रमा बसोबास गर्ने नागरिकमा डेङ्गु सङ्क्रमण बढ्दै गएको छ। डेङ्गु सङ्क्रमण बढ्दा पनि पालिकाहरूले नियन्त्रणका लागि कुनै कार्यक्रम सञ्चालन नगरेको गुनासो बढेपछि पालिकाले स्वास्थ्य शाखा, वडामा रहेका स्वास्थ्य संस्था, विद्यालय, स्थानीय बासिन्दा, विभिन्न सङ्घ संस्थालाई परिचालन गरेका छन्। तानसेन, बगनासकाली, माथागढी, रम्भा, रिब्दीकोट, रामपुरलगायतका पालिकाले अभियान सुरु गरेका हुन्।

विद्यालय र टोलमा लामखुट्टेको टोकाइबाट बच्न अपनाउनुपर्ने सावधानीबारे सचेतना कार्यक्रम गरिएको बगनासकालीस्थित पोखराथोक स्वास्थ्य चौकीका प्रमुख सरोज काफ्लेले बताउनुभयो। भदौ महिना लागेपछि डेङ्गु सङ्क्रमण बढेको र त्यसलाई नियन्त्रणका लागि पालिकाहरूले टोलबस्ती पुगेर डेङ्गु सार्ने लामखुट्टेको बासस्थान र लार्भाको खोजी गरेर नष्ट गर्न थालेका छन्। यस्तै टोल सरसफाइ अभियान सञ्चालन गरेका छन्।

खोज र नष्ट गर अभियान अन्तर्गत बस्ती वरपर राखिएको प्लास्टिकका बोतल, ड्रम, पानी जम्ने खाडल, टायर, गमला, भाँडाकुँडामा जमेको पानी पोख्ने गरिएको छ।

# सुरक्षा योजना तयार

**तम्घास** (गोरखापत्र), असोज १४ गते। जिल्ला प्रहरी कार्यालय गुल्मीले चाडपर्वलक्षित सुरक्षा योजना तयार गरेको छ। दसैँतिहार र छठपर्व नजिकिँदै गरेकाले यो समयमा हुन सक्ने आपराधिक घटना रोक्न र जिल्लामा शान्तिसुरक्षा कायम गर्न सुरक्षा योजना तयार गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ।

प्रहरी नायब उपरीक्षक शङ्कर पोखरेलका अनुसार जिल्लामा भित्रिने र बाहिरिने सवारीसाधनको जाँचमा कडाइ, सवारीसाधनले सिट क्षमताभन्दा बढी यात्रु राखेर बोक्न सक्ने भएकाले सिट क्षमताभन्दा बढी यात्रु बोक्न नदिने र प्रहरी गस्तीलाई पनि बढाएको बताउनुभयो।

**श्री भूमिसुधार तथा मालपोत कार्यालय, धनगढी–कैलालीको मोही हकदाबी सम्बन्धी ३० दिने सार्वजनिक सूचना।**

जि.कै.तपसिलमा उल्लिखित गा.वि.स. अन्तर्गतका कित्ता जग्गाहरूमा रहेको मोही लगत कट्टा गरी पाऊँ भन्ने तपसिलका जग्गा धनीहरूको निवेदन परी तपाईं तपसिलका मोहीहरूका नाउँमा म्याद जारी गर्दा मोही र निजका हकदारले तामेली म्याद गुजारी बसेका र सो ठाउँमा पत्ता नलागी अन्यत्र गई सकेको भन्ने म्याद तामेल भई आएकोले विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम हाजिर हुन आउनेबारे ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र उक्त जग्गाका सम्बन्धित मोही तथा निजका हकदारहरूले आफूसँग भएका प्रमाणहरू लिई उपस्थित हुन आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा सूचित गरिन्छ। **तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम | मोहीको नाम |
|---|---|---|---|---|---|---|---|
| १. | साविक बलिया | १ | – | १९६ | ०–१–० | लछीराम चौधरी | जग्गु थारु |
| २. | साविक बलिया | १ | – | १९७ | ०–१७–० | लछीराम चौधरी | जग्गु थारु |
| ३. | साविक दुर्गौली | २ | – | ५० | ०–०–१५–० | कृष्ण बहादुर साउँद | तुरुवा भन्ने दुरुवा थारु |
| ४. | साविक मालाखेती | १ | ०२७/०३२४ | ९८ | ३३८७.५ | तारा धामी | लवरा राना थारु |
| ५. | साविक मालाखेती | १ | ०२७/०३२४ | ९६ | १६९३.७५ | हर्क कुमारी धामी | लवरा राना थारु |
| ६. | साविक मालाखेती | १ | ०२७/०३२४ | ९७ | १६९३.७५ | हर्क कुमारी धामी | लवरा राना थारु |

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., भ.न.पा.–४ को हाल १० बस्ने कृष्ण कुमार प्रजापतिले मेरो पिता गोपासिं प्रजापतिका नाममा नापनक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गाहरू साविक लगत निजकै नामको २४ नं. सुधाल मौंजा असुली तर्फको सि.नं. ८४७२–३६० न.नं. ४८३, ६९२, ३५४–४०२ रो. ३।३, ३।१, ३।।।२ बाट भिडी दर्ता हुने जग्गा भएकोमा, दर्तावाला गोपासिं प्रजापतिको मिति २०४२/०९/०७ मा, निजकी १ मात्र पत्नी रत्न माया प्रजापतिको मिति २०३४ सालमा मृत्यु भई हक खाने १ मात्र छोरा कृष्ण कुमार प्रजापति भएकोले मेरो नाउँमा दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको, साविक दर्तावालाको नाम कुनैमा गोपोसिं प्रजापति, कुनैमा गोपसिङ प्रजापति, कुनैमा गपासिङ प्रजापति भन्ने व्यक्ति अलग–अलग नभई एकै व्यक्ति गोपसिङ प्रजापति नै हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको, साथै निज दर्तावाला बुबाको ठेगाना पहिले भ.न.पा. वडा नं. १ तौलाछे हाल परिवर्तित भ.पु.न.पा. वडा नं. ९ भएको हो। निज निवेदकले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणितमा भ.न.पा. वडा नं. ४ हाल परिवर्तित भ.न.पा. वडा नं. १० हो भनी मिति २०८१/०५/०९ गते सर्जमिन भई सोही व्यहोरा खुलाई सिफारिस समेत प्राप्त भएको र १ नं. मोही लगत, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी भू.सु. फाँट भक्तपुरबाट लेखिआएको हुँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता/ना.सा. हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सुडाल | ३।च | ६३ | ०–४–०–० | गोपासिं प्रजापति भ.पु. तौलाछें टोल हस्ते हर्षमाया। | मेरै। |
| ऐ. | ऐ. | ६५ | ०–३–०–० | गोपा सिं प्रजापति भ.पु. तौलाछें टोलको हस्ते हर्ष माया प्रजापति। | ऐ. |
| ऐ. | १।क | ४५९ | ०–४–०–० | गपासिंह प्रजापति भ.पु. तौलाछें। | मेरे विर्ता जग्गा हो। |

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता सहितको नामसरी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर महानगरपालिका वडा नं. ०६, ललितपुर बस्ने हेमरत्न शाक्यले हाम्रो काका माहिला गुभाजु भन्ने सुभराज शाक्यको नाममा नापनक्सा भई दर्ता बाँकी रहेको नगर–५व को कि.नं. २१५ को क्षेत्रफल ०–५–०–० जग्गा अन्य हकदारको मञ्जुरीमा मेरो नाममा नामसारी गरी पाऊँ भनी द.नं. ७१५२ मिति २०८०।०८।०५ मा निवेदन मागदाबी गरी मिति २०८०।१२।१९ मा गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना जारी गर्दा महेन्द्र शाक्यले निज ज.ध.को नाममा नापनक्सा भई दर्ता बाँकी रहेको सो जग्गाको हकदारहरू हेमरत्न शाक्य नभई हामी महेन्द्र शाक्य, राजेन्द्र शाक्य, बिरेन्द्र शाक्य र जितेन्द्र शाक्य रहेको हुँदा सो जग्गा निज निवेदक हेमरत्न शाक्यको नाममा नभई हाम्रो नाममा नामसारी गरिपाऊँ भनी यस कार्यालयमा द.नं. १६६७७ मिति २०८०।१२।२० मा हकदाबी निवेदन दर्ता गराएकोमा सुरु निवेदक हेमरत्न शाक्यले नै द.नं. ३८३० मिति २०८१।०५।२५ मा निवेदन पेस गरी हकदाबी छोडेको साथै ललितपुर महानगरपालिका वडा नं. ०६ को च.नं. २३९ मिति २०८०।०६।२९ को सिफारिसमा हकदारहरू कृत्य राज शाक्य, हेमरत्न शाक्य, सप्त रत्न शाक्य र चेतन शाक्य भनी खुलिआएको, ललितपुर महानगरपालिका वडा नं. ६ को च.नं. १०५६ मिति २०८१।०२।१८ को सिफारिसमा हकदारहरू महेन्द्र शाक्य, राजेन्द्र शाक्य, विरेन्द्र शाक्य र जितेन्द्र शाक्य रहेको भनी खुलिआएको साथै दुई फरक सिफारिसमा फरक हकदार खुलिआएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयलाई खुलाई पठाई दिनु भनी पत्राचार गर्दा पुनः ललितपुर महानगरपालिका वडा नं. ०६ को च.नं. १२१२ मिति २०८१।०३।२३ को पत्र मार्फत दुवै पक्षले हकदाबी नछोडेको हुँदा हकदार यकिन गर्न नसकिएको भन्ने व्यहोरा खुलिआएको हुँदा निजहरू बाहेक उल्लिखित जग्गामा अन्य कसैको हकदाबी भए वा दर्ता माग गरेको जग्गा निवेदकका नाममा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित जग्गाको हक भोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकहरूको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा | साविक लगत |
|---|---|---|---|---|---|---|
| नगर | ५व | २१५ | ०–५–०–० | कृष्ण बहादुर खत्री क्षेत्री | यो जग्गा ल.पु. सुन्धारा उबाहाल टोल ६१३७२ बस्ने माहिला गुभाजुको दर्ता हो धां कुत तिरी कमाएको छु। | रैप तर्फको नगर ठेली नं. २९क पाना नं. २१९ लगत नं. २३३० मोही रत्नदेव शाक्यको नामको सपाजरु अवलतर्फ २९२।६०५।२० |

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., भ.न.पा.–१० को हाल–२ बस्ने गणेश लाल कोजु समेतले हामीहरूको ठूलो बुबा, पिता, जेठा ससुरा तथा ससुरा नाताका जस बहादुर कोजु र गणेश बहादुर कोजुको नाउँमा छुट्टाछुट्टै नापनक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गाहरू साबिक लगत ३२ नं. माहाकाली मौजा रैकर तर्फको सि.नं. ४५ न.नं. ३२५ रो– १।।१ जस वीर कोजु र ३९ नं. लुकुण्डोल मौजा रैकर तर्फको सि.नं. २२० न.नं. ८/२१९ रो– ३३। जगत नारां कोजुको साबिक लगत मध्येबाट भिडी दर्ता हुने जग्गाहरू भएकोमा, साबिकवाला हामीहरूको जिजु बाजे जसविर कोजुको मिति २००० सालमा, निजकी पत्नी शुभठकु कोजुको १९९० सालमा मृत्यु भई हक खाने छोराहरू जगत विर कोजु, जस लाल कोजु भएकोमा, जगत विर कोजुको १९९५ सालमा, निजकी पत्नी लत माया कोजुको २००१ सालमा मृत्यु भई निजहरूको तर्फबाट छोराहरूको जायजन्म नभई विवाहिता छोरीहरू जगत माया कोजु (खोतेजा) र नाग माया कोजु (बासुकला) जना–२ को पनि धेरै पहिले नै मृत्यु भइसकेको, त्यस्तै अर्का साबिकवाला हामीहरूको बाजे जसलाल कोजु २०२५ सालमा, निजकी पत्नी हेल माया कोजु २०२८ सालमा मृत्यु भई हक खाने हकदार छोराहरू जस बहादुर कोजु, गणेश बहादुर कोजु र गणेश कुमार कोजु भएकोमा, जस बहादुर कोजुकी २०३८/९/१४ मा अविवाहित अवस्थामा मृत्यु भएको, त्यस्तै गणेश बहादुर कोजुको २०४३/४/१९ मा, निजकी पत्नी हेराबेटी कोजुको २०७९/१२/६ मा मृत्यु भई हक खाने हकदार छोराहरू गणेशलाल कोजु, चन्द्रलाल कोजु, कृष्णलाल कोजु र कृष्ण भक्त कोजु भएकोमा, चन्द्रलाल कोजुको २०६३/८/२४ मा मृत्यु भई हक खाने निजकी १ मात्र पत्नी बिष्णु माया कोजु, छोराहरू चन्द्र बहादुर कोजु, पुनेराम कोजु भएको, त्यस्तै स्व. जस लाल कोजुको कान्छा छोरा गणेश कुमार कोजुको २०४९/१२/१५ मा, निजकी पत्नी कान्छी कोजुको २०७२/३/२९ मा मृत्यु भई हक खाने १ मात्र छोरा कृष्ण कोजु भएकोमा, हामी जम्मा हकदार गणेश लाल कोजु, कृष्ण लाल कोजु, कृष्ण भक्त कोजु, बिष्णु माया कोजु र कृष्ण कोजु जना–५ का नाउँमा संयुक्त दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, साबिक लगतमा जगत नारां कोजु र अन्य कागजातहरूमा जस लाल कोजु भई फरक परे तापनि यी नामथर गरेको व्यक्ति अलग–अलग नभई एकै व्यक्ति जस लाल कोजु नै हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको, १ नं. मोही लगत पेश भएको, २ नं. अनुसूची र ७ नं. फाँटबारी रेकर्डबाट फेला नपरेको भनी लेखिआएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक् लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| नगर | ५/ख | १३० | १–४–०–० | गणेश बहादुर कोजु भ.पु. ब्यासी | आफ्नै |
| नगर | ५/ख | १३४ | १–३–२–० | ऐ. ऐ. | आफ्नै |
| झौखेल | ७/क | १५३ | ०–३–०–० | ऐ. ऐ. | यो जग्गाको तलसींग मलाई थाहा छैन मैले जोती आएको छु मेरो हकमा सही गर्ने राम भगत। |
| झौखेल | ८/ख | ५४ | ०–३–०–० | जस बहादुर कोजु भ.पु. यालाछे ब्यासी | यो जग्गा मेरो नम्बरी हो हस्ते भिनाजु बिन्दु कुमार। |
| झौखेल | ८/ख | ५६ | ०–६–०–० | ऐ. ऐ. | ऐ. ऐ. |
| झौखेल | ८/ख | ८५ | ०–४–१–० | टुसीं सुवाल भ.पु.ई चोछे | यो जग्गा भ.पु.ई. यालाछे ब्यासी बस्ने जस बहादुर कोजुको हो मैले जोती खाएको छु। |

**भूमिसुधार तथा मालपोत कार्यालय, काठमाडौँबाट जारी भएको का.जि., का.म.न.पा.वडा नं. २७ बस्ने ज.ध बुद्धि नारायण महर्जन र ऐ.ऐ. वडा नं. २ बस्ने ज.ध. गोपाल बहादुर थापा समेत २ का नाउँमा उपस्थित हुन आउने बारेको विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको ३० (तीस) दिने सार्वजनिक सूचना।**

यसमा का.जि., लप्सेफेदी वडा नं. ५ (घ) कि.नं. ८८ को क्षे.फ. ३–४–०–० निजी गुठी जग्गाको ज.ध. बुद्धिनारायण महर्जन र ऐ. कि.नं. ८९ को क्षे.फ. २–३–०–० जग्गाको ज.ध. गोपाल बहादुर थापा भएको जग्गाहरूको मोही मेरा पिता जिवनाथ ढकालको परलोक हुनु भएकोले मोही हक नामसारी गरी उल्लिखित कित्ता जग्गाको बाँडफाँट समेत गरी पाऊँ भन्ने मोहीका हकदार छोरा मनोरथ ढकालको निवेदन माग उपर तपाईं ज.ध.हरूको नाउँमा म्याद जारी हुँदा घर ठेगाना खोज तलास गर्दा फेला नपरेको र सम्बन्धित वडा कार्यालयबाट समेत म्याद तामेल हुन नसकेको भनी तामेलदारबाट म्याद फिर्ता भई आएको देखिँदा निवेदकको माग बमोजिम भूमि सम्बन्धी ऐन २०२१ को दफा २६(१) र २६ (घ) बमोजिम हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र प्रमाण सहित उपस्थित हुन आउनुहोला। अन्यथा म्यादभित्र उजुरबाजुर नगरे कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**सामाजिक सुरक्षा कोष**
**थापाथली, काठमाडौँ**
**फोन नं. ०१–५३५६३१५, इमेल : procurement@ssf.gov.np**

**प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०६।१५**

यस कोषका लागि चालू आ.व. २०८१/८२ का लागि प्यारामेडिक्स परामर्श सेवा खरिदका लागि माग गरिएको Expression Of Interest (SSF/EOI/NCB/2081/82/01) मा उत्तीर्ण हुन सफल भएका तपसिल बमोजिमका परामर्श दाता फर्म/कम्पनीहरूले संस्थाको आधिकारिक हस्ताक्षर सहितको निवेदन पेश गरी यस कोषको खरिद एकाइ मार्फत यो सूचना प्रकाशित मितिले ३० (तीस) दिनभित्र प्रस्ताव प्राप्त गरी मिति २०८१/०७/१४ गते दिनको १२ बजेभित्र प्राविधिक र आर्थिक प्रस्तावहरू छुट्टाछुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन सोही समयमा प्रस्ताव पेश गर्न सकिनेछ। अन्य सर्तहरू प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

**EOI मा उत्तीर्ण भएका परामर्श दाता संस्था/फर्महरू**

**1. Kantipur Management Services Pvt.Ltd., Thapathali Kathmandu.**

**2. Nawadurga Multispport, Koteshwor, Kathmandu.**

# संयुक्त सरकारको साझा कार्यक्रम

**सन्तोष सुवेदी**
*कास्की, असोज १४ गते*

- कोरलादेखि त्रिवेणीसम्मको सडक निर्माणलाई उच्च प्राथमिकता
- सीमानाका नियमित गर्न विशेष पहल गरिने
- निरोगी प्रदेशको अवधारणा
- आधुनिक ट्राफिक प्रणालीको विस्तार र वैकल्पिक मार्गको स्तरोन्नति
- पर्यटन पूर्वाधार विकासमा विशेष जोड

गण्डकी प्रदेश सरकारले जनभावना अनुरूप प्रभावकारी रूपमा सञ्चालन गरी 'आत्मनिर्भर र समुन्नत प्रदेश : सुखी प्रदेशवासी' को सोचलाई मूर्त रूप दिने सङ्कल्पसहित साझा कार्यक्रम बनाएको छ। गण्डकी प्रदेशमा नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बिच गत भदौ १७ गते संयुक्त सरकार गठन भएको सन्दर्भमा साझा कार्यक्रम बनाइएको हो।

समुन्नत प्रदेशका लागि प्रभावकारी सार्वजनिक सेवाको मूल मर्मलाई आत्मसात् गर्दै नीतिगत एवं संरचनात्मक सुधार गरी सेवा प्रवाहलाई चुस्त, गुणस्तरीय र नतिजामुखी बनाइने उल्लेख गरिएको छ। कोरलादेखि त्रिवेणीसम्मको सडक निर्माणको कामलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइने छ। व्यापारिक प्रयोजनका लागि आवश्यक पूर्वाधारसहित छिमेकी राष्ट्रसँगको सीमानाका नियमित गर्न विशेष पहल गरिने समावेश गरिएको छ।

"स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै स्वास्थ्य पूर्वाधार निर्माण तथा जनशक्तिको क्षमता विकासलाई जोड दिइने छ। स्वास्थ्य सचेतना कार्यक्रम विस्तार गरी निरोगी प्रदेशको अवधारणालाई सार्थक तुल्याउन विशेष योगदान पुऱ्याइने छ।

डायलासिस सेवाका लागि प्रतीक्षारत बिरामीलाई शून्यमा राखिने छ। प्रदेशका ११ वटै जिल्ला अस्पतालको क्रमशः क्षमता विस्तार गर्दै लगिने छ। सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सुविधा पुऱ्याइने छ। सरकारद्वारा निःशुल्क उपलब्ध हुने औषधीको कमी हुन नदिई वितरणलाई प्रभावकारी बनाइने छ," कार्यक्रममा भनिएको छ।

सदाचारयुक्त गण्डकी प्रदेश अभियानलाई सार्थक बनाउन भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति कडाइका साथ लागु गरिने छ। कानुनको नजरमा सबै समान हुने सिद्धान्त र जुनसुकै ओहोदाको भए पनि गलत कर्म गर्ने अवश्य दण्डित हुने छन् भन्ने मान्यता स्थापित गरिने छ। सवारी दुर्घटना न्यूनीकरणका लागि पुराना सवारीसाधनको समुचित व्यवस्थापन, पूर्वाधारमा सुधार र यातायात क्षेत्रका जनशक्तिको व्यवहारजन्य शिल्प एवं क्षमता विकास गर्नुका साथै ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

सुरक्षित यातायात सेवाका लागि आधुनिक ट्राफिक प्रणालीको विस्तार र वैकल्पिक मार्गको स्तरोन्नति गरिने छ। यातायात सेवालाई थप सहज र सर्वसुलभ बनाउन 'राइड सेयरिङ' जस्ता सेवालाई कानुनद्वारा व्यवस्थित गरी सञ्चालन गरिने छ।

आन्तरिक पर्यटन प्रवर्धनका लागि पहिले घरदेश अनि परदेश कार्यक्रम सञ्चालन गरिने छ। नयाँ पर्यटकीय गन्तव्यको पहिचान, पर्यटकीय उपजको विविधीकरण, वैकल्पिक पदमार्गको निर्माण, हिमाल आरोहणको प्रवर्धन, पर्यटकको सेवा तथा तथा सुविधा विकास र विस्तार गरिने छ। सार्वजनिक निजी साझेदारीमार्फत पर्यटकीय पूर्वाधार निर्माण, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ब्रान्डिङ र प्रचारप्रसारमा जोड दिइने छ।

पर्यटनको समग्र विकासमार्फत आर्थिक विकास र रोजगारी वृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माण र नयाँ पर्यटकीय गन्तव्यको खोजी, व्यवस्थापन एवं प्रचारप्रसार गरिने छ। साथै प्रादेशिक पर्यटन गुरुयोजना तयार गरी क्रमशः कार्यान्वयनमा लगिने छ। पोखरालाई पर्यटन राजधानी घोषणा गरिएको सन्दर्भमा 'पोखरा जाऔँ प्रकृति र संस्कृतिसँग रमाऔँ' भन्ने मूल मर्मका साथ पर्यटन पूर्वाधार विकासमा विशेष जोड दिइने बताइएको छ।

## बाढीको चपेटामा देवघाटधाम

**अमरराज नहर्की**
*तनहुँ, असोज १४ गते*

अविरल वर्षासँगै आएको बाढीपहिरोले तनहुँस्थित देवघाटधाम चपेटामा परेको छ। त्रिशूली र कालीगण्डकी नदीमा आएको बाढीले गर्दा देवघाट गाउँपालिका–५ स्थित देवघाटधाममा रहेका धार्मिक, शैक्षिक र भौतिक संरचनामा क्षति पुगेको छ। बाढीले देवघाटस्थित वेणी सङ्गममा रहेका मठमन्दिर, कुटी, गलेश्वर आश्रम र चितवनतर्फ रहेका धर्मशाला क्षति पुऱ्याएको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताउनुभयो। अध्यक्ष थापाका अनुसार गलेश्वर आश्रमको नदीतर्फको केही भाग बाढीले बगाएको छ।

त्रिशूलीमा आएको बाढीले चितवन र देवघाट जोड्ने दासढुङ्गाको पुल जोखिममा परेको छ। त्रिशूलीमा पानीको सतह अत्यधिक बढेपछि शनिबार बाढी पुल नाघेर बगेको थियो। त्यस्तै बाढीले गर्दा देवघाट गाउँपालिका–५ र चितवनको १७ किलोस्थित बगन्दी जाने झोलुङ्गे पुल जोखिममा परेको छ। गलेश्वर आश्रमको नदीतर्फको केही भाग बाढीले बगाएको छ। कालीगण्डकी नदीमा आएको बाढीले देवघाट गाउँपालिका–५ स्थित साँढेबगरमा रहेको महादेव आधारभूत विद्यालय डुबानमा परेको छ। विद्यालय भवन बाढीले डुबाउँदा सबै कागजात नष्ट भएको विद्यालयका प्रधानाध्यापक शिवहरि वाग्लेले बताउनुभयो।

छाब्दी खोलामा आएको बाढीले व्यास नगरपालिकाको वडा नम्बर १२ र १३ जोड्ने मोटर गुड्ने पुल भत्किएको छ। पुल भत्किँदा स्थानीय बासिन्दा तथा छाब्दीवाराही मन्दिर आउने भक्तजनलाई समस्या परेको छाब्दीवाराही विकास कोषका अध्यक्ष थानबहादुर थापाले बताउनुभयो। बिहीबार रातिदेखि परेको अविरल वर्षाले राजमार्ग, सहायकमार्ग, धार्मिकस्थल, शैक्षिक संस्थालगायतका भौतिक संरचनामा क्षति पुगे पनि मानवीय नोक्सान नभएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताउनुभयो।

## 'भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण'



अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराको ३४ औँ वार्षिक प्रतिवेदन बुझ्नुहुँदै गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्ट।

**पोखरा समाचारदाता**
*पोखरा, असोज १४ गते*

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टले आर्थिक अनियमितता, भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण रहेको बताउनुभएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराले आर्थिक वर्ष २०८०/८१ को ३४ औँ वार्षिक प्रतिवेदन पेस गर्न आयोजित कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो।

मुलुकमा सुशासन स्थापना गर्न, लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउन र प्रणाली बसाउन अख्तियार क्रियाशील रहेकोमा प्रदेश प्रमुख भट्टले खुसी व्यक्त गर्नुभयो। मुलुकको विकासको बाधक भ्रष्टाचार भएकाले यसलाई निर्मूल पार्न सबै ओहोदामा बसेका पदाधिकारीले नैतिक आचरण सुधार गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो।

आयोगका पोखरा कार्यालय प्रमुख अस्मान तामाङले प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस गर्नुभएको थियो। कार्यालय प्रमुख तामाङले विशेष अदालतमा आरोपपत्र दायर गर्ने तथा विशेष अदालतबाट भएको फैसलाउपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाइने व्यवस्था भएको जानकारी गराउनुभयो।

उहाँले आव २०८०/८१ मा आयोगमा २६ हजार ९१८ उजुरी प्राप्त भएको जानकारी गराउँदै अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका नौ हजार २६८ गरी कुल ३६ हजार १८६ कारबाही गर्नुपर्ने सङ्ख्या रहेको जानकारी दिनुभयो। यसमध्ये ७६.५९ प्रतिशत उजुरी स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फर्स्योट भएको बताउनुभयो। उहाँका अनुसार देशभरको तुलनामा प्रदेशगत हिसाबमा गण्डकीमा उजुरी सङ्ख्या सबैभन्दा कम भए पनि स्थानीय तहमध्ये सबैभन्दा बढी पोखरा महानगरपालिकामा परेको देखिन्छ।

आयोगको केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँ एवं मातहतका आठ वटा कार्यालयबाट आयोगका कार्यहरू सम्पादन हुँदै आइरहेका छन्।

# बाढी प्रभावित परिवारलाई राहत

**मीना कँडेल**
*कावासोती, असोज १४ गते*



वर्षा रोकिएसँगै नारायणी नदीमा पानीको बहाव बिस्तारै घट्न थालेको छ। वर्षासँगै आएको बाढीका कारण नवलपुरमा ६४१ घर डुबानमा परेका छन्। नारायणी नदी तटीय क्षेत्रका बस्ती डुबानमा परेका हुन्। जिल्लाका विभिन्न स्थानमा गरी यो सङ्ख्यामा घर डुबानमा परेको जिल्ला प्रशासन कार्यालय नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले बताउनुभयो।

पानीको बहाव घटेसँगै बाढी प्रभावित परिवारलाई राहत वितरण गरिएको छ। मध्यविन्दु नगरपालिका–२, सीतापुर र सेरीका दुई सय बाढी प्रभावित परिवारलाई राहत सामग्री वितरण गरिएको हो। अविरल वर्षाका कारण मध्यविन्दु नगरपालिकामा करिब ४५० घरपरिवार डुबानमा परेका थिए। मध्यविन्दुकै वडा नम्बर ६ भडराका दुई सय घर र वडा नम्बर १५ का १८ घर डुबानमा परेका छन् । जसमध्ये अति प्रभावित परिवारलाई सेभ दी चिल्ड्रेनको सहयोगमा मध्यविन्दु नगरपालिका, जागृति बाल सरोकार नेपालको संयुक्त सहयोगमा राहत प्रदान गरेको छ।

प्रभावितलाई सेल्टर किट, हाइजिन किट, डिगनिटी किट, साबुन, झुल, खानेपानी शुद्धीकरण गर्ने फिल्टरलगायतका गैरखाद्य सामग्री दिइएको छ। सुत्केरी महिलाका लागि छुट्टै किसिमका सामग्री वितरण गरिएको सेभ दी चिल्ड्रेनका संयोजक देवेन्द्र आचार्यले बताउनुभयो। योसँगै बाढी प्रभावित क्षेत्रमा त्रिपाल, कम्मल, खाद्यान्न, लत्ताकपडा र औषधी वितरण भइरहेको छ। स्थानीय प्रशासनले पनि बाढी प्रभावित क्षेत्रको निरीक्षण गर्दै आवश्यक सहयोग गरिरहेको छ।

नगरप्रमुख भीमलाल अधिकारीले पालिकामा बाढी प्रभावितलाई अति आवश्यक पर्ने सामग्री वितरण गरेको बताउनुभयो। प्रभावितलाई गाँस, बास र कपासको आवश्यकतालाई हेरी नगरपालिका र विभिन्न सङ्घ संस्थामार्फत राहत वितरण सुरु गरिएको बताउनुभयो। थोरै भए पनि घाउमा मलमपट्टी लगाउन नगरपालिका जुटेको बताउनुभयो। नगरपालिकाका कर्मचारीले समेत एक दिनको तलब प्रभावितलाई सहयोग गरेको बताउनुभयो। अति प्रभावितलाई पहिलो प्राथमिकता दिए पनि सबैलाई वितरण गर्ने उहाँको भनाइ छ। नगरपालिकाले घुम्ती शिविरसमेत सञ्चालन गरेको बताउनुभयो।

उहाँले मध्यविन्दु नगरपालिकामा सबै पालिकाभन्दा बढी कृषिलगायत अन्य क्षेत्रमा क्षति पुगेको बताउनुभयो। यहाँका स्थानीयलाई विभिन्न तवरबाट सुरक्षित स्थानमा सारिएकाले मानवीय क्षति नभए पनि पशुचौपाया र कृषिमा क्षति पुगेकाले यकिन तथ्याङ्क निकाल्न नसकेको बताउनुभयो।

# बोटानिकल पार्क निर्माण गरिँदै

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, असोज १४ गते*

अर्जुनचौपारी गाउँपालिका–१, गड्यौली खोलामा बोटानिकल म्याथम्याटिकल पार्क निर्माण अगाडि बढाइएको छ। धेरै पालिकाले टावर बनाएर करोडौँ खर्च गरिरहँदा अर्जुनचौपारीले भने बोटानिकल म्याथम्याटिकल पार्क निर्माण अगाडि बढाएको हो। मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय गण्डकी प्रदेशको ७० प्रतिशत र अर्जुनचौपारी गाउँपालिकाको ३० प्रतिशत साझेदारीमा पार्क निर्माण गरिएको हो। जिल्लामा पहिलो पटक यस्तो पार्क निर्माण गरिएको हो।

पालिकाका अध्यक्ष प्रकाश तिवारीले पालिकाले पहिलो वर्ष भौतिक संरचनाका काममा जोड दिएको बताउनुभयो। गजेबो (हावा घर) दुई वटा, गड्यौली संरचना निर्माण, एक्सरसाइज पार्क, सुरक्षा उपकरण सिसिटिभी, बत्ती जडान र तारबार गरिएको छ। पहिलो चरणमा ढिलो काम थालनी हुँदा सोचिएकामध्ये आधा काम भएको बताउँदै तिवारीले ५५ लाख रुपियाँ मात्र खर्च भएको बताउनुभयो। प्रदेश सरकारबाट दोस्रो चरणमा समेत ७५ लाख विनियोजन गरेको छ भने पालिकाले ३० प्रतिशत थपेर काम गर्ने तिवारीले बताउनुभयो।

दोस्रो चरणमा गड्यौली खोलामा स्थानीय जातका माछा हाल्ने, विभिन्न प्रजातिका बोटबिरुवा रोप्ने, गड्यौली खोला छेउमा फुटपाथ, गार्डेन ब्रिज, पार्कमा दुबो लगाउने काम गरिने छ। त्यस्तै तेस्रो चरणमा अर्जुनचौपारी गाउँपालिकालाई पर्यटकीय गन्तव्यका रूपमा गड्यौली र पञ्चकन्यालाई पर्यटकीय प्याकेजका रूपमा चिनाउने काम गरिने छ।

पार्क पालिकाभित्रका विद्यार्थीलाई अध्ययन गर्ने एक पाठशालाको विकास गर्ने उद्देश्य रहेको बताउँदै तिवारीले पार्क जिल्लाकै नमुना हुने बताउनुभयो। पालिकामा नयाँ के छ भनेर खोजी गर्दा देखाउने गरी इन्जिनियरसँग परामर्श गरेर पार्क निर्माण अगाडि बढाएको उहाँको भनाइ थियो। यो पार्क निर्माण सकिएसँगै देशभरका धेरै पालिका, पर्यटक र विद्यार्थी अध्ययन अवलोकन गर्न पाठशाला हुने अनुमान पालिकाको रहेको छ।

कालीगण्डकी लोकमार्ग

# जिम्मा नलिँदा मर्मतमा समस्या

**पर्वत समाचारदाता**
*पर्वत, असोज १४ गते*

उत्तर दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी लोकमार्गको काम सम्पन्न भएको खण्डको जिम्मा लिने निकाय नहुँदा मर्मत तथा रेखदेखमा समस्या भएको छ। राष्ट्रिय सडक सञ्जालमा सूचीकरण हुन नसक्दा सडक विभागले मर्मतलगायतको काम गर्न पाएको छैन। पर्वत खण्डको २९ किलोमिटर सडकमा कालोपत्रे भई सम्पन्न भएको एक वर्ष भइसकेको छ। कुन निकायले रेखदेख गर्ने भन्ने स्पष्ट नहुँदा सडक मर्मत तथा रेखदेखमा समस्या भएको पाल्पास्थित कालीगण्डकी कोरिडोर आयोजना कार्यालयका इन्जिनियर सुरेन्द्र गौतमले बताउनुभयो।

उहाँका अनुसार बिचमा पर्ने दुई वटा पुल निर्माणाधीन रहेका भए पनि सेतीबेनीदेखि फलेबास ढिकसम्मको सबै खण्ड कालोपत्रे सम्पन्न भइसकेको छ। उहाँले भन्नुभयो, "कालोपत्रे भइसकेको खण्डलाई राष्ट्रिय राजमार्गमा सूचीकरण नगर्दा कुन निकायले मर्मत र रेखदेख गर्ने भन्ने समस्या भएको छ।" सम्पन्न भइसकेका खण्डमा पहिरो खस्दा पन्छाउने काममा समेत समस्या भएको कार्यालयले जनाएको छ।

कोरिडोरको मिर्मीदेखि अर्मादीसम्म ५३ किलोमिटर सडकको काम धमाधम भइरहेको गौतमले बताउनुभयो। यसमध्ये पर्वत खण्डमा ४३ किलोमिटर सडक पर्छ। कार्यालयका अनुसार फलेबास–अर्मादी सडकखण्डको १४ किलोमिटर भने निर्माण कम्पनीको लापर्बाहीका कारण समयसमा काम नहुँदा कालोपत्रेको काम अगाडि बढाउन सकिएको छैन। उक्त खण्डमा समयमा काम नहुँदा कालोपत्रेको कामको टेन्डर आह्वान गर्नसमेत समस्या भएको बताइएको छ। २०७३ साल असार २२ मा सम्झौता भई २०७५ जेठ २१ मा सम्पन्न गर्नुपर्नेमा काम नसकिएपछि थप गरिएको समयसमेत २०८१ असोज मसान्तसम्म रहेको कार्यालयले जनाएको छ। नौ करोड १७ लाख ४९ हजार रुपियाँको लागतमा यो खण्डको सबै काम सकिने इन्जिनियर गौतमको भनाइ छ।

निर्माण जिम्मा पाएको सूर्य कन्स्ट्रक्सनले ट्र्याक खोल्ने, ग्राभेल गर्ने र कलभर्ट तथा टेवा पर्खाललगायतको काम गर्ने गरी ठेक्का सम्झौता गरेको थियो। उहाँले भन्नुभयो, "यो खण्डको सबै काम सम्पन्न भएमा मिर्मीदेखि पर्वतको अर्मादीसम्म स्तरोन्नति भई गाडी सहजै चल्न सक्ने हुन्छ। उहाँका अनुसार स्याङ्जाको मिर्मीदेखि पर्वतको सेतीबेनीसम्मको १० किलोमिटर सडक पनि कालोपत्रेको चरणमा रहेको छ।

**मालपोत कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा काठमाडौँ जिल्ला, साविक मच्छेगाउँ वडा नं. ८ हाल च.न.पा. वडा नं. ९ बस्ने चन्द्रबहादुर श्रेष्ठले मेरा नाममा साविक नापीको समयमा नापनक्सा भई फिल्डबुक तथा दर्ता बाँकी स्रेस्ता कायम रहेको तपसिल अनुसारको जग्गा चन्द्र श्रेष्ठको नामको साविक मौजा मच्छेगाउँ रै.नं. ८९३ को लगतबाट भिडाई दर्ता गरिपाऊँ भनी द.नं. ३७८८ मिति २०८१।५।३१ मा निवेदन पेस गरेको हुँदा निवेदकहरूको मागदाबी बमोजिम दर्ता गरी दिँदा अन्य कोही कसैलाई फरक पर्छ पर्दैन, ज.ध.को नाम चन्द्रबहादुर श्रेष्ठ, कहीँ चन्द्रचा श्रेष्ठ र कहीँ प्रकाशमान श्रेष्ठ उल्लेख भएको तर निजको ना.प्र.नं. ४५१७।५०६५ को नागरिकतामा नामथर चन्द्र बहादुर श्रेष्ठ उल्लेख भई फरक फरक नाम थर गरेको व्यक्ति जस्तो देखिन गए तापनि उक्त नाम गरेको व्यक्तिहरू फरक फरक नभई एकै व्यक्ति रहेको भनी सिफारिस प्राप्त भएको हुँदा उल्लिखित जग्गामा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जोताहा | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| मच्छेगाउँ | ८ज | ६ | १–४–१–० | प्रकाशमान श्रेष्ठ का.ई. मच्छेगाउँ | महल खाली | महल खाली | महल खाली |

**पुनश्च** : २ नं. अनुसूचीमा कि.नं. ००६ पर्ती र ७ नं. फाँटवारीमा भाजुवीरको छोरा चन्द्र श्रेष्ठ टौखेल उमेर ३० उल्लेख भएको साथै मोठ स्रेस्तामा ज.ध. महल खाली मोही महलमा प्रकाशमान श्रेष्ठ उल्लेख भएको।

# निःशुल्क जग्गादाता सम्मानित



*तस्बिर : राधाकृष्ण डुम्रे*

**इलाका प्रशासन कार्यालय वालिङलाई निःशुल्क जग्गा दिने दातालाई सम्मान गरिँदै।**

**वालिङ समाचारदाता**
*वालिङ, असोज १४ गते*

इलाका प्रशासन कार्यालय वालिङको भवन निर्माणका लागि निःशुल्क जग्गा उपलब्ध गराएका दातालाई सम्मानित गरिएको छ। नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्यालले प्रशासनलाई जग्गा उपलब्ध गराएका पाँच जनालाई सम्मानित गर्नुभएको हो।

सम्मानित हुनेमा वालिङ नगरपालिका–९, सुर्कौदीका ध्रुवराज शर्मा, कपिलदेव शर्मा, विष्णुप्रसाद पङ्गेनी, यामकुमारी पङ्गेनी र खड्ककुमारी खाँण रहनुभएको छ। उहाँहरूले इलाका प्रशासन कार्यालय भवन निर्माणका लागि तीन रोपनी जग्गा निःशुल्क प्रदान गर्नुभएको थियो।

वालिङको मुख्य भागमा रहेको राम्रो जग्गा निःशुल्क उपलब्ध गराउने जग्गादाता अन्य व्यक्तिका लागि पनि उदाहरणीय भएको मुख्यसचिव अर्यालको भनाइ छ। सुविधासम्पन्न भवन निर्माण भएपछि स्याङ्जाका पश्चिम क्षेत्रका नागरिकले सहज सेवा लिन पाएका उहाँले बताउनुभयो। सो अवसरमा बोल्दै अर्यालले सिद्धार्थ राजमार्ग, आँधीखोला, ज्याग्दी खोला कोरिडोर निर्माणका लागि आफूले पहल गर्ने बताउनुभयो।

२०५७ सालमा वालिङमा स्थापित प्रशासन कार्यालय यसअघि वालिङ–८, कटौँजेमा भाडामा सञ्चालित रहँदै आएको थियो। साढे दुईतले १४ कोठे भवन अपाङ्गमैत्री बनाइएको छ भने आधुनिक प्रविधिबाट निर्माण सम्पन्न गरिएको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिनुभयो। तीन करोड २२ लाखको लागतमा भवन निर्माण भएको हो।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको**
**छुट जग्गा दर्ता सहितको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर, ललितपुर महानगरपालिका वडा नं. १६ महापाल बस्ने पुस्पलाल राजकर्णिकार, बिजय राजकर्णिकार र नमी राजकर्णिकार समेत ३ जनाले बाजे हर्ख बहादुर राजकर्णिकारको नाममा सर्भे नापीको बखत नापनक्सा भई दर्ता बाँकी रहेको पाटन मौजा ठेली नं. १ रैकर पाना नं. २६२ मा हजुरआमा पुर्णमाया राजकर्णिकारको नाममा लगत रहेको भनी भिडी आएकोले तपसिल बमोजिमको जग्गा जग्गाधनी हर्ख बहादुर भन्ने हर्ष बहादुर राजकर्णिकार मिति २०४१/१२/२३ मा र निजकी श्रीमती पुर्णमाया राजकर्णिकार मिति २०३९/०१/१९ सालमा मृत्यु भएको र हकदारमा छोराहरू देवलाल, खड्गलाल र देव बहादुर राजकर्णिकार समेत ३ जना भएकोमा देवलाल राजकर्णिकारको मिति २०७०/१०/२६ र निजकी श्रीमती चिरिबेटी राजकर्णिकारको मिति २०६७/०४/२० गते मृत्यु भएको, निजहरूको हकदारमा छोराहरू पुस्पलाल राजकर्णिकार, गौरी लाल राजकर्णिकार, रोशन राजकर्णिकार समेत ३ जना भएको, गौरी लाल राजकर्णिकारको मिति २०७८/०३/०९ गते परलोक भएको, निजकी हकदारमा श्रीमती लक्ष्मी शोभा राजकर्णिकार, छोरा शैलेस दिवेश समते ३ जना भएको। ज.ध.को माइला छोरा खडगलाल राजकर्णिकारको मिति २०६७/१०/०३ मा, निजकी श्रीमती सन्तमाया राजकर्णिकार मिति २०६०/११/०५ गते, हकदारमा छोराहरू शक्त लाल, सुवर्ण, सुरेन्द्र, राजेन्द्र, बिजय, अजय, समेत ६ जना भएकोमा सुवर्णलाल राजकर्णिकारको मिति २०७७/०७/१० मा मृत्यु भएको र हकदारमा श्रीमती अरुण राजकर्णिकार अविवाहित छोरी शुभेक्षाँ राजकर्णिकार समेत २ मात्र भएको, राजेन्द्र राजकर्णिकार मिति २०७३/०३/१५ गते मृत्यु भएको र हकदारमा श्रीमती जमुना राजकर्णिकार, छोरा रन्जु सर्जु समेत ३ भएको, अजय राजकर्णिकार मिति २०७७/०७/०५ मा परलोक भएको र हकदारमा श्रीमती कल्पना राजकर्णिकार, छोरा प्रितिस समेत २ र ज.ध. को कान्छा छोरा देब बहादुर राजकर्णिकार मिति २०७४/०५/०८ र श्रीमती मनोहर लक्ष्मी राजकर्णिकार मिति २०६०/०२/२५ मा परलोक भएको, हकदारमा छोराहरू नमी राजकर्णिकार, मनी राजकर्णिकार र रबिन बहादुर राजकर्णिकार समेत ३ भएकोमा अन्य हकदारहरूको हकछोड मञ्जुरीले निवेदक पुस्पलाल राजकर्णिकार, बिजय राजकर्णिकार र नमी राजकर्णिकार समेत ३ निजको नाममा दर्ता नामसारी गरिदिनु भनी ललितपुर महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ३०६ मिति २०८१/०५/२४ को किटानी सिफारिस पत्र संलग्न गरी छुट जग्गा दर्ता ना.सा. गरिपाऊँ भनी द.नं. ४३५९ मिति २०८१/०५/३१ मा निवेदन मागदाबी रहेकोले सो दर्ता ना.सा. सम्बन्धमा निवेदक बाहेक उल्लिखित जग्गामा अन्य कसैको हकदाबी भए वा दर्ता माग गरेको जग्गा निवेदकका नाममा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकहरूको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | जग्गाधनी | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| सानागाउँ | ३ | ३७१ | ०–९–०–० | | निर्मान महर्जन सानागाउँ धसि ९ नं. वडा | यो मेरो नम्बरी होइन पाटन मापल बस्ने हर्ख बहादुरसँग बन्धकी लि जोती खाएको छु। |

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको**
**तपसिलमा उल्लिखित प्रतिवादीहरूका नाममा जारी भएको सूचना।**

**प्रकाशन मिति** : २०८१।६।१५ — **मुद्दा नं.** १०१।०७४।९७

वादी **हिमालयन बैंक लिमिटेड** (**साबिक सिभिल बैंक लि.**) र प्रतिवादी **सिटि सेन्टर हस्पिटल प्रा.लि.** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८०।४।२२ मा फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना बेपत्ते तामेली भएकाले यस न्यायाधिकरणको मिति २०८१।०६।०४ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

कम्पनी रजिस्ट्रारको कार्यालयमा प्रा.लि.नं. १०६७७१/०६९/०७० मिति २०६९/०६/२८ मा दर्ता भई काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित रजिस्टर्ड कार्यालय रहेको **सिटि सेन्टर हस्पिटल प्रा.लि.**को नाउँको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको फैसलाको जानकारी/सूचना ... १

तपसिलका प्रतिवादीहरूका नाउँमा जारी भएको पुनरावेदन म्याद तामेली बेपत्ते म्याद बदर भई उपरोक्त मिति २०८१।०६।०४ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले बाटाका म्याद बाहेकको १५ दिनभित्र श्री ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानुहोला, म्याद गुजारी बसेमा प्रचलित कानून बमोजिम हुनेछ र यसमा पछि तपाईंको उजुर लाग्न नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कृष्ण प्रसाद प्रजापतिको नाति, केदार प्रसाद प्रजापतिको छोरा, का.जि., का.म.न.पा. वडा नं. २८ हाल वडा नं. २५ बस्ने ऐ.का सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता **आकेश प्रजापति**को (ना.प्र.नं. ९५०५, मिति २०४८।१२।०१, जि.प्र.का. काठमाडौँ) नाउँको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम १५ दिने पुनरावेदन म्याद/सूचना ... १

कृष्ण बहादुर प्रजापतिको नाति, कृष्ण प्रसाद प्रजापतिको छोरा, का.जि., का.म.न.पा. वडा नं. २८ हाल वडा नं. २५ बस्ने ऐ.का सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता **केदार प्रसाद प्रजापति**को (ना.प्र.नं. १०९०७, जि.प्र.का. काठमाडौँ) नाउँको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम १५ दिने पुनरावेदन म्याद/सूचना ... २

चिनिया काजी बैद्यको नाति, पन्ना काजी बैद्यको छोरा, का.जि., का.म.न.पा. वडा नं. २८ हाल वडा नं. २५ बस्ने ऐ.का सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता **अनुप बैद्य**को (ना.प्र.नं. २३४, जि.प्र.का. काठमाडौँ) नाउँको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम १५ दिने पुनरावेदन म्याद/सूचना ... ३

राम प्रसाद अमात्यको नाति, शिशिर प्रसाद अमात्यको छोरा, का.जि., का.म.न.पा. वडा नं. २८ हाल वडा नं. २५ बस्ने ऐ.का सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता **शिरिष प्रसाद अमात्य**को (ना.प्र.नं. ७२२७९, जारी मिति २०५२।०१।२४ जि.प्र.का. ललितपुर) नाउँको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम १५ दिने पुनरावेदन म्याद/सूचना ... ४

शरणध्वज राईको नाति, बिरेन्द्र कुमार राईको छोरा, का.जि., का.म.न.पा. वडा नं. १४ बस्ने ऐ.का सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता **वीपेन्द्र ध्वज कुलुङ राई**को (ना.प्र.नं. ४१८७, जि.प्र.का. काठमाडौँ) नाउँको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम १५ दिने पुनरावेदन म्याद/सूचना ... ५

तेज राम चौधरीको नाति, नाम देव चौधरीको छोरा, दाङ जिल्ला, सिसनिया वडा नं. ८ बस्ने ऐ.का सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता **सुनिल कुमार चौधरी**को (ना.प्र.नं. ४७८१/२५५२, जारी मिति २०४५।०२।२०, जि.प्र.का. दाङ) नाउँको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम १५ दिने पुनरावेदन म्याद/सूचना ... ६

# राहतका लागि आठ करोड विनियोजन



मुख्यमन्त्री सतीशकुमार सिंह

## साढे पाँच हजार मानिस प्रभावित

**गौर समाचारदाता**
*गौर, असोज १४ गते*

रौतहटको बागमती, झाँझ, लालबकैया नदीमा आएको बाढीले एक हजार ८०५ घरधुरी प्रभावित भएका छन् ।

बाढीबाट एक हजार ८०५ घरधुरी प्रभावित भई एक हजार २४५ घर पूर्ण रूपमा डुबानमा परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। बाढीबाट पाँच हजार ५९५ व्यक्ति पूर्ण रूपले प्रभावित भएका प्रहरी उपरीक्षक दिलीप घिमिरेले बताउनुभयो। सुरक्षाकर्मीले बाढीको जोखिममा परेर फसेका करिब १२३ जनालाई सुरक्षित रूपमा उद्धार गर्न सफल भएको प्रहरी उपरीक्षक घिमिरेले जानकारी दिनुभयो ।

तीन जनाको मृत्यु भएको, चार घर भत्किएको तथा केही पशु चौपायालाई उद्धार गरिएको छ। बाढीले सात ठाउँको बाटो अवरुद्ध भएका र अझै पाँच स्थानीय तहसँगको सडक सम्पर्क बन्द छ। दुई वटाको सुचारु भएको छ। वृन्दावन, गढीमाई, माधवनारायण, दुर्गा भगवती, राजदेवी, गौर, ईशनाथ, राजपुर, परोहा, बौधीमाई, मौलापुर, कटहरिया, देवाही गोनाही र यमुनामाईका स्थानीय तह बाढीबाट प्रभावित भएको प्रहरी उपरीक्षक घिमिरेले जानकारी दिनुभयो।

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, असोज १४ गते*

अविरल वर्षाले पुऱ्याएको क्षतिबाट पीडित भएकालाई राहत तथा पुनर्स्थापना गर्न मधेश प्रदेश सरकारले आठ करोड रुपियाँ विनियोजन गर्ने निर्णय गरेको छ।

मधेश प्रदेश सरकारको आइतबार बसेको मन्त्रीपरिषद्को बैठकले अविरल वर्षाले पुऱ्याएको क्षतिबापत पीडितलाई राहत तथा पुनर्स्थापनाका निम्ति प्रदेशका आठ वटै जिल्लालाई एक/एक करोड रुपियाँ आपत्कालीन रकम विनियोजन गर्ने निर्णय गरेको हो।

साथै उक्त बैठकबाट मधेशमा बाढीबाट क्षति भएको सडक पुनर्निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले तत्कालै पाँच करोड रुपियाँ विनियोजन गर्ने निर्णय गरेको मुख्यमन्त्री सतीशकुमार सिंहले जानकारी दिनुभयो। उहाँले तीन दिनसम्म लगातार परेको अविरल वर्षाका कारण देशभरि आएको बाढी र पहिरोको प्रकोपबाट मधेश पनि अछुतो नरहेको भन्दै मधेशका आठ वटै जिल्लामा कुनै न कुनै रूपले क्षति पुऱ्याएका कारण राहतस्वरूप उक्त रकम छुट्याएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "त्यसमा पनि सप्तरीमा कोशी नदीका कारण हनुमाननगर कङ्कालिनी, रौतहटमा बागमती नदीका कारण राजदेवी नगरपालिका र सर्लाहीमा बकैया र बागमती नदीका कारण बलरा नगरपालिकासहितका पालिका अति प्रभावित क्षेत्र हुन्।"

मुख्यमन्त्री सिंहले सम्पूर्ण दातृ निकायलाई राहतका लागि खुला आह्वान गर्दै प्रभावित क्षेत्रमा पुग्न आग्रह गर्ने निर्णय भएको बताउनुभयो। उहाँले मधेशको प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित निकायलाई निर्देशनसमेत दिनुभयो।

यसअघि शनिबार मुख्यमन्त्री सिंहले बाढीप्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यमा जुट्न सरोकारवाला निकायलाई आग्रहसमेत गर्नुभएको थियो।

# 'आवधिक योजनाका आधारमा बजेट निर्माण गर्नु पर्छ'

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, असोज १४ गते*

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले आवधिक योजनाका आधारमा बजेट निर्माण तथा कार्यान्वयन हुन सके प्रदेश विकासमा सकारात्मक उपलब्धि हासिल हुने विश्वास व्यक्त गर्नुभएको छ।

मधेश प्रदेश नीति तथा योजना आयोगद्वारा सोमबार जनकपुरधाममा आयोजित मधेश प्रदेशको दोस्रो आवधिक योजना आर्थिक वर्ष २०८१/८२-२०८५/८६ को परिमार्जित मसौदामाथिको छलफलमा मुख्यमन्त्री सिंहले यस्तो बताउनुभएको हो। उहाँले योजना अनुरूप बजेट विनियोजन गरिनु आर्थिक कार्यविधिसम्मत हुने हुँदा बजेट तर्जुमा गरिरहँदा आवधिक योजनालाई केन्द्रमा राख्नुपर्ने बताउनुभयो।

आवधिक योजना पारित भएपछि त्यसमै टेकेर वार्षिक कार्यक्रम तथा बजेट विनियोजन हुनुपर्नेमा जोड दिँदै मुख्यमन्त्री सिंहले आवश्यक र उचित विषय समाविष्ट गरी योजनालाई पूर्णता दिनुपर्ने बताउनुभयो। उहाँले प्रदेशमा प्रहरी समायोजन नहुँदासम्म प्रदेश सरकार आफैँले सात/आठ हजारको सङ्ख्यामा प्रहरी भर्ना गर्ने विषय, प्रत्येक निर्वाचन क्षेत्रमा पालिकाकेन्द्रित नमुना विद्यालय स्थापना गरी आधारभूत शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रयास र मधेश विश्वविद्यालयबाट छोटो अवधिको व्यावसायिक तथा सिपमूलक शिक्षा उपलब्ध गराउने विषयलाई समेत आवधिक योजनामा समेट्नुपर्ने उल्लेख गर्नुभयो।

छलफलकै क्रममा मुख्यमन्त्री सिंहले पूर्णतः औद्योगिक वातावरण सिर्जना गर्न बारा-पर्सा औद्योगिक कोरिडोरलाई औपचारिक रूपमै घोषणा गर्न प्रदेश सरकारबाटै वैधानिक व्यवस्थाबारे बुझ्ने काम भइरहेको छ भन्नुभयो। उहाँले प्रदेश सरकारले गर्न सक्ने अवस्था भए प्रत्येक जिल्लाका उपयुक्त स्थानलाई कोरिडोरका रूपमा घोषणा गरी विकसित गरिने जानकारीसमेत दिनुभयो। उहाँले भन्नुभयो, "बाढी बस्तीमा नपसी बाढीग्रस्त क्षेत्रमा बस्ती विस्तार भए झैँ अहिले औद्योगिक क्षेत्रमा बस्ती विकास भइरहेको छ। यसले पनि उद्योग कलकारखाना सञ्चालन प्रभावित भएका छन्। त्यसकारण कानुनी रूपमै औद्योगिक कोरिडोर घोषणा गरी अगाडि बढ्नुपर्ने स्थिति छ।"



तस्बिर : लक्ष्मी चौधरी

**परिमार्जित मसौदामाथिको छलफल कार्यक्रममा मुख्यमन्त्री सतीशकुमार सिंह ।**

प्रदेशमा उद्योगधन्दा स्थापना गर्न जग्गाको उपलब्धता, अन्य भौतिक पूर्वाधार निर्माण तथा कर सहुलियतलगायतका विषयमा निजी क्षेत्रलाई प्रदेश सरकारले सहजीकरण गरी प्रोत्साहित गर्न सक्ने विषयमा समेत गृहकार्य गर्नुपर्ने उहाँले बताउनुभयो।

समृद्ध मधेश, आत्मनिर्भर र सुखी मधेशी भन्ने दीर्घकालीन सोचका साथ मसौदा गरिएको आवधिक योजनामा समृद्धितर्फ सर्वसुलभ र उत्थानशील पूर्वाधार, मानव पुँजी निर्माण र उपयोग, उच्च र दिगो उत्पादन र उत्पादकत्व, निजी क्षेत्र र विदेशी लगानीको वृद्धि, पूर्वाधार विकास, सम्पदा र संस्कृतिमा आधारित पर्यटन, वित्तीय पहुँचमा सुनिश्चितता आदि सूचक राखिएका छन्।

त्यस्तै आत्मनिर्भरतर्फ कृषि, पशुपन्छी र मत्स्यजन्य उत्पादन तथा उत्पादकत्व, कृषिमा यान्त्रिकीकरण एवं लागत न्यूनीकरण, कृषिको विविधीकरण, व्यवसायीकरण र बजारीकरण, लघु, घरेलु तथा साना उद्योगमा उद्यमशीलता र स्वरोजगारी, खाद्य तथा पोषण सुरक्षा सूचक छन्।

यसै गरी आवधिक योजनाको सुखी अन्तर्गतका सूचकमा परिष्कृत र मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वच्छ र सन्तुलित वातावरण, सुशासन, रोजगारी र स्वरोजगारी, शिक्षा र स्वास्थ्यमा सर्वसुलभ र समान पहुँच राखिएका छन्।

कृषिमा सबलीकरण, उच्च मानव विकास सूचकाङ्कको प्राप्ति र सम्मानजनक रोजगारीमार्फत समृद्धि हासिल गर्ने लक्ष्यका साथ बनाइएको आवधिक योजनामा कृषि उत्पादनमा अभिवृद्धि गर्दै आत्मनिर्भरता हासिल गर्नु, गुणस्तरीय स्वास्थ्य र शिक्षाको विकास गर्दै रोजगारीका अवसर तथा सामाजिक न्याय कायम गर्नु, उद्योग, पर्यटन र बजार प्रवर्धन गर्नु र विकास तथा वातावरणबिच सन्तुलन कायम गर्दै वन, वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण एवं संवर्धन र जलवायु अनुकूलन गर्नु उद्देश्य रहेको छ।

छलफलमा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले दीर्घकालीन सोचको शीर्षकमा हेरफेर गरी आत्मनिर्भर मधेश, समृद्ध र सुखी मधेशी राख्नुपर्ने बताउँदै यसले मधेश प्रदेशको सङ्घीयता अनुदानमा नभएर आत्मनिर्भरतामा आधारित हुने दृष्टिले कार्य अघि बढ्ने बताउनुभयो।

भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दनसिंह क्षेत्रीले आवधिक योजनामा चुरे, नदी र चराका कुराहरू अटाउनुपर्ने बताउनुभयो। उहाँले कृषि उत्पादन बढाउन सिँचाइका नयाँ प्रविधिमा आधारित योजना अगाडि बढाउन अध्ययन कार्यसमेत आवधिक योजनाको हिस्सा बन्नुपर्ने उल्लेख गर्नुभयो। गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले कोशीटप्पु वन्यजन्तु आरक्ष र पर्सा वन्यजन्तु राष्ट्रिय निकुञ्जमार्फत पर्यटन विकासलगायतका विषय आवधिक योजनामा समावेश गर्नुपर्ने बताउनुभयो।

## बडादसैँको तयारी सुरु
# मूर्ति निर्माण र मेला व्यवस्थापन अन्तिम चरणमा

**बर्दीबास समाचारदाता**
*बर्दीबास, असोज १४ गते*

तीनदिने अविरल वर्षापछि आएको बाढीको प्रकोप साम्य हुँदै गएपछि महोत्तरीमा दसैँको तयारी सुरु भएको छ। मौसममा सुधार आएसँगै दसैँको किनमेल, दुर्गा मूर्ति निर्माण, कलश यात्रा, दुर्गासप्तसती पाठ, पण्डाल सजावट र मेला आयोजना, गाउँघरमा पिङ गाड्ने जस्ता दसैँकेन्द्रित गतिविधि सुरु भएको हो। धार्मिक तयारीले प्रकोपको पीडा भुलाउँदै गाउँघर दसैँमय बन्दै गएको छ।

नवरात्र आउन दुई दिन मात्र बाँकी छ। मधेशमा घटस्थापनादेखि दसैँको धार्मिक तथा सांस्कृतिक गतिविधि सुरु हुने भएकाले यसको तयारी पनि तीव्र पारिएको हो। महोत्तरीमा कतै दुर्गापूजा त कतै रावण वध गरेर बडादसैँ मनाइने परम्परा छ। महोत्तरीका १५ वटै पालिकामा स्थानीय परम्परा अनुसार बडादसैँ मनाइन्छ। अहिले ठाउँ ठाउँमा दुर्गा मूर्ति निर्माण भइरहेको छ।

जलेश्वरको दुर्गाचोक र शङ्करचोकमा मूर्ति निर्माणदेखि पण्डाल लगाउने काम भइरहेको छ। गौशाला बजार र छिमेकी निगौलचोकमा पनि दुर्गाको भव्य मूर्ति निर्माण अन्तिम चरणमा पुगेको छ। मटिहानीमा परम्परा अनुसार बडादशमीका दिन रावण वधको तयारी गरिएको छ। बर्दीबास, सोनामाईस्थान, समसी, पिपरालगायतका स्थानमा दुर्गामन्दिर सरसफाइका साथै मेला लगाउने तयारी थालिएको छ।

दुर्गापूजा समारोहका लागि जिल्लाभर छुट्टाछुट्टै समिति गठन गरी तयारी थालिएको छ। गौशाला, जलेश्वरको दुर्गापूजा र मेला समारोहका लागि १०/१० लाख रुपियाँ खर्च अनुमान गरिएको छ। सबै खर्च आन्तरिक स्रोत र चन्दा सङ्कलनबाट जुटाइने दुर्गापूजा समितिका संयोजनहरूले जनाउनुभएको छ।

बर्दीबासमा करिब तीन लाख रुपियाँ खर्च हुने अनुमान छ। बर्दीबासमा पनि यो वर्ष दुर्गापूजाको भव्य तयारी गरिएको छ। दुर्गापूजा तयारी समितिले घटस्थापनादेखि नै धार्मिक सांस्कृतिक विविध कार्यक्रम आयोजना गरी बर्दीबास-१ स्थित दुर्गा मन्दिरपरिसरमा पूजा र मेला आयोजना गरिने जनाएको छ।

समितिका अध्यक्ष सुमित्रा भट्टराईले निर्धारित कार्यक्रम सार्वजनिक गर्दै असोज १७ गते बिहान कलशयात्रा प्रारम्भ गरी जमरा राख्ने, नियमित पूजाआजादेखि बेल निमन्त्रण, फूलपाती भि[illegible]याई २६ गते जमरा वितरण गर्नेसम्मको धार्मिक तालिकाबारे जानकारी गराउनुभयो। दसैँमेला भव्य र आकर्षक बनाउन ख्यातिप्राप्त राष्ट्रिय कलाकारका साथै झिझिया नृत्य, तामाङ सेलो, नेवारी नृत्य, मगर नृत्यलगायतका सांस्कृतिक कार्यक्रमको व्यवस्था मिलाइएको समितिका रोहित श्रेष्ठले बताउनुभयो।

बर्दीबास नगरपालिकाका सांस्कृतिक तथा पर्यटन प्रवर्धन समितिका अध्यक्ष हिरा गौतम तथा दुर्गामन्दिर धार्मिक पर्यटकीय स्थल व्यवस्थापन समितिका अध्यक्ष परशुराम गिरीले महान् चाड दसैँ र दुर्गापूजा भव्य, दिव्य र सभ्य बनाउन सबैको सहयोग, सहकार्य र सहमति आवश्यक रहेको धारणा राख्नुभयो।

## अख्तियारले प्रदेश प्रमुखलाई बुझायो वार्षिक प्रतिवेदन

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, असोज १४ गते*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दीबासले मधेश प्रदेशका प्रदेशप्रमुख सुमित्रा सुवेदी भण्डारीलाई वार्षिक प्रतिवेदन बुझाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दीबासका प्रमुख रामबहादुर कुरुम्वाङले सोमबार प्रदेशप्रमुख सुवेदीलाई आयोगको ३४ औँ वार्षिक प्रतिवेदन बुझाउनुभएको हो। प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ मा गरी मधेश प्रदेशमा कुल आठ हजार ५२९ उजुरी दर्ता भएकामा छ हजार ४७२ उजुरी फर्स्योट भएको उल्लेख छ। मधेश प्रदेशमा सबैभन्दा बढी धनुषामा आव २०७९/८० मा ४२१ तथा २०८०/८१ मा एक हजार एक गरी एक हजार ४२२ उजुरी परेकामा एक हजार ५६ उजुरी फर्स्योट भएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै बारामा कुल एक हजार २०७ मा ८८७, सप्तरीमा एक हजार १७० मध्ये ९७१, रौतहटमा एक हजार ३५ मध्ये ७३४, महोत्तरीमा एक हजार २२ मध्ये ८३४ उजुरी फर्स्योट भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दीबासको तथ्याङ्कमा उल्लेख छ।

त्यस्तै पर्सामा ९५६ मध्ये ६९१, सिराहामा ८८१ मध्ये ६८७ र सर्लाहीमा ८३६ मध्ये ६४२ उजुरी फर्स्योट भएको प्रतिवेदनमा उल्लेख छ।

# बिस थान साइकल बरामद

**बर्दीबास समाचारदाता**
*बर्दीबास, असोज १४ गते*

सागरनाथ वन विकास परियोजनाको जङ्गलबाट वन गस्तीले काठ चोरी गर्ने बन्दोबस्तीसहित आएको २० थान साइकल नियन्त्रणमा लिएको छ।

बरामद सबै साइकलमा एक/एक थान बन्चरो, काठ बाँध्न प्रयोग गरिने डोरी र हुक बाँधिएका साइकलका ट्युबसमेत फेला परेकाले काठ ढुवानी गर्ने प्रयोजनसहित साइकल ल्याइएकाले बरामद गरिएको वनकर्मीले जनाएका छन्।

विगत केही समययता वन क्षेत्रबाट नयाँ तरिकाले काठ तस्करी हुन लागेको सूचनाका आधारमा निर्धारित स्थलमा वन गस्ती तीव्र पारिएको थियो। प्राप्त सूचना अनुसार दाउरा बटुल्ने बहानामा बन्दोबस्तीसहित १०/२० जनाको समूहमा वन क्षेत्र प्रवेश गर्ने तस्करले खयर, सखुवा, युक्लिप्टसलगायतका काठ तस्करी गर्दै आएका छन्।

काठ तस्करीको नयाँ शैली र समूहबारे सुराकी पाएपछि सबडिभिजन वन कार्यालय माईस्थानका प्रमुख कृष्णकुमार पटेलको कामान्डमा सशस्त्र वनरक्षकसहित घटनास्थल पुगेको गस्तीले महोत्तरी सर्लाही सीमानजिक पर्ने रेलवे ट्र्याकको बाँके पुलबाट साइकल बरामद गरेको थियो।

सबडिभिजन वन प्रमुख तथा गस्ती कमान्डर पटेलका अनुसार बरामद साइकल सबै सर्लाहीबाट आएका हुन्।

घट्ना बुझ्दै जाँदा समूहले सर्लाही सीमापूर्वको महोत्तरीको जङ्गलमा काठ चोर्ने र कारबाहीबाट जोगिने मनसायले पारिपट्टि (सर्लाहीतर्फ) भाग्ने गरेको जानकारीमा आएपछि एरिया घेराबन्दी गरी गस्ती र निगरानी तीव्र पारेको थियो। यही क्रममा महोत्तरी-सर्लाही सीमा छुट्याउने रेलवे ट्र्याकनजिकबाट सोमबार बिहान ७ बजेतिर सबै साइकल नियन्त्रणमा लिइएको पटेलले जनाउनुभयो।

ठूलो सङ्ख्यामा रहेका सशस्त्र वन गस्तीले उनीहरूलाई घेराबन्दी गर्न थालेपछि सबै काठ तस्कर सर्लाहीतर्फ भाग्दा साइकल मात्र बरामद गर्न सकिएको वनकर्मीले जनाएका छन्।

घटनापछि कतिपय स्थानीय नेताले कुनै प्रकारको काठ नबोकेको दाबी गर्दै साइकल छाडिदिन फोन गरेर हैरान पार्न थालेको वनकर्मीले जनाएका छन्। पटेलले प्रश्न गर्नुभयो, "बन्चरो, डोरी, ट्युब, रबरसहित साइकल लिएर जङ्गल पस्नुको मनसाय के ?" बरामद सबै साइकल माईस्थानस्थित सबडिभिजन वन कार्यालयको जिम्मामा राखी वन ऐन अनुसार कारबाही सुरु गरिएको कार्यालयले जनाएको छ।

## सीमानाकामा कुकुरमार्फत चेकजाँच

**पर्सा समाचारदाता**
*पर्सा, असोज १४ गते*

चाडपर्वको मुखमा सीमानाकामा चेकजाँचका लागि तालिमप्राप्त कुकुर प्रयोगमा ल्याइएको छ।

सीमामा हुने अवैध क्रियाकलाप, आपराधिक घटना तथा शङ्कास्पद वस्तु, पटका, लागुऔषध, हातहतियारलगायतका सामान भित्रन नदिन तालिमप्राप्त कुकुरको सहयोगमा सुरक्षाव्यवस्था कडाइका साथ चेकजाँच भइरहेको सशस्त्र प्रहरी बल हेडक्वाटर-१३ का प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले जानकारी दिनुभयो।

प्रस्तावित सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म वीरगन्ज भन्सार कार्यालय मुख्य द्वारका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिजालले आइतबारदेखि मुलुकको प्रमुख प्रवेशद्वार भनिएको वीरगन्ज भन्सार नाकाबाट आवागमन गर्ने यात्रु पर्यटक तथा सर्वसाधारणको चेकजाँचमा दुई वटा तालिमप्राप्त कुकुरको सहयोगमा चेकजाँच प्रभावकारी रूपमा भइरहेको बताउनुभयो।

## सर्पदंशबाट दुई युवकको मृत्यु

**लहान** (गोरखापत्र), असोज १४ गते। लहान नगरपालिका-१, सिङ्ग्राहीगाउँमा विषालु सर्पले डस्दा दुई सातामा दुई युवकको मृत्यु भएको छ। लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालमा कार्यरत ४० वर्षीय श्रवणकुमार चौधरीलाई घरमा सुतिरहेको समयमा विषालु सर्पले डस्दा उहाँको मृत्यु भएको थियो। सोही ठाउँका ३४ वर्षीय युवक हरिनारायण चौधरीलाई खेतमा सिँचाइ गर्न गएको बेला सर्पले डसेको थियो। सर्पले डसेको आधा घण्टाभित्रै अस्पताल पुऱ्याइए पनि उहाँको मृत्यु भएको स्थानीय हरिदेव चौधरीले बताउनुभयो।

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
**कृषि अनुसन्धान निर्देशनालय**
कोशी प्रदेश, तरहरा, सुनसरी

**बोलपत्र स्वीकृतको आशयपत्र जारी गरिएको सूचना**

मिति:२०८१।०६।१५

यस कार्यालयको मिति २०८१/०५/०९ गते **गोरखापत्र राष्ट्रिय दैनिक समाचार पत्रमा** आ.व.२०८१।८२ मा कार्यालयमा रहेका बंगुर कुखुरा माछा लगायतका पशुपन्छीको लागि आहारा खरिद कार्यको लागि प्रकाशित सूचना बमोजिम मिति २०८१।०६।०८ गते दिनको १२:०० बजे सम्म दर्ता भई सोहि दिन खोलिएको शिलबन्दी बोलपत्र प्रस्तावहरुमा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु मध्ये न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता निम्नानुसार भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि उल्लेखित बोलपत्रहरुमा भाग लिने सबै बोलपत्रदाताहरु लगायत सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | स्वीकृत बोलपत्र दाताको नाम ठेगाना: | स्वीकृत कबोल अंकमा (मू.अ.कर बाहेक) | स्वीकृत रकम अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | DoarTarahara/NCB/Ration/01-2081/82 | सागर फिड्स प्रा.लि. इटहरी | रु.६२,२६,४५०।०० | रु.बैसट्ठी लाख छब्बिसहजार चारसय पचास मात्र । | |

निर्देशक

**नेपाल टेलिकम**
**(नेपाल दूरसञ्चार कम्पनी लि.)**
पावर विभाग, छाउनी ।

**सिलबन्दी दरभाउपत्र (कोटेसन) स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१।०६।१५**

यस कम्पनीबाट मिति २०८१।०५।१२ गते आह्वान गरिएको सिलबन्दी दरभाउपत्र नं. NDCL/PD/SQ/02/081-82 for Supply and Delivery of 12V Maintenance Free VRLA Battery (40 and 100 Ah) को सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएका सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित ठहर हुन आएको देहाय बमोजिमको दरभाउपत्र स्वीकृतिका लागि छनोट भएकोले सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | सिलबन्दी दरभाउपत्र दाताको नाम | कबोल गरेको रकम (मू.अ. कर सहित) |
|---|---|---|
| NDCL/PD/SQ/02/081-82 for Supply and Delivery of 12V Maintenance Free VRLA Battery (40 and 100 Ah) | M/S Om Sai Trade Concern, Bhairahawa, Nepal | 79,39,709.11 |

**सम्पर्क टेलिफोन नं. ५३७२९००, ५९०३४९०**

**बोलपत्र आव्हानको सूचना**

**श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जङ्गी अड्डा**
**नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरू खरिदको बोलपत्र आव्हानको सूचना**
**(प्रकाशित मिति : २०८१/०६/१५ गते)**

१. नेपाली सेनाको लागि आ.व. ०८१/८२ मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरू **e-GP System** बाट खरिद गरिने हुँदा ईच्छुक योग्य बोलपत्रदाताहरूको लागि यसै सूचनाद्वारा यो बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैंक जमानी पेश गर्नुपर्ने ने. रु. | बोलपत्र दस्तुर ने. रु. | प्रि-बिड मिटिङ्ग मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| दोश्रो पटक सूचना प्रकाशन | | | | | | | |
| ५०२ | Oil & Lubricants for EME | विभिन्न | ६६,०००।- | ३,०००।- | २०८१/०६/२२ गतेको १४०० बजे | २०८१/०६/३० गतेको १२०० बजे | २०८१/०६/३० गतेको १३०० बजे |

२. बोलपत्रदाताहरूले **www.bolpatra.gov.np/egp** सिष्टम मार्फत बिड गर्नु हुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खाताहरूमा रकम जम्मा गरी सो को भौचर पेश गर्नु हुन। साथै, सो सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको **फोन नं.**०१-५९७९१२६ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ।

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**
**जावलाखेल, ललितपुर**

**सिलबन्दी दरभाउपत्र स्वीकृतको सूचना**

**(सूचना प्रकाशित मिति : २०८१।०६।१५)**

यस प्रतिष्ठानमा निम्न बमोजिमका मसलन्द तथा छपाई सम्बन्धी सामानहरू खरिद गर्ने सम्बन्धमा मिति २०८१।०५।१६ र १८ गते गोरखापत्रमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार प्राप्त सिलबन्दी दरभाउपत्र फारामहरूको मूल्याङ्कन पश्चात देहाय बमोजिमका दरभाउपत्र स्वीकृत गरिएको हुँदा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६८ को नियम १७६ (१२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | सामानको विवरण | स्वीकृत दरभाउपत्रदाता | मूल्य अभिवृद्धि कर सहित कबोल रकम |
|---|---|---|---|
| १ | मसलन्द सामानहरू (NASC/SQ-01/081/82) | D.R. Trading Concern, Kathmandu | रु. ९,३१,६८५/- |
| २ | छपाई सम्बन्धी सामानहरू (NASC/GOODS/SQ-02/081/82) | M.S. Printing Solutions, Koteshwor, Kathmandu | रु. १०,६६,१५५/- |

## हात्तीको त्रासले जागै रहन्छन् स्थानीय

**सुनसरी समाचारदाता**
*इटहरी, असोज १४ गते*

वराहक्षेत्र नगरपालिकाको भरौल, नडाहा र बिचपानी क्षेत्रमा जङ्गली हात्तीको बिगबिगी बढेको छ। बथानमा आएका जङ्गली हात्ती रातको समयमा मानव बस्तीमा प्रवेश गर्न थालेपछि स्थानीय त्रासमा रात जागा रहन बाध्य छन्। बिसभन्दा बढी हात्तीको समूह गाउँ प्रवेश गरेपछि गाउँले त्रसित भएको भरौलका सुरेन्द्र खवासले बताउनुभयो।

नडाहा क्षेत्रको घना जङ्गलमा दिनभरि बस्ने र साँझ परेपछि मानव बस्ती पसेर खेतबालीमा नोक्सान पुऱ्याउँदै आएको स्थानीयले दुःखेसो व्यक्त गरे।

हात्तीले मानव बस्तीमा जथाभावी क्षति गर्ने र आक्रमण गर्ने भयले स्थानीय सर्वसाधारण रातभर एकै स्थानमा भेला भएर बस्दै आएका छन्। वराहक्षेत्र नगरपालिका-३ का वडाध्यक्ष राजदीप लामाका अनुसार वराहक्षेत्रका १, २, ३ र ५ मा पर्ने चतरा, नडाहा, खोरिया, बिचपानी, विशाल चोक, सिमरवन क्षेत्रमा दुःख दिँदै आएको छ। वराहक्षेत्रको वडा नम्बर १, २, ३ ४, ५ र ७ जङ्गलसँग जोडिएका घना बस्ती क्षेत्रमा पर्छ। सोही क्षेत्रमा हात्तीको त्रास अधिक रहेको छ। हात्तीको त्रास दिनप्रतिदिन बढ्न थालेपछि वराहक्षेत्र नगरपालिकाले जङ्गल तथा आसपासका क्षेत्रमा साइरन जडान गर्नुका साथै गाडी डुलाउने गरेको छ। हात्ती आएपछि साइरन बजाएर खेदाउने गरिएको र स्थानीय सर्वसाधारणका साथै नेपाल प्रहरी, सशस्त्र प्रहरी र जनप्रतिनिधिसमेतको टोलीले निगरानी गरिरहेको वराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीको भनाइ छ।

## तीन जनाको शव फेला

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, असोज १४ गते*

मोरङको कानेपोखरी, ग्रामथान गाउँपालिका र विराटनगर महानगरपालिकामा सोमबार तीन जनाको शव भेटिएको छ। मोरङ प्रहरीका डिएसपी वेदप्रकाश जोशीका अनुसार वृद्धसहित दुई जना पुरुष र एक जना महिलाको शव भेटिएको हो।

विराटनगरको सिङ्घिया खोलामा मृत फेला परेकी महिलाको पहिचान खुलेको छैन भने कानेपोखरी र ग्रामथानमा मृत भेटिएका दुवै पुरुषको पहिचान खुलिसकेको छ। कानेपोखरी -४, खोरियामा डाँस खोलाले बगाएर ल्याउँदै गरेको अवस्थामा एक जना वृद्ध पुरुषको शव फेला परेको हो। पथरीशनिश्चरे-८ का ७५ वर्षीय लाखबहादुर राईलाई खोलाले बगाउँदै गरेको अवस्थामा स्थानीयले देखेर बाहिर निकालेका थिए। इलाका प्रहरी कार्यालय पथरीका डिएसपी मोहन विक्रम दाहालले सोमबार दिउँसो १ बजेतिर राईलाई स्थानीयले बाहिर निकालेको बताउनुभयो। डिएसपी दाहालले भन्नुभयो, "खोलाबाट बाहिर निकाल्दा राईको मृत्यु भइसकेको थियो।"

प्रहरीका अनुसार कानेपोखरी-४ स्थित छोरीको घरमा आएका राई पाँच दिनदेखि सम्पर्कविहीन हुनुहुन्थ्यो। छोरीको घरबाट खाना खाएर घर फर्किने क्रममा वृद्धलाई डाँस खोलाले बगाएको प्रहरीको प्रारम्भिक अनुमान छ। राईको शवलाई प्रहरीले पोस्टमार्टमका लागि उर्लाबारीको मङ्गलबारेस्थित मदन भण्डारी अस्पताल एवं ट्रमा सेन्टर पठाएको छ।

ग्रामथान गाउँपालिका-६ का ३५ वर्षीय सत्यनारायण भगत घरनजिकैको पैनीमा मृत फेला पर्नुभएको छ। आइतबार घरबाट माछा मार्न निस्किनुभएका भगतको शव खोजी गर्ने क्रममा घरदेखि दुई सय मिटर दक्षिण भेटिएको हो। भगतको शव पानीमा डुबिरहेको अवस्थामा फेला परेको मोरङ प्रहरीका डिएसपी जोशीले बताउनुभयो। भगतको शव पोस्टमार्टमका लागि कोशी अस्पताल विराटनगर पठाएको छ।

यस्तै विराटनगरमा सिङ्घिया खोलाले बगाएर ल्याउँदै गरेको अवस्थामा एक जना महिलाको शव भेटिएको छ। विराटनगर महानगरपालिका-८, हाटखोलामा शव भेटिएकी अन्दाजी ३० वर्षीय जस्तो देखिने महिलाको पहिचान खुलेको छैन।

# जुट खेतीको क्षेत्रफल बढे पनि उत्पादन न्यून



*तस्बिर : हरि कोइराला*

**मोरङको सुनबर्सी-८ मा खाडीमा गाडेको जुटबाट रेसा निकाल्दै कामदार।**

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, असोज १४ गते*

रेसा निकाल्न खाडीमा गाडेको सनपाट धुन नपाउँदा किसानले घाटा बेहोर्नुपर्ने भएको छ। रेसा निकाल्नयोग्य भएका बेला बुधबार साँझदेखि लगातार पानी परेपछि किसानलाई सनपाट खाडीमै कुहिएला कि भन्ने चिन्ता छ। सनपाट खेतीमा आधुनिक प्रविधि नभित्रिँदा किसानले सास्ती खेप्नु परिरहेको हो। मोरङमा पछिल्लो पाँच वर्षयता सनपाट खेती हुने क्षेत्रफल बढे पनि उत्पादन खासै सन्तोषजनक छैन। गत वर्ष मोरङमा थप ११५ हेक्टर क्षेत्रफलमा जुट खेती भयो तर उत्पादन भने २२ मेट्रिक टन मात्र बढ्यो।

मोरङको सुनबर्सी-८, डाइनियाका विश्वेश्वर सिंहले भन्नुभयो, "चाडबाडको मुखमा किसानलाई पैसाको अभाव हुन्छ। जब किसानले कम मूल्यमा बिक्री गर्छन् अनि मूल्य बढाइन्छ। यो वर्ष दसैं अलि अघि आए पनि लगातार पानी परेपछि खाडीबाट निकाल्न नै समस्या भइरहेको छ।" सुनबर्सी-८ कै अर्का किसान मोहम्मद अक्रमले भन्नुभयो, "यो वर्ष अलि ढिलो गरी पानी परेकाले बाली लगाउन पनि ढिलो भयो। अहिले सानो परिमाणमा लगाउनेले सनपाट निकालिसके। धेरै लगाउनेको खाडीमै छ।"

गत वर्ष सनपाटको मूल्य चार हजार आठ सय रुपियाँसम्म पुग्यो। मूल्य आउने आसले दक्षिणी मोरङका किसान सनपाट (जुट) खेतीमा आकर्षित भए। कृषि ज्ञान केन्द्र मोरङका प्रमुख रामदेव सिंहका अनुसार मोरङमा आर्थिक वर्ष २०८०/८१ मा पाँच हजार २२५ हेक्टर जमिनमा जुट खेती भयो। गत वर्ष सात हजार ४३१ मेट्रिक टन जुट उत्पादन भयो। आव २०७९/८० मा पाँच हजार ११० हेक्टरमा खेती भएको थियो भने सात हजार ४०९ मेट्रिक टन जुट उत्पादन भएको थियो। हरेक वर्ष क्षेत्रफल बढे पनि उत्पादन सन्तोषजनक रूपमा बढ्न नसकेको ज्ञान केन्द्रका प्रमुख सिंहको भनाइ छ। तथ्याङ्क अनुसार २०७८/७९ मा पाँच हजार ७० हेक्टर क्षेत्रफलमा जुट खेती भएको थियो।

जुट खेती प्रवर्धन तथा उत्पादन कार्यक्रम अन्तर्गत १० कट्ठाभन्दा बढी क्षेत्रफलमा खेती गर्ने किसानलाई ७५ प्रतिशत अनुदानमा मल, बिउ, सिँचाइ उपकरण उपलब्ध गराएपछि किसान जुटखेतीतर्फ आकर्षित भए तर जुट तुल्याउने प्रविधि परम्परागत भएकाले जुट खेतीमा लगानी धेरै हुने गरेको छ। पुराना जुट उद्योग सञ्चालनमा आउने क्रम बढेसँगै जुटको माग पनि बढेको छ। गत वर्ष किसानले सरकारले खाडी खन्नबाहेक मल र बिउमा अनुदान नदिएको गुनासो गरेपछि सरकारले अनुदानको रकमलाई उपकरण र मल बिउमा बदल्यो। किसान खुसी भए तर मौसमी प्रतिकूलताले यो वर्ष पनि किसानले सन्तोष गर्न भने सकेनन्। सुनबर्सी-८ का वडाध्यक्ष अनवर मियाले भन्नुभयो, "लगातार पानी परेपछि किसानले सनपाट निकाल्न पाएका छैनन्।" सुनबर्सी-८ का सीताराम सहनीका अनुसार दाउराको अभाव छ, त्यसैले किसान पाँच/छ कट्ठामा सुन्डीका लागि जुट खेती गरिरहेका छन्।

प्रविधि र कामदारको अभाव हुँदै जाँदा सनपाटको माग उच्च भए पनि किसानमा खेतीप्रति उत्साह छैन। सुनबर्सी-१ का श्यामकुमार मण्डलले भन्नुभयो, "किसानले बिक्री गरेपछि मूल्य बढ्छ। गत वर्ष ३० मन जुट बिक्री गर्नुभएका मण्डलले भन्नुभयो, "१० कट्ठामा ३५ हजार रुपियाँ खर्चेर खेती लगाएँ। गत वर्ष प्रतिमन तीन हजार छ सय रुपियाँमा बिक्री गर्नु पऱ्यो। २१ दिन भण्डारण गर्न नसक्दा २१ हजार रुपियाँ गुमाउनु पऱ्यो।"

कृषि ज्ञान केन्द्र सम्पर्क कार्यालय विराटनगरका प्रमुख रामदेव सिंहका अनुसार जुट अनुसन्धान कार्यालयले नयाँ प्रविधि भित्र्याए पनि त्यो सफल भएन। पानी जम्ने खाडीमा भन्दा दैनिक पानी हालेर पानीको निकास दिन सकिने खाडीमा कुहाएको जुट राम्रो हुन्छ तर हामीकहाँ सनपाट कुहाउने खाडी परम्परागत रूपमै चलिआएका छन्।

### तमोर कोरिडोर सडक खुल्यो

# रवि-राँके सडक अझै अनिश्चित



**हिले समाचारदाता**
*हिले, असोज १४ गते*

निरन्तरको वर्षाका कारण नावा खोला र छरुवा खोलामा बाढी आएसँगै बिहीबार बिहानैदेखि अवरुद्ध बनेको तमोर कोरिडोर सडकको धनकुटा-पाँचथर भने सञ्चालनमा आएको छ। धनकुटा र पाँचथरलाई सिमाना छुट्याएर बग्ने नावा खोलामा र धनकुटाको चौबिसे गाउँपालिका रहेको छरुवा खोलामा वर्षा रोकिएसँगै बाढी रोकिएपछि सडक सञ्चालनमा आएको हो। बाढी रोकिएपछि एक्साभेटरले डाइभर्सन निर्माण गरी सडक सञ्चालनमा ल्याइएको धनकुटाका प्रहरी उपरीक्षक श्याम सिंह चौधरीले जानकारी दिनुभयो।

सडक सञ्चालनमा आएसँगै बाटैमा अलपत्र परेका सवारीसाधन गन्तव्यतर्फ लागेका छन्। तमोर कोरिडोरमा पर्ने नावा, छरुवा र रगुवा गरी तीन वटा खोलामा पुल बनेका छैनन्। जसले गर्दा बाढी आउँदा यात्रु र सवारीलाई सास्ती हुने गरेको छ। धरान र विराटनगरबाट पाँचथर र ताप्लेजुङ आउजाउ गर्न छोटो दुरी हुने भएकाले यात्रु र सवारीले यो सडक प्रयोग गर्दै आएका छन्।

लगातारको वर्षाका कारण पहिरो जाँदा अवरुद्ध बनेको भेडेटार-रवि-राँके सडक अझै सञ्चालनमा आएको छैन। गत बिहीबारदेखि शनिबारसम्म परेको अविरल वर्षाका कारण पहिरो खसेर सडकमा थुप्रिएपछि सडक अवरुद्ध बनेको हो। चौबिसे गाउँपालिकास्थित सौर्यमा सडकमा ठुलो ढुङ्गा खसेर अवरुद्ध बनेको सडक सञ्चालनको प्रयास भए पनि नसकिएको धनकुटा प्रहरी प्रमुख चौधरीले जानकारी दिनुभयो।

यसअघि साँगुरीगढी गाउँपालिकाको डाँडाबजारमा अवरुद्ध रहेको सो सडक भने सञ्चालनमा रहेको छ। सौर्यमा सडक अवरुद्ध हुँदा चौबिसे गाउँपालिकाका विभिन्न स्थानबाट धनकुटा र तराई क्षेत्रमा जाने सवारीसाधन सञ्चालनमा आउन सकेका छैनन्। भेडेटारदेखि पाँचथरको रविसम्मको १०३ किमी सडक भएर दैनिक दर्जनौँ सवारीसाधन सञ्चालन हुने गरेकामा सडक अवरुद्ध बनेपछि स्थानीयलाई सास्ती बेहोर्नु परेको छ।

## बाढीपहिरोपछि खानेपानी र विद्युत् अवरुद्ध

**फिदिम समाचारदाता**
*फिदिम, असोज १४ गते*

पाँचथरमा बाढीपहिरोपछि विद्युत् र खानेपानी आपूर्ति ठप्प भएको छ। असोज ९ गतेदेखि १२ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढी, पहिरोले क्षति पुऱ्याएसँगै फिदिम बजारमा खानेपानी आपूर्ति ठप्प भएको हो।

अहिले बजारवासी जरुवा पानीको भरमा छन् भने ती जरुवामा पनि थेगिनसक्नु भिड लाग्न थालेको छ। घन्टौं लाइनमा बस्ता पनि पालो नआएपछि दैनिक कामकाजमा समस्या भएको फिदिम-४ की सुषमा राइले बताउनुभयो।

यसै गरी बाढीपहिरोका कारण पाँचथरमा साना ठुला गरी सात वटा जलविद्युत्मा क्षति पुगेको छ। जलविद्युत्मा क्षति पुगेसँगै सिङ्गो जिल्ला अन्धकारमा बस्नुका साथै सञ्चार सेवा पनि अवरुद्ध भएको छ।

क्षति भएका जलविद्युत् खोरुङ्गा खोला, विके पावर कम्पनी, पाँचथर पावर कम्पनी, माउन्टेन र मुवा खोलामा क्षति पुगेको खोरुङ्गा खोलाका साइट इन्चार्ज हरि पौडेलले जानकारी दिनुभयो।

नेपाल विद्युत् प्राधिकरणका अनुसार पाडाजुङ्गी गोदक इलाम हुँदै पाँचथर अमरपुरसम्म जोड्ने १३२ केभी प्रसारण लाइनको इलाम जिल्ला महमाईस्थित रहेको ५१ नम्बरको टावरमा क्षति पुगेकाले सिङ्गो पाँचथरमा विद्युत् ठप्प छ।

जलविद्युत्मा क्षति पुगेसँगै दैनिक जनजीवन प्रभावित भएको छ। फिदिम र फाल्गुनन्द गाउँपालिका केन्द्रसहित अधिकांस स्थानमा लगिएको खानेपानी मुहान बगेका कारण पानीको हाहाकार भएको हो। फिदिममा वितरित खानेपानी दर्जनभन्दा धेरै ठाउँमा भत्किएकाले निर्माण कार्य थालिएको उपभोक्ता समिति अध्यक्ष प्रकाश गुरुङले बताउनुभयो।

## वराहक्षेत्र मन्दिर जाने सडक अवरुद्ध

**वराहक्षेत्र समाचारदाता**
*वराहक्षेत्र, असोज १४ गते*

वराहक्षेत्र मन्दिर जाने सडकमा शनिबार बिहान पहिरो गएपछि बाटो अवरुद्ध भएको छ। १७ नम्बर भिर र धनसेर खोला क्षेत्रमा पहिरो गएपछि बाटो अवरुद्ध भएको हो।

वराहक्षेत्र नगरको वडा नम्बर १ मा रहेको १७ नम्बर भिर र धनसेर खोला क्षेत्रमा पहिरो खसेर सडक अवरुद्ध भएको वराहक्षेत्र नगरपालिकाले जनाएको छ। चतरा वराहक्षेत्र मन्दिर जाने सडकसमेत चिरा परेर हिँड्नै नहुने अवस्थाम पुगेको स्थानीयले बताएका छन्। शनिबार बिहानबाटै मन्दिर जाने सडक अवरुद्ध भएको छ। पहिरोले बाटो अवरुद्ध भएपछि वराहक्षेत्र मन्दिरमा वराह भगवान्को दर्शन र पूजाअर्चना गर्न आउने भक्तजन बाटैबाट फर्कने गरेका छन्।

## साकेला पुस्तकालय उद्घाटन

**धरान समाचारदाता**
*धरान, असोज १४ गते*

साकेला सांस्कृतिक पार्क धरानमा साकेला पुस्तकालय तथा अध्ययन अनुसन्धान केन्द्रको उद्घाटन गरिएको छ। धरान-१७, साकेला पार्कमा कार्यक्रमको प्रमुख अतिथि धरान उपमहानगरपालिकाका नगरप्रमुख हर्क राज राई र विशेष अतिथि पूर्वनगरप्रमुख तिलक राईले उद्घाटन गर्नुभएको हो।

विश्वव्यापी टेक्नोलोजीको बृहत् विकासले हाम्रो संस्कृति लोप हुने खतरा रहेकाले हाम्रो भाषा लिपिलाई कसरी जोगाउने भन्ने प्रश्न हामी सबैमा रहेको नगरप्रमुख राईले बताउनुभयो। आफ्नो वेषभूषा, भाषा संस्कृतिको जगेर्ना हामी आफैँले नै गर्नुपर्ने जिम्मेवारी रहेकाले धरान-१६ मा विभिन्न भाषा संस्कृतिको संरक्षण गर्न गोलो सिसाको घर निर्माण भइरहेका समेत उहाँले जानकारी दिनुभयो। त्यसभित्र सबै जाति, भाषा, संस्कृतिको कक्षा सञ्चालन हुने र त्यसका लागि धरान उपमहानगरले गर्ने उहाँले बताउनुभयो।

पूर्वनगरप्रमुख राईले भन्नुभयो, "आज हामीले जुन संस्कार, संस्कृति जगेर्ना गरिरहेका छौँ। त्यो सबै अग्रजहरूको महत्त्वपूर्ण योगदान रहेको छ।" उहाँले अहिलेको साकेला सांस्कृति पार्क रहेको जग्गा तत्कालीन धरानका नगरप्रमुख स्व. ध्यानबहादुर राईको पहलमा ३० वर्ष पहिला प्राप्त भएको र उहाँको योगदानको सधैँ कदर गर्नुपर्ने बताउनुभयो।

यस पुस्तकालयको निर्माण किराँत राई यायोक्खा सुनसरीका अध्यक्ष राजेन्द्र राईको परिकल्पना र पहलमा कार्यसमिति, नगर कार्यसमिति र विभिन्न वडा कार्यसमितिको श्रमदानबाट भएको हो। कार्यक्रममा दाताहरूले किराँत संस्कृति झल्काउने दुई तले भवन किराँत राई यायोक्खा सुनसरीलाई हस्तान्तर गरेको छ।

# हिलेमा पर्यटकीय गतिविधि न्यून



*तस्बिर : कविराज घिमिरे*

**पर्यटकीय नगरी हिले बजार।**

**हिले समाचारदाता**
*हिले, असोज १४ गते*

करिब दुई दशकअघिसम्म पूर्वको पर्यटकीय नगरी धनकुटाको हिले बजारमा आन्तरिक मात्रै नभई बाह्य पर्यटकको राम्रै चाहलपहल हुने गरेको थियो। हिलेभन्दा माथिल्लो क्षेत्रको पर्यटकीय स्थल जान केही दिन हिलेमा बास बस्थे। वरिपरिका डाँडाकाँडाबाट देखिने विभिन्न हिम शृङ्खला हेरेर रमाउँथे। हिले बास बसेरै पाख्रीबासलगायत नजिकैका पर्यटकीय स्थल घुम्न जान्थे तर माओवादी जनयुद्धसँगै सो क्रम घट्दै गएर अहिले प्रायः शून्य छ। अहिले भारतीयबाहेकका विदेशी पर्यटक देखिँदैनन्। अहिले हिले तीनजुरेलगातयका पर्यटकीय स्थल जाने पर्यटक एक छिन रोकिने माथिल्लो क्षेत्रमा होटेल तथा लज नपाएमा मात्र हिलेमा आएर बास बस्ने गरेको पर्यटन तथा पूर्वाधार विकास संस्था हिलेका अध्यक्ष खगेन्द्र विष्ट बताउनुहुन्छ। हिलेमा पहिले पर्यटकको जुन चाप हुन्थ्यो अहिले त्यो निक्कै कम भएको उहाँको भनाइ छ। हिलेमा थप पर्यटन विकास तथा पूर्वाधारको काम गर्न नसक्दा यो अवस्था आएको उहाँको दाबी छ।

उहाँ भन्नुहुन्छ, "नेपाली तथा विदेशी पर्यटक हिले आउँथे। दुई/तीन दिन त्यहीँ बस्थे। त्यहीँबाट पूर्वी पहाडका विभिन्न पर्यटकीय स्थलसहित मकालु तथा कन्चनजङ्घा हिमालको आधार शिविरसम्म पुग्थे तर अहिले त्यही हिले पर्यटकका लागि अन्य पर्यटकीय स्थलमा भर पर्नुपर्ने अवस्थामा पुगेको हो।"

करिब १९५० मिटरको उचाइमा रहेको धनकुटा नगरपालिका वडा नम्बर १ मा पर्ने हिले बजारमा पर्यटकीय सम्भावना भने अहिले पनि उत्तिकै रहेको हिलेका होटेल व्यवसायी श्रीराम रायमाझी बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "गर्मीमा तथा टिएमजे क्षेत्रमा गुराँस फुल्दा र माथिल्लो क्षेत्रमा हिउँ पर्दा मात्र पर्यटक आउने गरेका छन्। अरूबेला होटेल रुँघेरै मात्र बस्नुपर्ने अवस्था रहको छ।" हिलेको पर्यटकीय सम्भावनाका बारेमा बुझाउन, देखाउन तथा नयाँ सिर्जनात्मक काम गर्न नसक्दा यो अवस्था आएको उहाँको भनाइ छ।

शीतल मौसम, विभिन्न डाँडा, हिमालको मनोरम दृष्य, नजिकै रहेको चियाबारी हिलेका आकर्षण रहेको होटेल व्यवसायी लालचन्द्र गोङ्वा बताउनुहुन्छ। यी पर्यटकीय स्थलसम्म पुग्ने पूर्वाधार अभाव तथा प्रचारप्रसार हुन नसक्दा अहिले हिले पर्यटकको रोजाइमा पर्न छाडेको व्यवसायीको गुनासो छ। त्यसो त हिले अन्य विभिन्न पर्यटकीय स्थलको बिच भागमा छ।

केही दिनको हिले बसाइमा योजनाबद्ध रूपमा तीनजुरे, वसन्तपुर, पाख्रीबास, छिन्ताङदेवी मन्दिर, उत्तरपानी तथा हिले आसपासका जौटार, थामडाँडा, बक्रकुण्ड मन्दिर त्रिसुले, गुराँसे, लुङधाङ गुफा आदि घुम्न सकिन्छ तर हिलेले आफ्नो पर्यटन विकासका लागि यस्ता प्याकेजसमेत अघि सार्न नसकेको पर्यटन तथा कृषि अभियन्ता जीवन राई बताउनुहुन्छ। राई भन्नुहुन्छ, "हिले पूर्वका महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो। यहाँ धेरै कुरा छन् हेर्नका लागि त्यस्तै हिले बास बसेर धेरै पर्यटकीय क्षेत्र घुम्न सकिन्छ तर हिलेले त्यो कुरा देखाउन सकेन।" यस्ता कुरालाई हिलेका होटेल तथा पर्यटन व्यवसायीले प्याकेजका रूपमा बेच्न सक्नुपर्ने राईको भनाइ छ।


## रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१५ गते**

यस प्राधिकरणबाट अनुमतिपत्र प्राप्त देहाय बमोजिमका सेवा प्रदायकहरूले आ.व. २०७९।८० को अडिटेड वित्तीय विवरण र सो विवरण अनुसार बुझाउनुपर्ने कुल आम्दानीको ४ प्रतिशतले हुने रोयल्टी बापतको रकम र २ प्रतिशतले हुने ग्रामीण दूरसञ्चार विकास कोष बापतको रकम मिति २०८० पौष मसान्तभित्र बुझाउन यसअघि नै पत्राचार गरिएकोमा हालसम्म दाखिला नगरेको हुँदा मिति २०८१ असोज मसान्तभित्र नियमानुसार लाग्ने थप दस्तुर सहित रोयल्टी बापतको रकम श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको राजस्व खातामा र ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) बापतको रकम यस प्राधिकरणको खातामा दाखिला गर्न अनुरोध गरिन्छ। साथै श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा दाखिला गरेको रोयल्टी रकमको भौचर र यस प्राधिकरणको खातामा दाखिला गरेको RTDF रकमको भौचर र अडिटेड वित्तीय विवरण सहित यस प्राधिकरणमा अनिवार्य रूपमा दर्ता गरी जानकारी गराउनुहुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ।

**वित्तीय विवरण, RTDF रकम तथा रोयल्टी नबुझाएको सेवा प्रदायकहरूको विवरण**

| | | | |
|---|---|---|---|
| १ | बेनी कम्युनिकेशन्स प्रा.लि. | २१ | मेटा लिंक प्रा.लि. |
| २ | बिग मर्स्याङ्दी नेट प्रा.लि. | २२ | मेट्रोलिंक बिजनेस ग्रुप प्रा.लि. |
| ३ | ब्रोडब्यान्ड सोलुशन्स प्रा.लि. | २३ | नेपाल नेट सञ्चार |
| ४ | सि. डाटा कम्युनिकेशन प्रा.लि. | २४ | नेपाल वायरलेस |
| ५ | चेरी वर्ल्ड कम्युनिकेशन प्रा.लि. | २५ | नेपालिंक कम्युनिकेशन प्रा.लि. |
| ६ | डिभाइन स्ट्रिम नेटवर्क प्रा.लि. | २६ | नेट म्याक्स टेक्नोलोजिज प्रा.लि. |
| ७ | डल्फिन नेट कम्युनिकेशन प्रा.लि. | २७ | पी.डी.एस. सर्भर नेटवर्क प्रा.लि. |
| ८ | ई-लिंक नेट प्रा.लि. | २८ | पाल्स नेटवर्क प्रा.लि. |
| ९ | एभरेस्ट लिंक प्रा.लि. | २९ | प्राइम नेटवर्क प्रा.लि. |
| १० | फास्ट स्पीड लिंक नेटवर्क प्रा.लि. | ३० | ऱ्यापिड युनिक नेटवर्क प्रा.लि. |
| ११ | जी.आर.एस. लिंक इन्टरनेट सर्भिस प्रा.लि. | ३१ | रेग्मी मिडिया इन्क. प्रा.लि. |
| १२ | गण्डकी कम्युनिकेशन प्रा.लि. | ३२ | सारथी कम्युनिकेशन्स नेटवर्क प्रा.लि. |
| १३ | गोरेटो कम्युनिकेशन प्रा.लि. | ३३ | शाङ्ग्रिला इन्फर्मेटिक्स प्रा.लि. |
| १४ | हक नेट प्रा.लि. | ३४ | स्मार्टलिंक टेलिकम्युनिकेशन्स प्रा.लि. |
| १५ | आइ. जोन प्रा.लि. | ३५ | टेलनेट इन्टरनेट प्रा.लि. |
| १६ | कालिका नेट प्रा.लि. | ३६ | अल्ट्रानेट कम्युनिकेशन प्रा.लि. |
| १७ | खप्तड नेट प्रा.लि. | ३७ | युनिफाइड कम्युनिकेशन प्रा.लि. |
| १८ | कृति दर्शन मिडिया प्रा.लि. | ३८ | युनाइट नेटवर्क्स प्रा.लि. |
| १९ | क्षिरेश्वर नेटवर्क प्रा.लि. | ३९ | युनाइटेड टेलिकम लिमिटेड |
| २० | लुप नेटवर्क्स प्रा.लि. | ४० | भर्चुअल नेटवर्क प्रा.लि. |

**नियमानुसार RTDF रकम तथा रोयल्टी नबुझाएको सेवा प्रदायकहरूको विवरण**

| | | | |
|---|---|---|---|
| १ | एयरसन इन्टरनेट प्रा.लि. | १२ | वर्ल्ड लिंक कम्युनिकेशन्स लिमिटेड |
| २ | एलिशा कम्युनिकेशन लिंक प्रा.लि. | १३ | जिशान नेटवर्क प्रा.लि. |
| ३ | एरोनेट प्रा.लि. | १४ | ब्रोड लिंक नेटवर्क एण्ड कम्युनिकेशन लिमिटेड |
| ४ | कम्युनिकेशन्स एण्ड कम्युनिकेट नेपाल प्रा.लि. | १५ | क्लासिक टेक प्रा.लि. |
| ५ | फस्टलिंक कम्युनिकेशन्स प्रा.लि. | १६ | एभरेस्ट वायरलेस नेटवर्क प्रा.लि. |
| ६ | कनेक्ट नेपाल नेटवर्क्स प्रा.लि. | १७ | लाइफ नेट प्रा.लि. |
| ७ | मर्कन्टाइल कम्युनिकेशन्स प्रा.लि. | १८ | नियो लिंक प्रा.लि. |
| ८ | पोखरा इन्टरनेट प्रा.लि. | १९ | स्विफ्ट नेटवर्क्स एण्ड कम्युनिकेशन प्रा.लि. |
| ९ | सुबिसु केबलनेट लिमिटेड | २० | टेकमाइन्ड्स नेटवर्क प्रा.लि. |
| १० | भायानेट कम्युनिकेशन्स लिमिटेड | २१ | वेब सर्फर नेपाल कम्युनिकेशन्स सिष्टम प्रा.लि. |
| ११ | वाइफाइ टेक नेपाल प्रा.लि. | | |

**नेपाल दूरसञ्चार प्राधिकरण**
अनुमतिपत्र व्यवस्थापन शाखा
जमल, काठमाडौँ।
फोन नं. ९७७-०१-५३५५४७४,
Email: ntra@nta.gov.np, URL: www.nta.gov.np

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १६०५०० ▼ |
| चाँदी | : | १९४० ▼ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २५०८.८६ (+४४.४५) ▲ |
| कारोबार रकम | : | ३,७९५,३५९,९३५ ▼ |
| कारोबार भएका सेयर | : | ९,७९७,९५९ |
| कारोबार सङ्ख्या | : | ५०,६८० |
| कारोबार भएका कम्पनी | : | ३१९ |

ऊर्जा विकासको एकीकृत योजना

## १५ वर्षमा चाहिन्छ ८२ खर्ब ५४ अर्ब

**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, असोज १४ गते*

नेपालमा ऊर्जा क्षेत्रको एकीकृत र समयसापेक्ष विकासका लागि आगामी सन् २०४० सम्मका लागि सो क्षेत्रमा करिब ८२ खर्ब ५४ अर्ब रुपियाँ लगानी गर्नुपर्ने एक प्रतिवेदनले औँल्याएको छ। जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले दुई वर्ष लगाएर तयार पारेको एकीकृत ऊर्जा विकास योजनामा यस्तो औँल्याइएको छ।



ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बुझाइएको यो योजनाले विद्युत् उत्पादन, प्रसारण लाइन निर्माण, सौर्य ऊर्जा उत्पादनदेखि नीतिगत व्यवस्थापनमा यस्तो खर्च गर्न आवश्यक हुने देखाएको हो। सरकारले सन् २०३५ सम्मलाई लक्षित गुरुयोजना निर्माण गरेको र सो गुरुयोजना कार्यन्वयनलाई सहज र वास्तविक बनाउने गरी यो योजना तयार गरिएको जाइकाले जनाएको छ। सो योजनाले सो निर्धारित लक्ष्य प्राप्तिका लागि निर्धारण गर्नुपर्ने प्राथमिकताका जलविद्युत् आयोजना, प्रसारणलाइनलगायतका संरचना निर्माणका योजना सुझाइएको छ।

योजनामा सन् २०४० सम्ममा मुलुकभित्र प्रतिव्यक्ति ऊर्जा खपत पाँच गुणाभन्दा धेरै वृद्धि भएर वार्षिक एक हजार ७७९ युनिट पुग्ने आकलन गरेको छ। जुन समयमा विश्वमा प्रतिव्यक्ति औसत ऊर्जा खपत तीन हजार २६५ पुगेको हुने छ।

एकीकृत योजनाले विद्युत् विधेयक तत्काल आउनुपर्ने तथा ड्याम सेप्टी गाइडलाइन अत्यावश्यक रहेको पनि औँल्याएको छ। ऊर्जा विकासमा अन्तरनिकाय समन्वयमा रहेका समस्या समाधान गर्न संयन्त्र निर्माण तथा संस्थागत सुशासनमा पनि यसले जोड दिएको छ। सन् २०४० सम्मका लागि ऊर्जाको आन्तरिक आवश्यकता निर्यात प्रयोजनसमेतका लागि सो लगानी बाट ३६ हजार ३२७ मेगावाट जडित क्षमता पुराउने लक्ष्य छ।

सन् २०४० सम्ममा नेपालमा हुने विद्युत् खपत तथा मागको अवस्था, सौर्य तथा जलविद्युत् आयोजना विकास र विद्युत् व्यापारका आयामलाई मुख्य रूपमा विश्लेषण गर्दै यो योजना तयार पारिएको जाइकाले जनाएको छ।

डेढ दशकका लागि तयार पारिएको सो योजनाले ऊर्जाको एकीकृत विकासलाई तीन आवधिक चरणमा कार्यान्यिवन गर्नुपर्ने सुझाएको छ। जस अनुसार सन् २०३५ सम्ममा २८ हजार २१५ मेगावाट विद्युत् उत्पादन हुने छ। योजनाले आकलन गरे अनुसार ऊर्जा समिश्रणमा सन् २०४० सम्ममा सौर्य ऊर्जाको हिस्सा ११ प्रतिशत (४१० मेगावाट) जलाशययुक्त आयोजनाको हिस्सा २६ प्रतिशत (एक हजार ४२० मेगावाट) र जलप्रवाही आयोजनाको हिस्सा ३३ प्रतिशत (११ हजार ८३२ मेगावाट) अर्धजलाशयको ३० प्रतिशत (१० हजार ९३० मेगावाट) रहने छ।

आयोजना विकासतर्फ हाल निर्माणाधीन तथा लाइसेन्स लिएका तथा अन्य गरी २७ जलविद्यत् आयोजनालाई विशेष प्राथमिकता दिनुपर्ने योजनामा उल्लेख छ।

जाइकाले तयार पारेर सरकारलाई बुझाएको सो योजना अनुसार विद्युत् आपूर्ति सञ्जाल व्यवस्थित र भरपर्दो बनाउने गरी सन् २०४० सम्म २३ हजार ८१७ किलोमिटर प्रसारणलाइन पनि तयार भएको हुनुपर्ने छ।

योजनाले दुधकोशी, बुढीगण्डकी, नलगाड नौमुरे जलदुल्ला जस्ता आयोजना निर्माणलाई उच्च प्राथमिकतामा राख्न भनेको छ। त्यस्तै इनरुवा–पूर्णिया दोधारा चाँदनी जस्ता अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माण पनि यसका लागि अत्यावश्यक पूर्वाधार मानिएको छ। योजनाले भारतमा १० हजार मेगावाट निर्यात गर्ने र बाँकी पाँच हजार चीन तथा बङ्गलादेशमा निर्यात गर्ने रणनीति बनाएको छ।

## बङ्गलादेशमा विद्युत् निर्यात गर्न बिहीबार सम्झौता हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

बङ्गलादेश विद्युत् निर्यातलाई अन्तिम टुङ्गोमा पुर्‍याउने उद्देश्यसहित मङ्गलबारदेखि नेपाल बङ्गलादेश दुई देशीय संयन्त्रको बैठक आजदेखि राजधानीमा सुरु हुँदै छ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतका अनुसार मङ्गलबार र बुधबार दुई देशका ऊर्जा सहसचिवस्तरीय संयुक्त कार्यदलको बैठक बस्ने छ।

बिहीबार भने सचिवस्तरीय संयुक्त निर्देशन समितिको बैठक बस्ने चटौतले जानकारी दिनुभयो।

आपसी सहकार्य र सम्बन्ध विस्तारका लागि नियमित बस्दै आएको यो बैठकका अवसरमा यस पटक नेपालको विद्युत् बङ्गलादेश निर्यात गर्न नेपाल–भारत र बङ्गलादेशका सम्बन्धित निकायका अधिकारीबिच त्रिपक्षीय सम्झौता गर्ने तयारी रहेको उहाँले जानकारी दिनुभयो।

बिहीबार नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभपलमेन्ट बोर्ड (बिपिडिबी) तथा भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन) बिच त्रिपक्षीय ऊर्जा बिक्री सम्झौता हुने छ।

नेपालले विद्युत् बिक्री गर्ने, भारतको प्रसारण लाइन हुँदै लैजानुपर्ने र बङ्गलादेशले त्यो खरिद गर्ने भएकाले तीन देशका निकायबिच त्रिपक्षीय सम्झौता हुन लागेको हो।

सम्झौतामा विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, बिपिडिबीका अध्यक्ष मोहम्मद रेजुल करिम तथा एनभिभएनका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रेनु नारङ्गले हस्ताक्षर गर्ने तय भएको उहाँले जानकारी दिनुभयो।

## पनौती जलविद्युत् केन्द्रको उत्पादन बन्द



*तस्बिर सौजन्य : सविना उप्रेती*

**शनिबार बिहान पहिरोसँगै आएको लेदो र पानी थुप्रिएको पनौती जलविद्युत् केन्द्र।**

**बनेपा समाचारदाता**
*बनेपा, असोज १४ गते*

अविरल वर्षासँगै आएको पहिरोका कारण नेपालको तेस्रो पुरानो जलविद्युत् आयोजना 'पनौती जलविद्युत् केन्द्र' को उत्पादन रोकिएको छ।

केन्द्रको पावरहाउस पहिरोका कारण शनिबार बिहान २ बजेदखि विद्युत् उत्पादन बन्द भएको हो।

पनौती जलविद्युत् केन्द्रका प्रमुख सविना उप्रेतीले पहिरोसँगै आएको लेदो र पानीलगायतका सामग्रीले पावरहाउसभित्र रहेका उपकरण डुबेको जानकारी दिनुभयो।

उहाँले पावरहाउसभित्र रहेका तीन वटा टर्वाइन, प्यानल सर्किट, ब्रेकर प्यानल, एभिएस प्रणालीलगायतको उपकरण डुबेको बताउनुभयो। "अहिले हामी पावर हाउसभित्र रहेका मेसिन तथा उपकरण थप बिग्रन नदिन पानी तथा लेदो सफा गर्ने काम गरिरहेका छौँ," केन्द्रका प्रमुख उप्रेतीले भन्नुभयो।

पावरहाउसका साथै बाँधबाट पावरहाउससम्म पानी ल्याउनका लागि बनाइएको क्यानल (कुलो) को विभिन्न स्थानमा समेत पहिरोका कारण क्षति पुगेको उहाँले बताउनुभयो।

उहाँले बाढीले बाँधमा कुनै क्षति नगरेको जानकारी पाए पनि त्यहाँको स्थलगत अवलोकन गरेपछि मात्रै क्षतिको विस्तृत विवरण आउने बताउनुभयो।

उहाँले पावरहाउसको काम सकेपछि अन्य क्षतिको विवरण सङ्कलन गरी विद्युत् उत्पादनलगायतको काम गरिने बताउनुभयो। हाल केन्द्रबाट तीन वटा टर्वाइनमध्ये दुई वटा टर्वाइनबाट १.४ मेगावाट विद्युत् हुँदै आएको थियो।

नेपालको तेस्रो जलविद्युत् आयोजनाका रूपमा रहेको पनैती जलविद्युत् केन्द्र तत्कालीन सोभियत सङ्घको सहयोगमा २७ करोड रुपियाँको लागतमा निर्माण गरिएको थियो।

२.४ मेगावाट क्षमताको जलविद्युत् केन्द्रको विसं २०२२ साल असार ३१ गते तत्कालीन राजा महेन्द्रले उद्घाटन गर्नुभएको थियो।

## विरोधमा उत्रिए निगमका क्याबिन क्रु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

नेपाल वायुसेवा निगममा अन्याय र विभेद भएको भन्दै सोमबार कर्मचारीले निगम परिसरमा व्यवस्थापनविरुद्ध साङ्केतिक विरोध प्रदर्शन गरेका छन्। उनीहरूले निगम व्यवस्थापनले सर्वोच्च अदालतको अन्तरिम आदेशसमेत नमानेको र आफूहरू प्रति प्रतिशोध साँधेको आरोप लगाएका छन्।

करिब ५० कर्मचारीले सोमबार बिहान कार्यकारी अध्यक्ष युवराज अधिकारी प्रवेश गर्ने बेलामा हातमा कालोपट्टी बाँधी प्रदर्शन गरेका थिए। सर्वोच्च अदालतले केही महिनाअघि कर्मचारीबिच सेवा, सुविधा र सेवा अवधिमा भेदभाव नगर्न निगमका नाममा अन्तरिम आदेश जारी गरेको थियो। सर्वोच्चको आदेशको अवहेलना गर्दै क्याबिन क्रुलाई अवकाश दिन लागिएको, सेवासुविधामा भेदभाव भएको भन्दै उनीहरू असन्तुष्ट रहँदै आएका थिए।

निगमभित्रका १७२ जना क्याबिन क्रु (एयरहोस्टेज) अन्यायमा परेको भन्दै केही महिनाअघि उनीहरू सर्वोच्चमा पुगेका थिए। सर्वोच्चले कर्मचारीमाथि विभेद रोक्न, मुद्दा हालेकै कारणले पूर्वाग्रह नराखी काम गर्न अन्तरिम आदेश दिएको थियो। कर्मचारीले पर्यटनमन्त्री बद्री पाण्डेलाई समेत भेटी भेदभाव रोक्नका लागि आवश्यक पहल गर्न ज्ञापनपत्र बुझाएका थिए। सर्वोच्चमा समेत यो विषयमा मुद्दा विचाराधीन रहेकै अवस्थामा कार्यकारी अध्यक्ष अधिकारीले पूर्वाग्रहपूर्ण ढङ्गले कारबाही थालेको उनीहरूको आरोप छ।

## अनुगमन प्रभावकारी बनाउन निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

- विपत्जन्य अवस्थाको फाइदा उठाउँदै चाडपर्वको मुखमा महँगी, कालोबजारी र कृत्रिम अभाव गराइन सक्नेतर्फ सचेत हुन पनि मातहतका निकायलाई निर्देशन

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रभावकारी रूपमा बजार अनुगमन गर्न निर्देशन दिनुभएको छ। विपत्जन्य अवस्थाको फाइदा उठाउँदै चाडपर्वको मुखमा महँगी, कालोबजारी र कृत्रिम अभाव सिर्जना हुन सक्नेतर्फ सचेत हुन पनि उहाँले मातहतका निकायलाई निर्देशन दिनुभएको हो।

मन्त्रालय अन्तर्गतका निकायका प्रमुखसँग छलफल गर्दै उहाँले चाडपर्वका बेला बजारमा हुन सक्ने मूल्यवृद्धि, ठगी नियन्त्रण गर्न निर्देशन दिनुभएको हो।

सो क्रममा यहाँलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेललाई विपत्को फाइदा उठाउँदै बजारमा हुने ठगी नियन्त्रणमा निर्मम भएर देशव्यापी रूपमा अनुगमन गर्न निर्देशन दिनुभयो।

"बजारबाट विभिन्न माध्यमबाट दिनहुँ महँगी, कालोबजारी र कृत्रिम अभावसम्बन्धी जानकारी प्राप्त भइरहन्छ," उहाँले भन्नुभयो, "विभागले देशभरका मातहतका निकायलाई सक्रिय बनाएर अनुगमनलाई तीव्रता दिनु पर्छ," मन्त्री भण्डारीले भन्नुभयो।

वाणिज्य मन्त्रालयमातहतका व्यापारिक संस्थालाई उपभोक्तामुखी भएर अत्यावश्यक दैनिक उपभोग्य सामानको मौज्दात बढाउन पनि मन्त्री भण्डारीले निर्देशन दिनुभयो।

"उपभोक्ताले सर्वसुलभ रूपमा अत्यावश्यक दैनिक उपभोग्य वस्तु पाउनु पर्‍यो, सुपथ मूल्य पसल व्यवस्थित बनाउनुहोला," उहाँले भन्नुभयो, "न्यूनतम मौज्दात कायम जुनसुकै हालतमा पनि हुनु पर्छ, मन्त्रालयले के सहयोग गर्नु पर्छ जानकारी गराउनुहोस्।" साथै मन्त्री भण्डारीले नेपाल आयल निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टलाई एलपी ग्यासको आवश्यक मौज्दात बढाउन पनि निर्देशन दिनुभयो। मन्त्रालयबाट अनुगमनका लागि विभागलाई गर्नुपर्ने सहयोगमा कमी नहुने मन्त्री भण्डारीले प्रतिबद्धता व्यक्त गर्नुभयो। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्य र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठलाई चाडपर्वलक्षित सञ्चालनमा ल्याइएका सुपथ मूल्य पसललाई सर्वसुलभ बनाउन पनि उहाँले निर्देशन दिनुभयो।

**'सङ्घले प्रचारबाजी गर्‍यो'**

होटेल सङ्घ नेपालले निराधार रूपमा आफूखुसी कुनै सम्झौता नै नगरेको विषयमा प्रचारबाजी गरेकामा मन्त्री भण्डारीको सचिवालयले आपत्ति पनि जनाएको छ। "होटेल सङ्घसँग अनुगमन नगर्ने कुनै सहमति भएको छैन," मन्त्री भण्डारीका स्वकीय सचिव आनन्द भट्टले भन्नुभयो, "बरु केही होटेलले अधिकतम खुद्रा मूल्यभन्दा बढीमा अत्यावश्यक वस्तुको बेचबिखन गरिरहेका सूचना प्राप्त भएका छन्। मन्त्रीज्यूले अनुगमनलाई कडाइ गर्न निर्देशन गरिसक्नुभएको छ।"

## फलेन अनुदानको धानको बिउ

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, असोज १४ गते*

नगरपालिकाले ५० प्रतिशत अनुदानमा दिएको उन्नत जातको 'साँवा मन्सुली सव १' मा धानमा फल नलागेपछि खेती थन्काउने बेलामा किसान मारमा परेका छन्।



भिरकोट नगरपालिका–७ को बलमाटा, मजुवा र झापाकोटको फाँटमा लगाइएको धानमा फल नलागेपछि किसान मारमा परेका हुन्। पुरानो र परम्परागत धानको बिउ लगाइरहेका किसानले नगरपालिकाले अनुदानमा उन्नत जातको 'साँवा मन्सुली सव १' बिउ दिएपछि किसानले हौसिएर लगाएका थिए।

यहाँका कृषक शालिकराम अर्याल, खडानन्द अर्याल, शिवप्रसाद रेग्मी, नारायण अर्याल, मुक्ति अर्याल, चुडामणि अर्याललगायतले चार सय किलोभन्दा बढी अनुदानमा दिएको उन्नत जातको बिउ लगाउनुभएको थियो।

कृषक श्यामप्रसाद अर्यालले खेतमा लगाएको धान फुलेर बाला हाल्दै गर्दा धान डढेर बोटसमेत मर्दै गएको र यो रोग फाँटमा फैलिएको बताउनुभयो। यहाँ ३२ रुपियाँ ५० पैसामा प्रतिकिलो धानको बिउ अनुदानमा खरिद गरी खेतमा लगाइएको हो।

आफूहरूले यसअघि हाइब्रिड जातको धानसमेत प्रयोग गर्ने गरेको तर नगरपालिकाले स्थानीयस्तरमै उत्पादन गरिएको उन्नत जातको 'साँवा मन्सुली सव १' धान लगाउन भनेपछि लगाएको अर्यालले बताउनुभयो। यो धान लगाउँदा थन्काउने बेलामा रित्तो हुनुपरेको बताउँदै अर्यालले नगरपालिकाले उचित क्षतिपूर्ति नदिए आफूहरू आन्दोलनमा जाने बताउनुभयो। धानमा फल नलाग्ने, गभारो किरा लागेर फुलेको फूल समेत नष्ट हुने, धानको बोटसमेत डढेर मर्दै जाने जस्ता समस्या देखिएपछि किसानले कृषि प्राविधिकलाई खेतमै बोलाएका थिए।

भिरकोट नगरपालिका कृषि शाखामा कार्यरत कृषि प्राविधिक मदन केसीले खेतमा लगाइएको धान बालीमा रोग देखिएको र सोको परीक्षण तथा उपचारका लागि आफूले धानको बाला र बोटसहित माटोसमेत कृषि प्रयोगशाला पोखरामा पठाएको बताउनुभयो।

**Invitation for Bids**

**Government of Nepal (GoN)**
**Ministry of Communication and Information Technology**
**Invitation for Electronic Bids for the Supply and Delivery of Stationary, Toner and Miscellaneous Goods**
**IFB No. : MoCIT/G/NCB/PG/2081-82/01**
**Contract Identification No: MoCIT/G/NCB/PG/2081-82/01**
**Date of publication : 2081/06/15**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement of Stationary and Miscellaneous Goods (IFB No: MoCIT/G/NCB/PG/2081-82/01). Bidding is open to all eligible Nepalese bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ministry of Communication and Information Technology Singhdurbar Kathmandu Bagmati Province Nepal or may visit PPMO egp system website **www.bolpatra.gov.np/egp**.
3. Bidding documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document (non refundable NRs 3,000/-) in the following bank.
   **Name of the Bank :** Everest Bank Ltd.
   **Name of Office :** Ministry of Communication and Information Technology
   **Office Code no. :** 358003501 **Office Account no.:** 00100106200000
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Pre-bid meeting shall be held at :Ministry of Communication and Information Technology Singhdurbar Kathmandu Bagmati Province Nepal at 2081/07/13 15:05
5. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of Ministry of Communication and Information Technology Singhdurbar Kathmandu Bagmati Province Nepal through PPMO website **www.bolpatra.gov.np**. on or before 2081/07/21 12:00.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/07/21 14:00 hours at the office of Ministry of Communication and Information Technology Singhdurbar Kathmandu Bagmati Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 97,000.00 NRs which shall be valid for 30 days beyond the validity period of the bid. i.e. 2081/11/21.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. If bidder wishes to submit the cash Security, the cash should be deposited in following
   **Name of the Bank** : Rastriya Banijya Bank, Singhadurbar
   **Account No.** : 1960100102030000 Dharauti Ka-2.3
   **Name of Office** : District Treasury Controller office, Payment Center 4, Singha Durbar, Nepal
   **Name of Deposit Office** : Ministry of Communication and Information Technology, Singha Durbar, Nepal
   **Office Code** : 358003501
9. The bidders shall submit their modification or withdrawal in accordance to prevailing Nepal Laws.
10. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
11. Pre-bid meeting shall be held at Ministry of Communication and Information Technology (MoCIT), Singha Durbar, Nepal at **2081/07/13, 15.05 PM.**
12. Matters not covered by this notice shall be in accordance with Public procurement Act-2063, Public Procurement Regulations-2064 and prevailing Nepal laws.
13. The Ministry of Communication and Information Technology reserves the right to accept or reject, wholly or partly any or all the Sealed Bids without assigning any reason, whatsoever.
14. For more information, please contact:
   Ministry of Information and Communication Technology, Singha Durbar, Kathmandu. Telephone (During Office hours only): 01 4200450.

# स्याउबाटै आर्थिक समृद्धि

## पाँच हजार आठ सय टन स्याउ बिक्री

**नेत्र शाही**
*जुम्ला, असोज १४ गते*

जुम्ला चन्दननाथ नगरपालिका–८ निवासी स्याउ किसान धर्मसिंह कठायतले यस वर्ष आफूले साढे छ लाख रुपियाँ नगद स्याउबाट आम्दानी गरेको बताउनुभयो । उहाँले यस वर्ष स्याउ उत्पादन र बजारीकरण राम्रो भएकाले खुसी पनि व्यक्त गर्नुभयो।

उहाँले झन्डै पाँच सय कार्टोन स्याउ बिक्री गर्नुभएको छ । धर्मसिंह जस्तै सयौँ किसानले लाखौँ रुपियाँ आम्दानी गरिरहेका छन् । कार्यालयले ७९१ जना व्यापारीले स्याउ ढुवानी गर्न नाम दर्ता गरेका थिए। स्याउबाटै १० लाखसम्म आम्दानी गर्ने किसान पनि रहेका कृषि विकास कार्यालयले जनाएको छ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा पाँच हजार ८६२ टन स्याउ निर्यात गरेको छ । कार्यालयले वार्षिक समीक्षा कार्यक्रम राखेर स्याउ निर्यातको प्रतिवेदनसमेत सार्वजनिक गरेको छ। कार्यालयले आव २०८०/८१ को प्रगति र आव २०८१/८२ को कार्यक्रमका विषयमा सार्वजनीकरण कार्यक्रम सम्पन्न गरेको हो। कार्यालयले शुक्रबार सम्पन्न गरेको समीक्षामा ढुवानीबाट पाँच हजार ५५० मेट्रिक टन, हवाई जहाजबाट २४ मेट्रिक टन, हाइस र जिपबाट २५८ मेट्रिक टन, बसबाट सिधै जुम्ला–काठमाण्डौँ ३० टन स्याउ पठाइएको छ। यो तथ्याङ्क अनुसार स्याउबाट मात्रै ४३ दिनमा जुम्लाले रु ३८ करोड १० लाख ३० हजार आम्दानी गरेको छ।


जुम्लाको तिला गाउँपालिका रारालिहीमा स्याउ लोड गर्दै गरेको ट्रक ।
*तस्बिर : नेत्र शाही*

जिल्ला कृषि विकास कार्यालयका बागवानी अधिकृत राज्यलक्ष्मी खत्रीका अनुसार यस वर्ष १५ हजार मेट्रिक टन स्याउ उत्पादन हुने अनुमान रहेको छ । उहाँका अनुसार स्थानीय स्याउ पाँच हजार ८६२ मेट्रिक टन २०८१ साउन २९ देखि २०८१ असोज ८ गतेसम्मको हो।

गुठीचौर गाउँपालिका–४ का गोविन्दप्रसाद पाण्डे र मित्रप्रसाद अधिकारीले संयुक्त रूपमा ११ गाडी बिक्री गरेका छन् । सात गाडी कैलाली टीकापुरमा र तीन गाडी सुर्खेतमा बिक्री गरेका हुन् । एक गाडी स्याउ करिब आठदेखि १० लाखमा बिक्री गरेका हुन् । स्याउ सिजनमा सानोतिनो आम्दानी नभएको घर करिब कमै रहेको छ । स्याउ रोपेका हरेक घरले यसबेला १० हजार देखि १० लाखसम्मको आम्दानी गर्ने गरेका छन् । कृषि विकास कार्यालय जुम्लाका अनुसार जनगणना २०७८ अनुसार एक लाख १९ हजार ३७७ जुम्लाको जनसङ्ख्या छ । ३८ हजार ४८६ हेक्टर खेतीयोग्य जमिनमा दुई हजार ६६७ हेक्टर स्याउ रहेको छ।

स्याउ किसान गोपाल रोकायाले किसानलाई आएका कार्यक्रमहरू फ्रिज नजाने गरी काम गर्न सुझाव दिनुभयो । उहाँले स्थानीय तहले पनि कृषि क्षेत्रमा बजेट प्राथमिकता दिनुपर्ने बताउनुभयो । जिल्ला समन्वय अधिकारी सङ्गीता धितालले आफू पनि कृषि क्षेत्रमा आएका कारण चासो राखेको बताउँदै आगामी दिनमा राम्रो गर्नका लागि कदम चाल्नुपर्ने बताउनुभयो।

# मुस्ताङी स्याउको माग उच्च

**म्याग्दी समाचारदाता**
*म्याग्दी, असोज १४ गते*

स्याउको राजधानी मान्न थालिएको मुस्ताङको घरपझोङ गाउँपालिकाको मार्फामा उत्पादित स्याउ मिठो अनि स्वादिलो भनेर मुलुकभर प्रचलित छ । कुनै समय 'क्या राम्रो स्याउ बारी मार्फा गाउँमा' भन्ने गीतले पनि मुस्ताङको स्याउको बजारीकरणमा निकै टेवा पुगेको थियो । त्यही गीतमा भनिए जस्तै असोज लागेसँगै बजारमा पुग्न थालेको स्याउले चरितार्थ गरेको छ।

असोज १ गतेबाट मुस्ताङको मार्फालगायत जिल्लाभित्रका पाँचवटै गाउँपालिकामा उत्पादित स्याउ टिप्ने र ग्रेडिङ गरेर बजार पठाउन सुरु भएको हो। जिल्लाको सर्वपक्षीय बैठकको निर्णयबमोजिम कृषकले स्याउ टिप्ने र बजार पठाउने काम गरेका थिए। अहिले मुस्ताङको माग बजारमा उच्च हुने गरेको बेनी नगरपालिका–८, न्युरोडका फलफूल व्यापारी विज्ञान शर्माको भनाइ छ । पसलमा जुम्ला तथा अन्य क्षेत्रको पनि स्याउ बिक्रीका लागि राखिने भए पनि मुस्ताङकै स्याउको माग गर्ने ग्राहक धेरै आउने उहाँको भनाइ छ।

स्याउ चाँडै टिपेर बजार पठाउँदा गुणस्तरमा कमी आएको भन्ने गुनासोले गर्दा जिल्ला समन्वय समितिको अगुवाइमा बैठक बसेर स्याउको जात अनुसार टिप्ने मिति तय भएको जिल्ला समन्वय समिति मुस्ताङकी प्रमुख माया गुरुङले बताउनुभयो।



स्याउ खरिद गर्नका लागि मुस्ताङभन्दा बाहिरी जिल्लाका व्यापारी स्याउ बगैँचामा पुगेका छन् भने स्थानीय व्यापारी पनि निकै आउने गरेको घरपझोङ गाउँपालिका मार्फाका स्याउ कृषक दीपक लालचनको भनाइ छ । उहाँ भन्नुहुन्छ, "मुस्ताङका कृषकले उत्पादन गरेको स्याउ धादिङ, काठमाडौँ, पोखरा, चितवनलगायतका ठाउँबाट खरिद गर्न व्यापारी आइपुग्छन् ।" मुस्ताङको स्याउ टिपेर बेच्नेभन्दा पनि स्याउ दाना लाग्न थालेपछि नै बगैँचा नै व्यापारीले ठेक्कामा लिने भएकाले ठेक्का लिने नै स्याउको बगैँचा रुङ्न पुग्ने लालचनको भनाइ छ।

### बागवानी केन्द्र आफैँले बेच्ने

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाले यस वर्ष दुई पटकसम्म सूचना खुलाउँदा कसैले पनि टेन्डर नहालेपछि केन्द्रले आफैँ स्याउ बिक्री गर्ने भएको छ । प्रतिकेजी १२५ का दरले फार्मबाटै खरिद गर्नका लागि सूचना प्रकाशन गरेको भए पनि कसैले पनि स्याउ खरिदका लागि चासो नदेखाएपछि आफैँ व्यवस्थापन गरेर बिक्री गर्ने योजना बनाएको शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका प्रमुख पद्मनाथ आत्रेयले बताउनुभयो।

केन्द्रले सामान्यतया बागवानी फार्म मार्फामा बिक्रीका लागि १३ मेट्रिक टन स्याउ उत्पादन गर्ने र ब्रान्डी, सुकुटीलगायतका अन्य उत्पादनका लागि उत्पादित स्याउ भने यसमा गणना नगरिएको आत्रेयले बताउनुभयो।

स्याउ खेतीमा आबद्ध कृषि फार्म, कृषक समूह र कृषि सहकारीसहित ८७ फार्म असोजदेखि मात्रै टिपेर बजार पठाउन सहमत भएको र त्यही अनुसार नै स्याउ बजार पठाउन थालिएको हो। मुस्ताङमा एक हजार दुई सय हेक्टरभन्दा बढीमा व्यावसायिक रूपमा भएको स्याउको खेतीबाट वार्षिक रूपमा करिब छ हजार मेट्रिक टन स्याउ उत्पादन हुने गरेको छ। मुस्ताङ जिल्लामा गोल्डेन, रोयल र रेड डेलिसियस, रिचारेड तथा फुजी डेलिसियस जातका स्याउको उत्पादन हुँदै आएको छ । पछिल्लो समय इटालियन जातको स्याउसमेत लगाइएको छ।

समुद्री सतहदेखि चार हजार मिटरभन्दा माथिको उचाइसम्म स्याउ खेती हुने गरेको छ भने राम्रो व्यवस्थापन गर्न सकेमा एउटै बोटबाट मात्रै तीन सय केजीसम्म स्याउ उत्पादन गर्न सकिन्छ । कृषकले स्याउबाट जुस, ब्रान्डी, जाम, चिप्स, सुकुटी, क्यान्डी, स्लाइडर जस्ता परिकारहरू बनाएर बिक्री गर्ने गरेका छन्।

# प्रदेश विशेष कृषि कर्जा प्रडक्टको शुभारम्भ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडले 'एक प्रदेश एक विशेष कार्यक्रम' अन्तर्गत प्रदेश विशेष कृषि कर्जा प्रदान गर्ने योजना शुभारम्भ गरेको छ।

बैङ्कले सबै प्रदेशमा कृषि क्षेत्रको विकासका लागि प्रदेशगत विशेष कृषि उपजका आधारमा अधिकतम पाँच करोड रुपियाँसम्म एक प्रदेश एक विशेष कार्यक्रम अन्तर्गत उक्त प्रडक्टको शुभारम्भ गरेको जनाएको छ।

कानुनी रूपमा फर्म वा कम्पनीमा दर्ता भई कृषि व्यवसायमा आबद्ध १८ वर्षदेखि ६५ वर्ष उमेरसम्मका नेपाली नागरिकले कर्जाका लागि आवेदन दिन सक्ने बैङ्कले जनाएको छ।

बैङ्कले विशेष कृषि उपज निर्धारण गरी बैङ्कले कृषि कर्जा निर्देशिका, २०६९ (संशोधनसहित) अनुसार लगानी गरिने यो कर्जा अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिने जनाएको छ । कोशी प्रदेशमा अलैँची, मधेश प्रदेशमा माछा, बाग्मती प्रदेशमा कुखुरा, गण्डकी प्रदेशमा फलफूल, लुम्बिनी प्रदेशमा पशुपालन, कर्णाली प्रदेशमा जडीबुटी र सुदूरपश्चिम प्रदेशमा केरा खेतीलाई विशेष कृषि उपज निर्धारण गरिएको बैङ्कले जनाएको छ।

आधार दरमा ०.५० प्रतिशत प्रिमियम जोडेर ब्याजदर निर्धारण गरिने यो कर्जामा खुद व्यापारिक सम्पत्तिको अधिकतम ७० प्रतिशतसम्म बैङ्कले कर्जा लगानी गर्ने जनाएको छ । ग्राहकले सञ्चालन गर्ने कृषि परियोजना नै धितोका रूपमा रहने छ भने आवश्यकता अनुसार घरजग्गासमेत धितो सुरक्षणका रूपमा स्वीकार गर्न सकिने यस्तो कर्जाको बिमा गरिने बैङ्कले जनाएको छ । बैङ्कको देशैभर रहेका सम्पूर्ण शाखा कार्यालयबाट प्रदेश विशेष कृषि कर्जा प्रदान गरिने बताइएको छ।

# 'तालिम शुल्क यथावत्'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जानुअघि श्रमिकलाई दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिमको अवधि र शुल्क नबढेको स्पष्ट पारेको छ। विभागले विज्ञप्ति सार्वजनिक गर्दै हाल अभिमुखीकरण तालिम दुई दिन मात्रै सञ्चालन हुँदै आएको र तालिम शुल्क यथावत् नै अर्थात् प्रतिव्यक्ति सात सय रुपियाँ मात्रै रहेको स्पष्ट पारेको हो।




विभागका सूचना अधिकारी गुरुदत्त सुवेदीले हस्ताक्षर गरिएको विज्ञप्तिमा भनिएको छ, "वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिम तीन दिनको अवधि लागु भएको छैन र तालिम शुल्क बढेर दुई हजार आठ सय रुपियाँ पनि पुगेको छैन । अहिले दुई दिनको तालिमको प्रतिव्यक्ति सात सय मात्रै तिरे पुग्छ ।" अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन अधिकतम प्रयास गरिरहेको जनाएको विभागले तालिमप्रदायक संस्थालाई तोकिएको मापदण्ड अनुसार तालिम सञ्चालन गर्न आइरिस मेसिन जडान गर्न अनुरोध गरेको छ।

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासङ्घले हाल प्रचलनमा आएको बायोमेट्रिक हाजिरी मेसिन दुरुपयोग गरी नक्कली हाजिर गर्ने गरेको हुनाले आइरिस मेसिन जडान गर्न पटक पटक विभागलाई अनुरोध गरेको जनाएको छ । प्रशिक्षार्थीको बायोमेट्रिक हाजिरी प्रभावकारी प्रयोग नभएकाले सबै अभिमुखीकरण तालिम दिने संस्थाले अनुहार पहिचान गर्ने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ । विभागका अनुसार असोज १५ गतेदेखि अनिवार्य रूपमा सबै तालिमप्रदायक संस्थाले उक्त प्रणाली लागु गर्नुपर्ने छ।

# नेप्से परिसूचक बढ्यो कारोबार भने न्यून

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

ओरालो लागिरहेको सेयर बजार चौबिस सयको विन्दुबाट फरि माथि उठेको छ। साताको दोस्रो दिन सेयर बजार मापक नेप्से परिसूचक ४४ अङ्कले उकालो लागे पनि कारोबार रकम भने तीन अर्बको लाइनमा झरेको छ।

सोमबार नेप्से ४४.४५ अङ्कले उकालो लागेर २५०८.८६ को विन्दुमा पुगेर रोकिएको छ। सेन्सेटिभ इन्डेक्स पनि ६.४५ अङ्कले उकालो लागेर ४५१.३४ को विन्दुमा पुगेको छ । समग्रमा साताको दोस्रो दिनको नेप्से १.८० प्रतिशतले उकालो लागेको छ भने सेन्सेटिभ इन्डेक्स १.४४ प्रतिशतले उकालो लागेको छ।

सोमबार ३१९ कम्पनीको ९७ लाख १७ हजार ९५९ कित्ता सेयर ५० हजार ६८० पटक खरिदबिक्री हुँदा तीन अर्ब ७१ करोड ५३ लाख ५९ हजार ९३५ रुपियाँ बराबरको सेयर कारोबार भएको छ । जुन अघिल्लो दिनको तुलनामा ३४ करोड रुपियाँले कम हो।

सोमबार १७ करोड ६९ लाख ६४ हजार २७ रुपियाँ बराबरको सेयर कारोबार भएर सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको सर्वाधिक कारोबार भएको छ।

सोमबार कारोबारमा आएका १३ उपसमूहमध्ये म्युचुअल फन्डबाहेक बाँकी १२ उपसमूहको परिसूचक उकालो लागेको छ। फाइनान्स उपसमूहको परिसूचक सर्वाधिक ४.१९ प्रतिशतले उकालो लागेको छ । उत्पादन तथा प्रशोधन ३.८३ प्रतिशत, होटल तथा पर्यटन ३.२८ प्रतिशतले उकालो लागेको छ। यता म्युचुअल फन्ड उपसमूहको परिसूचक सर्वाधिक ०.६० प्रतिशतले ओरालो लागेको छ।

चाडपर्वनजिकै आइरहँदा, अर्थतन्त्रका सूचक सुधारिएका तथ्याङ्क सार्वजनिक भइरहँदा पनि लगानीकर्ता ढुक्क हुन सकेका छैनन्।


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
केसरमहल, काठमाडौँ।
(सूचना प्रकाशित मिति : २०८१।०६।१५ गते)

**कालो सूचीमा राखिएको सूचना**

तपसिलका सार्वजनिक निकायहरूबाट लेखी आए बमोजिम यस कार्यालयको मिति २०८१।०६।१४ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम यो सूचना प्रकाशित भएको मितिदेखि लागू हुने गरी तपसिलका निर्माण व्यवसायी/आपूर्ति कर्ताहरूलाई देहायको अवधिसम्म कालो सूचीमा राखिएकोले उक्त निर्माण व्यवसायी/आपूर्ति कर्ताहरूले कालो सूचीमा राखिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन नसक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र. सं. | कालो सूचीमा राख्न लेखी पठाउने सार्वजनिक निकायहरूको नाम, ठेगाना | कालो सूचीमा राखिएका निर्माण व्यवसायी/आपूर्ति कर्ताहरूको नाम, ठेगाना | कालो सूचीमा राखिएको समयावधि |
|---|---|---|---|
| १. | श्री कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर-१४, काठमाडौँ। | श्री M/S STK GLOBAL FZC, Sharjah, UAE। (मुख्य व्यक्ति: श्री Santhosh Thanavelil Kuruvilla) | ३ (तीन) वर्ष |
| २. | श्री सडक विभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन, विराटनगर। (ठेक्का नं. DROBRT/3371653/2074/75-32) | श्री स्काई/वाइबा एण्ड लामा/मा जानकी जे.भि. शान्तिविनायक मार्ग-१०, नयाँ बानेश्वर, काठमाडौँ। १. स्काई बिल्डर्स। (मुख्य व्यक्ति: श्री यक्ष ध्वज कार्की) २. वाइबा एण्ड लामा। (मुख्य व्यक्ति: श्री चन्द्र कुमार वाइबा) ३. मा जानकी निर्माण सेवा। (मुख्य व्यक्ति: श्री रबिन्द्र कुमार मण्डल) | २ (दुई) वर्ष ६ (छ) महिना |
| ३. | श्री सडक विभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन, विराटनगर। (ठेक्का नं. DROBRT/3371653/2074/75-31) (ठेक्का नं. DROBRT/3371574/2074/75-33) | श्री स्काई/वाइबा एण्ड लामा/मा जानकी जे. भि. शान्तिविनायक मार्ग-१०, नयाँ बानेश्वर, काठमाडौँ। १. स्काई बिल्डर्स। (मुख्य व्यक्ति: श्री यक्ष ध्वज कार्की) २. वाइबा एण्ड लामा। (मुख्य व्यक्ति: श्री चन्द्र कुमार वाइबा) ३. मा जानकी निर्माण सेवा। (मुख्य व्यक्ति: श्री रबिन्द्र कुमार मण्डल) | २ (दुई) वर्ष |
| ४. | श्री सडक विभाग, सडक डिभिजन, शिवपुर, कपिलवस्तु। (ठेक्का नं. RDSPR/3373011384/078/79/019) (ठेक्का नं. RDSPR/337310113/078/79/020) | श्री मर्चवार कन्स्ट्रक्सन प्रा.लि., सिद्धार्थनगर-७, रुपन्देही। (मुख्य व्यक्ति: श्री श्री राजेश्वर यादव) | २ (दुई) वर्ष |
| ५. | श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, राष्ट्रिय गौरव आयोजना, सिनामंगल, काठमाडौँ। | श्री भुसाल/ बस्नेत जे.भि., सिनामंगल, काठमाडौँ। १. भुसाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., धापाशी, काठमाडौँ। (मुख्य व्यक्ति: श्री आकाश भुसाल) २. बस्नेत निर्माण सेवा, सिनामंगल, काठमाडौँ। (मुख्य व्यक्ति: श्री रिठु बस्नेत मक्ली) | २ (दुई) वर्ष |
| ६. | श्री कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन। | श्री सेक्टर कन्सलटेन्ट एण्ड डेभलपर्स, रत्ननगर-१०, चितवन। (मुख्य व्यक्ति: श्री कुमार गिरी) | १ (एक) वर्ष ६ (छ) महिना |
| ७. | श्री तुलसीपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तुलसीपुर, दाङ। (ठेक्का नं. TSMC/NCB/14/W/077/078) (ठेक्का नं. TSMC/NCB/15/W/077/078) (ठेक्का नं. TSMC/NCB/16/W/077/078) (ठेक्का नं. TSMC/NCB/17/W/077/078) (ठेक्का नं. TSMC/NCB/18/W/077/078) (ठेक्का नं. TSMC/NCB/19/W/077/078) (ठेक्का नं. TSMC/NCB/23/W/077/078) | श्री Urja- Krishav J.V., मिलनमार्ग, टेकू, काठमाडौँ। १. उर्जा इन्फ्रा एण्ड कन्स्ट्रक्सन प्रा.लि., मिलनमार्ग, टेकू, काठमाडौँ। (मुख्य व्यक्ति: श्री अनिरुद्ध प्रसाद शाह) २. कृषभ निर्माण सेवा प्रा.लि., काठमाडौँ -३१, बानेश्वर। (मुख्य व्यक्ति: श्री कृष्ण पौडेल) | १ (एक) वर्ष ६ (छ) महिना |
| ८. | श्री धनगढी उपनगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली। | श्री गणपति निर्माण सेवा, धनगढी उपनगरपालिका वडा नं. ०१, कैलाली। (मुख्य व्यक्ति: श्री विश्वनाथ ठाकुर) | १ (एक) वर्ष |
| ९. | श्री कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिम। | श्री Sudarsan Narman Sewa, Khalanga-2, Jajarkot। (मुख्य व्यक्ति: श्री ईश्वर बहादुर खत्री) | १ (एक) वर्ष |
| १०. | श्री बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, नुवाकोट। | श्री Satyashwor Construction Pvt. Ltd., Tarkeshwor Ga.Pa.-4, Darshantar, Nuwakot। (मुख्य व्यक्ति: श्री Mukunda Mani Ghimire) | १ (एक) वर्ष |
| ११. | श्री सुदूरपश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, कञ्चनपुर। | श्री रक्षा कन्स्ट्रक्सन, बेल्डाँडी गाउँपालिका-०१, कञ्चनपुर। (मुख्य व्यक्ति: श्री हरिश राज जोशी) | १ (एक) वर्ष |
| १२. | श्री डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पातो सप्तरी। | श्री ज्योती निर्माण सेवा, राजविराज-११, सप्तरी। (मुख्य व्यक्ति: श्री शोभा देवी) | १ (एक) वर्ष |
| १३. | श्री जलस्रोत तथा सिंचाइ विभाग, समृद्ध तराई मधेश सिंचाइ विशेष कार्यक्रम, जावलाखेल, ललितपुर। | श्री रेश्मा डिप बोरिंग ट्युबवेल उद्योग, विराटनगर-४, मोरङ (मुख्य व्यक्ति: श्री मन्जु बराल) | १ (एक) वर्ष |
| १४. | श्री जलस्रोत तथा सिंचाइ विभाग, समृद्ध तराई मधेश सिंचाइ विशेष कार्यक्रम, जावलाखेल, ललितपुर। (ठेक्का नं. STMSBK/NCB/DTW/01/2080-081) (ठेक्का नं. STMSBK/NCB/DTW/04/2080-081) | श्री पाथिभरा ड्रिलिङ्ग उद्योग, विराटनगर-४, मोरङ। (मुख्य व्यक्ति: श्री युवराज बराल) | १ (एक) वर्ष |
| १५. | श्री बूढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हात्तीगौंडा, काठमाडौँ। (ठेक्का नं. NCB/BNP/CW/080-81/14) | श्री U.V. Engineering Consultancy and Construction Pvt.Ltd., नयाँ बानेश्वर-१०, काठमाडौँ। (मुख्य व्यक्ति: श्री युवराज श्रेष्ठ) | १ (एक) वर्ष |
| १६. | श्री बाँके राष्ट्रिय निकुञ्ज कार्यालय, ओभरी, बाँके। | श्री नेपाल बिल्डर्स, नेपालगञ्ज-६, बाँके। (मुख्य व्यक्ति: श्री फातमा जवी खान) | १ (एक) वर्ष |
| १७. | श्री पुनर्वास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पुनर्वास, कञ्चनपुर। (ठेक्का नं. PUN/MUN/078/079-11) (ठेक्का नं. PUN/MUN/078/079-10) (ठेक्का नं. PUN/MUN/078/079-02) | श्री विजन कन्स्ट्रक्सन प्रा.लि., भि.न.पा. १८, कञ्चनपुर। (मुख्य व्यक्ति: श्री सुक लामा तामाङ) | १ (एक) वर्ष |
| १८. | श्री लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, सडक पूर्वाधार विकास कार्यालय, बर्दिया। (ठेक्का नं. RIDO/BARDIYA/W/NCB/ROAD/17/077-78) (ठेक्का नं. RIDO/BARDIYA/W/NCB/ROAD/23/077-78) (ठेक्का नं. RIDO/BARDIYA/W/NCB/ROAD/24/077-78) (ठेक्का नं. RIDO/BARDIYA/W/NCB/ROAD/29/077-78) (ठेक्का नं. RIDO/BARDIYA/W/NCB/ROAD/30/077-78) (ठेक्का नं. RIDO/BARDIYA/W/NCB/ROAD/33/077-78) | श्री अमन कन्स्ट्रक्सन, गुलरिया-५, बर्दिया। (मुख्य व्यक्ति: श्री अमन यादब) | १ (एक) वर्ष |

## एपिएमलाई सियोमको साथ

**काठमाडौँ** (गोरखापत्र), असोज १४ गते। नेपाल एपिएम क्लबको आयोजनामा हुने चौथो एपिएम जुनियर टेबलटेनिस च्याम्पियनसिपलाई सिओम नेपालले मुख्य प्रायोजन गर्ने भएको छ।

सिओम नेपालका प्रबन्ध निर्देशक ज्याकी महर्जन र एपिएम क्लबका अध्यक्ष दानबहादुर महताले सोमबार मुख्य प्रायोजनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। सिओमले आयोजकलाई पाँच लाख रुपियाँ मूल्य बराबरको खेल सामग्री र पोसाक प्रदान गर्ने छ। यसै गरी टार्गो टेबलटेनिस कम्पनीले चार लाख तथा ल्याम्प एन्ड लाइट कम्पनीले एक लाख रुपियाँ बराबरका खेल सामग्री र पोसाक उपलब्ध गराउने आयोजकले जनाएको छ। प्राप्त सबै सामग्री र पोसाक प्रतियोगितामा समावेश विभिन्न नौ स्पर्धाका पदक विजेतालाई पुरस्कारस्वरूप विरतण गरिने आयोजक एपिएमले जनाएको छ।

प्रतियोगितामा यु–१०, यु–१२, यु–१६ र यु–१९ ब्वाइज/गर्ल्स सिङ्गल्समा प्रतिस्पर्धा हुने छ। अर्को स्पर्धामा यु–१९ मिक्स टिम इभेन्ट रहेको छ। मिक्स टिम इभेन्टको विजेतालाई दुई लाख रुपियाँ मूल्य बराबरको सियोम प्रो–९ टेबलटेनिस टेबल प्रदान गरिने छ। विगतका संस्करणमा आयोजकले पदक विजेतालाई नगद पुरस्कार दिने गरेकोमा यो संस्करणदेखि खेल सामग्री र पोसाक प्रदान गर्न लागेको हो। प्रतियोगिता असोज १७ गतेदेखि तीन दिनसम्म भैँसेपाटीस्थित आयोजक एपिएमको आफ्नै हलमा हुने छ। प्रतियोगितामा करिब १५० खेलाडीको सहभागिता रहने बताइएको छ।

## उसु टोली बङ्गलादेश जाने

**काठमाडौँ** (गोरखापत्र), असोज १४ गते। प्रथम एसएएसएसएफ स्कुल कम्ब्याट गेम्समा सहभागी हुन नौ खेलाडीसहित १३ सदस्यीय नेपाली उसु टोली मङ्गलबार बङ्गलादेशको ढाका प्रस्थान गर्ने भएको छ।

अक्टोबर १ देखि ४ तारिखसम्म हुने प्रतियोगितामा खेलाडीले सान्सौँ र थाउलोमा प्रतिस्पर्धा गर्ने छन्। मनिराज राई, सुमाङ्गीराज्यलक्ष्मी गौतम, अनिता तामाङ, सौगात चन्द, निश्चल तामाङ, ममता सुनुवार, प्राथना नेपाल, रुफस केसी र विराज सुनारले प्रतिस्पर्धा गर्नुहुने छ। प्रशिक्षकमा राजीव महर्जन र राज महर्जन, सहायक प्रशिक्षकमा सुवास परियार तथा व्यवस्थापकमा सुकमान लामा रहनुभएको छ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले सोमबार सो टोलीलाई शुभकामनासहित बिदाइ गर्नुभएको छ। सोही प्रतियोगितामा सहभागी हुन तेक्वान्दो टोली भने सोमबारै ढाका प्रस्थान गरिसकेको नेपाल विद्यालय खेलकुद महासङ्घका महासचिवसमेत रहेका अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासङ्घका कार्यकारी सदस्य राजकुमार कार्कीले जनाउनुभयो।

महिला भलिबल लिग

# ललितपुरको विजयी सुरुवात



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

नेपाली भलिबलमा नयाँ प्रयोग मानिएको वात्सल्य एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) सोमबार सुरु भएको छ। फ्रेन्चाइ महिला भलिबल इडब्लुभिएलको उद्घाटन खेलमा ललितपुर क्विन्सले काठमाडौँ स्पाइकर्सलाई २५–२०, २१–२५, २५–२१ र २५–१९ ले हराएर विजयी सुरुवात गऱ्यो।

दशरथ रङ्गशालाको कभर्ड हलमा मार्की खेलाडी उषा भण्डारीसहित बुल्गेरियाकी सेटर एन्द्रिया टिसेटानोभा तथा टर्कीका स्पाइकरद्वय पेलिन इरोक्टा र फुल्डेन उरलको साथमा मैदानमा उत्रिएको काठमाडौँ स्पाइकरलाई प्रतियोगिताकै बलियो टिममध्ये एक मानिएको थियो तर काठमाडौँ स्पाइकर्सको टिम पहिलो खेलमा सेट हुन सकेको देखिएन।

तेस्रो सेटमा स्पाइकर गर्ने क्रममा थाइल्यान्डकी आउटसाइड हिटर सुटाटा चुयुलिम घाइते भएर खेल्न नसक्ने भएपछि ललितपुर समस्यामा पर्ने अनुमान गरिएको थियो। यद्यपि अनुभवी विदेशी खेलाडी चुयुलिमको अनुपस्थितिमा पनि ललितपुरले एकजुट खेल देखाएर तेस्रो र चौथो सेट आफ्नो पक्षमा पारेर खेल जित्यो।

ललितपुर क्विन्समा प्रशिक्षक उत्सव खड्काले अनुभवी विदेशी खेलाडी घाइते भए पनि आफ्ना अन्य खेलाडीले खेलमा उहाँको अभाव महसुस नगराएको प्रतिक्रिया दिनुभयो। उहाँले रिसिभमा केही कमजोर देखिए पनि अन्य पक्षमा उत्कृष्ट अपेक्षा अनुरूप खेलेर आफ्नो टिमले जित हासिल गरेको बताउनुभयो। लिबेरो सलिना श्रेष्ठको नेतत्वमा कोर्टमा उत्रिएको ललितपुरको टिममा नौ स्वदेशी खेलाडीमध्ये सात जनासँग अन्तर्राष्ट्रिय खेलको अनुभव छ। थाइल्यान्डका चुयुलिम, वारालुङ श्रीलाउङ, सान्त्राकुन ललितपुका विदेशी खेलाडी हुनुहुन्छ।

काठमाडौँका प्रशिक्षक जगदीश भट्टले आफ्नो टिम बलियो भए पनि क्षमता अनुसार खेल्न नसक्दा पराजित भएको बताउनुभयो। पहिलो सेटमै आठ सर्भिस गलत भयो, दोस्रो सेटमा पुनरागमन गरेपछि बाँकीका सेटमा स्टामिना पनि कमी देखियो तर आगामी खेलमा सुधारिएको प्रदर्शन गर्ने छौँ, उहाँले भन्नुभयो।

## क्यानडामा नेपालको पहिलो जित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*



गुलसन झाको अलराउन्ड प्रदर्शनको सहयोगमा नेपालले सोमबार बिहान सकिएको त्रिदेशीय टी–२० शृङ्खला अन्तर्गत ओमानविरुद्धको खेल ३७ रनले जितेको छ।

क्यानडा भ्रमणमा नेपालको यो पहिलो जित भएको छ। यसै गरी नेपालले ११ खेलपछि जितको स्वाद चाखेको हो। क्यानडा भ्रमण अन्तर्गत नेपाल आइसिसी विश्वकप लिग–२ छनोट शृङ्खलामा जितविहीन रहेको थियो। टी–२० शृङ्खलाको पहिलो खेलमा पनि नेपालले क्यानडासँग हार बेहोरेको थियो।

क्यानडाको किङ सिटी क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गर्न बाध्य भएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १७६ रनको राम्रो स्कोर तयार पारेको थियो। नेपालले स्कोर रक्षा गर्ने क्रममा ओमानलाई पाँच बलअघि नै १३९ रनमा अलआउट गऱ्यो।

नेपालको पालिमा गुलसनले सङ्कटको समयमा सर्वाधिक ४० रनको पालि खेलेर नेपालको पालि बलियो बनाउनुभएको हो। गुलसनले मात्र १७ बलको पालिमा तीन चौका र तीन छक्का प्रहार गर्नुभयो। उहाँ अन्त्यसम्म आउट हुनुभएन। गुलसनले छैटौँ विकेटका लागि कुशल भुर्तेलसँग ६१ रनको साझेदारी गर्नुभएको थियो।

यसअघिका ४६ पालिमा नेपालका लागि प्रारम्भिक ब्याट्सम्यानको भूमिका निर्वाह गर्ने भुर्तेल छैटौँ क्रममा क्रिजमा आउनुभएको थियो। भुर्तेलले नयाँ भूमिकामा न्याय गर्ने क्रममा एक छक्का र एक चौका प्रहार गर्दै २० रन बनाउनुभयो।

नेपालका लागि कुशल मल्ल (२६ बलमा ३० रन), प्रारम्भिक ब्याट्सम्यानद्वय अनिल शाह र आसिफ शेख (२७–२७ रन) ले पनि उपयोगी पालि खेल्नुभयो। अन्तिम ओभरमा क्रिजमा आएका दीपेन्द्रसिंह ऐरीले पाँच बलको सामना गर्ने क्रममा एक चौका र दुई छक्कासहित अविजित १८ रन बनाएर वाहवाही कमाउनुभयो। कप्तान रोहित पौडेल र देव खनाल भने दुई/दुई रनमै पवेलियन फर्कनुभएको थियो। ओमानका लागि अकिब इलियासले सर्वाधिक तीन विकेट लिनुभयो। यसै गरी जिसान मक्सुद र फैज बटले एक/एक विकेट हासिल गर्नुभयो।

ओमानले लक्ष्य पछ्याउने क्रममा कमजोर सुरवात गऱ्यो। करण केसीले पहिलो बलमा कश्यप प्रजापतीलाई एलबिडब्लु आउट गर्नुभएको थियो। त्यसपछि पनि नेपालले नियमित रूपमा विकेट निकाल्यो। नेपालका सबै बलरले विकेट लिए। करणले सर्वाधिक तीन विकेट लिनुभयो। भुर्तेल र गुलसनले दुई/दुई तथा सन्दीप लामिछाने, दीपेन्द्रसिंह र रिजन ढकालले एक/एक विकेट हात पार्नुभयो।

ओमानका लागि सोयब खानले ३९ बलमा चार चौका र दुई छक्कासहित सर्वाधिक ४५ रन बनाउनुभयो। यसै गरी रफिउल्लाहले १२ बलमा एक चौका र चार छक्कासहित ३३ रन बनाएर नेपाललाई तर्साउनुभएको थियो। नेपालले मङ्गलबार क्यानडा र बुधबार पुनः ओमानसँग खेल्ने छ।

## प्रदीप र अभिलाषा च्याम्पियन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

प्रदीप खड्का र अभिलाषा विष्टले सोमबार बिवाइडी प्रथम भ्याली स्लाम टेनिस प्रतियोगिताको उपाधि जित्नुभएको छ। सातदोबाटोस्थित टेनिस कोर्टमा भएको पुरुष एकल फाइनलमा प्रदीपले प्रणव मानन्धरलाई ६–० र ६–३ ले सहजै पराजित गर्नुभयो। महिला एकलको उपाधि भिडन्तमा अभिलाषाले सुनिरा थापालाई ६–१ र ६–१ ले हराउनुभयो।

भेट्रान ३५ वर्षमाथि पुरुष एकलमा जितेन्द्र परियार सन्तोष खत्रीलाई ६–२ र ६–१ ले हराए पहिलो हुनुभयो। हिमाल मिडियाद्वारा आयोजित प्रतियोगितामा जम्मा ११ स्पर्धामा प्रतिस्पर्धा भएको थियो। कमल थापा ५५ वर्षमाथि र ६५ वर्षमाथि च्याम्पियन बन्नुभयो। चन्द्र शाहीले पनि पुरुष डबल्समा दुई स्वर्ण पदक हासिल गर्नुभयो। उहाँले ४५ वर्षमाथि पुरुष डबल्समा डेगेन्द्र श्रेष्ठ तथा ५५ वर्षमाथि उत्तम शेर्पासँग मिलेर उपाधि जित्नुभएको हो। ४५ वर्षमाथि पुरुष एकलमा कमलबहादुर भण्डारी पहिलो हुनुभयो।

३५ वर्षमाथि पुरुष डबल्समा जितेन्द्र परियार र इलम दीक्षित, ६५ वर्षमाथि पुरुष डबल्समा मनोज राणा र ध्रुव गुरुङ तथा पुरुष डबल्समा प्रणव मानन्धर र राजवीर प्रधानको जोडी पहिलो भयो।

## रग्बीको 'नो योर गेम्स'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

नेपाल रग्बी सङ्घ र एनएफजेएफ एकेडेमीले एसिया रग्बी सेभेन्सको अवसर पारेर रग्बीको 'नो योर गेम्स' को आयोजना गरेको छ।

एसिया रग्बीको आयोजना र नेपाल रग्बी सङ्घको व्यवस्थापनमा दशरथ रङ्गशालामा एसिया रग्बी सेभेन्स हुनुअघि खेल पत्रकारका लागि रग्बी खेल बारे थप जानकारी दिने उद्देश्यले नो योर गेम्सको भएको हो। एसिया रग्बी सेभेन्स सन् २०२५ मा हुने एसिया रग्बी सेभेन्स सिरिजको छनोटका रूपमा समेत रहेको छ। प्रतियोगिताका विजेताले २०२५ मा हुने एसिया रग्बी सेभेन्स सिरिजमा स्थान बनाउने छन्।

## ब्रान्ड लजिकलाई एनपिएलको व्यावसायिक अधिकार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

प्रथम नेपाल प्रिमियर लिग (एनपिएल) को रणनीतिक व्यावसायिक अधिकार ब्रान्ड लजिकले प्राप्त गर्न सफल भएको छ।

ब्रान्ड लजिकल बोलकबोल प्रक्रियामार्फत पाँच करोड ९२ लाख रुपियाँमा सो अधिकार प्राप्त गरेको हो। यस सम्झौतासँगै ब्रान्ड लजिकले नेपाल प्रिमियर लिगको सम्पूर्ण ब्रान्डिङ, मार्केटिङ, प्रसारण, प्रायोजन र ग्राउन्ड ब्रान्डिङ व्यवस्थापनको जिम्मेवारी पाएको छ। ब्रान्ड लजिकले नेपाल प्रिमियर लिगलाई नेपालभित्र मात्र सीमित नगरी अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउने उद्देश्य राखेको छ। सम्झौतामा लिगको ब्रान्डिङ, मार्केटिङ, प्रसारण अधिकार, प्रायोजन व्यवस्थापन र ग्राउन्ड ब्रान्डिङको अधिकार समावेश गरिएको छ।

ब्रान्ड लजिकका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत रोशन निरौलाले ब्रान्ड लजिकले अब लिगको सम्पूर्ण ब्रान्डिङ र प्रचारप्रसारको जिम्मेवारी लिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "नेपाल प्रिमियर लिगलाई अझ राम्रो बनाउन र विश्वस्तरमा पुऱ्याउन सक्ने जिम्मेवारी पाउँदा मलाई गर्व लागेको छ। यो केवल एउटा लिग होइन, यो नेपाली क्रिकेटको भविष्य हो।"

कला / साहित्य

## लिङ्गो तान्ने दिन जुम्लामा बिदा

**राष्ट्रिय समाचार समिति**
*जुम्ला, असोज १४ गते*

जिल्लामा आज कर्णाली प्रदेश सरकारले सार्वजनिक बिदा दिएको छ। हरेक वर्ष असोज कृष्ण त्रयोदशीका दिन प्रदेशकै धार्मिकस्थल रहेको यहाँको चन्दननाथ र भैरवनाथ मन्दिरको लिङ्गो तान्ने दिन प्रदेश सरकारले जुम्लामा मात्र एक दिन सार्वजनिक बिदा दिएको हो।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रवक्ता उत्तम गौतमले चन्दननाथ मन्दिरको लिङ्गो तान्ने दिनका अवसरमा कर्णाली प्रदेश सरकारले जुम्लामा सार्वजनिक बिदा दिएको जानकारी दिनुभयो। मन्त्रालयले विज्ञप्तिमार्फत असोज १४ गते चन्दननाथ मन्दिरको लिङ्गो बोक्ने मेला (असोज कृष्ण त्रयोदशी) का अवसरमा बिदा दिने जनाएको छ।

हरेक वर्ष असोज कृष्ण त्रयोदशीका दिन चन्दननाथ र भैरवनाथ मन्दिरमा लिङ्गो तान्ने गरिन्छ। यो मन्दिरमा बर्सेनि घटस्थापनाको दिनमा पुरानो लिङ्गो निकालेर नयाँ लिङ्गो खडा गर्ने चलन परापूर्वकालदेखि चलिआएको चन्दननाथ नगरपालिकाका स्थानीय बताउँछन्।

# रसिकको नागरिक अभिनन्दन




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

गायक गणेश रसिकको सोमबार राजधानीमा नागरिक अभिनन्दन गरिएको छ। भोजपुर जिल्ला सम्बद्ध ३० भन्दा बढी सङ्घ संस्थाले रसिकको अभिनन्दन गरेको हो। पूर्वराष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले गायक रसिकको अभिनन्दन तथा 'गणेश रसिक : अभ्यार्थना ग्रन्थ' कृति सार्वजनिक गर्नुभयो।

पूर्वराष्ट्रपति भण्डारीले राष्ट्र, राष्ट्रियता र आमनागरिकका पक्षमा सिर्जित रसिकका सिर्जना रैथाने स्वादका र कालजयी रहेको चर्चा गर्नुभयो। उहाँले देश र समाजलाई रसिकले दिनुभएको योगदानका विषयमा लेखिएका लेख सङ्ग्रह गरी ग्रन्थ प्रकाशन गर्नु खुसीको विषय भएको र यसले उहाँका जीवनका आरोह अवरोधका साथै समाज र राष्ट्रलाई दिनुभएको योगदान बुझ्न सहयोग पुग्ने बताउनुभयो।

पूर्वराष्ट्रपति भण्डारीले रसिकको साहित्यक र साङ्गीतिकसहित सामाजिक पक्ष समाजका लागि महत्त्वपूर्ण रहेको स्मरण गर्नुभयो। साहित्यकार गणेश रसिकले यो सम्मान तथा अभिन्दनका लागि आफू लायक छु या छैन थाहा नभएको तर यसरी अभिनन्दन गर्दा सबैप्रति आभारी रहेको प्रतिक्रिया दिनुभयो। उहाँले आफू बिरामी भएर थला परेको जानकारी दिँदै अहिले पनि उपचार जारी रहेको बताउनुभयो।

भोजपुरे सेवा समाज काठमाडौँको आयोजना तथा एम्बिसन एकाडेमी काठमाडौँको सहआयोजनामा भएको उक्त कार्यक्रममा भोजपुरे सेवा समाजका अध्यक्ष पासाङ दोर्ची शेर्पाले साहित्यकार रसिकले समाज र राष्ट्रलाई सङ्गीत दिएर, कृति लेखेर महत्त्वपूर्ण योगदान दिनुभएको चर्चा गर्नुभयो। उहाँले साहित्यकार रसिकले गीत/सङ्गीत मात्रै नभएर कुशल प्रशासक र समाजसेवीका रूपमा समेत आफूलाई उभ्याएको बताउनुभयो।

साहित्यकार शङ्कर कोइराला र सङ्गीतकार बुलु मुकारुङले साहित्यिक तथा साङ्गीतिक क्षेत्रमा रसिकले पुऱ्याउनुभएको योगदानका बारेमा चर्चा गर्नुभएको थियो। उक्त ग्रन्थको सम्पादन साहित्यकार सुदर्शन श्रेष्ठ र शशि लुमुम्बुले गर्नुभएको हो।

## कविता गोष्ठीमा कलाश्री

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

शान्ति कविता गोष्ठीसहित कलाश्रीको कविता विशेषाङ्क सार्वजनिक गरिएको छ। नेपाली कलासाहित्य डटकम प्रतिष्ठानले एनएलजी विशेष कविता गोष्ठीको आयोजना गरेको हो। सोही अवसरमा प्रतिष्ठानले वार्षिक साहित्यिक पत्रिका 'कलाश्री' को १२ औँ अङ्क कविता विशेषाङ्क सार्वजनिक गरेको हो।

प्रमुख अतिथि संस्कृतिविद् तथा कवि तुलसी दिवसलगायतले 'कलाश्री' को कविता अङ्क सार्वजनिक गर्नुभएको हो। हास्यव्यङ्ग्य कवि लक्ष्मण गाम्नागेलाई 'एनएलजी कलाश्री सिर्जना पुरस्कार' ११ हजार नगदसहित प्रदान गरिएको थियो।

कवि विश्वविमोहन श्रेष्ठद्वारा 'आँसु' शीर्षकको कविता वाचन गरेर एनएलजी विशेष कविता गोष्ठीको शुभारम्भ गर्नुभएको थियो। प्राडा गोविन्दराज भट्टराईले 'तिमी नहुँदा पनि उस्तै हुन्छ' शीर्षकको कविता वाचन गर्नुभएको थियो। एनएलजी विशेष कविता गोष्ठीमा कविहरू प्रमोद प्रधान, लक्ष्मण गाम्नागे, रामप्रसाद ज्ञवाली, प्रभा भट्टराई, फूलमान बल, कपिल अज्ञान, हेमन्त विवश, शान्ति प्रियवन्दना, रसिक राज, भैरवी भूगोल, मोहित जोशी, अस्मिता मानन्धर, प्रमोद सारङ्ग र रोशन परियारले आआफ्ना कविता वाचन गर्नुभएको थियो।

'कलाश्री' माथि महेश पौड्यालले समीक्षात्मक मन्तव्य राख्नुभएको थियो। प्रतिष्ठानकी अध्यक्ष कवि एवं निबन्धकार मोमिलाले नेपाली भाषा साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्ने दिशामा प्रतिष्ठान अग्रसर रहेको बताउनुभयो। 'कलाश्री' कविता विशेषाङ्कमा १७५ जना कविका ताजा कविता समावेश गरिएको जनाइएको छ।

**नेपाल राष्ट्र बैङ्क**

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०८१ साल असोज १५ गते (अक्टोबर ०१, २०२४) मङ्गलबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३३।७८ | १३४।३८ |
| युरो | १ को रु. | १४९।७५ | १५०।४२ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १७९।३७ | १८०।१७ |
| स्विस फ्रैङ्क | १ को रु. | १५८।६७ | १५९।३८ |
| अस्ट्रेलियन डलर | १ को रु. | ९२।५४ | ९२।९६ |
| क्यानेडियन डलर | १ को रु. | ९८।९३ | ९९।३८ |
| सिङ्गापुर डलर | १ को रु. | १०४।४४ | १०४।९१ |
| जापानी येन | १० को रु. | ९।३९ | ९।४३ |
| चिनियाँ युआन | १ को रु. | १९।०८ | १९।१६ |
| साउदी अरब रियाल | १ को रु. | ३५।६६ | ३५।८२ |
| कतारी रियाल | १ को रु. | ३६।७० | ३६।८७ |
| थाई भाट | १ को रु. | ४।१५ | ४।१७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३६।४२ | ३६।५९ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३२।४४ | ३२।५९ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।२० | १०।२४ |
| स्विडिस क्रोनर | १ को रु. | १३।२४ | १३।३० |
| डेनिस क्रोनर | १ को रु. | २०।०८ | २०।१७ |
| हङ्कङ डलर | १ को रु. | १७।२२ | १७।३० |
| कुवेती दिनार | १ को रु. | ४३८।५८ | ४४०।५५ |
| बहराइन दिनार | १ को रु. | ३५४।१० | ३५६।४९ |

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

## कलाकारको सहयोगार्थ साङ्गीतिक साँझ



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

गायक रामचन्द्र चन्दको सहयोगार्थ राजधानीमा साङ्गीतिक कार्यक्रम गरिएको छ। गुल्मी कलाकार समाजले 'रामचन्द्र चन्द विशेष साङ्गीतिक कार्यक्रम एवं विजयादशमीको शुभकाना आदानप्रदान' सोमबार सम्पन्न गरेको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले गायक रामचन्द्रको उपचार सहयोगका लागि आयोजित सो साङ्गीतिक कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

सो अवसरमा गायक चन्दले गुल्मी हो नाम, आमा तिम्रो दुधको भारा, भिरमा रुँदै छुलगायत दर्जनौँ लोकभाका प्रस्तुत गर्नुभयो। साङ्गीतिक कार्यक्रममा वाद्यवादक कमल विक, रत्न विक, भूपेन्द्र रसाइली, धर्म गन्धर्भ, सुरज प्रधान, अनुप दास र दिनेश रेग्मी, भरत बुढाथोकी, मेघराज लुङ्गेलीलगायतले गायक चन्दलाई साथ दिनुभएको थियो। गायक/गायिका प्रसाद खप्तडीमगर, टीका पुनलगायतले पनि गायक चन्दलाई गायनमा साथ दिनुभयो।

कार्यक्रममा गायक चन्द र अन्य गायक/गायिकाले दर्शक श्रोतालाई लोकभाकाका गीतमार्फत मनोरञ्जन दिनुभयो। गुल्मी जिल्ला, मदाने अग्लुङका गायक रामचन्द्र चन्दलाई कोरोना–१९ सङ्क्रमणपछि दुवै हिपको हड्डी खिइने समस्या भएको छ। कार्यक्रमका संयोजक मञ्जु पौडेलले गायक चन्दको उपचारका लागि आवश्यक आर्थिक रकम सङ्कलन गर्न साङ्गीतिक कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो।

संयोजक पौडेलले सामाजिक सञ्जाललगायत विभिन्न माध्यमबाट गायक रामचन्द्र चन्दको उपचारका लागि आवश्यक रकम सङ्कलन गर्न सकिने अवस्था भए पनि गायक चन्दले त्यस्तो सहयोग अस्वीकार गर्नुभएको बताउनुभयो।

उहाँले भन्नुभयो, "गायक आफैँले म अरूको सहयोग त्यत्तिकै लिन्नँ, मसँग भएको गायन प्रतिभाबाट दर्शक/श्रोता, शुभचिन्तक र आफ्ना अग्रज, साथीभाइलाई मनोरञ्जन दिलाउँदै सहयोग पाउँछु भने लिन्छु भनेर साङ्गीतिक कार्यक्रममा उपस्थित हुन सहमत भए अनुसार कार्यक्रम आयोजना गरिएको हो।" गुल्मी कलाकार समाजका निवर्तमान अध्यक्ष बमबहादुर कार्कीको अध्यक्षतामा आयोजित कार्यक्रममा गायक रामचन्द्र चन्दको जीवनीसम्बन्धी छोटो भिडियो प्रस्तुत गरिएको थियो।

## चल्दै गरेको रेलमा पुस्तक विमोचन



**साहित्य सङ्गम मकवानपुरका अध्यक्ष एवं मुक्तक मञ्च मकवानपुरका संस्थापक अध्यक्ष डिबी बर्तौलाको तेस्रो मुक्तक कृति सोमबार चल्दै गरेको रक्सौल–दिल्ली सत्याग्रह एक्सप्रेस रेलको बग्गीभित्र विमोचन गरिँदै।**

**मकवानपुर समाचारदाता**
*मकवानपुर, असोज १४ गते*

मुक्तककार डिबी बर्तौलाको तेस्रो मुक्तक कृति विमोचनमा नयाँ अभ्यास र प्रयोग गरिएको छ। साहित्य सङ्गम मकवानपुरका अध्यक्ष एवं मुक्तक मञ्च मकवानपुरका संस्थापक अध्यक्षसमेत रहनुभएका बर्तौलाको मुक्तकसङ्ग्रह 'उज्यालोका बाछिटा' सोमबार चल्दै गरेको रक्सौल–दिल्ली सत्याग्रह एक्स्प्रेस रेलको बग्गीभित्र फरक ढङ्गले गरिएको हो।

मकवानपुरका अग्रज साहित्यकार रमेश मोहन अधिकारीको अध्यक्षता तथा अर्का अग्रज साहित्यकार हयग्रीव आचार्यको प्रमुख आतिथ्यमा मुक्तकसङ्ग्रहको विमोचन गरिएको थियो।

प्रमुख अतिथि आचार्यले मुक्तकसङ्ग्रह 'उज्यालोका बाछिटा' को फरक शैली र ऐतिहासिक रूपमा भएको भन्दै मुक्तकार बर्तौलाको रचना हास्यव्यङ्ग्य र सन्देशका दृष्टिले उत्कृष्ट हुने गरेको बताउनुभयो।

सो अवसरमा साहित्यकारहरू राजबाबु पहाडी, विष्णुप्रसाद गौतम, माधव पोखरेल, मिथिला अधिकारी, किशन पौडेल र अप्सरा पुडासैनीले विमोचित सङ्ग्रहभित्रका मुक्तक वाचन गर्नुभएको थियो।

मकवानपुर, कपिलवस्तु र बारा जिल्लाका साहित्यकार तथा साहित्य अनुरागीहरूको भारतको दिल्ली, आग्रा र वैष्णवोदेवीको भ्रमणका क्रममा उक्त कृति विमोचनको अवसर जुटाइएको थियो।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।






वर्ष १२४ | अङ्क १४९ | २०८१ साल असोज १५ गते मङ्गलबार | आश्विन कृष्ण चतुर्दशी | नेपाल संवत् ११४४ ञलागा १४ | 2024 October 1 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



तस्बिर : सुजन गुरुङ

**प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा सहभागी भई सोमबार स्वदेश फर्कनुहुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरिँदै ।**

### प्रधानमन्त्री स्वदेश फिर्ता

# ‘साझा प्रयासबाटै विपत्तिको सामना’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले बाढी र पहिरोबाट प्रताडित नागरिकको उद्धार, राहत र पुनर्निर्माण कार्यलाई तीव्र बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा सहभागी भई सोमबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले साझा प्रयासबाटै विपत्तिको सामना गर्ने बताउनुभएको हो।

उहाँले आफू बाहिर रहे पनि राज्यका तर्फबाट उद्धार र राहत कार्य तीव्रतर रूपमा अघि बढिरहेको बताउँदै सरकारले उद्धार र राहत कार्यलाई तीव्र बनाएन भन्नु विरोधका लागि विरोध मात्रै भएको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, “तत्कालै बैठक बसेर नेपाली सेना र प्रहरी परिचालन गरेर उद्धार गरिएको छ। बाढी आउने कुरालाई त रोक्न सकिँदैन। पहिरो जाने कुरा पनि पूर्वसूचना दिएर जाँदैन। क्षति भएपछि सरकारले तदारुकताका साथ उद्धार र राहत पुऱ्याएको छ। मैले जानकारी लिइरहेको छु। मातहतका निकायलाई निर्देश पनि गरिरहेको छु।”

प्रधानमन्त्री ओलीले देशमा प्राकृतिक विपत्तिको यस्तो संवेदनशील बेलामा सबै मिलेर यथार्थपरक ढङ्गले चल्नु वाञ्छनीय हुने बताउनुभयो। उहाँले भन्नुभयो, “विरोधका लागि विरोध गर्ने खालको कुरा राम्रो हुँदैन। अब अझ प्रभावकारी ढङ्गले उद्धार, राहत कार्य, पुनर्निर्माणका काम अघि बढ्छन्।”

उहाँले मुलुकबाहिर रहँदा देशमा अकल्पनीय बाढीपहिरोले जनधनमा क्षति पुऱ्याएको, सयौँ नागरिकको मृत्यु भएको र अझै पनि कतिपय बेपत्ता रहेको घटनाप्रति दुःख व्यक्त गर्दै सरकारी निकाय र जनस्तरबाट उद्धारको कार्य जारी राखेको बताउनुभयो।

### जलवायु परिवर्तनको असर

प्रधानमन्त्री ओलीले काठमाडौँ उपत्यकामै यति भारी वर्षा हुन्छ भन्ने नसोचेको बताउँदै जलवायु परिवर्तनको असरले यस्ता घटना हुन सक्ने उल्लेख गर्नुभयो। उहाँले हिउँ पग्लिने, हिमताल फुट्ने कुरा, अतिवृष्टि, अनावृष्टि, कहिले बाढी कहिले खडेरी हुन सक्ने विषय पनि जलवायु परिवर्तनकै असर भएको धारणा राख्नुभयो।

उहाँले जलवायु परिवर्तनको असरबारे विश्वमञ्चलाई जानकारी गराएको प्रस्ट पार्नुभयो। उहाँले भन्नुभयो, “जलवायु परिवर्तनको असर गम्भीर छ। जसले बढी बिगारेको छ, उसले क्षतिपूर्ति बेहोर्नु पर्छ। सपार्ने काममा पनि लगानी गर्नु पर्छ भन्ने कुरा राखेको छु।”

> विरोधका लागि विरोध गर्ने खालको कुरा राम्रो हुँदैन। अब अझ प्रभावकारी ढङ्गले उद्धार, राहत र पुनर्निर्माणका काम अघि बढ्छन् ।

उहाँले अल्पविकसित देशले भोग्नुपरेको बढी क्षति र मार जुन छ, क्षति पुऱ्याउने र यो परिस्थिति ल्याउने कुरामा भूमिका नरहे पनि बढी मार सहनुपरेको सन्दर्भमा विश्व समुदायको ध्यान जानुपर्ने प्रस्ट पार्नुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घीय महासभामा जानु भनेको कुनै भैँसी दुहुन गएर दुध लिएर आएँ भने जस्तो होइन भन्नुभयो। उहाँले भन्नुभयो, “हाम्रा विचार, हाम्रा समस्या त्यहाँ राख्न गएको हुँ, राखेँ। यी समस्या कुनै एक देशका मात्रै होइनन्। वैश्विक रूपमै समाधान गर्नु पर्छ।” प्रधानमन्त्री ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटमा महत्त्वपूर्ण रहेको जानकारी दिनुभयो। उहाँका अनुसार भेटमा दुई पक्षीय सम्बन्धलाई प्रगाढ बनाउने तथा जलवायु परिवर्तनको असरका सन्दर्भसहित द्विपक्षीय हितबारे कुराकानी भएको छ।

### अमेरिका भ्रमण महत्त्वपूर्ण

प्रधानमन्त्री ओलीले स्वदेश फर्किएपछि जारी प्रेसनोटमा उहाँले संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभा तथा समिट अफ दी फ्युचरमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै असोज ४ देखि १४ गतेसम्म न्युयोर्कमा भ्रमण सफल भएको उल्लेख छ।

उहाँले अमेरिकामा रहँदा अतिकम विकसित राष्ट्रले भोगिरहेको गरिबी, भोकमरी, असमानता एवं जलवायु परिवर्तनलगायतका समस्या उठान गरेको र यसको समाधान आउने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले अमेरिकामा रहँदा नेपालमा अभ्यास गरिँदै आएको परिपूर्ण लोकतन्त्र तथा यसका आधारभूत पक्ष मानव अधिकार, लैङ्गिक समानता, कानुनको शासन, सामाजिक न्याय र सामाजिक सुरक्षाको विषयमा पनि विश्व समुदायलाई जानकारी गराएको बताउनुभयो। उहाँले मौलिक शान्ति प्रक्रियामा प्राप्त गरेका उपलब्धिबारे बताएको र त्यसलाई ठोस निष्कर्षमा पुऱ्याउन आवश्यक परिपूरण तथा क्षतिपूर्तिका

» बाँकी पृष्ठ २ मा

# विपत् कोषमा एक अर्ब रुपियाँ जम्मा गर्ने निर्णय

**अशोक अधिकारी**
*काठमाडौँ, असोज १४ गते*

- राष्ट्रिय शोक घोषणा गर्ने र तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउने ।
- मन्त्रीपरिषद्का सबै सदस्यको एक महिना बराबरको पारिश्रमिक कोषमा जम्मा गर्ने ।
- नदीखोला किनारमा बसोबास गरिरहेका घरपरिवारलाई सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सहयोगमा सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्ने ।

सरकारले बाढी र पहिरो प्रभावित नागरिकको राहत, उद्धार एवं पुनर्स्थापनाका लागि विपत् व्यवस्थापन कोषमा एक अर्ब रुपियाँ जम्मा गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार सम्पन्न मन्त्रीपरिषद् बैठकले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनबमोजिमको विपत् व्यवस्थापन कोषमा बाढी र पहिरो प्रभावितको तत्काल राहत र उद्धारका लागि अर्थ मन्त्रालयबाट एक अर्ब रुपियाँ उपलब्ध गराउने निर्णय गरेको हो।

बैठकपछि सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बाढी र पहिरोका कारण भएको जनधनको अपूरणीय क्षतिप्रति नेपाल सरकारका तर्फबाट दुःख प्रकट गर्दै राष्ट्रिय शोक घोषणा गर्ने र तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय भएको बताउनुभयो।

सरकारले मृतकका परिवारलाई प्रतिव्यक्ति दुई लाख रुपियाँ प्रदान गर्ने निर्णय पनि गरेको छ। सरकारले २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण भएको जनधनको क्षतिप्रति सरकारको तर्फबाट गहिरो दुःख प्रकट गर्दै सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने, शोक सन्तप्त परिवारजनहरूमा हार्दिक समवेदना व्यक्त गर्ने र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। उहाँका अनुसार सरकारले विपत्‌बाट भएको क्षतिको सम्बन्धित मन्त्रालयहरूले आकलन गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालयमा यथाशीघ्र प्रतिवेदन पेस गर्ने निर्णय गरेको छ। उहाँले विपत् जोखिम न्यूनीकरण ऐन २०७४ को दफा २२ बमोजिम विपत् व्यवस्थापन कोषमा बाढीपहिरो प्रभावितलाई तत्काल राहत र उद्धारका लागि प्रधानमन्त्री केपी शर्मा ओलीसहित मन्त्रीपरिषद्का सबै सदस्यको एक महिना बराबरको पारिश्रमिक दिने निर्णय भएको बताउनुभयो।

सञ्चारमन्त्री गुरुङका अनुसार सरकारले खोज, उद्धार, तत्काल राहत र घाइतेको निःशुल्क उपचारमा उच्च प्राथमिकता दिने निर्णय गरेको छ। साथै बाढीपहिरोबाट प्रभावित एवं विस्थापित परिवारलाई तत्काल अस्थायी आवास, खाद्यान्न र सुरक्षा प्रबन्ध मिलाउने निर्णय भएको छ।

उहाँले बाढीपहिरोमा परी गम्भीर घाइते हुनेहरूको उपचारको सम्पूर्ण व्यवस्था नेपाल सरकारले मिलाउने र घाइतेहरूको उपचारमा कुनै कमी हुन नदिने निर्णय भएको बताउनुभयो। उहाँले महत्त्वपूर्ण संरचना सडक, पुल, दूरसञ्चार, विद्युत्‌लगायतको मर्मत सम्भार गरी तत्काल सञ्चालनमा ल्याउने व्यवस्था मिलाउने निर्णय बैठकले गरेको जानकारी दिनुभयो।

उहाँका अनुसार विपत् प्रभावित क्षेत्रमा रोग फैलन नदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रोकथामका आवश्यक उपायहरू अवलम्बन गर्ने निर्णय भएको छ। उहाँले भन्नुभयो, “बाढीपहिरो प्रभावितको उद्धार तथा राहतलगायतका कार्यमा सहयोग र समन्वय गर्न प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रलगायतका सङ्घसंस्थालाई आह्वान गर्ने निर्णय पनि भएको छ।”

### खोला किनारबाट सुरक्षित स्थानमा सार्ने

सञ्चारमन्त्री गुरुङले बाढीपहिरोबाट नदीखोला किनारमा बसोबास गरिरहेका घरपरिवार बढी प्रभावित भएको निष्कर्षसहित त्यस्ता परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सहयोगमा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयले गर्ने निर्णय भएको बताउनुभयो। उहाँका अनुसार आसन्न चाडपर्वका समयमा सार्वजनिक यातायातलाई सहज र व्यवस्थित रूपमा सञ्चालन गर्ने र चाडपर्वका समयमा कृत्रिम अभाव र कालोबजारी हुन नदिन सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्ने निर्णय भएको छ।

उहाँका अनुसार विपत्‌बाट प्रभावित घरपरिवारलाई राहत, उद्धारलगायतका विषयमा प्रदेश, स्थानीय तह एवं सम्बद्ध पक्षसँग आवश्यक समन्वय र सहजीकरण प्रभावकारी रूपमा गर्न बढी प्रभावित जिल्लामा गृह मन्त्रालयमा विवरण पेस गर्न गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा सम्बद्ध मन्त्रालयका प्रतिनिधि समावेश भएको स्थलगत अनुगमन टोली गठन गरी तत्काल परिचालन गर्ने निर्णय सरकारले गरेको छ।

# चर्कियो बार–बेन्च विवाद

**नारायण काफ्ले**
*काठमाडौँ, असोज १४ गते*

> न्यायाधीश सिफारिसका सम्बन्धमा बार अध्यक्ष गोपालप्रसाद घिमिरेले गर्नुभएको टिप्पणी अवहेलनाजन्य भएको भन्दै कारबाहीको प्रक्रियामा जाने तयारी छ ।

न्याय परिषद् नियमावली संशोधन विवाद लम्बिँदै जाँदा न्यायालय र नेपाल बार एसोसिएसन आमनेसामने भएका छन् । नियमावली संशोधन विवाद टुङ्गो लगाउन कार्यदल गठन भई प्रतिवेदन पेसपछि पनि विवाद निरूपण नगरी न्याय परिषद्‌ले सर्वोच्च अदालतमा दुई न्यायाधीश सिफारिस गरेपछि दुई संस्था वारपारको मुडमा पुगेका छन्। अवकाशको मुखमा प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ बारसँगको विवादमा पर्नुभएको छ।

न्यायाधीश सिफारिसलाई प्रधान न्यायाधीश एवं परिषद् अध्यक्ष श्रेष्ठले ‘लेनदेनका आधारमा गरेको निर्णय’ भन्ने बार अध्यक्ष गोपालकृष्ण घिमिरेको अभिव्यक्तिपछि दुई संस्था देखिने गरी विवादमा उत्रिएका हुन् । तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराको कार्यकालमा लामो समय बेन्चविरुद्ध उभिएको बार पुनः आन्दोलनमा जाने निर्णयमा पुगेको छ । अदालतले बार अध्यक्ष घिमिरेमाथि अवहेलना मुद्दाको प्रक्रिया अघि बढाएको छ तर औपचारिक रूपमा दर्ता भइसकेको छैन। यता न्याय परिषद्‌ले घिमिरेको अभिव्यक्ति प्रवृत्त मनासाय प्रेरित भएको जनाएको छ।

असोज ११ गते सर्वोच्चमा दुई न्यायाधीश सिफारिसका क्रममा बारले विवाद निरूपणको माग गर्दै धर्ना दिएको थियो। धर्नाबिच उच्च अदालतका दुई मुख्य न्यायाधीश नृपध्वज निरौला र नित्यानन्द पाण्डेय सर्वोच्चमा सिफारिस भएपछि काठमाडौँ जिल्ला बार एकाइको कार्यक्रममा अध्यक्ष घिमिरेले प्रधान न्यायाधीशले ‘लेनदेनका आधारमा निर्णय गरेको’ भन्दै कारबाहीका लागि चुनौती दिनुभएको थियो।

अध्यक्ष घिमिरेको अभिव्यक्ति अवहेलनाजन्य भएकाले भन्दै सोमबार सर्वोच्चका सबै न्यायाधीश सम्मिलित पूर्ण बैठकले अवहेलना अघि बढाउने राय दिएका थिए। त्यसै अनुरूप सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्द घिमिरे प्रतिवेदक रहेर अवहेलना मुद्दा दर्ता भएको छ। मङ्गलबार त्यसमा प्रारम्भिक सुनुवाइ हुने भएको छ। पूर्ण बैठकले अवहेलनामा जाने राय दिएपछि बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले कारबाही आफूलाई नभई गैरसंवैधानिक काम गर्ने न्याय परिषद्‌का पदाधिकारीलाई हुनुपर्ने बताउनुभयो। “गैरसंवैधानिक काम गर्ने न्याय परिषद्, कारबाही भोग्ने चाहिँ बार एसोसिएसनका अध्यक्ष,” प्रश्न गर्दै घिमिरेले भन्नुभयो, “हामीले व्यक्तिका विषयमा बोलेको हैनौँ, न्याय परिषद्‌को अपारदर्शी र असंवैधानिक कामबारे बोलेको हौँ। न्याय परिषद्‌विरुद्ध बोल्न मिल्छ, उसका काम पनि पारदर्शी हुनु पर्छ।”

अध्यक्षमाथि अवहेलनाको तयारी भएसँगै उपत्यकामा उपलब्ध सम्पूर्ण बार एकाइका अध्यक्ष/प्रतिनिधिसँग बारको आकस्मिक बैठक बसेको थियो। परामर्शमा अध्यक्षविरुद्ध कारबाहीको प्रक्रिया अघि बढाइनु संस्थासँगै जोडेर आवश्यक परे मङ्गलबारदेखि आन्दोलनमा जाने सहमति बैठकमा भएको छ।

### न्याय परिषद्‌को आपत्ति

यस्तै न्याय परिषद् सचिवालयले अध्यक्ष घिमिरेको भनाइ लाञ्छना लगाउने प्रवृत्ति मनसायबाट प्रेरित भएको जनाएको छ । परिषद्‌का प्रवक्ता अशोककुमार क्षेत्रीले वक्तव्य जारी गर्दै आरोप आधारहीन र अनर्गल रहेको बताउनुभएको छ।

» बाँकी पृष्ठ २ मा

# सडक खुलाउने कार्य तीव्र

**भउचप्रसाद यादव**
*काठमाडौँ, असोज १४ गते*

वर्षा र बाढीपहिरोले ४३ वटा राजमार्ग/सडकका ७९६ स्थान अवरुद्ध भएकामध्ये ३४५ स्थानमा दुईतर्फी यातायात सञ्चालनमा आएको छ। त्यसै गरी ४०९ स्थानमा एकतर्फी सडक सञ्चालनमा आएको सडक विभागले जनाएको छ।

सडक विभागका उपमहानिर्देशक अर्जुन अर्यालले अवरुद्ध राजमार्ग र सडक सञ्चालन गर्न स्थानीय जनता, निकाय, सुरक्षाकर्मीको सहयोग र समन्वयमा तीव्र गतिमा काम भइरहेको बताउँदै मुलुकको अन्य भागसँग सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने मुख्य राजमार्गमध्ये त्रिभुवन राजपथ र पृथ्वी राजमार्गलाई मर्मतसम्भार गरी सञ्चालनमा आइसकेको जानकारी दिनुभयो।

उपमहानिर्देशक अर्यालका अनुसार नागढुङ्गा–मुग्लिङ सडक अन्तर्गत घोप्टेभिर, जलबिरे, मौवा खोला, हुक्दी खोला, फिस्लिङ, काली खोला, सिमलताल खण्डमा दुईतर्फी सवारीसाधन सञ्चालनमा आइसकेको छ भने नागढुङ्गा–मुग्लिङ खण्डको झ्याप्ले खोला र जवाङ खोला खण्डमा एकतर्फी मात्र सडक सञ्चालनमा आउन सकेको छ। दुईतर्फी खुलाउन प्रयास भइरहेको छ।

त्यसै गरी सङ्घीय राजधानी जोड्ने अर्को मुख्य राजमार्ग कान्ति लोकपथलाई मङ्गलबार बेलुकासम्ममा काठमाडौँ र हेटौँडातर्फबाट बागमती नदीसम्मको खण्ड सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ। उहाँले भन्नुभयो, “बागमती नदीको पुलको पहुँच (एप्रोच) नै तीन सय मिटर बगाएको छ। त्यहाँ तत्काल बनाउन गाह्रो छ।” कान्ति राजपथमा पर्ने ललितपुरको कार्कीबास र मकवानपुरको महादेवटार खण्ड एकतर्फी रूपमा सञ्चालनमा आएको छ।

उहाँले भन्नुभयो, “काठमाडौँलाई मुलुकको पूर्वी तराई भूभागसँग जोड्ने बिपी राजमार्गको काठमाडौँदेखि भकुन्डेबेँसी र बर्दीबासदेखि नेपालथोकसम्मको बाटो खुला भइसकेको छ। नेपालथोकदेखि भकुन्डेबेँसीसम्म चार ठाउँमा गरी करिब तीन किलोमिटर पूरा बाटो नै बगाएको छ। त्यो ठाउँमा रोसीको पानी घटेको छैन। खुर्कोटको पुल पनि बगाएकाले थप समस्या उत्पन्न भएको छ।”

> अवरुद्ध राजमार्ग र सडक सञ्चालन गर्न स्थानीय जनता, निकाय, सुरक्षाकर्मीको सहयोग र समन्वयमा तीव्र गतिमा काम भइरहेको छ ।

राजधानीलाई उत्तरी छिमेकी मुलुक चीनसँग जोड्ने अरनिको राजमार्गको काठमाडौँतर्फबाट १०८ किलोमिटर (सुक्खा बन्दरगाह) सम्मको सडक सञ्चालनमा ल्याई त्यहाँ रोकिएका कन्टेनर काठमाडौँ ल्याउने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो। यस खण्डमा तीन वटा पुल बगेका छन्। अरनिको राजमार्ग अन्तर्गत सिन्धुपाल्चोकको कोदारी, दकलाङ खण्ड एकतर्फी सञ्चालनमा छ।

उपमहानिर्देशक अर्यालका अनुसार हेटौँडा–भैँसे–पालुङ–नौबिसे–काठमाडौँ सडकको भैँसे खण्ड पनि दुईतर्फी सञ्चालनमा आइसकेको छ। त्यसै गरी सामाखुसी–टोखा–गुर्जे–विदुर सडक दुवैतर्फ र काठमाडौँ–नुवाकोट जोड्ने बालाजु–त्रिशूली सडकखण्डको ओखरपौवा खण्ड एकतर्फी सञ्चालनमा आएको हो। राजधानीको उत्तरतर्फ रसुवागढीसम्म सडक सञ्चालनमा आइसकेको छ। चरीकोट र जिरीसम्मको सडक खुला भइसकेको छ।

» बाँकी पृष्ठ २ मा

## दाउन्नेमा सडक भासियो



**बोमलाल गिरी**
*नवलपुर, असोज १४ गते*

पूर्वपश्चिम राजमार्ग अन्तर्गत नारायणगढ–बुटबल सडक खण्ड अवरुद्ध भएको छ। नवलपरासीको दाउन्नेमा सडक भासिएको र होङ्सी सिमेन्ट जाने हाइटेन्सन लाइन पनि ढलेका कारण साँझदेखि बाटो पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी नायव उपरीक्षक रेमश बोहोराका अनुसार पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका–४ मा पर्ने दाउन्नेको खुर्सानी खोलामा सडक चर्केर भासिएको छ भने सडक किनाराको रिटेनिङ पर्खाल पनि फुटेको छ।

त्यसै गरी विद्युत् हाइटेन्सन लाइनको ठुलो पोल पनि सडकतर्फ ढलेको छ। प्रहरीले सडक चर्किएर साढे एक फिट भासिएको छ। सोमबार साँझ सवा ५ बजेदेखि सडक पूर्ण रूपमा अवरुद्ध भएको र बाटो खुलाउन, सडक डिभिजन कार्यालय र विद्युत् कार्यालयसँग समन्वय भइरहेको प्रहरीको भनाइ छ।

बाटो धसिएपछि पूर्वबाट पश्चिम जाने गाडी दुम्कीबासमा र पश्चिमबाट पूर्व जाने गाडी बर्दघाटमा रोकिएका नवलपुर प्रहरीले जनाएको छ। बाटो अवरुद्ध भएका कारण सयौँको सङ्ख्यामा यात्रुहरू अलपत्र परेका छन्।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।




कोहलपुर संस्करण | विचार | संविधान कार्यान्वयनका चुनौती | स्याउबाटै आर्थिक समृद्धि १५

वर्ष १२४ | अङ्क १४९ | २०८१ साल असोज १५ गते मङ्गलबार | आश्विन कृष्ण चतुर्दशी | नेपाल संवत् ११४४ ञलागा १४ | 2024 October 1 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



तस्बिर : सुजन गुरुङ

**प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा सहभागी भई सोमबार स्वदेश फर्कनुहुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरिँदै ।**

प्रधानमन्त्री स्वदेश फिर्ता

# ‘साझा प्रयासबाटै विपत्तिको सामना’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज १४ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले बाढी र पहिरोबाट प्रताडित नागरिकको उद्धार, राहत र पुनर्निर्माण कार्यलाई तीव्र बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा सहभागी भई सोमबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले साझा प्रयासबाटै विपत्तिको सामना गर्ने बताउनुभएको हो ।

उहाँले आफू बाहिर रहे पनि राज्यका तर्फबाट उद्धार र राहत कार्य तीव्रतर रूपमा अघि बढिरहेको बताउँदै सरकारले उद्धार र राहत कार्यलाई तीव्र बनाएन भन्नु विरोधका लागि विरोध मात्रै भएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, “तत्कालै बैठक बसेर नेपाली सेना र प्रहरी परिचालन गरेर उद्धार गरिएको छ । बाढी आउने कुरालाई त रोक्न सकिँदैन । पहिरो जाने कुरा पनि पूर्वसूचना दिएर जाँदैन । क्षति भएपछि सरकारले तदारुकताका साथ उद्धार र राहत पुऱ्याएको छ । मैले जानकारी लिइरहेको छु । मातहतका निकायलाई निर्देश पनि गरिरहेको छु ।”

प्रधानमन्त्री ओलीले देशमा प्राकृतिक विपत्तिको यस्तो संवेदनशील बेलामा सबै मिलेर यथार्थपरक ढङ्गले चल्नु वाञ्छनीय हुने बताउनुभयो । उहाँले भन्नुभयो, “विरोधका लागि विरोध गर्ने खालको कुरा राम्रो हुँदैन । अब अझ प्रभावकारी ढङ्गले उद्धार, राहत कार्य, पुनर्निर्माणका काम अघि बढ्छन् ।”

उहाँले मुलुकबाहिर रहँदा देशमा अकल्पनीय बाढीपहिरोले जनधनमा क्षति पुऱ्याएको, सयौँ नागरिकको मृत्यु भएको र अझै पनि कतिपय बेपत्ता रहेको घटनाप्रति दुःख व्यक्त गर्दै सरकारी निकाय र जनस्तरबाट उद्धारको कार्य जारी राखेको बताउनुभयो ।

> विरोधका लागि विरोध गर्ने खालको कुरा राम्रो हुँदैन । अब अझ प्रभावकारी ढङ्गले उद्धार, राहत र पुनर्निर्माणका काम अघि बढ्छन् ।

### जलवायु परिवर्तनको असर

प्रधानमन्त्री ओलीले काठमाडौँ उपत्यकामै यति भारी वर्षा हुन्छ भन्ने नसोचेको बताउँदै जलवायु परिवर्तनको असरले यस्ता घटना हुन सक्ने उल्लेख गर्नुभयो । उहाँले हिउँ पग्लिने, हिमताल फुट्ने कुरा, अतिवृष्टि, अनावृष्टि, कहिले बाढी कहिले खडेरी हुन सक्ने विषय पनि जलवायु परिवर्तनकै असर भएको धारणा राख्नुभयो ।

उहाँले जलवायु परिवर्तनको असरबारे विश्वमञ्चलाई जानकारी गराएको प्रस्ट पार्नुभयो । उहाँले भन्नुभयो, “जलवायु परिवर्तनको असर गम्भीर छ । जसले बढी बिगारेको छ, उसले क्षतिपूर्ति बेहोर्नु पर्छ । सपार्ने काममा पनि लगानी गर्नु पर्छ भन्ने कुरा राखेको छु ।”

उहाँले अल्पविकसित देशले भोग्नुपरेको बढी क्षति र मार जुन छ, क्षति पुऱ्याउने र यो परिस्थिति ल्याउने कुरामा भूमिका नरहे पनि बढी मार सहनुपरेको सन्दर्भमा विश्व समुदायको ध्यान जानुपर्ने प्रस्ट पार्नुभयो । उहाँले संयुक्त राष्ट्रसङ्घीय महासभामा जानु भनेको कुनै भैँसी दुहुन गएर दुध लिएर आएँ भने जस्तो होइन भन्नुभयो । उहाँले भन्नुभयो, “हाम्रा विचार, हाम्रा समस्या त्यहाँ राख्न गएको हुँ, राखेँ । यी समस्या कुनै एक देशका मात्रै होइनन् । वैश्विक रूपमै समाधान गर्नु पर्छ ।” प्रधानमन्त्री ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटमा महत्त्वपूर्ण रहेको जानकारी दिनुभयो । उहाँका अनुसार भेटमा दुई पक्षीय सम्बन्धलाई प्रगाढ बनाउने तथा जलवायु परिवर्तनको असरका सन्दर्भसहित द्विपक्षीय हितबारे कुराकानी भएको छ ।

### अमेरिका भ्रमण महत्त्वपूर्ण

प्रधानमन्त्री ओलीले स्वदेश फर्किएपछि जारी प्रेसनोटमा उहाँले संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभा तथा समिट अफ दी फ्युचरमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै असोज ४ देखि १४ गतेसम्म न्युयोर्कमा भ्रमण सफल भएको उल्लेख छ ।

उहाँले अमेरिकामा रहँदा अतिकम विकसित राष्ट्रले भोगिरहेको गरिबी, भोकमरी, असमानता एवं जलवायु परिवर्तनलगायतका समस्या उठान गरेको र यसको समाधान आउने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले अमेरिकामा रहँदा नेपालमा अभ्यास गरिँदै आएको परिपूर्ण लोकतन्त्र तथा यसका आधारभूत पक्ष मानव अधिकार, लैङ्गिक समानता, कानुनको शासन, सामाजिक न्याय र सामाजिक सुरक्षाको विषयमा पनि विश्व समुदायलाई जानकारी गराएको बताउनुभयो । उहाँले मौलिक शान्ति प्रक्रियामा प्राप्त गरेका उपलब्धिबारे बताएको र त्यसलाई ठोस निष्कर्षमा पुऱ्याउन आवश्यक परिपूरण तथा क्षतिपूर्तिका

» बाँकी पृष्ठ २ मा

# विपत् कोषमा एक अर्ब रुपियाँ जम्मा गर्ने निर्णय

- राष्ट्रिय शोक घोषणा गर्ने र तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउने ।
- मन्त्रीपरिषद्का सबै सदस्यको एक महिना बराबरको पारिश्रमिक कोषमा जम्मा गर्ने ।
- नदीखोला किनारमा बसोबास गरिरहेका घरपरिवारलाई सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सहयोगमा सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्ने ।

**अशोक अधिकारी**
*काठमाडौँ, असोज १४ गते*

सरकारले बाढी र पहिरो प्रभावित नागरिकको राहत, उद्धार एवं पुनर्स्थापनाका लागि विपत् व्यवस्थापन कोषमा एक अर्ब रुपियाँ जम्मा गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार सम्पन्न मन्त्रीपरिषद् बैठकले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनबमोजिमको विपत् व्यवस्थापन कोषमा बाढी र पहिरो प्रभावितको तत्काल राहत र उद्धारका लागि अर्थ मन्त्रालयबाट एक अर्ब रुपियाँ उपलब्ध गराउने निर्णय गरेको हो ।

बैठकपछि सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बाढी र पहिरोका कारण भएको जनधनको अपूरणीय क्षतिप्रति नेपाल सरकारका तर्फबाट दुःख प्रकट गर्दै राष्ट्रिय शोक घोषणा गर्ने र तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय भएको बताउनुभयो ।

सरकारले मृतकका परिवारलाई प्रतिव्यक्ति दुई लाख रुपियाँ प्रदान गर्ने निर्णय पनि गरेको छ । सरकारले २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण भएको जनधनको क्षतिप्रति सरकारको तर्फबाट गहिरो दुःख प्रकट गर्दै सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने, शोक सन्तप्त परिवारजनहरूमा हार्दिक समवेदना व्यक्त गर्ने र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । उहाँका अनुसार सरकारले विपत्‌बाट भएको क्षतिको सम्बन्धित मन्त्रालयहरूले आकलन गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा यथाशीघ्र प्रतिवेदन पेस गर्ने निर्णय गरेको छ । उहाँले विपत् जोखिम न्यूनीकरण ऐन २०७४ को दफा २२ बमोजिम विपत् व्यवस्थापन कोषमा बाढीपहिरो प्रभावितलाई तत्काल राहत र उद्धारका लागि प्रधानमन्त्री केपी शर्मा ओलीसहित मन्त्रीपरिषद्का सबै सदस्यको एक महिना बराबरको पारिश्रमिक दिने निर्णय भएको बताउनुभयो ।

सञ्चारमन्त्री गुरुङका अनुसार सरकारले खोज, उद्धार, तत्काल राहत र घाइतेको निःशुल्क उपचारमा उच्च प्राथमिकता दिने निर्णय गरेको छ । साथै बाढीपहिरोबाट प्रभावित एवं विस्थापित परिवारलाई तत्काल अस्थायी आवास, खाद्यान्न र सुरक्षा प्रबन्ध मिलाउने निर्णय भएको छ ।

उहाँले बाढीपहिरोमा परी गम्भीर घाइते हुनेहरूको उपचारको सम्पूर्ण व्यवस्था नेपाल सरकारले मिलाउने र घाइतेहरूको उपचारमा कुनै कमी हुन नदिने निर्णय भएको बताउनुभयो । उहाँले महत्त्वपूर्ण संरचना सडक, पुल, दूरसञ्चार, विद्युत्‌लगायतको मर्मत सम्भार गरी तत्काल सञ्चालनमा ल्याउने व्यवस्था मिलाउने निर्णय बैठकले गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार विपत् प्रभावित क्षेत्रमा रोग फैलन नदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रोकथामका आवश्यक उपायहरू अवलम्बन गर्ने निर्णय भएको छ । उहाँले भन्नुभयो, “बाढीपहिरो प्रभावितको उद्धार तथा राहतलगायतका कार्यमा सहयोग र समन्वय गर्न प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रलगायतका सङ्घसंस्थालाई आह्वान गर्ने निर्णय पनि भएको छ ।”

### खोला किनारबाट सुरक्षित स्थानमा सार्ने

सञ्चारमन्त्री गुरुङले बाढीपहिरोबाट नदीखोला किनारमा बसोबास गरिरहेका घरपरिवार बढी प्रभावित भएको निष्कर्षसहित त्यस्ता परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सहयोगमा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयले गर्ने निर्णय भएको बताउनुभयो । उहाँका अनुसार आसन्न चाडपर्वका समयमा सार्वजनिक यातायातलाई सहज र व्यवस्थित रूपमा सञ्चालन गर्ने र चाडपर्वका समयमा कृत्रिम अभाव र कालोबजारी हुन नदिन सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्ने निर्णय भएको छ ।

उहाँका अनुसार विपत्‌बाट प्रभावित घरपरिवारलाई राहत, उद्धारलगायतका विषयमा प्रदेश, स्थानीय तह एवं सम्बद्ध पक्षसँग आवश्यक समन्वय र सहजीकरण प्रभावकारी रूपमा गर्न बढी प्रभावित जिल्लामा गृह मन्त्रालयमा विवरण पेस गर्न गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा सम्बद्ध मन्त्रालयका प्रतिनिधि समावेश भएको स्थलगत अनुगमन टोली गठन गरी तत्काल परिचालन गर्ने निर्णय सरकारले गरेको छ ।

# चर्कियो बार–बेन्च विवाद

**नारायण काफ्ले**
*काठमाडौँ, असोज १४ गते*

> न्यायाधीश सिफारिसका सम्बन्धमा बार अध्यक्ष गोपालप्रसाद घिमिरेले गर्नुभएको टिप्पणी अवहेलनाजन्य भएको भन्दै कारबाहीको प्रक्रियामा जाने तयारी छ ।

न्याय परिषद् नियमावली संशोधन विवाद लम्बिँदै जाँदा न्यायालय र नेपाल बार एसोसिएसन आमनेसामने भएका छन् । नियमावली संशोधन विवाद टुङ्गो लगाउन कार्यदल गठन भई प्रतिवेदन पेसपछि पनि विवाद निरूपण नगरी न्याय परिषद्ले सर्वोच्च अदालतमा दुई न्यायाधीश सिफारिस गरेपछि दुई संस्था वारपारको मुडमा पुगेका छन् । अवकाशको मुखमा प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ बारसँगको विवादमा पर्नुभएको छ ।

न्यायाधीश सिफारिसलाई प्रधान न्यायाधीश एवं परिषद् अध्यक्ष श्रेष्ठले ‘लेनदेनका आधारमा गरेको निर्णय’ भन्ने बार अध्यक्ष गोपालकृष्ण घिमिरेको अभिव्यक्तिपछि दुई संस्था देखिने गरी विवादमा उत्रिएका हुन् । तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराको कार्यकालमा लामो समय बेन्चविरुद्ध उभिएको बार पुनः आन्दोलनमा जाने निर्णयमा पुगेको छ । अदालतले बार अध्यक्ष घिमिरेमाथि अवहेलना मुद्दाको प्रक्रिया अघि बढाएको छ तर औपचारिक रूपमा दर्ता भइसकेको छैन । यता न्याय परिषद्ले घिमिरेको अभिव्यक्ति प्रवृत्त मनासाय प्रेरित भएको जनाएको छ ।

असोज ११ गते सर्वोच्चमा दुई न्यायाधीश सिफारिसका क्रममा बारले विवाद निरूपणको माग गर्दै धर्ना दिएको थियो । धर्नाबिच उच्च अदालतका दुई मुख्य न्यायाधीश नृपध्वज निरौला र नित्यानन्द पाण्डेय सर्वोच्चमा सिफारिस भएपछि काठमाडौँ जिल्ला बार एकाइको कार्यक्रममा अध्यक्ष घिमिरेले प्रधान न्यायाधीशले ‘लेनदेनका आधारमा निर्णय गरेको’ भन्दै कारबाहीका लागि चुनौती दिनुभएको थियो ।

अध्यक्ष घिमिरेको अभिव्यक्ति अवहेलनाजन्य भएकाले भन्दै सोमबार सर्वोच्चका सबै न्यायाधीश सम्मिलित पूर्ण बैठकले अवहेलना अघि बढाउने राय दिएका थिए । त्यसै अनुरूप सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्द घिमिरे प्रतिवेदक रहेर अवहेलना मुद्दा दर्ता भएको छ । मङ्गलबार त्यसमा प्रारम्भिक सुनुवाइ हुने भएको छ । पूर्ण बैठकले अवहेलनामा जाने राय दिएपछि बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले कारबाही आफूलाई नभई गैरसंवैधानिक काम गर्ने न्याय परिषद्का पदाधिकारीलाई हुनुपर्ने बताउनुभयो । “गैरसंवैधानिक काम गर्ने न्याय परिषद्, कारबाही भोग्ने चाहिँ बार एसोसिएसनका अध्यक्ष,” प्रश्न गर्दै घिमिरेले भन्नुभयो, “हामीले व्यक्तिका विषयमा बोलेको हैनौँ, न्याय परिषद्को अपारदर्शी र असंवैधानिक कामबारे बोलेको हौँ । न्याय परिषद्विरुद्ध बोल्न मिल्छ, उसका काम पनि पारदर्शी हुनु पर्छ ।”

अध्यक्षमाथि अवहेलनाको तयारी भएसँगै उपत्यकामा उपलब्ध सम्पूर्ण बार एकाइका अध्यक्ष/प्रतिनिधिसँग बारको आकस्मिक बैठक बसेको थियो । परामर्शमा अध्यक्षविरुद्ध कारबाहीको प्रक्रिया अघि बढाइनु संस्थासँगै जोडेर आवश्यक परे मङ्गलबारदेखि आन्दोलनमा जाने सहमति बैठकमा भएको छ ।

### न्याय परिषद्को आपत्ति

यस्तै न्याय परिषद् सचिवालयले अध्यक्ष घिमिरेको भनाइ लाञ्छना लगाउने प्रवृत्ति मनसायबाट प्रेरित भएको जनाएको छ । परिषद्का प्रवक्ता अशोककुमार क्षेत्रीले वक्तव्य जारी गर्दै आरोप आधारहीन र अनर्गल रहेको बताउनुभएको छ ।

» बाँकी पृष्ठ २ मा

# सडक खुलाउने कार्य तीव्र

**भउचप्रसाद यादव**
*काठमाडौँ, असोज १४ गते*

वर्षा र बाढीपहिरोले ४३ वटा राजमार्ग/सडकका ७९६ स्थान अवरुद्ध भएकामध्ये ३४५ स्थानमा दुईतर्फी यातायात सञ्चालनमा आएको छ । त्यसै गरी ४०९ स्थानमा एकतर्फी सडक सञ्चालनमा आएको सडक विभागले जनाएको छ ।

सडक विभागका उपमहानिर्देशक अर्जुन अर्यालले अवरुद्ध राजमार्ग र सडक सञ्चालन गर्न स्थानीय जनता, निकाय, सुरक्षाकर्मीको सहयोग र समन्वयमा तीव्र गतिमा काम भइरहेको बताउँदै मुलुकको अन्य भागसँग सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने मुख्य राजमार्गमध्ये त्रिभुवन राजपथ र पृथ्वी राजमार्गलाई मर्मतसम्भार गरी सञ्चालनमा आइसकेको जानकारी दिनुभयो ।

उपमहानिर्देशक अर्यालका अनुसार नागढुङ्गा–मुग्लिङ सडक अन्तर्गत घोप्टेभिर, जलबिरे, मौवा खोला, हुक्दी खोला, फिस्लिङ, काली खोला, सिमलताल खण्डमा दुईतर्फी सवारीसाधन सञ्चालनमा आइसकेको छ भने नागढुङ्गा–मुग्लिङ खण्डको झ्याप्ले खोला र जवाङ खोला खण्डमा एकतर्फी मात्र सडक सञ्चालनमा आउन सकेको छ । दुईतर्फी खुलाउन प्रयास भइरहेको छ ।

त्यसै गरी सङ्घीय राजधानी जोड्ने अर्को मुख्य राजमार्ग कान्ति लोकपथलाई मङ्गलबार बेलुकासम्ममा काठमाडौँ र हेटौँडातर्फबाट बागमती नदीसम्मको खण्ड सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । उहाँले भन्नुभयो, “बागमती नदीको पुलको पहुँच (एप्रोच) नै तीन सय मिटर बगाएको छ । त्यहाँ तत्काल बनाउन गाह्रो छ ।” कान्ति राजपथमा पर्ने ललितपुरको कार्कीबास र मकवानपुरको महादेवटार खण्ड एकतर्फी रूपमा सञ्चालनमा आएको छ ।

उहाँले भन्नुभयो, “काठमाडौँलाई मुलुकको पूर्वी तराई भूभागसँग जोड्ने बिपी राजमार्गको काठमाडौँदेखि भकुन्डेबैँसी र बर्दीबासदेखि नेपालथोकसम्मको बाटो खुला भइसकेको छ । नेपालथोकदेखि भकुन्डेबैँसीसम्म चार ठाउँमा गरी करिब तीन किलोमिटर पूरा बाटो नै बगाएको छ । त्यो ठाउँमा रोसीको पानी घटेको छैन । खुर्कोटको पुल पनि बगाएकाले थप समस्या उत्पन्न भएको छ ।”

राजधानीलाई उत्तरी छिमेकी मुलुक चीनसँग जोड्ने अरनिको राजमार्गको काठमाडौँतर्फबाट १०८ किलोमिटर (सुक्खा बन्दरगाह) सम्मको सडक सञ्चालनमा ल्याई त्यहाँ रोकिएका कन्टेनर काठमाडौँ ल्याउने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो । यस खण्डमा तीन वटा पुल बगेका छन् । अरनिको राजमार्ग अन्तर्गत सिन्धुपाल्चोकको कोदारी, दकलाङ खण्ड एकतर्फी सञ्चालनमा छ ।

उपमहानिर्देशक अर्यालका अनुसार हेटौँडा–भैँसे–पालुङ–नौबिसे–काठमाडौँ सडकको भैँसे खण्ड पनि दुईतर्फी सञ्चालनमा आइसकेको छ । त्यसै गरी सामाखुसी–टोखा–गुर्जे–विदुर सडक दुवैतर्फ र काठमाडौँ–नुवाकोट जोड्ने बालाजु–त्रिशूली सडकखण्डको ओखरपौवा खण्ड एकतर्फी सञ्चालनमा आएको हो । राजधानीको उत्तरतर्फ रसुवागढीसम्म सडक सञ्चालनमा आइसकेको छ । चरीकोट र जिरीसम्मको सडक खुला भइसकेको छ ।

> अवरुद्ध राजमार्ग र सडक सञ्चालन गर्न स्थानीय जनता, निकाय, सुरक्षाकर्मीको सहयोग र समन्वयमा तीव्र गतिमा काम भइरहेको छ ।

» बाँकी पृष्ठ २ मा

## दाउन्नेमा सडक भासियो



**बोमलाल गिरी**
*नवलपुर, असोज १४ गते*

पूर्वपश्चिम राजमार्ग अन्तर्गत नारायणगढ–बुटवल सडक खण्ड अवरुद्ध भएको छ । नवलपरासीको दाउन्नेमा सडक भासिएको र होङ्सी सिमेन्ट जाने हाइटेन्सन लाइन पनि ढलेका कारण साँझदेखि बाटो पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी नायव उपरीक्षक रेमश बोहोराका अनुसार पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका–४ मा पर्ने दाउन्नेको खुर्सानी खोलामा सडक चर्केर भासिएको छ भने सडक किनाराको रिटेनिङ पर्खाल पनि फुटेको छ ।

त्यसै गरी विद्युत् हाइटेन्सन लाइनको ठुलो पोल पनि सडकतर्फ ढलेको छ । प्रहरीले सडक चर्किएर साढे एक फिट भासिएको छ । सोमबार साँझ सवा ५ बजेदेखि सडक पूर्ण रूपमा अवरुद्ध भएको र बाटो खुलाउन, सडक डिभिजन कार्यालय र विद्युत् कार्यालयसँग समन्वय भइरहेको प्रहरीको भनाइ छ ।

बाटो धसिएपछि पूर्वबाट पश्चिम जाने गाडी दुम्कीबासमा र पश्चिमबाट पूर्व जाने गाडी बर्दघाटमा रोकिएका नवलपुर प्रहरीले जनाएको छ । बाटो अवरुद्ध भएका कारण सयौँको सङ्ख्यामा यात्रुहरू अलपत्र परेका छन् ।